गण्डकी प्रदेश ऐन सङ्ग्रह

खण्ड २

२०८३

(राजस्व, आर्थिक प्रशासन, यातायात, जलस्रोत, ऊर्जा तथा भौतिक पूर्वाधारसँग सम्बन्धित ऐनमा २०८३ जेठ मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)

प्रकाशक

गण्डकी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

पोखरा, नेपाल ।

प्रकाशित प्रतिः २५०

२०८३ साल असार ।

मूल्य रु. २१० ।-

विषय सूची

क्र.सं.		पेज नं.
१	गण्डकी प्रदेश कर तथा गैरकर सम्बन्धी ऐन, २०७५	१
२	गण्डकी प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५	२४
३	गण्डकी प्रदेश आकस्मिक कोष ऐन, २०७५	२८
४	गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६	३२
५	प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८	१२५
६	गण्डकी प्रदेश सिँचाइ ऐन, २०७८	१७२
७	गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९	१९९
८	गण्डकी प्रदेश सामयिक कर असुल ऐन, २०८१	२२३
९	गण्डकी प्रदेश सडक ऐन, २०८१	२२६
१०	गण्डकी प्रदेश विद्युत् विकास ऐन, २०८२	२४४

गण्डकी प्रदेश कर तथा गैरकर सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति

२०७५ ।०२ ।३१

संशोधन गर्ने ऐन

१. केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन, २०७५	२०७५।०६।०४
२. आर्थिक ऐन, २०७६	२०७६।०३।३१
३. आर्थिक ऐन, २०७७	२०७७।०३।२६
३. आर्थिक ऐन, २०७८	२०७८।०३।३१
४. केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९	२०७९।११।१६

२०७५ सालको ऐन नं. ९

प्रदेशको कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : प्रदेशको समग्र विकासका लागि राजस्व लगाउने तथा उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "✪गण्डकी प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो ऐन ♠ गण्डकी प्रदेश भर लागु हुनेछ र यस ऐन बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

♠केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन,२०७५ द्वारा संशोधित।

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(क) "आर्थिक ऐन" भन्नाले सालबसाली आर्थिक ऐन सम्झनु पर्छ।

(ख) "कम्पनी" भन्नाले प्रचलित सङ्घीय कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँछ।

(ग) "कर" भन्नाले आर्थिक ऐन बमोजिमको कर सम्झनु पर्छ।

(घ) "कर प्रमुख" भन्नाले प्रदेश सरकारले कर प्रशासन सम्बन्धी प्रमुख जिम्मेवारी तोकी नियुक्त गरेको अधिकृतस्तरको कर्मचारी सम्झनु पर्छ र सो शब्दले त्यसरी कर प्रमुख नियुक्त नभएकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिवलाई जनाउँछ।

(ङ) "कर अधिकृत" भन्नाले प्रदेश सरकारले दफा ५ बमोजिम नियुक्त गरेको कर अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्ने जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने प्रदेश सरकारको अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउँछ।

(च) "कर कार्यालय" भन्नाले प्रदेशमा कर सम्बन्धी काम, कारबाही र निर्णय गर्ने महाशाखा, शाखा वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रूपमा रहेको प्रदेश सरकार अन्तर्गतको संगठन संरचना सम्झनु पर्छ।

(छ) "करदाता" भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारबाही प्रक्रिया सुरु गरेको व्यक्तिलाई समेत जनाउँछ।

(ज) "कर निर्धारण" भन्नाले कर अधिकृतले गरेको कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण र संशोधित कर निर्धारणलाई समेत जनाउँछ।

(झ) "गैरकर राजस्व" भन्नाले कर बाहेकका गैरकर राजस्व सम्झनु पर्छ।

(ञ) "परिवार" भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिए वा नछुट्टिएका नावालिग सन्तान सम्झनु पर्छ।

(ट) "फर्म" भन्नाले प्रचलित सङ्घीय कानून बमोजिम दर्ता भएको जुनसुकै फर्म सम्झनु पर्छ।

(ठ) "व्यक्ति" भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ।

(ड) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

परिच्छेद-२

राजस्व निर्धारणका आधार र कर प्रशासन

३. **कर तथा गैरकर राजस्व निर्धारणका आधारः** (१) कर राजस्व देहायका आधारमा निर्धारण गरिनेछ :-

(क) कर तिर्न सक्ने क्षमता,

(ख) कर प्रणाली समानता र न्यायमा आधारित हुने अवस्था,

(ग) कर प्रशासन सरल, पारदर्शी र मितव्ययी हुने अवस्था,

(घ) नागरिकको सुविधा,

(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरणको सिर्जना,

(च) करको आधार, करको दर र कर तिर्ने अवधिको सुनिश्चितता।

(२) गैरकर राजस्व उपलव्ध गराइने सेवा, सहुलियत र सुबिधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी निर्धारण गरिनेछ।

४.	**कर प्रशासन** : (१) यस ऐन बमोजिमको कर तथा गैरकरको प्रशासन प्रदेश सरकारले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यावसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार कर कार्यालय रहन सक्नेछन् ।

५.	**कर्मचारी सम्बन्धी व्यवस्था** : (१) प्रदेश सरकारबाट स्वीकृत दरवन्दी अनुसारका विभिन्न तहका कर्मचारी प्रदेश कर कार्यालयमा रहन सक्नेछन् ।

(२) प्रदेश कर कार्यालयमा प्रदेश सरकारले प्रचलित कानून बमोजिम स्वीकृत दरवन्दीका आधारमा एक वा सोभन्दा बढी तहका कर अधिकृतहरू, कर सहायक तथा सहयोगीहरूलाई काममा लगाउन सक्नेछ ।

६.	**कर अधिकृतको काम, कर्तव्य र अधिकार**: यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) करदाता दर्ता गर्ने,

(ख) करदाताबाट विवरण प्राप्त गर्ने,

(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने,

(घ) कर सङ्कलन गर्ने,

(ङ) कर तथा गैर कर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने,

(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने,

(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने,

(ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नु पर्ने विषयमा प्रदेश सरकारलाई सुझाव दिने,

(झ) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने,

(ञ) करदाताका खाता र हरहिसाव दुरुस्त राख्न लगाउने,

(ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने,

(ठ) कर सम्बन्धी अन्य काम गर्ने ।

७. **अधिकार प्रत्यायोजनः** (१) कर प्रमुखले संविधान र यस कानून बमोजिम आफूमा रहेको कर तथा राजस्व उठाउने अधिकार कर कार्यालयका प्रमुख तथा कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कर कार्यालयका प्रमुखले आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतका कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कर कार्यालयको प्रमुख र कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ।

८. **प्रत्यायोजित अधिकार र जिम्मेवारी :** (१) दफा ७ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ।

(२) दफा ७ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ।

परिच्छेद-३
कर तथा गैरकर

९. **घर जग्गा रजिष्ट्रेशन शुल्कः** (१) प्रदेशले आफ्नो क्षेत्रभित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्दा घर जग्गा रजिष्ट्रेशन शुल्क लगाउनेछ।

(२) घर जग्गा रजिष्ट्रेशन शुल्क रजिष्ट्रेशन गर्दाको बखतमा रजिष्ट्रेशन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिलाई लाग्नेछ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको रकम वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकम मध्ये जुन बढी हुन्छ सो रकममा लाग्नेछ।

(४) यस दफा बमोजिम लगाइएको घर जग्गा रजिष्ट्रेशन शुल्क घर, जग्गा वा घर जग्गा रहेको गाउँपालिका वा नगरपालिकाले उठाउनेछ।

(५) यस दफा बमोजिम उठाएको रजिष्ट्रेशन शुल्क मध्येबाट साठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम गाउँपालिका वा नगरपालिकाले घर जग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पुँजीगत लाभकर असुल गरी नेपाल सरकारले तोकेको राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

(७) नेपाल सरकार, प्रदेश र स्थानीय तह तथा सरकारी निकायलाई घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्दा कुनै शुल्क लाग्ने छैन।

१०. **सवारी साधन कर**: (१) प्रदेशले सवारी साधनमा सवारी साधन कर लगाउनेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि “सवारी साधन” भन्नाले इन्धन वा ऊर्जा प्रयोग गरी यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउँदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनेछ।

(३) सवारी साधन भएका व्यक्तिले आफ्नो स्थायी ठेगाना वा बसाई सराई गरेको स्थान वा रोजगार वा व्यवसायको सिलसिलामा तत्काल बसोबास गरेको स्थान वा कारोबार दर्ता रहेको स्थान रहेको प्रदेशको कर कार्यालय वा तोकिएको निकायमा तोकिए बमोजिम सवारी साधन दर्ता गरी सवारी साधन कर बुझाउनु पर्नेछ।

(४) यो ऐन प्रारम्भ हुनु पूर्व सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम दर्ता भएका सवारी साधनका धनीले २०७५ चैत्र मसान्तसम्म उपदफा (३) बमोजिम सवारी दर्ता गरी कर बुझाई सक्नु पर्नेछ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा,

रिक्सा र विद्युतीय रिक्सामा सवारी साधन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउनेछ।

११. **मनोरञ्जन करः** (१) प्रदेशले चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, व्यापारिक सांस्कृतिक तथा मनोरञ्जनात्मक मेला-महोत्सव, कन्सर्ट जस्ता मनोरञ्जन स्थलमा देखाइने मनोरञ्जनका साधनमा मनोरञ्जन कर लगाउनेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर मनोरञ्जनको लागि एकमुष्ट तोकिएको अवस्थामा सोही बमोजिम अन्यथा मनोरञ्जन स्थलको टिकटमा लाग्नेछ।

(३) उपदफा (२) बमोजिमको मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जनस्थलका धनीले कर उठाएको महिनाभन्दा पछिको महिनाको २५ गते भित्र सम्बन्धित गाउँपालिका वा नगरपालिकामा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम जम्मा भएको रकम मध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाले सञ्चित कोषमा राखी बाँकी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(५) यस दफा बमोजिमको कर प्रशासन गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

१२. **विज्ञापन करः** (१) प्रदेशमा विज्ञापन सामग्री राखे बापत लाग्ने विज्ञापन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "विज्ञापन सामग्री" भन्नाले होडिङ्ग बोर्ड, नियोन, डिजिटल डिस्प्ले, भित्ते लेखन, तुल, खम्बा वा सवारी साधनमा राखिने सामग्री, पोष्टर, बेलुन जस्ता सामग्री सम्झनु पर्छ।

(२) कसैले विज्ञापन सामग्री राख्न चाहेमा अनुमतिको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकामा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन पर्न आएमा गाउँपालिका वा नगरपालिकाले सर्वसाधारण जनताको हित हुने देखिएमा विज्ञापन कर लिई विज्ञापन सामग्री राख्न अनुमति दिन सक्नेछ।

(४) गाउँपालिका वा नगरपालिकाले उपदफा (३) बमोजिमको अनुमति दिँदा विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नु पर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य बिगार्न नहुने कुरा, वातावरणीय स्वच्छता, विपद् जोखिम न्यूनीकरण गर्ने गरी, सार्वजनिक यातायातमा पर्न सक्ने असर, सामग्रीको भाषिक शुद्धता र सालीनता जस्ता विषयमा आवश्यक शर्त किटान गर्नेछ। स्थानीय तहले विज्ञापन सम्बन्धी नीति बनाई सहरी सौन्दर्यतालाई प्रतिकूलता नहुने गरी सामाजिक सूचनाका लागि तोकिए बमोजिमको न्यूनतम स्थान राख्नु पर्नेछ।

(५) नेपाल सरकार, प्रदेश वा स्थानीय तह वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति (पोल आदि) प्रयोग गरी राखिएका विज्ञापन सामग्रीमा विज्ञापन कर उठाउनु अघि गाउँपालिका वा नगरपालिकाले सो निकायसँग आवश्यक स्वीकृति तथा समन्वय गर्नु पर्नेछ।

(६) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको विज्ञापन कर छुट वा मिनाहा हुन सक्ने छैन।

(७) नेपाल सरकार, प्रदेश र स्थानीय तहले राखेका विज्ञापनमा विज्ञापन कर लाग्ने छैन।

(८) यस दफा बमोजिम विज्ञापन करबाट उठेको रकम मध्येबाट साठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(९) विज्ञापन कर असुल सम्बन्धी अन्य व्यवस्था गाउँपालिका वा नगरपालिकाको कानून बमोजिम हुनेछ।

१३. **कृषि आयमा कर**: (१) प्रदेशले आफ्नो क्षेत्र भित्रको कृषि आयमा कर लगाउनेछ।

♥(२) कृषि आयमा कर कृषि उपजको बिक्री गरेको बखत लगाइनेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "कृषि उपज" भन्नाले धान,

♥ आर्थिक ऐन, २०७७ द्वारा संशोधित

गहुँ कोदो, फापर, मकै, फलफूल, तरकारी, आलु, अण्डा, मासु, माछा, दुध, दलहन, तेलहन जस्ता खाद्य वस्तु र प्रारम्भिक प्रशोधन तथा प्याकेजिङ भएको खाद्यवस्तु समेतलाई सम्झनु पर्छ।

(३) कृषि उपजको प्रारम्भिक रुप भन्नाले कृषिको उत्पादन देखि प्रशोधन भई बिक्री वितरणका लागि तयार भएको कृषि उपज सम्झनु पर्छ।

१४. **पर्यटन शुल्कः** ♥(१) प्रदेश सरकारले तोकेका पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा सेवाको लागत सञ्चालन, व्यवस्थापन र सम्भार खर्चलाई आधार मानी पर्यटन शुल्क लगाई उठाउन सक्नेछ।

✂(२) ....

✂(३) ....

१५. **दहत्तर बहत्तर शुल्कः** (१) सङ्घीय कानूनले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्राकृतिक स्रोतमध्ये आफ्नो क्षेत्रभित्र रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, बालुवा र दहत्तर बहत्तरको सङ्कलन शुल्क प्रदेशले लगाउनेछ।

(२) गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, बालुवा र दहत्तर बहत्तरको सङ्कलन गर्नु अघि प्रचलित सङ्घीय कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र कार्ययोजना प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको स्वीकृत वातावरणीय अध्ययन र कार्ययोजना प्राप्त भएमा प्रदेशले नेपाल सरकारको नीतिको अधीनमा रही वातावरणमा प्रतिकूल असर नपर्ने तथा सर्वसाधारण जनताको हित हुने देखेमा गाउँपालिका वा नगरपालिकालाई त्यस्तो क्षेत्रमा रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, बालुवा र दहत्तर बहत्तर सङ्कलन गर्न गराउन आवश्यक शर्त तोकी वा नतोकी स्वीकृति दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम स्वीकृति प्राप्त भएमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो क्षेत्रमा ढुङ्गा, गिट्टी, माटो, बालुवा र दहत्तर बहत्तर सङ्कलन गर्न गराउन सक्नेछ।

♥ आर्थिक ऐन, २०७७ द्वारा संशोधित

✂ आर्थिक ऐन, २०७७ द्वारा झिकिएको।

(५) प्रदेश सरकारले गाउँपालिका वा नगरपालिकाले रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, बालुवा र दहत्तर बहत्तर सङ्कलन गर्दा अपनाउनु पर्ने कार्यविधि बनाई जारी गर्नेछ र त्यस्तो कार्यविधि गाउँपालिका वा नगरपालिकाले रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, बालुवा र दहत्तर बहत्तर सङ्कलन गर्दा वा गराउँदा पालना गर्नु पर्नेछ।

(६) रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, बालुवा र दहत्तर बहत्तर सङ्कलनबाट उठेको शुल्क मध्येबाट साठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

१६. **सेवा शुल्क तथा दस्तुरः** प्रदेशले संविधानको अनुसूची-६ बमोजिमका क्षेत्र र विषयमा आफूले पुऱ्याएको सेवा बापत सेवा, शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ।

परिच्छेद-४

करदाता दर्ता

१७. **करदाताको पहिचान तथा दर्ता :** (१) कसैले व्यवसाय सञ्चालन गर्न चाहेमा व्यवसाय गर्नु पूर्व दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

(२) कर कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोबार र कर कार्यालयलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो कार्यालयले छानबिन गर्दा देखिएका कुराहरूको आधारमा करदाताको पहिचान गरिनेछ।

(४) कर कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोबार गर्दा सोही नम्बरको प्रयोग गरी गर्नु पर्नेछ।

१८. **करदाताको दायित्वः** यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका

करदाताको देहाय बमोजिमको दायित्व हुनेछः-

(क) आफूलाई करदाताको रूपमा दर्ता गराउने,
(ख) निर्धारित समयमा विवरण पेश गर्ने,
(ग) निर्धारित समयमा कर दाखिला गर्ने,
(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिबाना वा ब्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,
(ङ) हिसाब किताब र अभिलेख दुरुस्त राख्ने,
(च) कर अधिकृतले मागेको सूचना तथ्याङ्क समयमा उपलब्ध गराउने,
(छ) कर कार्यालयलाई आवश्यक सहयोग गर्ने ।

१९. **करदाताको अधिकार :** (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः-

(क) सम्मानपूर्वक व्यवहारको अधिकार,
(ख) प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,
(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,
(घ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखा परीक्षक नियुक्त गर्ने अधिकार,
(ङ) कर सम्बन्धी गोप्य कुराहरू यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनु पर्नेछ ।

२०. **करदाताको प्रतिनिधित्वः** (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखा परीक्षक वा निजले लिखित रूपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि उमेर पुगेका भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्ति तर्फबाट गरिएका काम कारबाही करदाता स्वयंले गरेको मानिनेछ।

परिच्छेद-५

कर विवरण र कर दाखिला

२१. **विवरण दाखिला गर्न आदेश दिन सक्ने**: (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ। त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले पन्ध्र दिनभित्र कर कार्यालयमा विवरण दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्याद भित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समय अवधि थपको लागि निवेदन दिएमा कर अधिकृतले तीस दिनसम्मको अवधि थपिदिन सक्नेछ।

२२. **विवरण सच्याउन सकिने**: यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भई सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिलो विवरण दाखिला भएको मितिले तीन महिनाभित्र यथार्थ, तथ्य र सही अङ्क सहितको अर्को विवरण पेश गर्न सक्नेछ।

२३. **कर दाखिला गर्नु पर्ने**: (१) यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर यस ऐनमा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको असोज मसान्त भित्र कर कार्यालयमा दाखिला गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्ने कर, करकट्टी भएको महिना पछिको महिनाको २५ गतेभित्र कर कार्यालयमा दाखिला गर्नु पर्नेछ।

२४. **कर दाखिलाको निस्सा दिनु पर्ने**: करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाएपछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ।

परिच्छेद-६

कर समायोजन

२५. **कर फिर्ता सम्बन्धी व्यवस्था :** (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा करदाताले बुझाउन कुनै रकम बाँकी भएमा त्यसमा मिलान गरी बाँकी रहेको रकम कर अधिकृतले निवेदन परेको साठी दिनभित्र फिर्ता दिनु पर्नेछ।

२६. **कर समायोजन सम्बन्धी व्यवस्था :** (१) करदाताले दफा २५ बमोजिम फिर्ता पाउने ठहरिएको रकम निजले दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिनाभित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ।

परिच्छेद-७

कर परीक्षण, निर्धारण र सङ्कलन

२७. **कर परीक्षणः** (१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछः-

(क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा,

(ख) गलत वा झुट्टा विवरण कागजात संलग्न गरेको देखिएमा,

(ग) यथार्थ कारोबार नदेखाएको विश्वास गर्नु पर्ने कारण भएमा,

(घ) कारोबारका आधारमा करको दायित्व कम देखाएकोमा,

(ङ) करको दर फरक पारेकोमा,

(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा सोको दाबी गरेकोमा।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नु पर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्षभित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नु पर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ।

(६) कुनै व्यक्तिले झुट्टा लेखा वा बीजक वा अन्य कागजात तयार गरी वा जालसाजी गरी कर छलेको रहेछ भने कर अधिकृतले जुनसुकै बखत पुनः कर निर्धारण गर्न गराउन सक्नेछ।

२८. **कर निर्धारणको सूचना** : (१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित स्थान र समय सीमाभित्र कर दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको भौचर सम्बन्धित कर कार्यालयमा बुझाउनु पर्नेछ।

२९. **कर असुल गर्न सक्नेः** (१) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर, ब्याज र शुल्क बापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा

दाखिला नगरेमा कर अधिकृतले कार्यालय प्रमुखको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरिका बमोजिम कर असुल गर्न सक्नेछः-

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर,

(ख) नेपाल सरकार, प्रदेश, स्थानीय तह वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर,

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर,

(घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर,

(ङ) करदाताको कारोबार रोक्का गरेर,

(च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कब्जा गरेर,

(छ) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारबाही सुरु भएपछि सो कारबाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कुल रकमको थप पाँच प्रतिशत शुल्क सहित असुल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकमभन्दा बढी भएमा बढी भएजति रकम साठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

३०. **किस्ताबन्दीमा कर असुलीः** कुनै खास करदातालाई विशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडा गरी बढीमा एक वर्षभित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ ।

तर ढिला बुझाए बापत यस ऐन बमोजिम लाग्ने ब्याज मिनाहा हुने छैन ।

परिच्छेद-८

ब्याज, शुल्क र जरिबाना

३१. **जरिबाना लाग्ने :** यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको दश प्रतिशत जरिबाना गर्न सक्नेछ।

३२. **ब्याज लाग्नेः** यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने बाँकी रकममा वार्षिक दश प्रतिशत ब्याज लाग्नेछ।

३३. **शुल्क लाग्ने :** (१) यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा पाँच हजार रुपैयाँ शुल्क लाग्नेछ।

(२) यस ऐन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण एक हजार रुपैयाँ शुल्क लाग्नेछ।

(३) यस ऐन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सोको दश प्रतिशत शुल्क लाग्नेछ।

३४. **पुनः ब्याज नलाग्नेः** यस ऐन बमोजिम लाग्ने शुल्क, ब्याज र जरिबानामा पुनः ब्याज लाग्ने छैन।

परिच्छेद-९

पूर्वादेश, प्रशासकीय पुनरावलोकन र पुनरावेदन

३५. **पूर्वादेश माग गर्न सक्ने :** (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्था बारे द्विविधा भएमा सोको निराकरणको लागि निजले कर प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा कर प्रमुखले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलव्ध गराउनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भईसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश कर प्रमुखले खारेज नगरेसम्म वा अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहनेछ।

३६. **प्रशासकीय पुनरावलोकन हुन सक्नेः** यस ऐन बमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछः-

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय,

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजश्व तथा अन्य दस्तुर, शुल्क, ब्याज सम्बन्धी निर्णय।

३७. **प्रशासकीय पुनरावलोकनको प्रक्रियाः** (१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले तीस दिनभित्र तोकिए बमोजिमको धरौटी संलग्न गरी तोकिएको ढाँचामा कर प्रमुख समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन उपर साठी कार्यदिन भित्र कारबाही र किनारा गर्नु पर्नेछ।

३८. **उजुरी नलाग्ने :** यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन।

३९. **पुनरावेदन दिन सक्नेः** (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले पैँतिस दिनभित्र तोकिए बमोजिमको धरौटी संलग्न गरी उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उच्च अदालतले गरेको निर्णय अन्तिम हुनेछ।

परिच्छेद-१०

समन्वय

४०. **नेपाल सरकारसँग समन्वय :** (१) प्रदेश सरकारले सङ्घीय कानून वा यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर वा गैरकर राजस्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन स्थानीय तह वा स्थानीय तहले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) प्रदेश सरकारले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकारसँग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगिएका विषयहरू यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

४१. **स्थानीय तहसँग समन्वयः** (१) प्रदेश सरकारले प्रदेश कानून वा यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर वा गैरकर राजस्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन प्रदेश सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) प्रदेश सरकारले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैर कर राजस्वका आधार वा दर वा कर प्रशासनका सम्बन्धमा स्थानीय तहसँग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका विषयहरू यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

४२. **नेपाल राष्ट्र बैंकसँग समन्वयः** प्रदेश सरकारले कर र गैरकर राजस्व सङ्कलनलाई प्रभावकारी बनाउन बैंकिङ्ग प्रणालीमा आवद्ध गर्ने विषयमा नेपाल राष्ट्र बैंकसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

४३. **अन्य संस्थासँग समन्वयः** प्रदेश सरकार वा कर अधिकृतले कर तथा गैरकर राजस्वसँग सम्बन्धित विषयमा आवश्यकता अनुसार अन्य संस्थासँग समन्वय गर्न सक्नेछ।

४४. **राजस्व सम्बन्धी नयाँ प्रस्तावः** (१) प्रदेश सरकारले कर तथा गैरकर सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग परामर्श गर्नु पर्नेछ।

(२) प्रदेश र स्थानीय तहका साझा अधिकार सूची भित्र रहेका कर तथा गैरकर सम्बन्धी विषयमा दर प्रस्ताव गर्दा र कर सम्बन्धी अन्य विषयमा समन्वयका लागि निर्देशिका बमोजिमको राजस्व परामर्श समिति गठन गरिने छ।

तर आर्थिक वर्ष २०७५/२०७६ को हकमा यो दफा लागु हुने छैन।

४५. **सूचना सार्वजनिक गर्नु पर्नेः** (१) प्रदेश सरकारले लगाएको कर र गैर कर राजस्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजस्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना प्रदेश कानून बमोजिम सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नु पर्नेछ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिमका कर, राजस्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई प्रदेश सरकारको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) प्रदेश सरकारले कर र राजस्वका दर र हेरफेर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

परिच्छेद-११

विविध

४६. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर

लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारबाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ।

४७. **ठेक्कामा लगाउन नपाइने**: प्रदेश सरकारले आफूले असुल गर्नु पर्ने कुनै कर वा राजस्व ठेक्का लगाई उठाउन पाइने छैन।

तर अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहसँग समन्वय गरी कर उठाउन बाधा पुगेको मानिने छैन।

४८. **कागजातको ढाँचाः** (१) यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश सरकारले निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरिका तोक्ने गरी सूचना जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरिका आदि सर्वसाधारणको जानकारीको लागि प्रदेश सरकारको सूचना पाटी, वेबसाइट आदिको माध्यमबाट उपलब्ध गराउनु पर्नेछ।

४९. **सूचना तामेली रीत पुगेको मानिने**: (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछः-

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नावालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको,

(छ) करदाताको ठेगानामा राखिएको टेलिफ्याक्स, टेलेक्स वा अन्य विद्युतीय उपकरण मार्फत पठाएको।

(२) कर कार्यालयको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनक्रिप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ।

५०. **कागजातको अभिलेख राख्नेः** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहायका आवश्यक कागजातहरू सुरक्षित गरी राख्नु पर्नेछः-

(क) यस ऐन बमोजिम कर कार्यालयमा पेश गर्नु पर्ने कागजात र सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात,

(ख) कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजातहरू,

(ग) खर्च कट्टी गर्नु पर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजात,

(२) कर कार्यालयले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक करदाताले यस दफा बमोजिमका कागजातहरू सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तीमा चार वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।

५१. **अदालतलाई भए सरहको अधिकार हुनेः** यस ऐनको प्रयोजनको लागि कर अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ।

५२. **कर अधिकृतको परिचय पत्रः** कर कार्यालयमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ।

५३. **विभागीय कारबाही र सजाय हुनेः** (१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुऱ्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बिच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुऱ्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति

गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले प्रदेश कर कार्यालयको प्रमुख समक्ष उजुर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा कर कार्यालयको प्रमुखले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारबाही गर्ने अधिकार भएको विषयमा आफैँले कारबाही गर्ने र कारबाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारबाहीको लागि कर प्रमुख समक्ष पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको उजुरी सम्बन्धमा छानबिन गर्न कर प्रमुखले छानबिन समिति गठन गरी प्रतिवेदन लिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम छानबिन र कारबाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा कर प्रमुखले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिम छानबिन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य वा लापरबाही गरेको कुरा खुल्न आएमा कर प्रमुखले निजलाई विभागीय कारबाही गर्नेछ।

(६) यस दफा बमोजिमको छानबिन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने निलम्बन अवधि तीन महिनाभन्दा बढी हुने छैन।

५४. **पुरष्कृत गर्न सक्नेः** (१) आर्थिक मामिला तथा योजना मन्त्रालयले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानूनले तोकेको म्यादभित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था आर्थिक मामिला तथा योजना मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

५५. **म्याद, हदम्याद नजानेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए

तापनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछः-

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि।

गण्डकी प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति

२०७५।०२।३१

संशोधन गर्ने ऐन

१. केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन, २०७५ २०७५।०६।०४

२. केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ २०७९।११।१६

२०७५ सालको ऐन नं १०

प्रदेश राजस्व बाँडफाँट तथा अनुदान हस्तान्तरण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः प्रदेश सरकारबाट स्थानीय तहलाई राजस्व बाँडफाँट तथा अनुदान हस्तान्तरण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "✪गण्डकी प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो ऐन ♠ गण्डकी प्रदेश भर लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोग" भन्नाले संविधानको धारा २५० बमोजिमको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्झनु पर्छ।

(ख) "प्रदेश सञ्चित कोष" भन्नाले संविधानको धारा २०४ बमोजिमको प्रदेश सञ्चित कोष सम्झनु पर्छ।

(ग) "योजना" भन्नाले आयोजना, परियोजना, कार्यक्रम समेत सम्झनु पर्छ।

(घ) "वित्तीय समानीकरण अनुदान" भन्नाले दफा ४

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

♠ केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन,२०७५ द्वारा संशोधित।

बमोजिमको अनुदान सम्झनु पर्छ।

(ङ) "विशेष अनुदान" भन्नाले दफा ७ बमोजिमको अनुदान सम्झनु पर्छ।

(च) "सशर्त अनुदान" भन्नाले दफा ५ बमोजिमको अनुदान सम्झनु पर्छ।

(छ) "समपूरक अनुदान" भन्नाले दफा ६ बमोजिमको अनुदान सम्झनु पर्छ।

(ज) "स्थानीय सञ्चित कोष" भन्नाले संविधानको धारा २२९ बमोजिमको स्थानीय सञ्चित कोष सम्झनु पर्छ।

(झ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

३. **सवारी साधन करको बाँडफाँटः** (१) प्रदेशले लगाएको र उठाएको सवारी साधन करबाट उठेको रकम प्रदेश सरकारले प्रदेश विभाज्य कोषमा जम्मा गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये साठी प्रतिशत प्रदेश सरकारलाई र चालीस प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिनेछ।

(३) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये प्रदेश सरकारले प्राप्त गर्ने रकम प्रदेश सञ्चित कोषमा दाखिला गरिनेछ र स्थानीय तहलाई प्रदान गरिने रकम स्थानीय विभाज्य कोषमा जम्मा गरिनेछ।

(४) उपदफा (३) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम संविधान र यस ऐनको अधीनमा रही आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्नेछ।

(५) उपदफा (४) बमोजिम बाँडफाँटबाट प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम प्रदेश सरकारले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम बाँडफाँट हुने रकम आर्थिक वर्षको

अन्तिम महिनामा हिसाब मिलान गरिनेछ।

४. **वित्तीय समानीकरण अनुदानः** (१) संविधानको धारा ६० को उपधारा (५) तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ को उपदफा (२) बमोजिम प्रदेश सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ।

(२) प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्व समेतका आधारमा उपदफा (१) बमोजिम स्थानीय तहलाई बाँडफाँट हुने समानीकरण अनुदान रकम निर्धारण गर्नेछ।

५. **सशर्त अनुदानः** (१) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा (३) बमोजिम प्रदेश सरकारले स्थानीय तह वा प्रदेश सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम सशर्त अनुदान प्रदान गर्दा प्रदेश सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्नेछ।

(३) सशर्त अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

६. **समपूरक अनुदानः** (१) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० को उपदफा (३) बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समपूरक अनुदान प्रदान गर्दा देहायका कुरालाई आधार बनाइनेछः-

(क) योजनाको सम्भाव्यता,

(ख) योजनाको लागत,

(ग) योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ,

(घ) योजना कार्यान्वयन गर्नसक्ने वित्तीय तथा भौतिक क्षमता र जनशक्ति,

(ङ) योजनाको आवश्यकता र प्राथमिकता।

(३) उपदफा (१) बमोजिमको समपूरक अनुदान कुनै योजनाको कुल लागतको अनुपातका आधारमा प्रदान गरिनेछ।

(४) समपूरक अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

७. **विशेष अनुदानः** (१) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ११ को उपदफा (२) बमोजिम प्रदेश सरकारले देहायको कुनै उद्देश्य राखी स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछः-

(क) शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने,

(ख) अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने,

(ग) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदायको उत्थान र विकास गर्ने।

(२) विशेष अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

८. **आवधिक विवरण पेश गर्नु पर्नेः** (१) स्थानीय तहले आफूले गरेको आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र आर्थिक मामिला तथा योजना मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र विवरण पेश हुन नआएमा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने अनुदान रोक्का गर्न सक्नेछ।

९. **अनुदानको प्रयोगः** यस ऐन बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्नु पर्नेछ।

१०. **कार्यविधि बनाउन सक्नेः** यो ऐन कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक कार्यविधि बनाउन सक्नेछ।

गण्डकी प्रदेश आकस्मिक कोष ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति

२०७५ ।०३ ।२७

संशोधन गर्ने ऐन

केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ २०७९।११।१६

२०७५ सालको ऐन नं १३

प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः प्रदेश आकस्मिक कोषको स्थापना र सञ्चालन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "✪गण्डकी प्रदेश आकस्मिक कोष ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "आकस्मिक कार्य" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य सम्झनु पर्छ।

(ख) "प्रदेश आकस्मिक कोष" भन्नाले दफा ३ बमोजिम स्थापना गरिने प्रदेश आकस्मिक कोष सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

३. **प्रदेश आकस्मिक कोषको स्थापनाः** प्रदेश आकस्मिक कोषको नामले एउटा कोष स्थापना गरिएको छ।

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

४. **प्रदेश आकस्मिक कोषमा जम्मा गरिएको रकम**: प्रदेश सञ्चित कोषबाट आवश्यकता अनुसारको रकम प्रदेश आकस्मिक कोषमा जम्मा गरिने छ ।

५. **प्रदेश आकस्मिक कोषको रकम वृद्धि गर्न सक्ने**: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गर्न सक्नेछ ।

६. **प्रदेश आकस्मिक कोषको रकम खर्च गर्न सक्ने**: प्रदेश सरकारले प्रदेश आकस्मिक कोषमा रहेको रकमबाट आकस्मिक कार्यका लागि खर्च गर्न सक्नेछ ।

७. **प्रदेश आकस्मिक कोषको सञ्चालन**: (१) प्रदेश आकस्मिक कोषको सञ्चालन आर्थिक मामिला तथा योजना मन्त्रालयबाट हुनेछ ।

(२) प्रदेश आकस्मिक कोषको सञ्चालन र रकमको निकासा सम्बन्धी स्रेस्ता र हिसाब अनुसूची बमोजिमको ढाँचामा मन्त्रालयको सचिव वा निजले तोकेको कुनै अधिकृतले राख्नेछ ।

८. **आकस्मिक कोषबाट खर्चको निकासाको माग**: (१) कुनै आकस्मिक कामको लागि आकस्मिक कोषबाट खर्च गर्नु पर्ने भएमा सम्बन्धित अधिकारीले पेश्कीको रुपमा मन्त्रालय मार्फत रकम निकासाको माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश्कीको रुपमा रकम निकासाको माग गर्दा सम्बन्धित अधिकारीले देहायका विवरण खोली पठाउनु पर्नेछ :-

(क) आकस्मिक कार्यको विवरण, खर्चको आवश्यकता र चाहिएको रकम,

(ख) थप खर्च मागिएको भए त्यसको कारण र चाहिने रकम,

(ग) आकस्मिक कार्य पछि सार्न नसकिने कारण,

(घ) तुरुन्त खर्च नगरेमा हुने परिणामको सङ्केत,

(ङ) कति अवधिसम्मको लागि खर्च चाहिने हो त्यसको सम्भाव्यता,

(च) आकस्मिक कोषको रकम खर्च गर्ने अधिकृत र निजको कार्यालय ।

(३) उपदफा (१) बमोजिम आकस्मिक कोषबाट खर्चको माग भएकोमा मन्त्रालयले प्रदेश सरकार, मन्त्रिपरिषद् समक्ष पेश गरी निकासा भए बमोजिम प्रदेश आकस्मिक कोषबाट पेश्कीको रुपमा रकम दिनेछ र यसरी रकम दिएपछि मन्त्रालयले सोको जानकारी महालेखापरीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

९. **खर्चको रकम सोधभर्ना गर्नु पर्नेः** (१) प्रदेश सरकारले यस ऐन बमोजिम प्रदेश आकस्मिक कोषबाट खर्च गरेको रकम यथाशीघ्र सोधभर्ना गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल आकस्मिक कोषमा रकम सोधभर्ना गर्न नसकिएमा आगामी आर्थिक वर्षको प्रदेश विनियोजन ऐन बमोजिम विनियोजित रकमबाट त्यस्तो रकम सोधभर्ना गर्नु पर्नेछ।

१०. **आकस्मिक कार्य पूरा भएको सूचना गर्नेः** आकस्मिक कार्य समाप्त भएपछि वा त्यस्तो कार्य गर्न सम्भावना छैन भन्ने यकिन भएपछि सो कुराको जानकारी पेश्की माग गर्ने अधिकारीले मन्त्रालय, महालेखापरीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयमा तुरुन्त दिनु पर्नेछ।

११. **खर्च नभएको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नेः** प्रदेश आकस्मिक कोषबाट पेश्की लिएको रकम खर्च गर्नु नपर्ने भएमा वा सबै रकम खर्च नभई बाँकी रहेमा पेश्की माग गर्ने अधिकारीले आकस्मिक कार्य समाप्त भएको वा त्यस्तो कार्य गर्न सम्भावना छैन भन्ने यकिन गरेको मितिले पैंतिस दिनभित्र त्यस्तो बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रकम दाखिला गरेपछि त्यस्तो अधिकारीले सोको जानकारी मन्त्रालय, महालेखापरीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयलाई दिनु पर्नेछ।

१२. **अनुसूचीमा हेरफेर गर्न सक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

अनुसूची

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

आकस्मिक कोषको स्रेस्ता

आकस्मिक कोषको रकम रु. ....

अक्षरेपी ....

क्र. सं.	आकस्मिक कार्यको विवरण	विनियोजनको नाम र सङ्ख्या	पेश्की माग गरेको रकम	पेश्की दिइएको रकम	थप पेश्की मागिएको रकम	थप पेश्की दिइएको रकम	जम्मा पेश्की रकम	आकस्मिक कार्य पूरा भएको मिति	आकस्मिक काम पछिको बचत रकम	पूरक विनियोजन ऐनले स्वीकृत गरेको थप खर्च	पेश्की सोधभर्ना रकम	पेश्की माग गर्ने अधिकारीको नाम, दर्जा र कार्यालय	कैफियत

प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृतको दस्तखत ....

मितिः ....

गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति

२०७६।०७।०१

संशोधन गर्ने ऐन

केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ २०७९।११।१६

२०७६ सालको ऐन नं. ०७

प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः सर्वसाधारण नागरिकलाई सरल एवं शुलभ ढङ्गबाट यातायात सुविधा उपलब्ध गराउन, यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउन, सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, बीमा व्यवस्था गर्न तथा सवारी साधन करको रकम असुल उपर गर्ने कार्यप्रणालीलाई व्यवस्थित गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद- १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम "✪गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अधिकार प्राप्त अधिकारी" भन्नाले यातायात व्यवस्था कार्यालयका प्रमुख सम्झनु पर्छ।

(ख) "कर" भन्नाले प्रचलित कानून बमोजिमको सवारी साधन कर सम्झनु पर्छ।

(ग) "करदाता" भन्नाले यो ऐन वा प्रचलित कानून बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ।

✪ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(घ) "कर अधिकृत" भन्नाले यस ऐनको प्रयोजनको लागि नेपाल सरकारले नियुक्त गरेको कर अधिकृत, प्रमुख कर अधिकृत वा यो ऐन बमोजिम कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी प्रदेश सरकारले नियुक्त गरेको अन्य कुनै अधिकृत सम्झनु पर्छ।

(ङ) "कर निर्देशक" भन्नाले मन्त्रालयले तोकेको अधिकार प्राप्त अधिकारी वा निर्देशक सम्झनु पर्छ।

(च) "कूटनीतिक सुविधा प्राप्त सवारी" भन्नाले दफा १६ बमोजिमको सवारी सम्झनु पर्छ।

(छ) "गैर व्यवसायिक सवारी" भन्नाले दफा १३ बमोजिमको सवारी सम्झनु पर्छ।

(ज) "चालक अनुमतिपत्र" भन्नाले दफा ५४ बमोजिम अधिकार प्राप्त अधिकारीले दिएको सवारी चालक अनुमतिपत्र सम्झनु पर्छ।

(झ) "चालक" भन्नाले सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ञ) "छोटो मार्ग" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटर देखि एकसय किलोमिटरसम्मको दूरीको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनु पर्छ।

(ट) "जाँचपास" भन्नाले सार्वजनिक सवारीको यान्त्रिक स्थितिको परीक्षण गरी दिइएको प्रमाणपत्र सम्झनु पर्छ।

(ठ) "ट्राफिक सङ्केत" भन्नाले प्रहरी वा एक सवारी चालकले अर्को सवारीको चालकलाई दिएको सूचना, सङ्केत वा इशारा सम्झनु पर्छ र सो शब्दले सवारीको नियन्त्रण वा निर्देशनका लागि लिखित वा साङ्केतिक रूपमा टाँसेको, राखेको वा जडान गरिएको सूचना

सङ्केत वा इशारा समेतलाई जनाउँछ।

(ड) “ठूला सवारी” भन्नाले दफा ३ बमोजिमको सवारी सम्झनु पर्छ।

(ढ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी जारी गरिएको सूचीत आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ण) “दर्ताको प्रमाणपत्र” भन्नाले दफा २१ बमोजिम सवारी दर्ता गरी दिइएको सवारी दर्ता प्रमाणपत्र सम्झनु पर्छ।

(त) “परिचालक” भन्नाले दफा ७१ बमोजिम परिचालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो सवारीमा काम गर्ने अन्य सहयोगीलाई समेत जनाउँछ।

(थ) “परीक्षा समिति” भन्नाले दफा १८८ बमोजिम गठित परीक्षा समिति सम्झनु पर्छ।

(द) “प्रशिक्षण केन्द्र” भन्नाले दफा १९१ बमोजिम मन्त्रालयबाट मान्यता प्राप्त सवारी चालक प्रशिक्षण केन्द्र सम्झनु पर्छ।

(ध) “पर्यटक सवारी” भन्नाले दफा १२ बमोजिमको सवारी सम्झनु पर्छ।

(न) “प्रदूषण” भन्नाले सवारीबाट निस्कने ध्वनी तथा धुवाँको प्रदूषण सम्झनु पर्छ।

(प) “पार्किङ स्थल” भन्नाले सवारी राख्न निर्धारण गरेको स्थल सम्झनु पर्छ।

(फ) “बस बिसौनी” भन्नाले यात्रीवाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारण गरिएको स्थल सम्झनु पर्छ।

(ब) “बीमा” भन्नाले सवारी साधन, यात्री, मालसामान, चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नु पर्ने बीमा सम्झनु पर्छ र सो शब्दले तत् सम्बन्धमा गरिने समग्र (कम्प्रिहेन्सिभ) बीमा समेतलाई जनाउँछ।

(भ) “भाडा” भन्नाले सार्वजनिक सवारीले यातायात सेवा प्रदान गरे बापत लिने रकम वा शुल्क सम्झनु पर्छ।

(म) “मन्त्रालय” भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(य) “मझौला सवारी” भन्नाले दफा ४ बमोजिमको सवारी सम्झनु पर्छ।

(र) “मध्यम मार्ग” भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट एकसय किलोमिटरभन्दा बढी तर दुईसय पचास किलोमिटरभन्दा कम दूरीको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनु पर्छ।

(ल) “मार्ग इजाजतपत्र” भन्नाले स्वीकृत मार्गमा सवारी चलाउन दफा ८६ बमोजिम प्राप्त गरेको इजाजतपत्र सम्झनु पर्छ।

(व) “मार्ग” भन्नाले सार्वजनिक सवारी चलाउनलाई निर्धारित मार्ग सम्झनु पर्छ।

(श) “मालवाहक सवारी” भन्नाले मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सार्वजनिक सवारी सम्झनु पर्छ।

(ष) “मालसामान” भन्नाले मानिस बाहेक सार्वजनिक सवारीमा ओसारपसार गरिने जनावर, पन्छी तथा कुनै निर्जीव वस्तु सम्झनु पर्छ।

(स) “यात्री” भन्नाले सार्वजनिक सवारीबाट यात्रा गर्ने

व्यक्ति सम्झनु पर्छ।

(ह) "यात्रीवाहक सवारी" भन्नाले यात्रीलाई यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी सम्झनु पर्छ।

(क्ष) "यातायात सेवा" भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउँबाट अर्को ठाउँसम्म यात्री वा मालसामान ओसारपसार गर्ने कार्य सम्झनु पर्छ।

(त्र) "यात्री गुण्टा" भन्नाले यात्रीले आफ्नो साथमा लिई यात्रा गर्ने व्यक्तिगत प्रयोजनका मालसामान सम्झनु पर्छ।

(कक) "यातायात व्यवस्थापन समिति" भन्नाले दफा १८४ बमोजिम गठित यातायात व्यवस्थापन समिति सम्झनु पर्छ।

(कख) "यातायात निरीक्षक" भन्नाले दफा १८९ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ।

(कग) "लामोमार्ग" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट दुईसय पचास किलोमिटर वा सो भन्दा बढी दूरीको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनु पर्छ।

(कघ) "व्यवस्थापक" भन्नाले पञ्जीकृत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने जिम्मा लिएको व्यक्ति सम्झनु पर्छ।

(कङ) "विद्युतीय सवारी साधन" भन्नाले विद्युतीय प्रसारण लाइन, सोलार वा ब्याट्रीबाट सञ्चालन हुने सवारी साधन सम्झनु पर्छ।

(कच) "सवारी साधन" भन्नाले निजी सवारी साधन, सार्वजनिक यात्रुवाहक, मालवाहक वा ढुवानीका साधनलाई समेत जनाउँछ।

(कछ) "सवारीको वजन" भन्नाले सवारीको मेसिनरी सहितको कुल वजन सम्झनु पर्छ र सो शब्दले

सवारीको कुल भार वहन क्षमता समेतलाई जनाउँछ।

(कज) "सरकारी सवारी" भन्नाले दफा १४ बमोजिमको सवारी सम्झनु पर्छ।

(कझ) "संस्थानको सवारी" भन्नाले दफा १५ बमोजिमको सवारी सम्झनु पर्छ।

(कञ) "सवारी धनी" भन्नाले सवारी दर्ताको प्रमाणपत्रमा सो सवारीको धनी भनी लेखिएको व्यक्ति, फर्म, कम्पनी वा अन्य कुनै संगठित संस्था सम्झनु पर्छ।

(कट) "साना सवारी" भन्नाले दफा ५ बमोजिमको सवारी सम्झनु पर्छ।

(कठ) "सार्वजनिक सवारी" भन्नाले यातायात सेवामा प्रयोग गरिने व्यावसायिक सवारी सम्झनु पर्छ।

(कड) "सार्वजनिक स्थान" भन्नाले प्रदेश भित्रको सार्वजनिकसडक, पेटी, गल्ली, नदी, पूल, मार्ग वा सर्वसाधारण आउने, जाने, बस्ने ठाउँ सम्झनु पर्छ र सो शब्दले यात्रीहरू चढ्ने, उत्रने वा सवारी राख्ने निर्धारित ठाउँलाई समेत जनाउँछ।

(कढ) "स्थानीय मार्ग" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटर भन्दा कम दूरीको गन्तव्य स्थानसम्मको मार्ग सम्झनु पर्छ।

(कण) "सुरक्षाकर्मी" भन्नाले यात्री, मालसामान तथा सवारीको सुरक्षाको जिम्मा लिने कर्मचारी सम्झनु पर्छ।

(कत) "क्षेत्र" भन्नाले यातायात व्यवस्था कार्यालयको प्रादेशिक क्षेत्राधिकार अन्तर्गत पर्ने गरी तोकिएको क्षेत्र सम्झनु पर्छ।

(कथ) "स्थानीय सवारी साधन" भन्नाले स्थानीय बाटोमा चल्ने मानिस तथा सामान ओसार्ने तथा तान्ने कम क्षमता

भएका र कम गतिमा सञ्चालन हुने भनी प्रदेश सरकारले तोकेका यान्त्रिक, मानवीय तथा जैविक शक्तिबाट सञ्चालन हुने सवारी साधनलाई सम्झनु पर्छ।

(कद) "वातावरणमैत्री सवारी साधन" भन्नाले वैकल्पिक वा नवीकरणीय उर्जाबाट सञ्चालन हुने वा प्रदेश सरकारले वातावरणमैत्री भनी तोकेको सवारी साधनलाई सम्झनु पर्छ।

(कध) "रुपान्तरण" भन्नाले डिजेल, पेट्रोल, ग्याँसबाट सञ्चालन हुने सवारी साधनलाई विद्युतीयमा र डिजेल, पेट्रोलबाट सञ्चालन हुनेलाई ग्याँस वा हाईब्रिडमा रुपान्तरण गरी सञ्चालन माध्यममा परिवर्तन गरी वातावरणमैत्री सवारी साधनमा रुपान्तरण गर्ने भन्ने सम्झनु पर्छ।

परिच्छेद - २

सवारीको वर्गीकरण

३. **ठूला सवारीः** दश टनभन्दा बढी वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची -१ को खण्ड (क) मा उल्लिखित यात्री, मालसामान ढुवानी गर्ने सवारी एवं ट्रेलर सवारीलाई ठूला सवारी भनिनेछ।

४. **मझौला सवारीः** चार टनदेखि दश टनसम्म वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची -१ को खण्ड (ख) मा उल्लिखित यात्री, मालसामान ढुवानी गर्ने सवारी एवं ट्रेलर सवारीलाई मझौला सवारी भनिनेछ।

५. **साना सवारीः** चार टनभन्दा कम वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची -१ को खण्ड (ग) मा उल्लिखित यात्री, मालसामान ढुवानी गर्ने सवारी एवं ट्रेलर सवारीलाई साना सवारी भनिनेछ।

६. **यान्त्रिक दुई पाङ्ग्रे सवारीः** यान्त्रिक शक्तिबाट चल्ने अनुसूची-१ को खण्ड (घ) मा उल्लिखित सवारीलाई यान्त्रिक दुई पाङ्ग्रे सवारी भनिनेछ।

७. **यान्त्रिक तीन पाङ्ग्रे सवारीः** यान्त्रिक शक्तिबाट चल्ने एक टनभन्दा कम

वजनको सवारीलाई यान्त्रिक तीन पाङ्ग्रे सवारी भनिनेछ।

८. **निर्माण उपकरण सवारी** : अनुसूची-१ को खण्ड (ङ) मा उल्लिखित सवारीलाई निर्माण उपकरण सम्बन्धी सवारी भनिनेछ।

९. **अफरोड सवारी**: अगाडि र पछाडि एक्सेल भएको फोर हुइलर तथा लकिङ सिस्टमयुक्त कम्तीमा २५ प्रतिशत ग्रेडियन्ट (उकालो) मा चल्न सक्ने अनुसूची-१ को खण्ड (छ) मा उल्लिखित सवारीलाई अफरोड सवारी भनिनेछ।

१०. **विशेष (स्पेशल) सवारी**: बारुण यन्त्र, एम्बुलेन्स, आर्मर्ड ,बुलेट प्रुफ र आगो निभाउने प्रयोजनको लागि प्रयोग हुने ट्याङ्कर जस्ता खास किसिमको सेवा दिने अनुसूची-१ को खण्ड (च) मा उल्लिखित सवारीलाई विशेष सवारी भनिनेछ।

११. **सार्वजनिक सवारी**: (१) सार्वजनिक यातायात सेवा सञ्चालन गर्न इजाजत प्रमाणपत्र प्राप्त सवारीलाई सार्वजनिक सवारी भनिनेछ।

(२) सार्वजनिक सवारीलाई यात्रीवाहक र मालवाहक गरी विभाजन गरिनेछ।

(३) यात्रीवाहक सार्वजनिक सवारीलाई दिवा तथा रात्री सेवामा विभाजन गरी देहायका श्रेणीमा छुट्याई यातायात सेवा सञ्चालन गर्ने इजाजतपत्र दिइनेछः-

(क) सिधै (डाइरेक्ट) सेवा,
(ख) द्रुत (एक्सप्रेस) सेवा
(ग) स्थानीय (लोकल) सेवा

(४) उपदफा (३) बमोजिम विभाजन गरिएका यात्रीवाहक सार्वजनिक सवारीको स्तर, गति तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) सार्वजनिक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (क) मा लेखिए बमोजिम नम्बर प्लेट राख्नु पर्नेछ।

१२. **पर्यटक सवारी**: (१) पर्यटकलाई यातायात सेवा प्रदान गर्न इजाजत

प्रमाणपत्र प्राप्त सार्वजनिक सवारीलाई पर्यटक सवारी भनिनेछ।

(२) पर्यटक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची -२ को खण्ड (ख) मा लेखिए बमोजिमको इम्वोस्ड नम्बर प्लेट राख्नु पर्नेछ।

१३. **गैर व्यवसायिक सवारीः** (१) निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त सवारीलाई गैर व्यवसायिक सवारी भनिनेछ।

(२) गैर व्यवसायिक सवारी व्यवसायिक रुपमा यातायात सेवाको लागि प्रयोग गर्न पाइने छैन।

(३) गैर व्यवसायिक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (ग) मा लेखिए बमोजिमको इम्वोस्ड नम्बर प्लेट राख्नु पर्नेछ।

(४) माथि उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त चार पाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारीले तोकिएको प्रकिया पूरा गरी आफ्नो मार्गमा तोकिएको भाडा लिई यात्री बीमा गरी यात्री ओसार पसार गर्न सक्नेछ।

(५) उपदफा (४) सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. **सरकारी सवारीः** (१) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको वा कुनै सरकारी कार्यालयको नाममा दर्ता रहेको सवारी साधनलाई सरकारी सवारी साधन भनिनेछ।

(२) सरकारी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची -२ को खण्ड (घ) मा तोकिए बमोजिमको इम्वोस्ड नम्बर प्लेट राख्नु पर्नेछ।

१५. **संस्थानको सवारीः** (१) नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएको संगठित संस्थाको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई संस्थानको सवारी भनिनेछ।

(२) संस्थानको सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची -२ को खण्ड (ङ) मा तोकिए बमोजिमको

इम्वोस्ड नम्बर प्लेट राख्नु पर्नेछ।

१६. **कूटनीतिक सुविधा प्राप्त सवारीः** (१) कूटनीतिक नियोग वा कूटनीतिक सुविधा प्राप्त कार्यालय, योजना, निकाय वा व्यक्तिको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई कूटनीतिक सुविधा प्राप्त सवारी भनिनेछ।

(२) कूटनीतिक सुविधा प्राप्त सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची -२ को खण्ड (च) मा लेखिए बमोजिमको इम्वोस्ड नम्बर प्लेट राख्नु पर्नेछ।

१७. **अन्य प्रयोजनको निम्ति प्रयोग गर्न नहुनेः** (१) कुनै एक प्रयोजनको लागि दर्ता भएको सवारी अर्को प्रयोजनको लागि प्रयोग गर्न हुँदैन।

(२) भन्सार महसुल छुट हुने गरी सुविधा प्रदान गरिएको सवारीलाई जुन प्रयोजनको निम्ति भन्सार महसुल छुट दिइएको हो त्यस्तो प्रयोजनको निम्ति बाहेक अन्य प्रयोजनको निम्ति त्यस्तो सुविधा प्राप्त सवारी प्रयोग गर्न हुँदैन।

परिच्छेद- ३

सवारी साधन दर्ता सम्बन्धी व्यवस्था

१८. **प्रवेश दर्ता गराउनु पर्नेः** (१) विदेशबाट सवारी आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीले त्यस्तो सवारी सोझै यस प्रदेशभित्र प्रवेश गर्ने स्थानमा रहेको प्रहरी कार्यालयमा त्यस्तो सवारीको प्रवेश दर्ता गर्नको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रवेश दर्ता गराउनको लागि निवेदन परेमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो सवारी साधन खरिद गरेको प्रमाण र सम्बन्धित कागजात छानबिन गरी त्यस्तो सवारीलाई पन्ध्र दिनको लागि प्रवेश दर्ता गरी त्यस्तो सवारी आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीलाई प्रवेश दर्ताको प्रमाण दिनु पर्नेछ र त्यस्तो सवारीको विवरण यथाशीघ्र सम्बन्धित यातायात व्यवस्था कार्यालयमा पठाउनु पर्नेछ।

१९. **सवारी दर्ता गराउनु पर्नेः** (१) कुनै पनि सवारी खरिद गर्ने वा विदेशबाट आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीले वा सवारी बिक्री वितरण गर्ने एजेण्टले

सवारी खरिद गरेको वा आयात गरी नेपालभित्र भन्सार तिरी ल्याएको मितिले पन्ध्र दिनभित्र यातायात व्यवस्था कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(२) विभिन्न विकास साझेदार तथा विदेशी लगानीमा सञ्चालित आयोजना सम्पन्न भए पश्चात् ती आयोजना नेपाल सरकार वा प्रदेश सरकारलाई हस्तान्तरण हुँदाका बखत प्राप्त भएका वाहन वा दर्ता छुट भएका सरकारी पूराना सवारी साधन सम्बन्धित मन्त्रालयबाट निर्णय भई आएमा मन्त्रालयले तोकेको मापदण्ड बमोजिम दर्ता गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दर्ता नगरी कुनै पनि सवारी चलाउन वा चलाउन दिन हुँदैन।

(४) सुरू दर्ता भएको मितिले विद्युतीय सवारी साधनको हकमा तीस वर्ष र अन्य सवारी साधनको हकमा बीस वर्ष नाघेका सार्वजनिक सवारीलाई मन्त्रालयले तोके बमोजिम पत्रु गर्नु पर्नेछ तर सार्वजनिक बाहेकका अन्य सवारीको हकमा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(५) प्राविधिक दृष्टिबाट उपयुक्त देखिएमा उपदफा (४) बमोजिम पत्रु गरिने सार्वजनिक सवारीलाई विद्युतीय मैत्री सवारीमा रुपान्तरण गर्न सकिनेछ।

(६) उपदफा (५) सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **सवारी दर्ता गराउन निवेदन दिनु पर्नेः** (१) दफा १९ बमोजिम कुनै सवारी दर्ता गराउनु परेमा त्यस्तो सवारी नेपालभित्र उत्पादन, एसेम्बल खरिद गरेको भए खरिद गर्ने व्यक्ति, सहकारी फर्म वा कम्पनी वा एजेण्टले सो खरिद गरेको प्रमाण र त्यस्तो सवारी विदेशबाट आयात गरेको भए आयात गर्ने व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले सवारीको भन्सार महसुल तिरेको प्रमाण तथा अन्य सम्बन्धित कागजात सहित तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

तर कूटनीतिक सुविधा प्राप्त सवारी दर्ता गर्दा दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र हालसालै खिचिएको आफ्नो तीन प्रति

पासपोर्ट साइजको फोटो समेत निवेदन साथ संलग्न गर्नु पर्नेछ।

(३) सरकारी सवारीको हकमा त्यस्तो सवारी जुन सरकारी कार्यालयको नाममा दर्ता हुने हो सो कार्यालयको पत्र र कूटनीतिक सुविधा प्राप्त सवारीको हकमा नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसपत्र समेत संलग्न गर्नु पर्नेछ र कूटनीतिक सुविधा प्राप्त सवारी कुनै व्यक्तिको नाममा दर्ता गर्नु पर्ने भएमा निजले आफ्नो पासपोर्ट वा नागरिकताको प्रतिलिपि एवं तीन प्रति पासपोर्ट साइजको फोटो संलग्न गर्नु पर्नेछ।

(४) नेपालभित्र कुनै काम तथा व्यवसाय गरी बसेको विदेशी नागरिकले आफ्नो निजी प्रयोगको लागि कुनै सवारी दर्ता गराउन चाहेमा उपदफा (१) र (२) मा उल्लिखित कुराका अतिरिक्त देहायका कागजात पेश गर्नु पर्नेछः-

(क) भिषा आवश्यक पर्नेमा भिषा सहितको राहदानीको प्रतिलिपि,

(ख) नेपालको प्रवेशाज्ञा (भिषा) आवश्यक पर्ने मुलुकको नागरिक भए नेपालको प्रवेशाज्ञा,

(ग) आफू बसोबास गरिरहेको क्षेत्रको ठेगाना खुल्ने प्रमाण,

(घ) सम्बन्धित कूटनीतिक नियोगको सिफारिसपत्र।

(५) नाबालकको नाममा कुनै सवारी नामसारी गराउनु परेमा निजको तर्फबाट निजको संरक्षकले नाबालक तथा आफ्नो समेत तीन तीन प्रति पासपोर्ट साइजको फोटो एवं नागरिकताको प्रमाणित प्रतिलिपि समेत संलग्न राखी निवेदन दिनु पर्नेछ।

२१. **सवारी दर्ताको प्रमाणपत्रः** (१) दफा २० बमोजिम कुनै सवारी दर्ता गराउनको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी निवेदकको नाममा त्यस्तो सवारी दर्ता गरी अनुसूची -३ बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

तर सरकारी कार्यालय वा निकाय, सामाजिक, धार्मिक, परोपकारी तथा शैक्षिक उद्देश्यले स्थापना भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्था

वा प्रचलित कानून बमोजिम स्थापित संगठित संस्थाको नाउँमा बाहेक चौधभन्दा बढी सिट सङ्ख्या भएका र कृषि कार्यको लागि प्रयोग हुने ट्र्याक्टर बाहेक चार टन वा सोभन्दा बढी कुल वजन भएका सवारीलाई निजी सवारीको रुपमा दर्ता गरिने छैन।

(२) नाबालकको नाममा सवारी दर्ता गर्दा संरक्षक समेतको नाम दर्ता प्रमाणपत्रमा उल्लेख गर्नु पर्नेछ।

(३) दर्ताको प्रमाणपत्रमा सवारी खरिद गर्दा सवारीको निर्माण कम्पनीले दिएको सवारीको प्राविधिक विवरणमा लेखिएको सवारीको कुल भारवहन क्षमतालाई सो सवारीको वजन मानी उल्लेख गर्नु पर्नेछ र त्यसरी सवारीको वजन उल्लेख गर्दा त्यस्तो सवारीको भाररहित वजन र भारवहन क्षमता समेत छुट्टाछुट्टै रूपमा स्पष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ।

२२. **सडकमा चल्न सक्ने सक्षमताको प्रमाणपत्र दिनु पर्नेः** (१) दफा २१ बमोजिम कुनै सवारी दर्ता गर्नुभन्दा अगावै त्यस्तो सवारी चलाउन सकिने अवस्था भए नभएको सम्बन्धमा दफा २८ बमोजिमको मापदण्डका आधारमा छानबिन गरी चलाउन सकिने ठिक स्थितिमा रहेछ भने मात्र त्यस्तो सवारी दर्ता गरी दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको प्रमाणपत्र सवारीमा टाँस्नु पर्नेछ।

२३. **संयुक्त दर्ताः** कुनै सवारी संयुक्त रूपमा दर्ता गर्न दुई वा दुईभन्दा बढी व्यक्तिले अधिकार प्राप्त अधिकारी समक्ष दफा २० बमोजिम निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी त्यस्तो सवारीलाई संयुक्त रूपमा दर्ता गरी दफा २१ बमोजिम दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

२४. **अस्थायी दर्ताः** देहायको अवस्थामा कुनै सवारीलाई अस्थायी रूपमा दर्ता गर्न सकिनेछ :-

(क) सवारी आयात गर्ने व्यक्ति सवारी दर्ता गराउनु पर्ने म्यादभित्र दर्ता गराउन उपस्थित हुन नसक्ने मनासिब माफिकको कारण भएमा,

(ख) आयात गरिएको सवारीको इन्जिन, चेसिस वा अन्य

कुनै पार्टपूर्जाको खराबीको कारणले गर्दा तुरून्त दर्ता गराउन सवारी ल्याउन नसकिने भएमा,

(ग) खण्ड (ख) मा लेखिएको अवस्थामा परी सो सवारी निर्माण गर्ने कम्पनी वा बिक्री गर्ने एजेन्ट वा बीमा कम्पनीसँग क्षतिपूर्ति बीमा सम्बन्धी विवाद परी तुरून्त दर्ता गर्न नसकिने भएमा,

(घ) नेपाल सरकार वा प्रदेश सरकारसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादनको लागि कुनै विदेशी नागरिक, कम्पनी वा संस्थाको नाममा आयात भई त्यस्तो सम्झौतामा उल्लिखित अवधिभर नेपालभित्र सञ्चालन गर्न सम्बन्धित निकायबाट अस्थायी दर्ताको लागि सिफारिस भएको सवारी साधन भएमा,

(ङ) विश्वविद्यालय, उत्पादन उद्योग वा अनुसन्धानकर्ताले परीक्षणको लागि स्वदेशमा उत्पादन गरेको सवारी साधन भएमा,

(च) मन्त्रालयले अस्थायी दर्ता गर्न उपयुक्त ठानेमा।

२५. **अस्थायी दर्ताको लागि दरखास्तः** (१) दफा २४ मा लेखिएको कुनै अवस्था परी कुनै सवारी आयात गर्ने व्यक्ति वा निजको अनुपस्थितिमा निजको नजिकको हकवालाले सो सवारी आयात गर्ने व्यक्तिको नाममा अस्थायी रूपमा दर्ता गर्न सो सवारीको भन्सार महसुल तिरेको प्रमाण तथा सम्बन्धित अन्य कागजातसहित तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा निवेदकले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, नजिकको हकवाला प्रमाणित गर्ने कागजात र अस्थायी दर्ता गरिने व्यक्तिको हालसालै खिचिएको तीन प्रति फोटो समेत संलग्न गर्नु पर्नेछ।

२६. **अस्थायी दर्ताको प्रमाणपत्रः** (१) दफा २५ बमोजिम कुनै सवारी अस्थायी दर्ता गराउनको लागि कसैको निवेदन परेमा अधिकार प्राप्त अधिकारीले सो

सवारी दफा २४ बमोजिम अस्थायी दर्ता गर्न सकिने अवस्था भए नभएको भन्ने कुराको छानबिन गरी त्यस्तो सवारी अस्थायी रूपमा दर्ता गरी अनुसूची -४ बमोजिमको ढाँचामा अस्थायी दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) अस्थायी दर्ताको प्रमाणपत्रमा सो सवारीमा राख्नु पर्ने नम्बर प्लेटमा अस्थायी समेत लेख्नु पर्ने कुरा जनाउनु पर्नेछ।

(३) अस्थायी दर्ताको प्रमाणपत्र बढीमा छ महिनासम्म बहाल रहने गरी दिन सकिनेछ।

तर स्वदेशी उद्योग, विश्वविद्यालय वा अनुसन्धानकर्ताले उत्पादन गरेको सवारीको हकमा १ वर्ष बहाल रहने गरी दिन सकिने छ।

२७. **सवारी ल्याउनु पर्नेः** दफा १८, २० वा २५ बमोजिम कुनै सवारी दर्ता गर्न दफा ४१ बमोजिम सवारी नामसारी गर्न र दफा ४३ बमोजिम सवारीको कुनै कुरा हेरफेर गर्नको लागि निवेदन दिँदा त्यस्तो निवेदन दिने व्यक्ति, फर्म वा कम्पनीले त्यसरी दर्ता, नामसारी वा कुनै कुरा हेरफेर गराउन चाहेको सवारी समेत साथै ल्याउनु पर्नेछ।

२८. **मापदण्ड तोक्न सक्नेः** (१) मन्त्रालयले देहायका आधारमा सवारी सञ्चालन गर्न सकिने वा नसकिने अवस्थाको मापदण्ड निर्धारण गर्नेछः-

(क) सवारीको यान्त्रिक अवस्था,

(ख) सवारीको लम्बाई, चौडाई, उचाई, बनौट वा स्वरूप,

(ग) सवारीबाट हुन सक्ने प्रदूषण,

(घ) सवारी चलाउन सकिने अवधि।

(२) सवारीको सक्षमताको प्रमाणपत्र दिँदा वा जाँचपास गर्दा अधिकार प्राप्त अधिकारीले उपदफा (१) बमोजिमको मापदण्ड बमोजिम छानबिन गर्नु पर्नेछ।

२९. **सवारी दर्ता गर्न इन्कार गर्न सकिनेः** (१) कुनै सवारी दर्ता गर्नका लागि निवेदन परी सो सवारी दर्ता गर्ने सम्बन्धमा अधिकार प्राप्त अधिकारीले सो सवारीलाई दफा २८ मा तोकिएको मापदण्ड बमोजिम छानबिन गर्दा त्यस्तो सवारी चलाउन नसकिने भएमा दर्ता गर्न इन्कार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै सवारी दर्ता गर्न इन्कार गरिएमा

अधिकार प्राप्त अधिकारीले सोको कारण खुलाई निवेदकलाई सूचना दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण प्रदूषण, सवारीको चाप, सडकको स्थिति, सवारी आवागमनमा पर्ने कठिनाइ वा यस्तै अन्य कारणले गर्दा सार्वजनिक हितको लागि कुनै किसिमको सवारी साधनको दफा १९ बमोजिम गरिने दर्ता रोक्का गर्न मनासिब देखेमा मन्त्रालयले कुनै वा सबै यातायात व्यवस्था कार्यालयलाई त्यस्तो सवारीको दर्ता रोक्का गर्न आदेश दिन सक्नेछ।

३०. **दर्ताको मान्यता**: यस ऐन बमोजिम कुनै एक प्रदेशमा दर्ता भएको सवारी अर्को प्रदेशमा पनि चलाउन सकिने गरी दर्ताको मान्यता दिनु पर्नेछ।

३१. **सरूवा दर्ता**: अन्यत्र प्रदेशमा दर्ता भएका सवारी साधन सरुवा भई गण्डकी प्रदेशमा दर्ता गर्न चाहेमा तोकिए बमोजिमको शुल्क लिई दर्ता गर्न सकिनेछ।

३२. **सवारीको अभिलेख राख्नु पर्ने**: (१) अधिकार प्राप्त अधिकारीले यस ऐन बमोजिम दर्ता भएको प्रत्येक सवारीधनीको नाम, ठेगाना, सवारी दर्ता भएको मिति, दर्ता नम्बर, सवारी निर्माताको नाम, मोडेल, वर्ष, इन्जिन नम्बर, चेसिस नम्बर, सवारीको किसिम र वजन लगायतका कुरा स्पष्ट रूपमा खुल्ने गरी अभिलेख अद्यावधिक गर्नु पर्नेछ र त्यस्तो अभिलेखमा सम्बन्धित सवारी धनीको फोटो समेत टाँस्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अभिलेख विद्युतीय माध्यममा समेत राख्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम लगत प्रदेशको कम्प्युटर प्रणाली केन्द्रीय डाटाबेसमा सुरक्षित राखिनेछ।

(४) उपदफा (१) बमोजिम अद्यावधिक गरिएको लगत सम्बन्धित कार्यालयले प्रदेश तथ्याङ्क डाटाबेसमा पठाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम मन्त्रालय मातहतका कार्यालयले दुर्घटना न्यूनीकरणका लागि आवश्यक कार्य योजना बनाई भिन्नै डाटाबेस तयार गर्नु पर्नेछ।

३३. **अनुमति नलिई विदेशी सवारी चलाउन नहुने**: विदेशमा दर्ता भएको सवारी

प्रचलित कानून बमोजिम अनुमति नलिई नेपालभित्र चलाउन हुँदैन ।

३४. **विदेशी सवारी चलाउन अनुमति दिने**: (१) यातायात सेवा सञ्चालन गर्ने उद्देश्यले बाहेक विदेशमा दर्ता भएको सवारी नेपालभित्र चलाउन भन्सार तिरेको प्रमाण सहित अनुमति मागेमा अधिकार प्राप्त अधिकारीले तोकिएको दस्तुर लिई एक सवारीलाई एक आर्थिक वर्षमा तीस दिनमा नबढ्ने गरी सवारी चलाउने अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकार र विदेशी सरकारबिच एक अर्को देशमा यातायात सञ्चालन गर्ने गरी सम्झौता भएकोमा पारस्परिकताको आधारमा विदेशी सवारी नेपालभित्र चलाउन बाधा पर्ने छैन ।

३५. **दर्ताको प्रमाणपत्र नवीकरण**: (१) दफा २१ को उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्रमा लेखिएको म्याद नाघेको तीन महिनाभित्र दर्ताको प्रमाणपत्र नवीकरण गराई सक्नु पर्नेछ ।

(२) सवारी धनी वा निजले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र नवीकरण गराउनको लागि तोकिएको दस्तुर संलग्न राखी दर्ताको प्रमाणपत्र अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

तर सरकारी कार्यालय वा निकायको नाममा दर्ता भएका र कूटनीतिक सुविधा प्राप्त सवारीको दर्ताको प्रमाणपत्र नवीकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि दर्ताको प्रमाणपत्र पेश हुन आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो दर्ताको प्रमाणपत्र अर्को एक वर्षको लागि नवीकरण गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी दर्ताको प्रमाणपत्र नवीकरण गराउन आउने सवारी धनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक आर्थिक वर्षसम्म एक सय प्रतिशत, दुई आर्थिक वर्षसम्म दुई सय प्रतिशत, तीन आर्थिक वर्षसम्म तीन सय प्रतिशत, चार आर्थिक वर्षसम्म चार सय प्रतिशत र पाँच आर्थिक वर्षसम्म पाँच सय प्रतिशत दस्तुर समेत लिई त्यस्तो दर्ताको प्रमाणपत्र नवीकरण गर्नु पर्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम नवीकरण गर्दा दर्ता प्रमाणपत्रमा सवारी साधनको कर बुझाएको विवरण अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

३६. **अधिकार प्राप्त अधिकारीले सूचना गर्न सक्ने** : दफा ३५ को उपदफा (१) बमोजिमको म्यादभित्र दर्ताको प्रमाणपत्र नवीकरण गर्न नल्याएमा कूटनीतिक सुविधा प्राप्त सवारीको सम्बन्धमा अधिकार प्राप्त अधिकारीले परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित कूटनीतिक नियोग, कार्यालय वा व्यक्तिलाई त्यस्तो सवारीको दर्ताको प्रमाणपत्र नवीकरण गर्न सूचना गर्न सक्नेछ।

३७. **नवीकरण सम्बन्धी विशेष व्यवस्थाः** दफा ३५ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी सवारी, संस्थानको सवारी, कूटनीतिक सुविधा प्राप्त सवारी र निजी सवारीको धनीले आफ्नो सवारीको दर्ताको प्रमाणपत्र पाँच वर्षसम्मको एकै पटक नवीकरण गराउन चाहेमा पाँच वर्षसम्मको लागि लाग्ने नवीकरण दस्तुर संलग्न राखी दर्ताको प्रमाणपत्र पेश गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो दर्ताको प्रमाणपत्र पाँच वर्षसम्मको लागि एकै पटक नवीकरण गर्न सक्नेछ।

३८. **दर्ताको प्रमाणपत्र स्वतः रद्द हुनेः** (१) दफा ३५ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगराएमा स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको सवारीको अभिलेख दर्ता किताबबाट हटाइनेछ।

३९. **पुनः दर्ता हुन सक्नेः** दफा ३५ बमोजिम लिन बाँकी नवीकरण दस्तुर तथा थप दस्तुरको अतिरिक्त जति वर्षपछि दर्ताको लागि ल्याएको हो त्यति वर्षको लागि दफा ३५ को उपदफा (४) बमोजिमको थप दस्तुरको दोब्बर जरिबाना समेत लिई त्यस्तो सवारी दफा २१ बमोजिम दर्ता गरी सवारी धनीलाई नयाँ प्रमाणपत्र दिनु पर्नेछ।

४०. **सवारी धनीको ठेगाना बदलिएमा सूचना गर्नु पर्नेः** (१) यस ऐन बमोजिम दर्ता भएको कुनै सवारीधनीको स्थायी ठेगाना बदलिएमा एक महिनाभित्र दर्ताको प्रमाणपत्र समेत संलग्न राखी सो कुराको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले दर्ताको प्रमाणपत्रमा नयाँ ठेगाना जनाई अभिलेख राख्नु पर्नेछ।

४१. **सवारीको नामसारीः** (१) यस ऐन बमोजिम दर्ता भएको सवारीको धनीले आफ्नो सवारी अरू कसैलाई दान बकस दिई वा बिक्री गरी वा अन्य कुनै किसिमले स्वामित्व हस्तान्तरण गरेमा पैंतिस दिनभित्र सो सवारीको नामसारीको लागि दर्ताको प्रमाणपत्र र सवारी साधन कर तिरेको प्रमाण समेत संलग्न राखी तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) सवारी धनीको मृत्यु भई जसको नाममा स्वामित्व हस्तान्तरण हुनुपर्ने हो सो हकवालाले सवारी धनीको मृत्यु भएको मितिले नव्वे दिनभित्र सवारी धनीको मृत्यु दर्ता प्रमाणपत्र, सवारी दर्ताको प्रमाणपत्र र सवारी साधन कर तिरेको प्रमाण, स्थानीय तहको सिफारिस तथा आफू सबैभन्दा नजिकको हकवाला हो भन्ने कुराको प्रमाण समेत संलग्न राखी सो सवारी आफ्नो नाममा नामसारी गराउन तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम नामसारीको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी तोकिएको दस्तुर लिई दर्ताको प्रमाणपत्रमा नामसारीको व्यहोरा जनाई नामसारी गर्नु पर्नेछ।

तर उपदफा (२) बमोजिम नामसारीको लागि एक भन्दा बढी बराबरीका हकवालाको निवेदन परेमा ती सबै हकवालाको नाममा त्यस्तो सवारी संयुक्त रूपमा दर्ता गरी नामसारी गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम कुनै सवारीको नामसारी भएमा सो बमोजिम स्वामित्व हस्तान्तरण भई नामसारी भएको व्यहोराको अभिलेख राख्नु पर्नेछ।

(५) कुनै सवारी धनीले सवारीको नामसारीको लागि यस दफा बमोजिम अधिकार प्राप्त अधिकारी समक्ष उपस्थित हुन नसक्ने मनासिब कारण देखाइ अड्डाबाट डोर खटाई सवारी नामसारीको व्यवस्था गरिदिन

निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले तोकिए बमोजिमको थप दस्तुर लिई डोर खटाई छानबिन गरी उपदफा (३) बमोजिम नामसारी गरिदिन सक्नेछ।

(६) यस दफा बमोजिम कुनै सवारीको नामसारी गर्ने सन्दर्भमा अधिकार प्राप्त अधिकारीले छानबिन गर्दा सो सवारीमा हक बेहक सम्बन्धी कुनै मुद्दा परेको देखिएमा त्यस्तो मुद्दाको अन्तिम किनारा नभएसम्म त्यस्तो सवारी कसैको नाममा नामसारी गर्नु हुँदैन।

४२. **दर्ता परिवर्तन गर्न नहुने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मालवाहक सवारीको रूपमा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई यात्रीवाहक सवारीमा दर्ता परिवर्तन गर्ने गरी दर्ताको प्रमाणपत्र दिइने छैन।

४३. **स्वीकृति नलिई हेरफेर गर्न नहुने**: (१) सवारी धनीले अधिकार प्राप्त अधिकारीको स्वीकृति नलिई सवारीको रङ्ग, सिट सङ्ख्या, स्वरूप, इन्जिन वा चेसिसमा परिवर्तन हुने गरी हेरफेर गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिम हेरफेर गर्नु पर्दा स्वीकृति मागेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गर्दा हेरफेर गर्न उपयुक्त हुने देखेमा हेरफेर गर्ने स्वीकृति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम हेरफेरको लागि स्वीकृति दिँदा सवारी दर्ता गर्दा लाग्ने दस्तुरको पचास प्रतिशत दस्तुर लाग्नेछ।

(४) प्रदूषण कम गर्ने उद्देश्य राखी सञ्चालन माध्यममा परिवर्तन गरी प्रदेश सरकारले तोके बमोजिमको वातावरणमैत्री सवारी साधनमा रुपान्तरणको लागि माग गरेमा त्यस्ता सवारी धनी, उद्योग, कम्पनी, सहकारीलाई वातावरणमैत्री सवारी साधनमा रुपान्तरणको स्वीकृति दिनु पर्नेछ।

४४. **दर्ताको प्रमाणपत्र स्थगित गर्न सक्ने**: (१) अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा कुनै सवारीको दर्ताको प्रमाणपत्र देहाय बमोजिमको अवधिसम्मको लागि स्थगित गर्ने गरी आदेश दिन सक्नेछः-

(क) सवारीको अवस्था खराब भई सो चलाउँदा

सर्वसाधारणको जीउ वा सम्पत्तिमा हानी नोक्सानी हुने देखिएमा सो सवारी पूर्ण रुपमा मर्मत नगरेसम्मको अवधिको लागि,

(ख) सवारी धनीले यस ऐन बमोजिम पूरा गर्नु पर्ने कुनै शर्त पूरा नगरी वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको परिधिभित्र रही अधिकार प्राप्त अधिकारीले दिएको आदेशको उल्लङ्घन गरी सवारी चलाएमा बढीमा छ महिनासम्मको लागि,

(ग) सवारी धनीले कारण खुलाई प्रहरी प्रतिवेदन समेत संलग्न गरी सवारी दर्ता स्थगनको लागि अधिकारप्राप्त अधिकारी समक्ष निवेदन दिएमा र त्यस्तो कारण मनासिब देखिएमा एक पटकमा एक वर्षको अवधिसम्मको लागि ।

तर यस्तो अवधिको हकमा छुटको सुविधा दिइने छैन ।

(२) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गर्ने गरी सवारी धनीलाई आदेश दिँदा अधिकार प्राप्त अधिकारीले सोको कारण समेत खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गरेमा अधिकार प्राप्त अधिकारीले त्यसको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गरेमा अधिकार प्राप्त अधिकारीले आदेश दिएको मितिले सात दिनभित्र सवारी धनीले दर्ताको प्रमाणपत्र अधिकार प्राप्त अधिकारी समक्ष बुझाउनु पर्नेछ ।

(५) अधिकार प्राप्त अधिकारीले दर्ताको प्रमाणपत्रको स्थगन अवधि समाप्त भएपछि उपदफा (४) बमोजिम सवारी धनीले बुझाएको दर्ताको प्रमाणपत्र निजलाई नै फिर्ता गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम दर्ताको प्रमाणपत्र सवारी धनीलाई

फिर्ता दिँदा अधिकार प्राप्त अधिकारीले सो दर्ताको प्रमाणपत्रमा स्थगित भएको अवधि र कारण समेत जनाई सो कुराको अभिलेख राख्नु पर्नेछ।

४५. **<u>दर्ताको प्रमाणपत्र खारेज गर्ने</u>:** (१) अधिकार प्राप्त अधिकारीले देहायको कुनै अवस्थामा यस ऐन बमोजिम दर्ता भएको सवारीको दर्ता खारेजी वा अभिलेख कट्टा गर्न सक्नेछ :-

(क) कुनै सवारी कुनै किसिमले नासिएमा, चल्न नसक्ने गरी बिग्रिएमा वा सधैंको लागि नेपाल बाहिर लगिएमा सवारी धनीले तीस दिनभित्र दर्ताको प्रमाणपत्र संलग्न राखी त्यस्तो सवारीको अभिलेख कट्टा गर्न अधिकार प्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिएमा,

तर पुरातात्त्विक तथा ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण सवारी वा त्यस्तो सवारीको कुनै पार्टपूर्जा नेपाल बाहिर लैजान परेमा सवारी धनीले अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति लिनु पर्छ।

(ख) उजुरी वा कुनै जानकारीको आधारमा छानबिन गर्दा कुनै सवारी अनियमित तवरले वा गलत वा झुट्टा कागजात वा विवरणको आधारमा दर्ता गरिएको पाइएमा।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा वा उजुरी वा जानकारी प्राप्त भएमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी व्यहोरा साँचो देखेमा त्यस्तो दर्ताको प्रमाणपत्र खारेज गरी सोको व्यहोरा अभिलेखमा जनाई त्यस्तो सवारीको अभिलेख कट्टा गर्नु पर्नेछ।

४६. **<u>नवीकरण दस्तुर मिनाहा दिने</u>:** यस ऐन बमोजिम दर्ता भएको कुनै सवारी कुनै कारणबाट जफत भई वा दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्रिइ एक वर्षभन्दा बढी अवधिसम्मका लागि चल्न वा चलाउन नसकिने भएमा सवारी धनीले सो व्यहोरा खुलाई दर्ताको प्रमाणपत्रको साथ सो कुराको प्रमाण पेश गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको दर्ताको

प्रमाणपत्र खिची सो सवारी चलाउन नसकिने अवधिसम्मको लागि सो सवारीको धनीले तिर्नु पर्ने नवीकरण दस्तुर मिनाहा दिनु पर्नेछ ।

४७. **दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिने**: (१) दर्ताको प्रमाणपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले पन्ध्र दिनभित्र सवारी धनीले सिफारिस सहित अधिकार प्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक छानबिन गर्दा व्यहोरा ठिक देखेमा अधिकार प्राप्त अधिकारीले सवारी धनीलाई त्यस्तो दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

४८. **विवरण पेश गर्नु पर्ने**: (१) विदेशबाट सवारी आयात गर्ने फर्म, कम्पनी वा एजेण्टले आफूले आयात गरेको प्रत्येक सवारीको मोडेल, इन्जिन नम्बर, चेसिस नम्बर तथा त्यस्तो सवारीको किसिम , निर्माताको नाम र आयात मूल्य समेत उल्लेख गरी त्यस्तो सवारीमध्ये कुन सवारी कसलाई कहिले बिक्री गरेको र आफूले आयात गरी बाँकी रहेको सवारीमध्ये कति सवारी मौज्दात रहेको छ भन्ने समेत खुलाई चौमासिक रुपमा अधिकार प्राप्त अधिकारी समक्ष विवरण पेश गर्नु पर्नेछ ।

(२) अधिकार प्राप्त अधिकारीले विदेशबाट सवारी आयात गरी बिक्री वितरण गर्ने फर्म, कम्पनी वा एजेन्टबाट उपदफा (१) मा लेखिएको विवरणको अतिरिक्त सवारी आयात तथा बिक्री वितरण सम्बन्धी अन्य कुनै आवश्यक विवरण तथा कागजात माग्न सक्नेछ । त्यसरी मागिएको विवरण तथा कागजात तुरून्त उपलब्ध गराउने कर्तव्य त्यस्तो फर्म, कम्पनी वा एजेन्टको हुनेछ ।

परिच्छेद- ४

चालक अनुमतिपत्र सम्बन्धी व्यवस्था

४९. **सवारी चलाउन नहुने**: कुनै पनि व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सवारी चलाउन हुँदैन ।

५०. **सवारी चलाउन दिन नहुनेः** कसैले आफ्नो स्वामित्व वा जिम्मामा रहेको कुनै सवारी साधन सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिलाई चलाउन दिन हुँदैन ।

५१. **चालकको योग्यता :** (१) देहायका व्यक्ति देहाय बमोजिम चालक अनुमतिपत्र प्राप्त गर्न योग्य मानिने छ :-

(क) ठूला सवारीको हकमा एक्काइस वर्ष उमेर पूरा गरेको व्यक्ति,

(ख) मझौला सवारीको हकमा अठार वर्ष उमेर पूरा गरेको व्यक्ति,

(ग) मोटरसाईकल, स्कुटर लगायत सानो दुई पाङ्ग्रे सवारीको हकमा सोह्र वर्ष उमेर पुगेको व्यक्तिले चालक अनुमतिपत्र प्राप्त गर्न सक्नेछ ।

(२) देहायका व्यक्ति चालक अनुमतिपत्र प्राप्त गर्न योग्य मानिने छैनन् :-

(क) छारे रोग भएको वा मानसिक असन्तुलन भएको कारणले सवारी साधन चलाउन असमर्थ भएको,

(ख) आँखाको देख्ने शक्ति कमजोर भई चश्मा प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठिक नभएको,

(ग) साधारण ध्वनि सङ्केत, आवाज सुन्न नसक्ने,

(घ) रातो, हरियो, पहेंलो इत्यादि रङहरू तुरून्त छुट्याउन नसक्ने दृष्टिदोष भएको,

(ङ) रतन्धो भएको व्यक्ति,

तर फरक क्षमता भएका व्यक्तिका निमित्त खास किसिमले बनेको सवारीको निमित्त यो खण्डको बन्देज लागु हुने छैन ।

(च) आधारभूत तह उत्तीर्ण नभएको व्यक्ति,

(छ) दफा ६५ बमोजिम चालक अनुमतिपत्र रद्द भएकोमा त्यस्तो रद्द भएको मितिले पाँच वर्ष अवधि पूरा नभएको व्यक्ति ।

५२. **चालक अनुमतिपत्रको लागि निवेदनः** (१) दफा ५१ बमोजिमको योग्यता भएको व्यक्तिले तोकिए बमोजिमको परीक्षण चालक अनुमतिपत्रका लागि तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनसाथ निवेदकले चालक अनुमतिपत्रको लागि तोकिएको दस्तुर, नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, हालसालै खिचिएको आफ्नो तीन प्रति पासपोर्ट साइजको फोटो वा बायोमेट्रिक प्रणालीबाट लिइएको फोटो, प्रचलित कानूनद्वारा मान्यता प्राप्त चिकित्सकले निजको स्वास्थ्य परीक्षण गरी दिएको निरोगिताको प्रमाण समेत संलग्न गर्नु पर्नेछ।

(३) कुनै सवारी साधन चलाउन अनुमतिपत्र प्राप्त गरिसकेका चालकलाई अर्को सवारी साधनको लागि थप अनुमतिपत्र दिँदा लिखित परीक्षा लिइने छैन।

५३. **निवेदकको परीक्षणः** (१) दफा ५२ बमोजिम निवेदन परेपछि निवेदक सवारी चलाउन समर्थ भए नभएको र निजलाई त्यस्तो सवारी वा सवारी सम्बन्धी ऐन, नियम तथा ट्राफिक सङ्केत सम्बन्धी सामान्य ज्ञान भए नभएको कुराको यकिन गर्न परीक्षा लिनु पर्नेछ र त्यसरी लिइने परीक्षाको विषय र परीक्षा प्रणाली मन्त्रालयले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम लिइएको परीक्षामा असफल हुने निवेदकले सो परीक्षा सम्पन्न भएको मितिले नब्बे दिनपछि मात्र दफा ५२ बमोजिम पुनः निवेदन दिन सक्नेछ।

५४. **चालक अनुमतिपत्र दिनेः** (१) दफा ५३ बमोजिम परीक्षा लिई सफल भएका निवेदकलाई सो समितिको सिफारिसमा अधिकार प्राप्त अधिकारीले अनुसूची - ५ बमोजिमको ढाँचामा तीन महिनाभित्र चालक अनुमतिपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र दिँदा सो अनुमतिपत्रमा कुन सवारीको लागि अनुमतिपत्र दिएको हो सो कुरा स्पष्ट रूपमा जनाउनु पर्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सवारी चलाउने चालकलाई दिइने चालक अनुमतिपत्र सम्बन्धी

व्यवस्था तोकिए बमोजिम हुनेछ।

५५. **परीक्षणकालमा रहने**: (१) दफा ५४ बमोजिम दिइने चालक अनुमतिपत्र एक वर्षको परीक्षणकाल रहने गरी दिइनेछ।

(२) परीक्षण चालक अनुमतिपत्र लिएका चालकले परीक्षणकालको अवधिमा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावली बमोजिम पालना गर्नु पर्ने शर्तको उल्लङ्घन नगरी आठभन्दा बढी डिमेरिट अङ्क प्राप्त नगरेमा त्यस्तो चालकलाई अधिकार प्राप्त अधिकारीले निजको सम्बन्धित वर्गको चालक अनुमतिपत्र स्वतः स्थायीमा परिणत गर्नेछ।

(३) परीक्षण चालक अनुमतिपत्र लिएका चालकले परीक्षणकालको अवधिमा आठभन्दा बढी डिमेरिट अङ्क प्राप्त गर्ने गरी यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम बमोजिम पालना गर्नु पर्ने शर्तको उल्लङ्घन गरेमा निजको चालक अनुमतिपत्र छ महिनाको लागि निलम्बनमा रहनेछ।

५६. **विदेशी राष्ट्रबाट प्राप्त चालक अनुमतिपत्रको मान्यता**: कसैले विदेशी राष्ट्रबाट चालक अनुमतिपत्र प्राप्त गरेको रहेछ भने सो अनुमतिपत्रमा लेखिएको सवारी चलाउन त्यस्तो व्यक्तिले दफा ५२ बमोजिम निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो व्यक्तिबाट चालक अनुमतिपत्रको लागि लाग्ने दस्तुर लिई चालक अनुमतिपत्र दिन सक्नेछ।

तर त्यस्तो चालक अनुमतिपत्रको लागि प्रयोगात्मक परीक्षा लिनु पर्नेछ। आफ्नो राष्ट्रबाट सवारी चालक प्रमाणपत्र प्राप्त गरेका विदेशी कुटनैतिक नियोगमा काम गर्ने कर्मचारीको हकमा परराष्ट्र मन्त्रालयबाट सिफारिस भई आएमा कुनै परीक्षा नलिई सवारी चालक अनुमति पत्र दिइनेछ।

५७. **अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र स्वतः मान्य हुने**: अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले सो अनुमतिपत्रमा लेखिएको सवारी नेपालभर चलाउन सक्नेछ।

५८. **चालक अनुमतिपत्रको वैधता**: (१) दफा ५४ बमोजिम चालक अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले सो अनुमतिपत्रमा उल्लिखित सवारी मात्र चलाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अधीनमा रही चालकले त्यस्तो सवारी चलाउन सक्नेछ।

(३) चालक अनुमतिपत्र दिइएको मितिले पाँच वर्षसम्म बहाल रहनेछ।

५९. **चालक अनुमति पत्रमा समावेश गर्नेः** (१) कुनै चालकले आफूले पाएको चालक अनुमतिपत्रमा उल्लेखित सवारीका अतिरिक्त अन्य कुनै सवारी समावेश गराउन चाहेमा समावेश गराउन चाहेको सवारीको किसिम खुलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न गरी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा परीक्षा समितिले चालक अनुमतिपत्रमा समावेश गराउन चाहेको सवारी चालकले चलाउन सक्छ सक्तैन भन्ने कुराको यकिन गर्न दफा ५३ बमोजिम निजको परीक्षा लिनु पर्नेछ।

तर एक पटक लिखित परीक्षा उत्तीर्ण भएकाको हकमा पुनः लिखित परीक्षा लिइरहनु पर्ने छैन।

(३) उपदफा (२) बमोजिम परीक्षा लिँदा सफल भएको चालकको अनुमतिपत्रमा निजले समावेश गराउन चाहेको सवारी समावेश गरी अधिकार प्राप्त अधिकारीले नयाँ चालक अनुमतिपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम चालक अनुमतिपत्र दिँदा दफा ५५ बमोजिम परीक्षणकालमा रहने गरी दिइनेछ।

६०. **चालक अनुमतिपत्रको नवीकरणः** (१) दफा ५८ को उपदफा (३) बमोजिम चालक अनुमतिपत्रमा लेखिएको म्याद नाघेको तीन महिनाभित्र त्यस्तो चालक अनुमतिपत्र नवीकरण गराई सक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम म्याद नाघी चालक अनुमतिपत्र नवीकरण गराउन आउने चालकबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक वर्षसम्म एक सय प्रतिशत, दुई वर्ष सम्मको दुई सय प्रतिशत, तीन वर्ष सम्मको तीन सय प्रतिशत, चार वर्ष सम्मको चार सय प्रतिशत र पाँच वर्ष सम्मको पाँच सय प्रतिशत थप दस्तुर लिई त्यस्तो चालक

अनुमितपत्र नवीकरण गर्न सकिनेछ।

(३) चालकले उपदफा (१) वा (२) बमोजिमको म्यादभित्र चालक अनुमतिपत्र नवीकरण गराउनको लागि तोकिएको दस्तुर बुझाएको प्रमाण संलग्न राखी अधिकारप्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम नवीकरणको लागि चालक अनुमतिपत्र पेश हुन आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र अर्को पाँच वर्ष सम्मको लागि नवीकरण गर्नु पर्नेछ।

६१. **चालक अनुमतिपत्र स्वतः रद्द हुने:** (१) दफा ६० बमोजिमको अवधिमा नवीकरण नगरिएको चालक अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको चालक अनुमतिपत्रको अभिलेख हटाइनेछ।

(३) उपदफा (२) बमोजिम अभिलेख हटाइएको चालक अनुमतिपत्र नवीकरण गरिने छैन।

६२. **नवीकरण गराउँदा निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्ने:** सार्वजनिक सवारी चलाउने चालकले चालक अनुमतिपत्र नवीकरण गराउँदा स्वीकृत चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र समेत अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

६३. **चालकको ठेगाना बदलिएमा सूचना गर्नु पर्ने:** (१) चालकको स्थायी ठेगाना बदलिएमा एक महिनाभित्र सो कुराको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले चालकको नयाँ ठेगाना समेत अभिलेख जनाउन लगाउनु पर्नेछ।

६४. **चालक अनुमतिपत्र निलम्बन तथा रद्द गर्ने:** (१) अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा देहायको अवधिसम्म चालकको चालक अनुमतिपत्र निलम्बन गर्न सक्नेछ :–

(क) पाँच वर्ष भित्र कुल १० वा सो भन्दा बढी डिमेरिट अङ्क प्राप्त गर्ने गरी यो ऐन वा यस ऐन अन्तर्गत बनेको

नियम बमोजिम पालना गर्नु पर्ने शर्तहरू उल्लङ्घन गरेको प्रमाणित भएमा छ महिनासम्म,

(ख) पाँच वर्ष भित्र १५ डिमेरिट अङ्कभन्दा बढी प्राप्त गरेमा सात महिनासम्म,

(ग) पाँच वर्ष भित्र २० डिमेरिट अङ्कभन्दा बढी प्राप्त गरेमा आठ महिनासम्म,

(घ) मादक पदार्थ सेवन गरी सवारी चलाएको प्रमाणित भएमा पहिलो पटकका लागि तीन महिना र दोस्रो पटकका लागि छ महिनासम्म,

(ङ) निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएको प्रमाणित भएमा पहिलो पटक भए ५० अङ्क जरिबाना र दोस्रो पटक भए तीन महिनासम्म चालक अनुमतिपत्र निलम्वन ।

(२) अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा चालक अनुमतिपत्र रद्द गर्न सक्नेछः-

(क) उपदफा (१) को खण्ड (घ) बमोजिम निलम्बन गरेपछि पनि तेस्रो पटक मादक पदार्थ सेवन गरी सवारी चलाएको प्रमाणित भएमा,

(ख) उपदफा (१) को खण्ड (ङ) बमोजिम निलम्बन गरेपछि पनि तेस्रो पटक निर्धारित भन्दा बढी गतिमा सवारी चलाएको प्रमाणित भएमा ।

६५ **चालक अनुमतिपत्र खारेज गर्न सकिने**: (१) कुनै चालकमा दफा ५१ मा लेखिएको कुनै अयोग्यता भएको प्रमाणित भएमा वा झुट्टा विवरण पेश गरी चालक अनुमतिपत्र प्राप्त गरेकोमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालकको चालक अनुमतिपत्र खारेज गरी सो अनुमतिपत्र फिर्ता बुझाउन चालकलाई आदेश दिन सक्नेछ ।

(२) सवारी चालकको लापर्बाहीका कारण भएको सवारी दुर्घटनाबाट मानिसको अङ्गभंग भएको वा मृत्यु भएको प्रमाणित भएमा

अधिकार प्राप्त अधिकारीले त्यस्तो चालकको चालक अनुमति पत्र खारेज गरी सो अनुमतिपत्र फिर्ता बुझाउन चालकलाई आदेश दिन सक्नेछ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिमको आदेश प्राप्त भएको मितिले सात दिनभित्र चालकले आफ्नो अनुमतिपत्र अधिकार प्राप्त अधिकारी समक्ष फिर्ता बुझाउनु पर्नेछ।

६६. **चालक अनुमतिपत्रको प्रतिलिपि दिने**: (१) चालक अनुमतिपत्र हराएमा, नासिएमा वा कुनै कारणले काम नलाग्ने भएमा पैँतिस दिनभित्र चालकले सम्बन्धित अधिकार प्राप्त अधिकारी समक्ष चालक अनुमतिपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत राखी निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक छानबिन गरी व्यहोरा ठिक देखेमा अधिकार प्राप्त अधिकारीले चालकलाई चालक अनुमतिपत्रको प्रतिलिपि दिनेछ।

६७. **स्वचालित (अटोमेटिक) सवारी अनुमतिपत्र सम्बन्धी व्यवस्था**: (१) प्रविधियुक्त स्वचालित सवारी चलाउनको लागि मात्र छुट्टै चालक अनुमतिपत्रको व्यवस्था गर्न सकिनेछ।

तर यस उपदफा बमोजिमको सवारी अनुमतिपत्र अन्य सवारीको हकमा लागु हुने छैन।

(२) उपदफा (१) बमोजिमको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६८. **प्रशिक्षार्थी चालक सम्बन्धी व्यवस्था**: प्रशिक्षार्थी सवारी चालक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद - ५

परिचालक अनुमतिपत्र सम्बन्धी व्यवस्था

६९. **अनुमतिपत्र नलिई परिचालकको काम गर्न नहुने** : (१) कुनै पनि व्यक्तिले परिचालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीमा परिचालकको काम गर्नु हुँदैन।

(२) परिचालक अनुमतिपत्र प्राप्त नगरेको कुनै पनि व्यक्तिलाई

सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले परिचालकको काममा लगाउन हुँदैन ।

७०. **परिचालकको लागि योग्यता**: देहायको व्यक्ति परिचालक अनुमतिपत्र प्राप्त गर्न योग्य हुनेछ :-

(क) अठार वर्ष उमेर पुगेको,

(ख) साधारण लेखपढ गर्न जान्ने,

(ग) निरोगिताको प्रमाणपत्र भएको ।

७१. **परिचालक अनुमतिपत्रको लागि निवेदन दिने**: (१) दफा ७० बमोजिमको योग्यता भएको व्यक्तिले कुनै सार्वजनिक सवारीमा परिचालकको काम गर्नको लागि परिचालक अनुमतिपत्र लिन चाहेमा तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन साथ निवेदकले परिचालक अनुमतिपत्रको लागि तोकिएको दस्तुर, हालसालै खिचिएको आफ्नो तीनप्रति पासपोर्ट साइजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र प्रचलित कानून बमोजिमको मान्यता प्राप्त चिकित्सकद्वारा दिइएको निरोगिताको प्रमाणपत्र समेत संलग्न गर्नु पर्नेछ ।

७२. **परिचालक अनुमतिपत्र दिने**: (१) दफा ७१ बमोजिम परिचालक अनुमतिपत्रको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी निवेदनसाथ संलग्न व्यहोरा साँचो देखिएमा निवेदकलाई अनुसूची-६ बमोजिमको ढाँचामा परिचालक अनुमतिपत्र दिनु पर्नेछ । यसरी परिचालक अनुमतिपत्र प्राप्त व्यक्तिले आफू कार्यरत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई सुव्यवस्थित ढङ्गबाट परिचालन गर्ने जिम्मेवारी वहन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको परिचालक अनुमतिपत्र सो दिइएको मितिले पाँच वर्षसम्म बहाल रहनेछ ।

७३. **परिचालक अनुमतिपत्रको नवीकरण**: (१) दफा ७२ को उपदफा (२) बमोजिम परिचालक अनुमतिपत्रमा म्याद नाघेको तीन महिनाभित्र त्यस्तो परिचालक अनुमतिपत्र नवीकरण गराई सक्नु पर्नेछ ।

(२) परिचालकले उपदफा (१) बमोजिमको म्यादभित्र परिचालक अनुमतिपत्र नवीकरण गराउनको लागि तोकिएको दस्तुर संलग्न राखी परिचालक अनुमतिपत्र अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि परिचालक अनुमतिपत्र पेश हुन आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो परिचालक अनुमतिपत्र अर्को पाँच वर्षसम्मको लागि नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी परिचालक अनुमतिपत्र नवीकरण गराउन आउने परिचालकबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक वर्षसम्म एक सय प्रतिशत, दुई वर्षसम्म दुई सय प्रतिशत, तीन वर्षसम्म तीन सय प्रतिशत, चार वर्षसम्म चार सय प्रतिशत र पाँच वर्षसम्म पाँच सय प्रतिशत थप दस्तुर लिई त्यस्तो परिचालक अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ।

७४. **परिचालक अनुमतिपत्र स्वतः रद्द हुने:** (१) दफा ७३ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगरिएको परिचालक अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको परिचालक अनुमतिपत्रको अभिलेख हटाइनेछ।

(३) उपदफा (२) बमोजिम अभिलेखबाट हटाइएको परिचालक अनुमतिपत्र नवीकरण गरिने छैन।

७५. **परिचालकको ठेगाना बदलिएमा सूचना गर्नु पर्ने:** (१) परिचालकको स्थायी ठेगाना बदलिएमा एक महिनाभित्र सो कुराको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले परिचालकको नयाँ ठेगाना समेत अभिलेख जनाउन लगाउनु पर्नेछ।

७६. **परिचालक अनुमतिपत्र निलम्बन गर्न सकिने:** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिचालकले पालना गर्नु पर्ने शर्तहरू पाँच पटक

भन्दा बढी उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो परिचालकको परिचालक अनुमतिपत्र छ महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ।

७७. **परिचालक अनुमतिपत्र खारेज गर्न सकिने**: (१) दफा ७० मा लेखिएको कुनै योग्यता परिचालकमा नभएको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो परिचालकको परिचालक अनुमतिपत्र खारेज गरी सो अनुमतिपत्र फिर्ता बुझाउन परिचालकलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भएको मितिले सात दिनभित्र परिचालकले आफ्नो परिचालक अनुमतिपत्र अधिकार प्राप्त अधिकारी समक्ष फिर्ता बुझाउनु पर्नेछ।

७८. **परिचालक अनुमतिपत्रको प्रतिलिपि दिने**: (१) परिचालक अनुमतिपत्र हराएमा वा अन्य कुनै कारणबाट नासिएमा पैँतिस दिनभित्र परिचालकले सम्बन्धित अधिकार प्राप्त अधिकारी समक्ष परिचालक अनुमतिपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत राखी निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक छानबिन गरी व्यहोरा ठिक देखेमा अधिकार प्राप्त अधिकारीले परिचालकलाई परिचालक अनुमतिपत्रको प्रतिलिपि दिनेछ।

परिच्छेद - ६

यातायात व्यवस्थापन

७९. **सडक मार्ग निर्धारण गर्ने**: मन्त्रालयले उपयुक्त देखेको ठाउँमा आवश्यकता अनुसार सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्ने मार्ग निर्धारण गरी सो को सूचना सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशित गर्नु पर्नेछ।

८०. **नमूना मार्ग निर्धारण गर्ने**: उत्पादन वा एसेम्बल हुने वातावरणमैत्री सवारी साधन खरिद गरी सञ्चालन गर्ने व्यक्ति, फर्म, कम्पनी वा सहकारीबाट कुनै

मार्ग निर्धारण गर्न माग भएमा मन्त्रालयले त्यस्तो सवारी साधन सञ्चालन हुने स्थानहरू तोकी नमूना मार्ग निर्धारण गर्न सक्नेछ।

८१. **मार्ग निर्धारण समितिः** (१) प्रदेशभर सहज, सरल र सुरक्षित तवरले लामो मार्ग र मध्यम मार्गको मार्ग निर्धारण गर्न देहाय बमोजिमको मार्ग निर्धारण समिति रहनेछः-

(क)	प्रदेश सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय	- संयोजक
(ख)	निर्देशक, यातायात पूर्वाधार निर्देशनालय	- सदस्य
(ग)	प्रमुख, प्रादेशिक सडक तथा यातायात व्यवस्था महाशाखा	- सदस्य
(घ)	प्रमुख, ग्रामीण सडक महाशाखा, भौतिक पूर्वाधार विकास मन्त्रालय	- सदस्य
(ङ)	आन्तरिक मामिला तथा कानून मन्त्रालयले तोकेको अधिकृतस्तरको कर्मचारी	- सदस्य
(च)	प्रमुख, सम्बन्धित यातायात व्यवस्था कायार्लय	-सदस्य
(छ)	प्रमुख, प्रदेश ट्राफिक प्रहरी	-सदस्य
(ज)	शाखा अधिकृत, यातायात व्यवस्था शाखा	-सदस्य सचिव

तर छोटो मार्ग र स्थानीय मार्गका हकमा स्थानीय तहमा भए स्थानीय कानून बमोजिम मार्ग निर्धारण हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिले मार्ग निर्धारण गर्दा सम्बन्धित सडकको स्तर, अवस्था, सो सडकमा चल्न सक्ने सवारी साधनको किसिम, सो सडकमा आवागमन गर्ने यात्रीको चाप तथा मार्ग, सम्बन्धित सडक डिभिजन कार्यालय तथा स्थानीय निकायको सिफारिस र सो सडक

हस्तान्तरण हुँदाका शर्तहरू समेतलाई ध्यानमा राख्नु पर्नेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश कानून र स्थानीय कानून नबनेसम्म यस ऐन बमोजिम अस्थायी मार्ग निर्धारण बाहेक सबै किसिमको मार्ग निर्धारण गर्ने अधिकार उपदफा (१) बमोजिमको समितिलाई नै हुनेछ।

८२. **अनुदान दिनेः** दुर्गम तथा पिछडिएका बस्तीका जनतालाई सवारीको न्यूनतम सेवा उपलब्ध गराउन सार्वजनिक सवारी सञ्चालन गर्न प्रदेश सरकारले अनुदान दिन सक्नेछ।अनुदान सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

८३. **मास–ट्रान्सपोर्टलाई प्राथमिकता दिनेः** मन्त्रालयले सडकको अवस्था एवं सवारी चापको आधारमा सार्वजनिक सूचना प्रकाशन गरी मास-ट्रान्सपोर्टलाई प्राथमिकता दिई निर्धारित (डेडिकेटेड) लेन प्रयोग गर्ने गरी स्वीकृत दिन सक्नेछ।

८४. **मार्ग इजाजतपत्र नलिई यातायात सेवा सञ्चालन गर्न नहुनेः** दफा ७९ बमोजिम निर्धारित मार्गमा मार्ग इजाजतपत्र प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्नु हुँदैन ।

८५. **मार्ग इजाजतपत्रको लागि दरखास्तः** यातायात सेवा सञ्चालन गर्नको निमित्त कुनै सार्वजनिक सवारीलाई कुनै मार्ग प्रयोग गर्नु परेमा व्यवस्थापक वा सवारी धनीले तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष मार्ग इजाजतपत्रको लागि तोकिएको दस्तुर सहित निवेदन दिनु पर्नेछ।

८६. **मार्ग इजाजतपत्र दिनु पर्नेः** (१) दफा ८५ बमोजिम मार्ग इजाजतपत्रको लागि निवेदन परेमा अधिकारप्राप्त अधिकारीले दफा ८७ को अधीनमा रही त्यस्तो सार्वजनिक सवारीलाई प्रदेशभर सञ्चालन गर्न सकिने गरी प्रदेशस्तरको वा इजाजतपत्रमा तोकिएको मार्ग मात्र प्रयोग गर्ने गरी अनुसूची ७ बमोजिमको ढाँचामा मार्ग इजाजतपत्र दिनु पर्छ।

तर सीमाना जोडिएको प्रदेश सम्म सञ्चालन हुने सवारीको लागि अर्को प्रदेशको सम्बन्धित यातायात व्यवस्था कार्यालयको सहमति लिई मार्ग इजाजत पत्र दिन सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि

राजमार्गको हकमा मन्त्रालयले आवश्यक देखेमा खुल्ला प्रतिस्पर्धाबाट आवश्यक शर्तहरू तोकी मार्ग इजाजतपत्र दिने व्यवस्था गर्न सक्नेछ।

(३) अधिकार प्राप्त अधिकारीले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी कुनै रुट वा एरियामा रुट परमिट जारी गरी सो रुट वा एरियामा चल्ने सवारीको किसिम एवं सङ्ख्या तोक्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम दिइएको मार्ग इजाजतपत्र छ महिनासम्म बहाल रहनेछ।

८७. **मार्ग इजाजतपत्र सम्बन्धी व्यवस्थाः** दफा ८६ बमोजिम कुनै सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्र दिँदा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले देहायका कुराहरू पूरा गरे नगरेको अधिकार प्राप्त अधिकारीले जाँच गरी पूरा गरेको भए मात्र त्यस्तो सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्र दिनु पर्नेछ :-

(क) सवारी चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने कामदार तथा कर्मचारी, तेस्रो पक्षको बीमा र यात्रुवाहक सवारी भए यात्रु बीमामा

(ख) सवारीको जाँचपास र

(ग) दर्ताको प्रमाणपत्र नवीकरण।

८८. **मार्गको इजाजतपत्र परिवर्तन गर्नु परेमाः** (१) मार्ग इजाजतपत्रको अवधि समाप्त नहुँदै सो मार्ग इजाजतपत्रमा तोकिएको सार्वजनिक सवारीलाई अन्य कुनै मार्गमा प्रयोग गर्नु परेमा सवारी धनी वा व्यवस्थापकले पुनः दफा ८५ बमोजिम मार्ग इजाजतपत्रको लागि निवेदन दिई मार्ग इजाजतपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सार्वजनिक सवारीको लागि पहिले दिएको मार्ग इजाजतपत्र खारेज गरी नयाँ मार्ग इजाजतपत्र दिनु पर्नेछ।

८९. **बहु मार्ग इजाजतपत्र दिन सकिनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीले यातायात सेवा पुऱ्याई रहेको मार्गमा कुनै असर नपर्ने गरी सो मार्गसँग सम्बन्धित हुन आउने अन्य

मार्गमा समेत उक्त सार्वजनिक सवारी प्रयोग गर्न पाउने गरी अधिकार प्राप्त अधिकारीले मार्ग इजाजतपत्र दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम एकभन्दा बढी मार्गमा यातायात सेवा सञ्चालन गर्न पाउने गरी बहु मार्ग इजाजतपत्र दिँदा त्यस्तो प्रत्येक मार्गको लागि लाग्ने मार्ग दस्तुर समेत सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले बुझाउनु पर्नेछ।

९०. **पटके मार्ग इजाजतपत्रः** (१) विशेष काम परी कुनै सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्रमा लेखिएको मार्ग बाहेक अन्य कुनै मार्गमा चलाउनु परेमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले पटके मार्ग इजाजतपत्रको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी व्यहोरा ठिक देखेमा बढीमा सात दिनसम्मको लागि पटके मार्ग इजाजतपत्र दिन सक्नेछ।

९१. **मार्ग इजाजतपत्र दिन इन्कार गर्न सकिनेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय राजमार्ग बाहेक अन्य कुनै मार्गमा यातायात सेवा सञ्चालन गर्न मार्ग इजाजतपत्र प्रदान गर्दा त्यस्तो मार्गमा यात्रीको चाप र सार्वजनिक सवारीको सङ्ख्या, प्रदूषण वा तोकिएका स्तर नभएका वा अन्य कुनै कारणबाट मार्ग इजाजतपत्र प्रदान गर्दा सार्वजनिक हितको प्रतिकूल हुन जान्छ भन्ने अधिकार प्राप्त अधिकारीलाई लागेमा निजले व्यवस्थापन समितिसँग परामर्श गरी मार्गको इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ।

तर त्यसरी इन्कार गरिएको कारण खुलाई जानकारी गराउनु पर्नेछ।

९२. **मार्ग इजाजतपत्र नवीकरणः** (१) दफा ८६ को उपदफा (२) बमोजिम मार्ग इजाजतपत्रमा लेखिएको म्याद सकिएको पन्ध्र दिन भित्र त्यस्तो मार्ग इजाजतपत्र नवीकरण गराउन निवेदन दिनु पर्नेछ।

(२) सवारी धनी, व्यवस्थापक वा निजहरूले खटाएको व्यक्तिले

उपदफा (१) बमोजिम मार्ग इजाजतपत्र नवीकरण गराउनको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो मार्ग इजाजतपत्र अर्को छ महिनाको लागि नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी मार्ग इजाजतपत्र नवीकरण गराउन आउने सवारी धनीबाट सो म्याद नाघेको एक महिनासम्म नवीकरण दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई त्यस्तो मार्ग इजाजतपत्र नवीकरण गर्नु पर्नेछ।

९३. **मार्ग इजाजतपत्र स्वतः रद्द हुनेः** (१) दफा ९२ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगरिएमा त्यस्तो मार्ग इजाजतपत्र स्वतः निलम्बन हुनेछ।

९४. **पुनः मार्ग इजाजतपत्र दिन सकिनेः** दफा ९३ बमोजिम निलम्बन भएको मार्ग इजाजतपत्रमा लेखिएको सार्वजनिक सवारीको लागि पुनः मार्ग इजाजतपत्र लिन आएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकबाट दफा ९२ बमोजिम लिनु पर्ने नवीकरण तथा थप दस्तुर समेत लिई निजलाई तीन हजार रुपैयाँ जरिबाना गरी त्यस्तो सवारी चलाउन दफा ८६ बमोजिम मार्ग इजाजतपत्र दिनु पर्नेछ।

९५. **मार्ग इजाजतपत्र स्थगित गर्न सकिनेः** (१) यस ऐन बमोजिम मार्ग इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्रिइ छ महिना वा सो भन्दा बढी अवधिसम्म चलाउन नसकिने भएमा सवारी धनीले सो व्यहोरा खुलाई मार्ग इजाजतपत्र संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष त्यस्तो मार्ग इजाजतपत्र स्थगित गर्नका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी उपयुक्त देखेमा त्यस्तो सार्वजनिक सवारी चलाउन नसकिने अवधिसम्मका लागि त्यस्तो सवारीको मार्ग इजाजतपत्र स्थगित गर्न सक्नेछ।

(३) मार्ग इजाजतपत्रमा तोकेको मार्गमा सार्वजनिक सवारी साधन सञ्चालन नगरी जनजीवनमा प्रतिकूल असर पर्ने गरी यातायात सेवा अवरुद्ध गरेमा प्रदेश सरकारले त्यस्ता सवारीहरूको मार्ग इजाजतपत्र बढीमा एक महिनासम्मको लागि स्थगित गर्न सक्नेछ।

९६. **मार्ग इजाजतपत्र खारेज हुने**: कुनै सार्वजनिक सवारीले देहायको कसुर गरेको पाइएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारी साधनको मार्ग इजाजतपत्र खारेज गर्न सक्नेछः-

(क) यात्री वाहक सवारीले सवारी दर्ताको प्रमाणपत्रमा लेखिएको सिट सङ्ख्याभन्दा बढी यात्री राखी सवारी चलाएमा,

(ख) यात्री वाहक सवारी साधनले मालसामान (यात्रीको झिटिगुन्टा बाहेक) बोकेमा र मालवाहक सवारी साधनले यात्री बोकेमा,

(ग) लामो रुटमा सञ्चालन हुने सार्वजनिक सवारीमा कम्तीमा दुईजना सवारी चालक नराखी सवारी सञ्चालन गरेमा,

(घ) रुट इजाजत नलिएको मार्गमा सवारी चलाएमा,

(ङ) सवारी साधनको स्वरुप बदलेको पाइएमा।

९७. **मार्ग इजाजतपत्र रद्द गर्न सकिने**: (१) इजाजतपत्रमा तोकेको मार्गमा तोकिएको शर्तमा सार्वजनिक सवारी साधन सञ्चालन नगरेमा अधिकारप्राप्त अधिकारीले त्यस्तो सवारीको मार्ग इजाजतपत्र रद्द गर्न सक्नेछ।

(२) मन्त्रालयले अन्तर्गतको कार्यालयबाट इजाजतपत्र लिई सञ्चालनमा रहेको सार्वजनिक सवारीको आवागमनमा वाधा अवरोध गर्ने व्यक्ति, संस्था वा कम्पनीले पाएको मार्ग इजाजतपत्र अधिकार प्राप्त अधिकारीले रद्द गर्न सक्नेछ।

(३) यस ऐन बमोजिम मार्ग इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी चलाउन नसकिने गरी बिग्रिए वा नासिएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकले सोको प्रमाण संलग्न राखी मार्ग इजाजतपत्रको मान्यता रद्द

गराउन अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्छ ।

९८. **मार्ग इजाजतपत्रको प्रतिलिपि दिनेः** (१) मार्ग इजाजतपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले सात दिनभित्र सवारी धनी वा व्यवस्थापकले मार्ग इजाजतपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी सम्बन्धित अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी व्यहोरा ठिक देखेमा निवेदकलाई मार्ग इजाजतपत्रको प्रतिलिपि दिनेछ ।

९९. **जाँचपास गराउनु पर्नेः** (१) कुनै पनि सार्वजनिक सवारीको मार्ग इजाजतपत्र लिन यस ऐन बमोजिम त्यस्तो सवारीको जाँचपास गराएको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचपास नगराई कुनै पनि सार्वजनिक सवारीको लागि मार्ग इजाजतपत्र दिइने छैन ।

(३) यस ऐन बमोजिम जाँचपास गराउनु पर्ने सवारी जाँचपासका लागि तोकिएको मापदण्डभित्र नरहेको अवस्थामा पनि सञ्चालन गरेको पाइएमा त्यस्तो सवारीको मार्ग इजाजतपत्र अधिकार प्राप्त अधिकारीले बाँकी अवधिको लागि ६ महिनासम्म निलम्बन वा खारेज गर्न सक्नेछ ।

१००. **जाँचपासको लागि निवेदनः** जाँचपास गराउन चाहने सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले जाँचपासको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

१०१. **जाँचपासको प्रमाणपत्र दिनुपर्नेः** (१) दफा १०० बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सार्वजनिक सवारी जाँच्न लगाई त्यस्तो सवारीको यान्त्रिक स्थिति र स्वरूप ठिक देखिएमा तोकिएको ढाँचामा जाँचपासको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने जाँचपासको प्रमाणपत्रको मान्यता छ महिनासम्मको लागि हुनेछ ।

१०२. **पुनः जाँचपास गराउनु पर्ने**: (१) दफा १०१ को उपदफा (२) मा लेखिएको म्याद नाघेको मितिले सात दिनभित्र अधिकार प्राप्त अधिकारी समक्ष पुनः जाँचपासको लागि निवेदन दिई जाँचपास गराउनु पर्नेछ।

(२) उपदफा (१) मा लेखिएको म्यादसम्म पुनः जाँचपास नगराएमा सो म्याद नाघेको मितिले पैँतिस दिनभित्र त्यस्तो सवारी जाँचपास गराउन ल्याएमा जाँचपासको लागि लाग्ने दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर समेत लिई त्यस्तो सवारी जाँचपास गरी दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र पनि जाँचपास नगराएमा त्यस्तो जाँचपासको प्रमाणपत्र स्वतः रद्द हुनेछ। यसरी जाँचपासको प्रमाणपत्र रद्द भएको सार्वजनिक सवारी पुनः जाँचपास गराउन ल्याएमा सवारी धनी वा व्यवस्थापकबाट उपदफा (२) बमोजिमको दस्तुरको अतिरिक्त पाँचहजार रूपैयाँसम्म जरिबाना लिई त्यस्तो सवारी पुनः जाँचपास गरी जाँचपासको प्रमाणपत्र दिनु पर्नेछ।

१०३. **प्रदूषण जाँच गराउनु पर्ने**: (१) कुनै पनि सवारीको सुरु दर्ता गराउँदा यस ऐनमा तोकिएको स्थान र अवधिमा प्रदूषण जाँच गराउनु पर्छ।

(२) उपदफा (१) बमोजिम प्रदूषण जाँच नगराई कुनै पनि सवारी सञ्चालनको लागि इजाजतपत्र दिइने छैन।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुई पाङ्ग्रे सवारीको हकमा दर्ता गर्दा र नामसारी दर्ता गर्दा मात्र प्रदूषण जाँच गराउनु पर्नेछ।

१०४. **प्रदूषण जाँचको लागि निवेदन**: प्रदूषण जाँच गर्न चाहने सवारीको धनी वा व्यवस्थापकले तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्छ।

१०५. **प्रदूषण जाँचको स्टीकर दिने**: (१) दफा १०४ बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको प्रदूषणको स्तर जाँच्न लगाई त्यस्तो सवारी तोकिए बमोजिमको प्रदूषणको मापदण्डभित्र परेको पाइएमा तोकिए बमोजिमको ढाँचामा प्रदूषण जाँचको स्टीकर दिनु पर्छ।

(२) उपदफा (१) बमोजिम दिइने प्रदूषण जाँचको स्टीकरको

मान्यता सार्वजनिक सवारीको हकमा ६ महिनासम्मको लागि र अन्य सवारीको हकमा एक वर्षको लागि हुनेछ।

१०६. **अनुमति प्राप्त सक्षम एवं योग्य वर्कशपबाट जाँच गराउनु पर्नेः** (१) मन्त्रालयले आफ्नो स्रोत साधनबाट सार्वजनिक सवारीको प्रदूषण लगायतका जाँचपास गर्न सम्भव नभएमा आवश्यकतानुसार शर्तहरू तोकी अनुमति प्राप्त वर्कशपबाट स्वचालित प्रणाली (भेहिकल फिटनेस टेष्टिङ्ग सेन्टर) को आधारमा त्यस्तो जाँचपास गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त वर्कशपबाट भएको जाँचपासका सम्बन्धमा अधिकार प्राप्त अधिकारीले अनुगमन गर्दा तोकिएको शर्तअनुरुप जाँचपास भएको नदेखिएमा त्यसरी जाँचपास गर्ने वर्कशपको अनुमति निलम्बन वा खारेज गर्न सक्नेछ।

१०७. **यातायात सेवाको नाम पञ्जीकृत गर्नु पर्नेः** (१) यातायात सेवाको नाम कार्यालयमा पञ्जीकृत नगरी सवारी धनी वा व्यवस्थापकले कुनै पनि सार्वजनिक सवारी यातायात सेवा सञ्चालन गर्ने कार्यमा प्रयोग गर्नु हुँदैन।

(२) यातायात सेवाको नाम कार्यालयमा पञ्जीकृत गर्न चाहने सवारी धनी वा व्यवस्थापकले त्यस्तो सेवा पञ्जीकरणको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम परेको निवेदन उपर कार्यालयले आवश्यक छानबिन गरी त्यस्तो यातायात सेवाको नाम पञ्जीकृत गर्न उपयुक्त देखेमा सो नामबाट यातायात सेवा सञ्चालन गर्न निवेदकलाई अनुसूची -८ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ। त्यसरी यातायात सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त सवारी धनी वा व्यवस्थापकले त्यस्तो यातायात सेवा प्रदान गर्ने कार्य बन्द गर्न चाहेमा कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको अनुमतिपत्र सो दिइएको मितिले पाँच वर्षसम्म बहाल रहनेछ।

(५) यस दफा बमोजिम पञ्जीकृत यातायात सेवा सम्बन्धी व्यवस्था र त्यस्तो सेवामा काम गर्ने कर्मचारीहरूको नियुक्ति, सेवाका शर्त र

सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०८. **यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नवीकरणः** (१) दफा १०७ को उपदफा (४) बमोजिमको म्याद नाघेको तीन महिनाभित्र यातायात सेवा सञ्चालन गर्न दिइएको अनुमतिपत्र नवीकरण गरी सक्नु पर्नेछ।

(२) सवारी धनी, व्यवस्थापक वा निजहरूले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम अनुमतिपत्र नवीकरण गराउनको लागि तोकिए बमोजिमको ढाँचामा दस्तुर सहित मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि निवेदन परेमा मन्त्रालयले त्यस्तो अनुमतिपत्र अर्को पाँच वर्षको लागि नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी त्यस्तो अनुमतिपत्र नवीकरण गराउन आउने सवारी धनी वा व्यवस्थापकबाट सो म्याद नाघेको एक महिनासम्म नवीकरण दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई नवीकरण गरिनेछ।

(५) उपदफा (४) बमोजिमको समयावधिभित्र नवीकरण नगरेमा उपदफा (४) मा उल्लिखित दस्तुर रकमको अतिरिक्त प्रत्येक वर्षको शत प्रतिशतका दरले थप दस्तुर लिई नवीकरण गर्न सकिनेछ।

१०९. **यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र स्वतःरद्द हुनेः** (१) दफा १०८ को उपदफा (४) बमोजिम निर्धारित अवधिभित्र यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको अनुमतिपत्रको अभिलेख हटाइनेछ।

(३) उपदफा (२) बमोजिम अभिलेख हटाइएको अनुमतिपत्र पुनः नवीकरण गरिने छैन।

११०. **भाडा निर्धारण गर्नेः** (१) कुनै मार्गमा यातायात सेवा सञ्चालन गर्ने यात्रीवाहक तथा मालवाहक सार्वजनिक सवारीले लिने भाडा दर तोकिए बमोजिम हुनेछ।

(२) यात्रीले आफूसँग निःशुल्क लैजान पाउने यात्रीगुण्टाको

(मालसामान) अधिकतम वजन र सो बाहेक भाडा तिरी आफूसँग लैजान पाउने यात्रीगुण्टाको अधिकतम वजन तथा भाडा तोकिए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम तोकिएको भाडादर भन्दा बढी हुने गरी भाडा लिनु हुँदैन ।

१११. **परिचयपत्र नभुण्ड्याएको व्यक्तिले यात्री टिकट बेच्न नहुने**: सार्वजनिक सवारीको यात्री टिकट बेच्ने कार्यमा संलग्न व्यक्तिले त्यस्तो सार्वजनिक सवारी सञ्चालन गर्ने पञ्जीकृत यातायात सेवाको कर्मचारी परिचयपत्र नभुण्ड्याई त्यस्तो यातायात सेवाको नामबाट यात्री टिकट बेच्न हुँदैन ।

११२. **यात्री टिकटको ढाँचा**: (१) सार्वजनिक सवारीको यात्री टिकटको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम यात्री टिकट बेच्ने व्यक्तिले टिकटमा सम्बन्धित यातायात सेवाको छाप लगाएको हुनु पर्नेछ ।

११३. **माल ढुवानी गर्दा माल ढुवानीको विवरण सहितको बिल दिनु पर्ने**: मालवाहक सार्वजनिक सवारीले कुनै पनि किसिमको माल ढुवानी गर्दा मालसामानको धनीलाई त्यस्तो मालसामानको विवरण सहित उल्लेख गरिएको माल ढुवानीको बिल तोकिए बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

११४. **यात्री सूची तयार गर्नु पर्ने**: मन्त्रालयले तोके बमोजिमको मध्यम मार्ग वा लामो मार्गमा यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीले आफ्नो सवारीमा यात्रा गर्ने सबै यात्री, चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारी समेतको नाम, उमेर र ठेगाना खुलाई यात्रीको सूची तयार गर्नु पर्नेछ । त्यसरी तयार गरिएको यात्री सूचीको एकप्रति आफूसँग राखी अर्को प्रति नजिकको ट्राफिक कार्यालयमा पेश गरी गन्तव्य स्थानतर्फ प्रस्थान गर्नु पर्नेछ ।

११५. **यात्री र मालसामान सुरक्षित रूपमा पुऱ्याउनु पर्ने**: (१) सार्वजनिक यातायात सेवाका धनी वा व्यवस्थापकले मालसामान वा यात्रीको जिम्मा लिएपछि यात्राको शुरूदेखि गन्तव्य स्थानसम्म निर्धारित समयभित्र सुरक्षासाथ पुऱ्याउनु निजको कर्तव्य हुनेछ ।

तर यात्रीलाई असुविधा हुने गरी गन्तव्य स्थानमा पुग्ने समय निर्धारण गर्न हुँदैन ।

(२) कुनै सार्वजनिक सवारी विग्रेमा वा विपदका कारणले सवारी अघि बढाउन नसकिने भएमा पनि यात्रीको सुविधालाई ध्यान पुऱ्याउनु र सवारीमा रहेको मालसामानको सुरक्षा गर्नु त्यस्तो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा कर्मचारीको दायित्व हुनेछ।

(३) उपदफा (२) मा लेखिएको अवस्था परी सवारी अघि बढाउन नसकिने भएमा पनि सवारी धनी वा व्यवस्थापकले यात्रीहरूलाई गन्तव्य स्थानसम्म पुऱ्याने व्यवस्था गर्नु पर्नेछ।

११६. **सिटभन्दा बढी यात्री राख्न नहुने:** यात्रीवाहक सार्वजनिक सवारीमा सो सवारीको दर्ताको प्रमाणपत्रमा लेखिएको सिट सङ्ख्याभन्दा बढी यात्री राखी चलाउन हुँदैन।

११७. **यात्रा विश्राम गर्नु पर्ने:** चार घण्टाभन्दा बढीको दूरीमा चल्ने यात्रीवाहक सार्वजनिक सवारीले प्रत्येक चार घण्टामा एकपटक पन्ध्र मिनेट विश्राम गर्नु पर्नेछ।

११८. **चालकको पालो फेर्नु पर्ने:** लामो मार्गमा यातायात सेवा सञ्चालन गर्ने यात्रीवाहक सार्वजनिक सवारीमा कम्तीमा दुईवटा चालक अनिवार्य रूपमा राखी प्रत्येक ६ घण्टापछि पालै पालोसँग सवारी चलाउन लगाउने कर्तव्य यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीको हुनेछ।

११९. **टिकट नलिई यात्रा गर्नमा प्रतिबन्ध:** कुनै पनि यात्रीले आफूले यात्रा गर्ने गन्तव्य स्थानसम्मको लागि तोकिएको भाडा तिरी लिएको टिकट साथमा नलिई यात्रा गर्नु हुँदैन।

१२०. **मार्गको नक्सा र समय तालिकाको जानकारी गराउने** (१) अधिकार प्राप्त अधिकारीले प्रत्येक बस बिसौनीमा सो बस बिसौनीबाट प्रस्थान गर्ने गन्तव्य स्थानको मार्गको नक्सा र सार्वजनिक सवारी प्रस्थान गर्ने समय तथा गन्तव्य स्थानमा पुग्ने समय तालिका जानकारीको लागि टाँस्न वा जडान गर्न लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम टाँसिएको वा जडान गरिएको मार्ग, नक्सा वा समय तालिकामा कुनै फेरबदल भएमा अधिकार प्राप्त अधिकारी वा निजले खटाएको व्यक्तिले सोको सूचना तुरून्त यात्रीलाई दिने व्यवस्था गर्नु पर्नेछ।

१२१. **सिट सुरक्षित राख्नु पर्ने**: लामो मार्गमा चल्ने वा स्थानीय मार्गमा चल्ने यात्रीवाहक सार्वजनिक ठूलो सवारीमा चारवटा सिट अशक्त व्यक्तिका लागि र चारवटा सिट महिलाहरूका लागि सुरक्षित राख्नु पर्ने कर्तव्य सो यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीको हुनेछ।

१२२. **सुरक्षाकर्मी राख्न सकिने**: मध्यम मार्ग र लामो मार्गमा यात्रीवाहक सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीले सो सवारी तथा यात्रीहरूको सुरक्षाको निमित्त सो सवारीमा सुरक्षाकर्मी उपलव्ध गराई दिन प्रदेश सरकारसँग अनुरोध गरेमा वा प्रदेश सरकारले त्यस्तो सवारीमा सरकारी सुरक्षाकर्मी तैनाथ गर्नु पर्ने आवश्यकता देखेमा लाग्ने दस्तुर लिई आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी उपलव्ध गराउन सक्नेछ।

१२३. **अनुचित व्यवहार गर्न नहुने**: कसैले पनि यात्री, चालक, परिचालक तथा सुरक्षाकर्मीसँग अनुचित व्यवहार गर्नु हुँदैन।

१२४. **सार्वजनिक सवारीमा सी.सी क्यामेरा जडान गर्ने**: सार्वजनिक सवारीमा सी.सी क्यामेरा जडान गर्नु पर्नेछ।

१२५. **चालकसँग कुरा गर्न नहुने**: सार्वजनिक सवारी चलिरहेको समयमा कसैले पनि सो सवारीको चालकसँग कुरा गर्न वा निजलाई सवारी चलाउने कार्यमा बाधा पुग्ने कुनै कार्य गर्न वा गराउन हुँदैन।

१२६. **फेला परेको मालसामान बुझाउनु पर्ने**: सार्वजनिक सवारीमा फेला परेको कुनै पनि मालसामान सो फेला परेको चौबिस घण्टाभित्र तत्काल कार्यरत सो सवारीको कर्मचारीले सवारी धनी वा व्यवस्थापकलाई बुझाउनु पर्नेछ। त्यसरी फेला परेको मालसामान सवारी धनी वा व्यवस्थापकले आफूलाई प्राप्त हुन आएको चौबिस घण्टाभित्र अधिकार प्राप्त अधिकारी वा नजिकको प्रहरी कार्यालयमा बुझाउनु पर्नेछ।

१२७. **यात्री लिन इन्कार गर्न नहुने**: मध्यम वा लामो मार्गमा चल्ने वा एक्सप्रेस यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी बाहेक अन्य सार्वजनिक सवारीले सवारी खाली रहेको अवस्थामा यात्री लिन इन्कार गर्न हुँदैन।

१२८. **प्रदेश सरकारको विशेष अधिकार**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीलाई कुनै खास अवधिसम्मको लागि कुनै ठाउँमा यातायात सेवा सञ्चालन गर्नु पर्ने गरी सवारी धनी वा

व्यवस्थापकलाई मन्त्रालयले आदेश दिन सक्नेछ।

परिच्छेद - ७

आवागमन नियन्त्रण

१२९. **सवारीको गति निर्धारणः** (१) मन्त्रालयले कुनै सार्वजनिक स्थानका सम्बन्धमा सवारी चलाउने गति निर्धारण गर्न आवश्यक देखेमा सो स्थानमा सवारीको गति निर्धारण गरी सोभन्दा बढी वेगमा सवारी चलाउन निषेध गर्न सक्नेछ। यसरी गति निर्धारण गरिएको स्थानमा सो निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाउन हुँदैन।

(२) उपदफा (१) बमोजिम गति निर्धारण गरी बढी वेगमा सवारी चलाउन निषेधित सार्वजनिक स्थानमा निर्धारित गति सम्बन्धी सूचना वा सङ्केत मन्त्रालयले टाँस्न वा जडान गर्न लगाउनु पर्नेछ।

(३) दमकल, एम्बुलेन्स तथा बिरामी लैजाने कामको सिलसिलामा चलाइएको सवारीको हकमा उपदफा (१) लागु हुने छैन।

तर त्यस्तो सवारीले सडकमा हिँड्ने बटुवा तथा अन्य सवारीलाई सचेत गर्नको निम्ति विशेष किसिमको ध्वनी तथा बत्तीको प्रयोग गर्नु पर्नेछ।

१३०. **सवारीको वजनः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको सडकमा चल्ने सवारीको सुरक्षित एक्सल वजनको अधिकतम हद निर्धारण गर्न सक्नेछ। त्यस्तो सडकमा सूचनामा तोकिएको एक्सल वजनभन्दा बढी वजन भएका सवारी चलाउन वा चलाउन लगाउन हुँदैन।

(२) मन्त्रालयले कुनै सार्वजनिक स्थानको सम्बन्धमा सवारीको वजनको हद निर्धारण गर्न सक्नेछ। यसरी सवारीको वजनको हद निर्धारण गरिएको भए त्यसरी निर्धारित वजनभन्दा बढी हुने गरी त्यस्तो सार्वजनिक स्थानमा कसैले सवारी चलाउन वा चलाउन लगाउन पाइने छैन।

१३१. **यात्रीको सङ्ख्या र मालसामानको वजन तोक्ने :** (१) सार्वजनिक सवारीमा राख्न सकिने यात्रीको सङ्ख्या र मालसामानको वजन मन्त्रालयले निर्धारण गरी सोको सूचना सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित मानिसको सङ्ख्या र मालसामानको वजनभन्दा बढी हुने गरी कुनै पनि सवारीमा यात्री वा मालसामान राख्न हुँदैन।

(३) मन्त्रालयले मालवाहक सवारीले क्षमता भन्दा बढी वजन बोके नबोकेको सम्बन्धमा परीक्षण गर्नका लागि आवश्यक स्थानमा तोकिए बमोजिमको तौल गर्ने मेसिन राखी सवारीको तौल लिने व्यवस्था गर्नेछ ।

१३२. **सवारी चलाउन प्रतिबन्ध लगाउने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले सार्वजनिक सुरक्षा तथा सर्वसाधारणको भलाईको निमित्त कुनै सार्वजनिक स्थानमा कुनै सवारी चलाउनमा प्रतिबन्ध लगाउन सक्नेछ । यसरी प्रतिबन्ध लगाइएकोमा सोको सूचना त्यस्तो स्थानमा टाँस गरी सार्वजनिक जानकारीका लागि विद्युतीय माध्यमबाट समेत प्रचार प्रसार गर्न लगाउनु पर्नेछ ।

१३३. **सवारी साधन चलाउन रोक लगाउने:** अधिकार प्राप्त अधिकारीले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वा उपयुक्त ट्राफिक व्यवस्थापनका आवश्यक साधन प्रयोग गरी सबै किसिमको (यान्त्रिक तथा अन्य) सवारी चलाउन रोक लगाउन वा एकतर्फी सञ्चालन गर्न वा केही दिन वा केही समय रोक्न सक्नेछ ।

१३४. **ट्राफिक सङ्केत टाँस्ने, टाँग्ने वा जडान गर्ने:** (१) मन्त्रालयले आवश्यक देखेको सार्वजनिक स्थानहरूमा अन्तर्राष्ट्रिय प्रचलन अनुरूपको रङ्ग, आकार र नमूना बमोजिमको आवश्यक ट्राफिक सङ्केतहरू टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम टाँसिएको, टाँगिएको वा जडान गरिएको ट्राफिक सङ्केतहरू मन्त्रालयले वा मन्त्रालयले खटाएको व्यक्ति बाहेक अरू कसैले सो स्थानबाट हटाउन, बदल्न, हेरफेर गर्न, मेट्न, च्यात्न वा केरमेट गर्न हुँदैन ।

१३५. **ट्राफिक सङ्केतको पालना गर्नु पर्ने:** (१) सवारी चालक, यात्री र पैदल यात्रीले ट्राफिक सङ्केतको पालना गर्नु पर्नेछ ।

(२) चालक, यात्री र पैदल यात्रीले पालना गर्नु पर्ने ट्राफिक सङ्केतहरू तोकिए बमोजिम हुनेछन् ।

१३६. **रङ्गिन सिसा प्रयोग गर्न नहुने:** (१) कुनै पनि सवारीमा बाहिरबाट सवारीभित्र नदेखिने गरी रङ्गिन सिसा राख्न वा सिसामा अन्य कुनै वस्तुको प्रयोग गरी रङ्गिन बनाउन पाइने छैन ।

तर प्रदेश सरकारले सुरक्षाको दृष्टिबाट उपयुक्त ठहऱ्याएका सवारीका हकमा यो प्रतिवन्ध लागु हुने छैन ।

(२) कसैले उपदफा (१) प्रतिकूलको काम गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीलाई रङ्गिन सिसा वा सिसामा प्रयोग गरेको कुनै वस्तु नहटाएसम्म त्यस्तो सवारी चलाउन प्रतिबन्ध लगाउन सक्नेछ।

१३७. **पार्किङ तथा बस बिसौनी स्थान र चार्जिङ स्टेशन निर्धारण गर्ने :** (१) मन्त्रालयले सवारीको पार्किङ, विल्डिङ पार्किङ, खुल्ला पार्किङ, बस बिसाउनी स्थान, चार्जिङ स्टेशन आफैँ बनाउन र निर्धारण गर्न सक्नेछ।

(२) मन्त्रालयले निर्धारण गरेको स्थानलाई सरोकारवाला निकायले सहयोग गर्नु पर्नेछ।

(३) स्थानीय सडक कार्यालय, ट्राफिक प्रहरी कार्यालय र सम्बन्धित स्थानीय तहका पदाधिकारीहरूले मन्त्रालयसँग समन्वय गरी सवारीको पार्किङ स्थान र बिसौनी निर्धारण गर्नु पर्नेछ।

(४) मन्त्रालयले कुनै व्यक्ति, फर्म वा कम्पनीको निजी लगानीमा पार्किङ स्थानको निर्माण तथा सञ्चालन गर्दा पालना गर्नु पर्ने मापदण्ड तोक्न सक्नेछ।

(५) उपदफा (२) बमोजिम निर्धारित मापदण्डको पालना गर्नु सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीको कर्तव्य हुनेछ।

१३८. **सवारीलाई खतरा हुने किसिमबाट राख्न नहुने :** (१) कुनै पनि सवारी अरू कुनै सवारी वा व्यक्तिलाई खतरा, बाधा वा असुविधा हुने गरी कुनै सार्वजनिक स्थानमा राख्न हुँदैन ।

(२) कुनै सवारी चलाउँदा चलाउँदैको अवस्थामा बिग्रिएमा त्यस्तो सवारी तत्काल अन्यत्र लान सकिने स्थिति नभएमा दुर्घटना नहुने किसिमबाट सडकको बायाँ किनारा लगाई राखी रात्रीको समयमा त्यस्तो सवारीलाई अन्य सवारीले टाढैबाट देख्न सक्ने गरी रातो बत्ती वा रिफ्लेक्टर लगाई राख्नु पर्नेछ।

१३९. **एकीकृत सवारी सेवा केन्द्र सञ्चालनः** (१) मन्त्रालयले ठूलो सहरभित्र जाने सवारीको प्रवेशलाई व्यवस्थित गर्न देहायको प्रयोजनको लागि आवश्यक

एकीकृत सवारी सेवा केन्द्रको व्यवस्था मिलाउनेछ।

(क) वातावरण प्रदूषण रोकथाम गर्ने सम्बन्धमा,

(ख) सुरक्षा प्रबन्ध गर्ने सम्बन्धमा,

(ग) सहरभित्र जाने सवारीको मापदण्ड पालनाको अवस्थाका सम्बन्धमा,

(घ) सवारी चेक जाँच सम्बन्धी विषय,

(ङ) अन्य कार्य।

(२) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४०. **सवारीको अन्य भागमा मानिस राख्न नहुने:** कुनै सवारी चालक वा सवारी धनी वा व्यवस्थापकले सानो सवारीमा र लामो एवं मध्यम मार्गमा चल्ने सवारीमा यात्री बस्न बनेको सिट बाहेक सवारीको अन्य भागमा र स्थानीय मार्गमा चल्ने सवारीमा यात्री बस्न बनेको सिट एवं भित्री भाग बाहेक अन्य भागमा यात्री राखी सवारी चलाउन वा चलाउन लगाउन हुँदैन।

१४१. **चालकलाई बाधा पुग्ने काम गर्न नहुने:** कसैले चालकको क्षेत्र (ड्राईभर केवीन) भित्र चालकलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाधा पुग्ने गरी मालसामान राखी वा आफू उभिई वा अन्य कुनै प्रकारबाट बाधा पुग्ने किसिमको व्यवहार गर्न हुँदैन।

१४२. **ट्राफिक प्रहरीलाई हातपात गर्न नहुने:** कर्तव्य पालनाको सिलसिलामा खटिएका ट्राफिक प्रहरी वा यातायात निरीक्षकउपर हातपात वा दुर्व्यवहार गर्नु हुँदैन।

१४३. **आवागमनमा बाधा पार्न नहुने:** (१) सार्वजनिक स्थानमा मानिस वा सवारीको आवागमनमा बाधा पुग्ने गरी मालसामान वा निर्माण सामग्री राख्न हुँदैन।

(२) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम स्वीकृति नलिई राखिएका मालसामान वडा कार्यालयले प्रचलित कानून बमोजिम जफत वा जरिबाना गर्न सक्नेछ।

१४४. **सवारीलाई बाधा पुऱ्याउन नहुने:** यो ऐन तथा यस ऐन अन्तर्गत नियमावली बमोजिम मार्ग इजाजत प्राप्त सवारीलाई त्यस्तो इजाजतपत्रमा तोकिएको मार्गमा सञ्चालन गर्न कसैले पनि कुनै किसिमको बाधा पुऱ्याउन पाइने छैन।

१४५. **सडक पार गर्नेः** पैदल यात्रीले जेब्राक्रसिङ वा बाटो पार गर्नका लागि निर्धारित स्थानबाट मात्र सडक पार गर्नु पर्दछ।

१४६. **सार्वजनिक स्थानमा खाल्टो खन्दा साङ्केतिक चिन्ह राख्नु पर्नेः** (१) कुनै पनि सार्वजनिक स्थानमा कुनै काम परी खाल्टो खन्न पर्दा नजिकको स्थानीय तहको क्षेत्राधिकारमा स्थानीय तह, प्रदेशभित्र पर्नेमा प्रदेश सरकार र राष्ट्रिय राजमार्गको क्षेत्राधिकारमा सङ्घको कार्यालयबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक स्थानमा खाल्टो खन्ने स्वीकृति दिँदा सो स्थानमा दुर्घटना नहुने किसिमबाट साङ्केतिक चिन्ह राख्न लगाउनु पर्नेछ।

(३) काम सकिएपछि खनेको खाल्टो पहिलेको जस्तै अवस्था हुने गरि पर्नु पर्नेछ।

१४७. **सवारीमा साङ्केतिक चिन्ह राख्नु पर्नेः** कुनै पनि किसिमको खतरापूर्ण मालसामान ढुवानी गर्ने कार्यमा संलग्न मालवाहक सार्वजनिक सवारीमा त्यस्तो मालसामान रहेको कुरा अन्य सवारी तथा सर्वसाधारणको जानकारीको लागि साङ्केतिक चिन्ह देखिने गरी राख्नु पर्नेछ।

१४८. **सिकारुले सवारी चलाएकोमा सङ्केत राख्नु पर्नेः** (१) सिकारुले सवारी चलाएकोमा त्यस्तो सवारी साधनको अगाडि र पछाडि भागमा कम्तीमा दश मिटर टाढैबाट प्रष्ट देख्न सक्ने गरी ठूलो अक्षरमा सिकारु भन्ने सङ्केत उल्लेख गर्नु पर्छ।

(२) सिकारु व्यक्तिले राजमार्ग वा सहायक राजमार्ग बाहेकका सडकमा मात्र सवारी चलाउनु पर्नेछ।

१४९. **सवारीलाई मार्ग परिवर्तन गर्न र यात्रीलाई बन्धक बनाउन नहुनेः** (१) चालकले आफ्नो सवारी निर्दिष्ट मार्गमा चलाई रहेको समयमा सो सवारीलाई अन्य मार्गबाट लैजान कुनै पनि व्यक्तिले डर, त्रास देखाउन वा कुनै किसिमको शक्तिको प्रयोग गर्न वा गराउन हुँदैन।

(२) कसैले सवारीमा रहेका कुनै पनि व्यक्तिलाई बन्धक बनाई त्यस्तो सवारी वा बन्धक बनाइएको व्यक्तिको मुक्तिको लागि कुनै पनि किसिमको माग राख्नु हुँदैन।

१५०. **दुर्घटनामा परेका सवारी र यात्रीको हानि नोक्सानी गर्न नहुनेः** कुनै सवारी दुर्घटनामा परी हताहत वा घाइते भएका यात्री तथा सवारीमा काम गर्ने कुनै व्यक्तिलाई कुटपिट दुर्व्यवहार वा तिनीहरूको मालसामानको हिनामिना गर्न, खोस्न वा तिनीहरूलाई कुनै पनि किसिमले हानि नोक्सानी पुऱ्याउनु हुँदैन।

१५१. **सवारी चलाउँदा सुरक्षापेटी तथा हेल्मेट लगाउनु पर्नेः** (१) तोकिए बमोजिमको सवारी चलाउँदा चालक तथा सवारीको अघिल्लो सिटमा बस्ने व्यक्तिले सुरक्षापेटी बाँध्नु पर्नेछ।

(२) मोटर साइकल तथा अन्य त्यस्तै दुई पाङ्ग्रे सवारी चलाउँदा चालकले सुरक्षा टोप (हेल्मेट) लगाउनु पर्नेछ।

१५२. **कागजात देखाउनु पर्नेः** (१) प्रहरी वा यातायात निरीक्षकले चेकजाँचको सिलसिलामा कुनै सवारीको दर्ताको प्रमाणपत्र वा सार्वजनिक सवारीको मार्ग इजाजतपत्र वा अन्य कागजात हेर्न खोजेमा त्यस्तो सवारीको चालक, सवारी धनी वा व्यवस्थापकले दर्ताको प्रमाणपत्र, मार्ग इजाजतपत्र वा अन्य कागजात हेर्न देखाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी सार्वजनिक सवारी वा त्यसको चालक, परिचालक, सुरक्षाकर्मी वा त्यस्तो सवारीमा काम गर्ने कुनै कर्मचारीसँग सम्बन्धित भएमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले त्यसरी मागिएको जानकारी अधिकार प्राप्त अधिकारी वा यातायात निरीक्षक वा प्रहरीलाई यथाशीघ्र दिनु पर्नेछ।

१५३. **सवारी रोक्नु पर्नेः** चालकले आफूले चलाइरहेको सवारी देहायको अवस्थामा बत्ती वा सङ्केतले रोक्ने सङ्केत गरेमा आवश्यकता अनुसार उचित समयसम्म रोकी राख्नु पर्नेछः-

(क) प्रहरी वा यातायात निरीक्षकले सवारी रोक्न सङ्केत गरेमा वा आदेश दिएमा,

(ख) कुनै जनावर झस्की वा तर्सी बेकाबु हुने सम्भावना भई सो जनावर तत्काल जिम्मामा रहेको व्यक्तिले सवारी रोक्न सङ्केत गरेमा वा अनुरोध गरेमा,

(ग) सवारी दुर्घटनाग्रस्त भई कुनै मानिस, जनावर वा

सम्पत्तिको हानि नोक्सानी भएकोमा,

(घ) जेब्रा क्रसिङ, दोबाटो वा चौबाटो रहेको ट्राफिक बत्तीले रोक्ने सङ्केत गरेकोमा।

१५४. **दुर्घटना भएमा चालकको कर्तव्यः** (१) सवारीले कुनै दुर्घटना गरी मानिसको जीउ ज्यानमा कुनै किसिमको खतरा वा चोट पटक पर्न गएको रहेछ भने सो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा सो सवारीमा काम गर्ने अन्य कर्मचारीले त्यस्तो मानिसको उपचारको लागि तुरुन्त आवश्यक व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सवारी दुर्घटनाग्रस्त भएको स्थानमा कुनै प्रहरी नभएमा चालकले तुरुन्त सो दुर्घटनाको जानकारी तथा विवरण नजिकको प्रहरी कार्यालयलाई दिनु पर्नेछ। कुनै प्रहरीले दुर्घटनाको सम्बन्धमा सम्बन्धित सवारी चालकसँग कुनै कुराको सोधपुछ गरेमा निजले सोधिएको सबै कुरा बताउनु पर्नेछ।

१५५. **दुर्घटना परेको सवारीको निरीक्षणः** दुर्घटनाको छानबिनको निमित्त सो दुर्घटना गर्ने वा सो दुर्घटनामा पर्ने सवारीको निरीक्षण गर्न आवश्यक देखेमा सम्बन्धित प्रहरीले त्यस्तो सवारी आफू समक्ष दाखिल गर्न लगाई वा त्यस्तो सवारी रहेको ठाउँमा गई निरीक्षण गर्न सक्नेछ।

१५६. **सवारी बायाँतिरबाट चलाउनु पर्नेः** (१) चालकले सडकमा सवारी चलाउँदा अन्यथा तोकिएकोमा बाहेक बायाँ किनारा तर्फबाट चलाउनु पर्नेछ।

(२) अगाडि गइरहेको सवारीलाई उछिनी जानु परेमा सङ्केत दिई उक्त सवारीको चालकले अगाडि जान सङ्केत दिएपछि मात्र पछाडिको सवारीले दाहिने तिरबाट उछिनी जानु पर्नेछ। यसरी पछाडिको सवारीले उछिनी जानको लागि सङ्केत दिएमा अगाडिको सवारीले अवस्था हेरी अगाडि जानको निमित्त पछाडिको सवारीलाई सङ्केत दिनु पर्नेछ।

१५७. **पेटीबाट हिँड्नु पर्नेः** मानिस हिँड्ने पेटी भएको सडकमा मानिस सो पेटीबाट नै हिँड्नु पर्नेछ। पेटी नभएको सडकमा हिँड्दा सो सडकको किनारा तर्फबाट हिँड्ने गर्नु पर्नेछ।

१५८. **निर्धारित ठाउँबाट बाटो काट्नु पर्नेः** पैदल हिंड्ने मानिसले मार्ग काट्नु

पर्दा जेब्रा क्रसिङ्ग, सब-वे, ओभरहेड ब्रीज वा त्यस्तो मार्ग काट्नको लागि निर्धारित गरिएको ठाउँबाट मात्र मार्ग काट्नु पर्नेछ।

१५९. **घर पालुवा पशुपंक्षी छाड्न नहुने:** सार्वजनिक सडक तथा किनाराको क्षेत्रमा घर पालुवा पशुपंक्षी छाड्न हुँदैन।

तर, काबू बाहिरको परिस्थिति परेमा त्यस्ता पशुपंक्षीलाई सवारीमा बाधा नपुग्ने गरी सार्वजनिक स्थानबाट तुरुन्त हटाउनु पर्छ।

१६०. **घुम्ती निरीक्षक:** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालना गरे नगरेको निरीक्षण गर्न प्रहरी वा यातायात निरीक्षकले आवश्यकता अनुसार घुम्ती निरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घुम्ती निरीक्षण गर्दा प्रहरी वा यातायात निरीक्षकले दफा १९९ मा उल्लिखित बमोजिमको काम कारबाही भएको देखेमा त्यस्तो व्यक्तिलाई तत्काल यस ऐन बमोजिमको सजाय गर्न सक्नेछ।

१६१. **चालकले आफ्नो अनुमतिपत्र अरूलाई दिन नहुने:** चालकले अरूको सवारी चालक अनुमतिपत्र लिइ सवारी चलाउन हुँदैन।

१६२. **मादक पदार्थ तथा अन्य लागु पदार्थ सेवन गर्न नहुने:** सवारी चलाउँदा चालकले मादक पदार्थ वा अन्य लागु पदार्थ सेवन गरी सवारी चलाउनु हुँदैन।

१६३. **सवारी चलाउन नहुने:** चालकले लापर्बाही गरी सवारी चलाएमा, सवारीको संवेदनशील पार्ट पूर्जा बिग्रिइ वा अवस्था ठिक नभएको सवारी चलाउन हुँदैन।

१६४. **आवश्यक सहयोग पुऱ्याउने:** कुनै पनि सवारीले दुर्घटनामा परेको सवारी वा सवारीमा रहेका यात्रीलाई आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ।

१६५. **प्रचार प्रसार गर्ने गराउने:** सवारी दुर्घटनाको रोकथाम गर्न ट्राफिक सङ्केतको जानकारी सर्वसाधारणलाई गराउनको निमित्त समय समयमा सम्बन्धित सरकार वा मन्त्रालयले सञ्चार माध्यमबाट ट्राफिक सङ्केत सम्बन्धी कार्यक्रम प्रसार गर्ने व्यवस्था गर्ने गराउनेछ।

परिच्छेद- ८

बीमा सम्बन्धी व्यवस्था

१६६. **सवारीको बीमा गराउनु पर्ने**: (१) सवारी धनी वा व्यवस्थापकले तोकिए बमोजिम सवारीको बीमा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बीमा नगरेको सवारीको दर्ताको प्रमाणपत्र नवीकरण गरिने छैन र त्यस्तो सवारी सार्वजनिक सवारी भए त्यस्तो सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न अभिलेख मार्ग इजाजतपत्र प्रदान गरिने छैन।

१६७. **चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको बीमा**: (१) यातायात सेवामा संलग्न प्रत्येक सार्वजनिक सवारीको चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारीको तोकिए बमोजिमको रकम दुर्घटना बीमा सवारी धनी वा व्यवस्थापकले गर्नु पर्नेछ।

(२) सवारीको दुर्घटनाबाट चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको अङ्गभङ्ग वा मृत्यु भएमा सो बापत पाउने बीमित रकम निज स्वयं वा निजको नजिकको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम चालक, परिचालक, सुरक्षाकर्मीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटना हुन गई निजहरूलाई कुनै पनि किसिमको हानि नोक्सानी भएमा निजहरूले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निजहरू वा निजहरूको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ।

१६८. **यात्रीको बीमा**: (१) यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रा गर्ने तोकिएको रकमको दुर्घटना बीमा गराउनु पर्नेछ।

(२) सवारी दुर्घटनाबाट यात्रीको अङ्गभङ्ग भएमा अङ्गभङ्ग भए बापतको दुर्घटना बीमाको रकम निजले पाउनेछ र सो दुर्घटनाबाट निजको मृत्यु भएमा निजको नजिकको हकवालाले सो बापत पाउनु पर्ने दुर्घटना बीमाको रकम पाउनेछ।

(३) उपदफा (१) बमोजिम यात्रीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटनाग्रस्त भई त्यसमा यात्रा

गरिरहेका कुनै पनि यात्रीलाई कुनै पनि किसिमको हानि नोक्सानी भएमा निजले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ।

१६९. **सामानको बीमाः** (१) यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रा गर्ने प्रत्येक यात्रीको सामान तोकिएको रकमको बीमा गराउनु पर्नेछ।

तर बहुमूल्य सामानको हकमा पहिले जानकारी गराएमा मात्र क्षतिपूर्ति बीमा रकमले नपुग्ने भएमा त्यस्तोमा थप रकम दिनु पर्नेछ।

(२) सामानको वास्तविक मूल्य जतिसुकै भए तापनि त्यस्तो सामान कुनै कारणबाट हराए वा नष्ट भएमा उपदफा (१) बमोजिम गरिएको बीमा रकमभन्दा बढी हुने गरी कुनै दावी गरिएको क्षतिपूर्तिको रकमप्रति सवारी धनी वा व्यवस्थापक उत्तरदायी हुने छैन।

(३) उपदफा (१) बमोजिम यात्रीगुण्टाको बीमा नगराई कुनै सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्दा कुनै यात्रीगुण्टा हराए वा नष्ट भएमा यात्रीले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम यात्री वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ।

१७०. **तेस्रो पक्षको बीमाः** (१) सवारीको दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति कुनै किसिमले नोक्सान भएमा सो नोक्सानीको क्षतिपूर्ति दिने प्रयोजनका लागि सवारी धनी वा व्यवस्थापकले तोकिएको रकमको तेस्रो पक्षको बीमा गराउनु पर्नेछ।

(२) सवारी दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति नोक्सान भएमा सो नोक्सानीको क्षतिपूर्ति बापत उपदफा (१) बमोजिमको रकम निज वा निजको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम तेस्रो पक्ष वा कम्प्रिहेन्सिभ बीमा नगराई चलाएको सवारी दुर्घटनाग्रस्त भई कुनै तेस्रो पक्ष वा निजको सम्पत्ति नोक्सान भएमा नोक्सानी बापत तेस्रो पक्ष वा निजको हकवालाले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ।

१७१. **क्षतिपूर्तिको रकम प्रमुख जिल्ला अधिकारीले भराई दिने:** यस ऐन बमोजिम बीमा नगराएको अवस्थामा दफा १६७ को उपदफा (३), दफा १६८ को उपदफा (३), दफा १६९ को उपदफा (३) र दफा १७० को उपदफा (३) बमोजिम सवारी धनी वा व्यवस्थापकबाट भराउनु पर्ने क्षतिपूर्तिको रकम निजहरूबाट प्रमुख जिल्ला अधिकारीले भराई आवश्यक प्रबन्ध गर्नेछ।

परिच्छेद- ९

सवारी चालक र परिचालकको सेवा सुविधा तथा सवारी साधन कर

१७२. **कर असुल गर्ने:** प्रत्येक आर्थिक वर्षका लागि प्रचलित प्रदेश कानून बमोजिम सवारी साधन कर बुझाउनु पर्नेछ।

१७३. **कर बुझाउने:** (१) करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनमा लाग्ने कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्तसम्म वा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाई सक्नु पर्नेछ।

(२) उप दफा (१) बमोजिम नयाँ दर्ता गरिने सवारी साधनको हकमा त्यस्तो सवारी साधन दर्ता गराउनु अगावै जुन महिनामा भन्सार तिरी छुटाएको छ सोही महिनादेखिको दामासाहीले लाग्ने कर बुझाउनु पर्नेछ।

१७४. **दर्ता नवीकरण वा नामसारी गर्नु अगावै कर दिनु पर्ने:** सवारी साधनको दर्ता नवीकरण गराउनु वा नामसारी गराउनु पर्दा सो गर्नुभन्दा अगावै प्रचलित कानून बमोजिमको तिर्नु पर्नेछ।

१७५. **दर्ता गर्ने अधिकारीले कर तिरेको प्रमाण हेर्नु पर्ने:** सवारी साधनको नयाँ दर्ता गर्ने, दर्ता नवीकरण गर्ने वा नामसारी गरी दिने अधिकारीले सो गर्नुभन्दा अगावै कर तिरेको प्रमाण जाँची बुझी दिनु पर्नेछ।

♠१७६ **जरिबाना गर्न सक्ने:** (१) दफा १७३ बमोजिमको कर नबुझाएमा तोकिएको अधिकारीले सवारी साधन करको अतिरिक्त देहाय बमोजिम जरिबाना गर्न सक्नेछः-

(क) म्याद नाघेको तीस दिनसम्म पाँच प्रतिशतका दरले,

(ख) त्यसपछिको पैंतालीस दिनसम्म दश प्रतिशतका दरले,

(ग) त्यसपछि सो आर्थिक वर्षको अन्त्यसम्म बीस प्रतिशतका दरले,

(घ) त्यसपछिको पहिलो आर्थिक वर्षको अन्त्यसम्म चालीस प्रतिशतका दरले,

(ङ) त्यसपछिको दोस्रो आर्थिक वर्षको अन्त्यसम्म साठी प्रतिशतका दरले,

(च) त्यसपछिको तेस्रो आर्थिक वर्षको अन्त्यसम्म असी प्रतिशतका दरले,

(छ) त्यसपछिको चौथो आर्थिक वर्षको शुरुदेखि र म्याद सकिएको पाँच वर्षसम्म एकसय प्रतिशतका दरले।

१७७. **लिलाम सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम लाग्ने सवारी साधन कर र जरिबानाको रकम दफा १७६ को खण्ड (घ) मा तोकिएको म्यादभित्र नबुझाएमा सवारी साधन रोक्का गरी उक्त सवारी साधन लिलाम बिक्री गरी सो रकम असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम लिलाम बिक्री गर्दा पनि सबै रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम त्यस्तो सवारी धनीबाट बाँकी रकम असुल उपर गरिनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम कारबाही गरी असुल गर्दा असुल गर्नु पर्ने रकमभन्दा बढी रकम असुल हुन आएमा बढी भए जति रकम धरौटीमा आम्दानी बाँधिनेछ र यस्तो धरौटी रकम धरौटीमा रहेको एक वर्षभित्र सम्बन्धित करदाताले भुक्तानी लिन सक्नेछ। सो म्यादभित्र भुक्तानी लिन नआएमा त्यस्तो धरौटी रकम प्रदेश सरकारको कोषमा आम्दानी बाँधिनेछ।

(४) उपदफा (१) वा (२) बमोजिम लिलाम वा अन्य सजाय कारबाही सुरु हुनुभन्दा अगावै करदाताले आफूलाई लाग्ने ठहरेको कर र जरिबानाको रकम बुझाउन ल्याएमा सो रकमको दश प्रतिशतका दरले थप जरिबाना समेत लगाई असुल गर्न सकिनेछ।

१७८. **पुनरावेदनः** यस ऐन अन्तर्गत तोकिएको अधिकृतले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश पाएको मितिले पैंतिस दिनभित्र भौतिक

♠ गण्डकी प्रदेश आर्थिक ऐन, २०८० द्वारा संशोधित

पूर्वाधार विकास मन्त्रालयले प्रशासकीय पुनरावलोकन गर्न सक्नेछ।

१७९. **समिति गठन गर्नेः** यो ऐन वा प्रचलित प्रदेश कानून बमोजिम लाग्ने कर निश्चित गर्नको लागि सवारी साधनको किसिम, स्तर वा क्षमता छुट्याउन समय समयमा आवश्यकता अनुसार प्रदेश सरकारले समिति गठन गर्न सक्नेछ। उक्त समितिको काम, कर्तव्य र कार्यविधि गठन गर्दाको अवस्थामा तोकिए बमोजिम हुनेछ।

१८०. **सवारी चालक र परिचालकको पारिश्रमिकः** सवारी चालक र परिचालकको न्यूनतम पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

१८१. **सवारी चालक र परिचालकको सामाजिक सुरक्षाः** सवारी चालक र परिचालकको सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ।

१८२. **प्रदान गर्न सक्नेः** (१) प्रदेश सरकारले यस ऐन बमोजिम उठाउँदै आएको सवारी साधन कर प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी नगरपालिका र गाउँपालिकाले उठाउन पाउने गरी अधिकार प्रदान गर्न सक्नेछ।

(२) नगरपालिका र गाउँपालिकाले यस ऐन बमोजिम सवारी साधन कर उठाउँदा सो सम्बन्धमा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम तोकिएको सम्पूर्ण अधिकार प्रयोग गर्नेछन्।

(३) उपदफा (२) बमोजिम नगरपालिका र गाउँपालिकाले असुल गरेको सवारी साधन करको रकम प्रचलित कानून बमोजिम हुनेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यक देखेमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमका अधिकारहरू प्रयोग गर्न पाउने गरी कुनै अधिकारी वा निकायलाई प्रदान गर्न सक्नेछ।

१८३. **तोकिएको अधिकारीको अधिकारः** यस ऐन बमोजिम तोकिएको अधिकारीले गरेको कारबाही वा निर्णयमा कुनै कारबाही सम्बन्धी त्रुटि भएकोमा तोकिएको अधिकारीले त्यस्तो त्रुटि सुधार गरी वा कारबाही नियमित गरी पुनः निर्णय गर्न आदेश दिन सक्नेछ।

परिच्छेद- १०

समिति तथा काम, कर्तव्य र अधिकार

१८४. **यातायात व्यवस्थापन समितिः** सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्न देहायका सदस्यहरू रहने गरी यातायात व्यवस्थापन समिति गठन गरिनेछः-

(क) प्रमुख, सम्बन्धित यातायात व्यवस्था कार्यालय -अध्यक्ष

(ख) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(ग) पूवार्धार विकास कायार्लयको इन्जिनियर प्रतिनिधि - सदस्य

(घ) जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(ङ) जिल्ला ट्राफिक प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(च) अध्यक्षले तोकेको उपभोक्ताहरूको प्रतिनिधि एकजना - सदस्य

(छ) यातायात व्यवसायीको प्रतिनिधि एकजना - सदस्य

(ज) यातायात मजदुरको प्रतिनिधि एकजना - सदस्य

(झ) अध्यक्षले तोकेको अधिकृतस्तरको कर्मचारी - सदस्य सचिव

१८५. **यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो क्षेत्रभित्र चल्ने यातायात सेवा निर्वाध रूपमा सञ्चालन गर्न सार्वजनिक सवारीहरूलाई यातायात सेवा सञ्चालन गर्ने कार्यमा संलग्न गराउने,

(ख) आफ्नो क्षेत्रभित्र मार्ग कायम नभएको ठाउँमा केही समयको लागि मार्ग कायम गरी यातायात सेवा सञ्चालन गर्नु पर्ने भए अस्थायी मार्ग कायम गरी सो मार्गमा चल्ने सार्वजनिक सवारीको भाडा निर्धारण गर्न मन्त्रालयमा सिफारिस गर्ने,

(ग) आफ्नो क्षेत्रभित्र सार्वजनिक सवारीहरूले मार्गको इजाजतपत्र लिई यातायात सेवा सञ्चालन गरे नगरेको, समय समयमा सो को नवीकरण गरे नगरेको निरीक्षण गर्ने वा गर्न लगाउने,

(घ) आफ्नो क्षेत्रभित्र चल्ने सार्वजनिक सवारीहरूले समय समयमा जाँचपास गरे नगरेको र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही नियमित यातायात सेवा प्रदान गरे नगरेको समय समयमा निरीक्षण गर्ने वा गर्न लगाउने,

(ङ) आफ्नो क्षेत्रभित्र यात्रीको चाप र सवारीको सङ्ख्या इत्यादिको अध्ययन गरी कुनै ठाउँमा यातायात सेवा सञ्चालन गर्नु पर्ने आवश्यक देखेमा सो क्षेत्रमा मार्ग निर्धारण हुन मन्त्रालय समक्ष सिफारिस गर्ने,

(च) आफ्नो क्षेत्रभित्र यातायात सेवा सुव्यवस्थित रूपमा सञ्चालन गर्न अन्य आवश्यक काम कारबाही गर्ने ।

१८६. **सडक सुरक्षा परिषद्**: (१) सडक दुर्घटना न्यूनीकरण गरी सडक सुरक्षा कायम गर्न अवलम्बन गर्नु पर्ने उपाय समेतको सम्बन्धमा प्रदेश सरकारलाई सुझाव दिन तोकिए बमोजिम एक सडक सुरक्षा परिषद् गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित सडक सुरक्षा परिषद्को काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१८७. **अस्थायी मार्ग तथा भाडा निर्धारण समिति**: प्रत्येक जिल्लामा अस्थायी रुपमा मार्ग निर्धारण गरी भाडा निर्धारण गर्नका लागि देहाय बमोजिमको अस्थायी मार्ग तथा भाडा निर्धारण समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी - संयोजक
(ख) सम्बन्धित पूर्वाधार विकास कार्यालयको प्रमुख - सदस्य
(ग) जिल्ला ट्राफिक कार्यालयको प्रमुख - सदस्य
(घ) सम्बन्धित जिल्लाको यातायात व्यवसायी संस्थाको प्रतिनिधि - सदस्य
(ङ) यातायात व्यवस्था कार्यालयको प्रमुख - सदस्य सचिव

१८८. **परीक्षा समितिः** (१) सवारी चालक अनुमतिपत्रको लागि निवेदन दिने व्यक्ति त्यस्तो सवारी चलाउन समर्थ छ छैन भन्ने कुरा यकिन गर्नको लागि दफा ५३ बमोजिम परीक्षा लिन देहायका सदस्यहरू भएको एक परीक्षा समिति रहनेछः-

(क) प्रमुख, यातायात व्यवस्था कार्यालय - अध्यक्ष
(ख) कम्तीमा प्रहरी सहायक निरीक्षक, ट्राफिक प्रहरी कार्यालय -सदस्य
(ग) मेकानिकल इन्जिनियर, यातायात व्यवस्था कार्यालय -सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले चालक अनुमतिपत्रको लागि निवेदन दिने व्यक्तिहरूको परीक्षा लिई सफल भएकाहरूलाई चालक अनुमतिपत्र प्रदान गर्ने अधिकार प्राप्त अधिकारी समक्ष सिफारिस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार समितिले निर्धारण गरे बमोजिम बस्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले चालकहरूका लागि लिने परीक्षाको विषय र परीक्षा प्रणाली मन्त्रालयले तोके बमोजिम हुनेछ।

१८९. **यातायात निरीक्षकको नियुक्तिः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सवारीहरू चलाएको वा नचलाएको र यातायात

सेवामा संलग्न सार्वजनिक सवारीहरूले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नु पर्ने शर्तहरू पूरा गरे नगरेको निरीक्षण गर्न प्रदेश सरकारले यातायात निरीक्षक नियुक्त गर्न सक्नेछ । यसरी यातायात निरीक्षक नियुक्ति नभएसम्मको लागि अधिकार प्राप्त अधिकारीले यातायात निरीक्षकको रुपमा काम गर्ने गरी आवश्यकता अनुसार यातायात निरीक्षक तोक्न सक्नेछ ।

१९०. **यातायात निरीक्षकको काम, कर्तव्य र अधिकारः** यातायात निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ः-

(क) यातायात सेवामा संलग्न सार्वजनिक सवारीले मार्गको इजाजतपत्र प्राप्त मार्गमा यातायात सेवा सञ्चालन गरे नगरेको निरीक्षण गर्ने,

(ख) यातायात सेवामा संलग्न भएका सार्वजनिक सवारीहरूले निर्धारित सिट तथा वजन क्षमताका अधीनमा रही यात्री राख्ने तथा मालसामान लाद्ने कार्य गरे नगरेको निरीक्षण गर्ने,

(ग) यातायात सेवामा संलग्न सवारीहरूले समय समयमा यस ऐन बमोजिम गर्नु पर्ने जाँचपास गराए नगराएको तथा त्यसरी सञ्चालित सेवा पञ्जीकृत भए नभएको जाँच गर्ने,

(घ) चालक, परिचालकको अनुमतिपत्र तथा यात्रीसूची हेर्ने र यात्रीको टिकट जाँची निर्धारित भाडादर बमोजिम भाडा लिइएको नलिइएको तथा निर्धारित गतिमा सवारी चलाइएको नचलाइएको कुराको निरीक्षण गर्ने,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालना चालक, परिचालक, सवारी धनी वा व्यवस्थापकले गरेको छ छैन भन्ने कुराको समय समयमा निरीक्षण गर्ने ।

१९१. **प्रशिक्षण केन्द्र, कारखाना तथा वर्कसप वा चार्जिङ स्टेशन सञ्चालन गर्न अनुमति लिनु पर्नेः** (१) मन्त्रालयले चालक अनुमितपत्र दिनका लागि आफ्नै प्रशिक्षण केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रशिक्षण केन्द्र स्थापना र सञ्चालन प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा समेत गर्न सकिनेछ।

(३) प्रशिक्षण केन्द्र स्थापना र सञ्चालन नभए सम्मका लागि सवारी चलाउने सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन गर्न, सवारीको पार्टपूर्जा आयात गरी एसेम्बल गरी सवारी उत्पादन गर्ने कारखाना सञ्चालन गर्न, सवारी साधन उत्पादन गर्ने उद्योग वा चार्जिङ स्टेशन सञ्चालन गर्न वा ट्रकको बडी निर्माण गर्ने कारखाना वा अटोमोबाइल वर्कसप सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी, सहकारी वा संस्थाले मन्त्रालयबाट अनुमति लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अनुमति लिन चाहनेले तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी मन्त्रालयमा निवेदन दिनु पर्छ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा त्यस्तो निवेदन दिने व्यक्ति, फर्म, कम्पनी, सहकारी वा संस्थाले सञ्चालन गर्न खोजेको प्रशिक्षण केन्द्र, कारखाना, सवारी साधन उत्पादन उद्योग, चार्जिङ स्टेशन वा वर्कसप सञ्चालनको लागि मन्त्रालयले तोकेको मापदण्ड पूरा गरेको देखिएमा मन्त्रालयले त्यस्तो प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्ने सम्बन्धमा कुनै निश्चित क्षेत्र तोकी अनुमतिपत्र दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम दिइएको अनुमतिपत्र पाँच वर्षको लागि मान्य हुनेछ।

(७) अनुमतिपत्र नवीकरण गराउनको लागि त्यसको मान्य अवधि समाप्त भएको पैँतिस दिनभित्र तोकिए बमोजिमको दस्तुर संलग्न गरी सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्छ।

(८) उपदफा (७) बमोजिम निवेदन परेमा कार्यालयले तोकेको कर्मचारीबाट निवेदकको प्रशिक्षण केन्द्र, कारखाना, उत्पादन उद्योग वा चार्जिङ स्टेशनको निरीक्षण गरी प्राविधिक प्रतिवेदन लिनु पर्छ।

(९) उपदफा (८) बमोजिमको प्रतिवेदनबाट निवेदकको अनुमतिपत्र नवीकरण गरी दिन मनासिब देखिएमा सम्बन्धित यातायात कार्यालयले त्यस्तो निवेदकको अनुमतिपत्र नवीकरण गरी दिनु पर्छ ।

(१०) प्रशिक्षण केन्द्र, कारखाना, उत्पादन उद्योग वा चार्जिङ स्टेशन वा वर्कशप सञ्चालन सम्बन्धी मापदण्ड मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

१९२. **प्रशिक्षण केन्द्र, कारखाना वा चार्जिङ स्टेशनको अनुमतिपत्र निलम्बन वा खारेज हुनेः** (१) दफा १९१ बमोजिम प्रशिक्षण केन्द्र, कारखाना, चार्जिङ स्टेशन वा वर्कशप सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त व्यक्ति, सवारी साधन उत्पादन उद्योग र सहकारी, फर्म, कम्पनी वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीतको कुनै कार्य गरेमा यातायात व्यवस्था कार्यालयले त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थाको अनुमतिपत्र जुनसुकै बखत निलम्बन गरी यस ऐन वा नियम बमोजिमको व्यवस्था कायम गर्न मनासिब समय तोकी निर्देशन दिनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र पनि यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको व्यवस्था कायम नगरेमा त्यस्तो व्यक्ति, सवारी साधन उत्पादन उद्योग र सहकारी, फर्म, कम्पनी वा संस्थाको प्रशिक्षण केन्द्र, कारखाना, चार्जिङ स्टेशन वा वर्कशप सञ्चालन गर्ने अनुमतिपत्र निलम्बन वा खारेज गर्न सक्नेछ ।

१९३. **एसम्बल गरी सवारीको उत्पादन गर्न अनुमति लिनुपर्नेः** (१) सवारी साधनको पार्टपूर्जा आयात गरी एसम्बल गरी सवारीको उत्पादन गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले सो उद्देश्य खुलाई मन्त्रालयबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति लिई उत्पादन गरिएको सवारीको क्षमताको प्रमाणपत्र (रोड ओर्दिनेस सर्टिफिकेट) तोकिए बमोजिम प्रमाणित भएको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुमति प्राप्त व्यक्ति, फर्म वा कम्पनी बाहेक अन्य कसैले पार्टपूर्जा आयात गरी एसम्बल गरी उत्पादन गरेको सवारी दर्ता गरिने छैन ।

(४) प्रशिक्षण केन्द्र, कारखाना वा वर्कशपले पालना गर्नु पर्ने न्यूनतम मापदण्ड मन्त्रालयले तोकिदिए बमोजिम हुनेछ।

परिच्छेद - ११

सजाय सम्बन्धी व्यवस्था

१९४. **दण्ड सजायः** (१) दर्ताको प्रमाण पत्रमा उल्लेख भए बमोजिम वास्तविक नम्बर वा प्लेट नराखी अर्कै नम्बर वा प्लेट राखी सवारी चलाउने वा चलाउन लगाउने वा गलत विवरण पेश गरी दर्ता गराउनेलाई अधिकार प्राप्त अधिकारीले ६ महिनासम्म कैद वा पन्ध्र हजारदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गरी त्यस्तो सवारी जफत गर्नु पर्छ।

(२) अधिकार प्राप्त अधिकारीले देहायको काम कारबाही गर्ने गराउनेलाई देहाय बमोजिम सजाय गर्न सक्नेछः-

(क) दफा १७, ४९, १०७ वा १३१ को विपरीत काम कारबाही गर्ने गराउनेलाई पाँच हजार देखि दश हजार रूपैयाँसम्म,

(ख) दफा १९, ३३, ४३, ८४, ८५, १४३ वा १५० को विपरीत काम कारबाही गर्ने गराउनेलाई सात हजार देखि पन्ध्र हजार रूपैयाँसम्म,

(ग) दफा १९१ को विपरीत काम कारबाही गर्ने गराउनेलाई दश हजार देखि पच्चीस हजार रूपैयाँसम्म,

(घ) दफा १४१ विपरीत काम कारबाही गर्नेलाई पाँच हजार रुपैयाँसम्म जरिबाना वा एक महिना कैद वा दुवै सजाय।

(३) उपदफा (१) वा (२) मा उल्लेख भएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेशको विपरीत काम कारबाही गर्ने गराउनेलाई अधिकार प्राप्त अधिकारीले दुई हजार देखि दश हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(४) दफा १४२ विपरीत काम कारबाही गर्ने गराउनेलाई प्रमुख

जिल्ला अधिकारीले पन्ध्र हजार रुपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

(५) दफा १४४ विपरीत हुने गरी काम कारबाही गर्ने गराउने व्यक्तिलाई पचास हजार देखि दुई लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गरी अदालतले त्यस्तो व्यक्तिबाट हानि नोक्सानी पुग्ने व्यक्तिलाई उपयुक्त क्षतिपूर्तिको रकम दिलाउन सक्नेछ।

(६) दफा १५९ विपरीत घरपालुवा पशुपन्छी सडकमा छाडी सोका कारण सवारी दुर्घटना भई सवारीमा रहेका वा बाहिर रहेका मानिसको मृत्यु भएमा अदालतले त्यस्तो पशुपन्छीको मालिकलाई एकलाख रुपैयाँसम्म जरिबाना गर्नेछ।

(७) दफा २०१ विपरीत कार्य गर्नेलाई अदालतले दुई वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय गर्न र त्यस्तो व्यक्तिबाट मनासिब माफिकको क्षतिपूर्ति भराइदिन सक्नेछ।

१९५. **ज्यान मारेमा हुने सजायः** (१) कसैले सवारी चलाई कुनै मानिसलाई किची, ठक्कर दिई वा कुनै किसिमले सवारी दुर्घटना गराई सवारीमा रहेको सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिस त्यस्तो दुर्घटनाको कारणबाट मृत्यु भएमा वा ज्यान मार्ने मनसाय लिई गरेको भए त्यसरी सवारी चलाउने व्यक्तिलाइ मुलुकी अपराध संहिता,२०७४ को परिच्छेद-१२ बमोजिम हुनेछ। कसैले ज्यान मार्ने मनसाय लिई त्यस्तो कार्य गरेकोमा ज्यान मर्न पाएको रहेनछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसुरको मात्रा अनुसार पाँच वर्ष देखि बाह्र वर्षसम्म कैद हुनेछ।

(२) कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागी वा कुनै किसिमले सवारी दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिस त्यस्तो दुर्घटनाको कारणबाट मृत्यु भएमा वा मरेमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको नभए तापनि त्यसरी सवारी चलाउँदा कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानाजानी वा लापर्बाही गरी सवारी चलाएको कारणबाट सवारी दुर्घटना हुन गई त्यसैको कारणबाट कुनै मानिसको मृत्यु वा लापर्बाहीले

सवारी चलाएका कारण जेब्रा क्रसिङ्गमा रहेको मानिसको मृत्यु भएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसुरको मात्रा अनुसार तीन वर्ष देखि दश वर्षसम्म कैद हुनेछ।

(३) कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(४) चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी चलाई उपदफा (१) वा (२) बमोजिमको कसुर गरेमा निजलाई सोही उपदफा बमोजिम हुने सजायमा थप पचास हजार रूपैयाँ समेत जरिबाना हुनेछ।

तर जन्म कैद हुनेमा त्यस्तो थप जरिबाना हुने छैन।

(५) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागी वा दुर्घटना भई सो मानिस मर्न गएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दुई वर्षसम्म कैद हुनेछ।

१९६. **अङ्गभङ्ग भएमा हुने सजायः** (१) कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागी वा दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको त्यस्तो दुर्घटनाको कारणबाट अङ्गभङ्ग भएमा त्यस्तो कार्य बदनियतसाथ गरेको भए त्यसरी सवारी चलाउने व्यक्तिलाई दश वर्षसम्म कैद र एक लाख रूपैयाँसम्म जरिबाना हुनेछ। एउटै किसिमको काम दिने एउटाभन्दा बढी अङ्ग हुनेमा सोमध्ये एउटा अङ्ग मात्र बेकम्मा पारिदिएको भए माथि लेखिएको सजायको आधा सजाय हुनेछ।सो खत निको भई काम लाग्ने भएमा त्यस्तो सवारी चलाउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँ जरिबाना हुनेछ।

(२) चालक अनुमतिपत्र नभएको व्यक्तिले सवारी चलाई उपदफा (१) मा उल्लिखित कुनै कसुर गरेमा निजलाई सो उपदफा बमोजिम हुने सजायमा पचास हजार रूपैयाँ थप जरिबाना हुनेछ।

(३) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागी वा दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको अङ्गभङ्ग भएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई पचास हजार रूपैयाँ जरिबाना हुनेछ।

१९७. **घा खर्च, किरिया खर्च र क्षतिपूर्ति भराई दिने**: (१) सवारी दुर्घटनाबाट कुनै पक्षलाई कुनै पनि किसिमको हानि नोक्सानी पुग्न गएमा पीडित पक्षलाई देहाय बमोजिम घा खर्च र क्षतिपूर्तिको रकम चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्नेछ :-

(क) ज्यान मरेकोमा सो मर्ने व्यक्तिको हकवालालाई किरिया खर्च बापत पचहत्तर हजार रुपैयाँ र क्षतिपूर्ति बापत तेस्रो पक्षको बीमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने दुर्घटना बीमा रकमको अतिरिक्त थप एकलाख रुपैयाँ,

(ख) अङ्गभङ्ग भएकोमा निको भइकन पनि काम नलाग्ने भए सोको क्षतिपूर्ति बापत तेस्रो पक्षको बीमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने अङ्गभङ्ग बापतको दुर्घटना बीमाको रकम र त्यस्तो अङ्ग काम लाग्ने भए घा खर्च बापत पच्चीस हजार देखि पचास हजार रूपैयाँ।

(२) सवारी दुर्घटनाबाट कुनै व्यक्तिको ज्यान मरेको भए सो मर्ने व्यक्तिको हकवालालाई किरिया खर्च र क्षतिपूर्ति रकम र अङ्गभङ्ग भएको भए सो हुने व्यक्तिलाई घा खर्चको रकम उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले तत्कालै सवारी चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्नेछ।

(३) उपदफा (१) मा लेखिए देखि बाहेक चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेशको बर्खिलाप हुने गरी सवारी चलाई दुर्घटना हुन गई कुनै व्यक्तिलाई चोटपटक लागेमा

त्यस्तो व्यक्तिलाई तत्कालै औषधी खर्च बापत प्रमुख जिल्ला अधिकारीले चोटपटकको स्थिति विचार गरी चालक, सवारी धनी वा व्यवस्थापकबाट पच्चीस हजार रुपैयाँसम्म दिलाई दिनु पर्छ । त्यस्तो चोट पटक लाग्ने व्यक्तिलाई सरकारी अस्पताल वा सो अस्पतालमा उपचार हुन नसकी अन्य अस्पतालमा सिफारिस भएमा उपचार गर्दा लाग्ने सम्पूर्ण खर्च सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्नेछ र त्यस्तो चोट पटक लाग्ने व्यक्तिले पछि बढी रकम क्षतिपूर्ति पाउने भएमा त्यसरी औषधी खर्च बापत भराई दिएको रकम कट्टी गरी बाँकी पाउने रकम मात्र दिइनेछ।

(४) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम भराइने घा खर्च, किरिया खर्च र क्षतिपूर्तिको कुल रकमको पाँच प्रतिशतभन्दा बढी चालकबाट भराइने छैन।

(५) उपदफा (१) वा (२) बमोजिम बुझाउनु पर्ने किरिया खर्च, घा खर्च र क्षतिपूर्ति रकम चालकले बुझाउनु पर्नेमा निजले बुझाउन नसकी प्रचलित कानून बमोजिम निजको जायजेथाबाट पनि असुल उपर हुन सकेन भने सो उपर नभए जति रूपैयाँ निजबाट असुल उपर भएको जरिबाना मध्येबाट भराई दिनु पर्नेछ।

(६) यस दफामा लेखिए बमोजिम बीमा कम्पनीले व्यहोर्नु पर्ने क्षतिपूर्ति बापतको बीमा रकम यथाशीघ्र भराई दिनु पर्नेछ।

१९८. **कसुरको अनुसन्धान र तहकिकातः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरी गरेको कुनै कसुरको अनुसन्धान र तहकिकात तथा अभियोजन गर्ने प्रयोजनको लागि प्रदेश सरकारले उपयुक्त व्यवस्था नगरेसम्म उल्लिखित कसुर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा समावेश भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम कसुरको अनुसन्धान तथा तहकिकातका क्रममा सबुत प्रमाण सङ्कलन गर्दा कसुरमा संलग्न व्यक्तिलाई गिरफ्तार गर्ने, कसुरको सम्बन्धमा जुनसुकै स्थानको खानतलासी लिने, सम्बधित कागजात वा अन्य चिजहरू आफ्नो जिम्मामा लिने, बयान गराउने र मुचुल्का तयार गर्ने समेत प्रचलित कानून बमोजिम प्रहरीले पाए सरहको सबै अधिकार अनुसन्धान अधिकृतलाई हुनेछ।

(३) उपदफा (२) बमोजिम अनुसन्धान तथा तहकिकात गर्दा अनुसन्धान अधिकृतले अभियुक्तलाई बयान गराई तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिनेसम्मको पर्याप्त आधार देखेमा तारेखमा राख्न, धरौटी वा जमानत लिई छाड्न वा धरौटी वा जमानत दिन नसकेमा मुद्दा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राखी कारबाही गर्न वा एक पटकमा सात दिनमा नबढाई बढीमा तीस दिनसम्म मुद्दा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राख्न सक्नेछ।

तर पटके कसुरदारलाई धरौटीमा छाडिने छैन।

(४) यस दफा बमोजिम अनुसन्धान तथा तहकिकातको कार्यमा अनुसन्धान अधिकृतले आवश्यक परेमा सरकारी वकीलको परामर्श लिन सक्नेछ।

(५) यस दफा बमोजिम अनुसन्धान तथा तहकिकातको कार्यमा अनुसन्धान अधिकृतलाई आवश्यक सहयोग उपलब्ध गराउनु प्रहरी लगायत सम्बन्धित सबैको कर्तव्य हुनेछ।

१९९. **तत्काल सजाय गर्न सक्ने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कसुर गर्नेलाई देहाय बमोजिमको जरिबाना अङ्क वा डिमेरिट अङ्क वा दुवै अङ्क तोकी अधिकार प्राप्त अधिकारी वा यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृतले डिमेरिट अङ्क अभिलेख राखी जरिबाना अङ्क बापतको रकम तत्काल असुल गर्न सक्नेछः-

	कसुर	जरिबाना अङ्क	डिमेरिट
(क)	असुरक्षित वा डिफेक्टिभ सवारी चलाएमा	१० अङ्क	१ अङ्क
(ख)	ट्राफिक चिन्ह उल्लङ्घन गरी सवारी चलाएमा	२० अङ्क	१ अङ्क
(ग)	अरुलाई हानी पुग्ने गरी लापर्बाहीले सवारी चलाएमा	३० अङ्क	२ अङ्क

(घ)	स्वीकृत एक्सेलभन्दा बढी तौलको गाडी चलाएमा	-	२ अङ्क
(ङ)	निषेधित ठाउँबाट ओभरटेक गरेमा	३० अङ्क	२ अङ्क
(च)	मूल सडक, जक्सन आउँदा नरोकी सवारी चलाएमा	१५ अङ्क	१ अङ्क
(छ)	जेब्रा क्रसिङ्गमा पैदल यात्री सडक पार गरेको अवस्थामा सवारी नरोकी चलाएमा	१५ अङ्क	१ अङ्क
(ज)	लेन अनुसार सवारी नचलाएमा वा सङ्केत नदिई लेन परिवर्तन गरेमा वा सवारी मोडेमा	१० अङ्क	१ अङ्क
(झ)	सेन्टरको डवल लाइन क्रस गरी सवारी चलाएमा	१५ अङ्क	१ अङ्क
(ञ)	फुटपाथमा सवारी चलाएमा	३० अङ्क	२ अङ्क
(ट)	जक्सनमा ट्राफिक सिग्नल पालना नगरेमा	१५ अङ्क	१ अङ्क
(ठ)	ट्राफिक कन्ट्रोल डिभाइस नोक्सान गर्ने वा सो डिभाइसमा व्यापारिक विज्ञापन टास्नेलाई	१५ अङ्क	-
(ड)	राति बत्ती नबाली सवारी चलाएमा	२० अङ्क	१ अङ्क
(ढ)	सार्वजनिक सवारीमा यात्रीलाई खतरा हुने गरी सामान ढुवानी गरेमा	२० अङ्क	१ अङ्क

(ण)	एकतर्फी सडकमा अपोजिट डिरेक्सनमा गाडी चलाएमा	१५ अङ्क	१ अङ्क
(त)	स्वीकृतभन्दा बढी यात्री एवं सामान ढुवानी गरेमा	२० अङ्क	१ अङ्क
(थ)	स्वीकृतभन्दा बढी यात्री राखी दुई पाङ्ग्रे सवारी चलाएमा	१५ अङ्क	१ अङ्क
(द)	सिट बेल्ट वा हेलमेट नलगाई सवारी चलाएमा	१० अङ्क	१ अङ्क
(ध)	ट्राफिक इशारा उल्लङ्घन गरेमा	१५ अङ्क	१ अङ्क
(न)	घरपालुवा पशुपन्छी सडकमा छाडी सवारी आवागमनमा असुविधा पुऱ्याउने पशुपन्छी धनीलाई	५ अङ्क	-
(प)	गैरकानूनी काममा सवारी प्रयोग गरेकोमा	२५ अङ्क	३ अङ्क
(फ)	प्रशिक्षण अवधिमा तोकिएको किसिमभन्दा अर्को सवारी चलाएमा	२५ अङ्क	१ अङ्क
(ब)	तोकिएको बिसौनीभन्दा फरक ठाउँमा रोकी यात्री ओराले वा चढाएमा	२० अङ्क	१ अङ्क
(भ)	रोड परमिट देखाउन नसकेमा	१५ अङ्क	
(म)	यात्रीलाई टिकट नदिएमा	१० अङ्क	
(य)	चलिरहेको सवारीमा यात्री चढाउने वा ओराल्ने काम गरेमा	२० अङ्क	१ अङ्क

(र)	दुर्घटना पछि पालना गर्नु पर्ने कर्तव्य पालना नगरेमा	२५ अङ्क	२ अङ्क
(ल)	पार्किङ निषेध भएको ठाउँमा पार्किङ गरेको वा अरु गाडीलाई आवागमनमा बाधा पुग्ने गरी पार्किङ गरेमा	२० अङ्क	१ अङ्क
(व)	जेब्रा क्रसिङ्ग वा निर्धारित स्थानबाट मार्ग नकाटेर अन्य ठाउँबाट मार्ग काट्ने पैदल यात्रीलाई	२ अङ्क र प्रहरीबाट सचेत गराउने	
(श)	ट्राफिक सिग्नल एवं ट्राफिक इशारा नमानी सडकमा हिँड्ने पैदल यात्रीलाई	२ अङ्क र प्रहरीबाट सचेत गराउने	
(ष)	सडकमा फोहोर फाल्नेलाई	१० अङ्क	
(स)	सडक सीमाभित्र अनुमति विना कुनै किसिमको सूचना वा स्ट्रकचर खडा गर्नेलाई	२० अङ्क	
(ह)	सडक सीमाभित्र अनुमति विना शाखा सडक निजी ढल राख्नेलाई	५० अङ्क	
(क्ष)	चलिरहेको गाडीमा झुन्डिने वा चढ्ने वा ओर्लने यात्री र गाडी समातेर साइकल चढ्ने व्यक्तिलाई	१० अङ्क र प्रहरीबाट सचेत गराउने	
(त्र)	चोरीको गाडी चलाएमा वा जबरजस्ती धम्काएर गाडी नियन्त्रणमा लिई चलाएमा	५०० अङ्क	५ अङ्क

(कक)	सवारी चालक अनुमतिपत्र साथमा नलिई सवारी चलाएमा	१० अङ्क	१ अङ्क
(कख)	तोकिएको उमेरभन्दा कम वा बढीकाले सवारी चलाएमा	१० अङ्क	-
(कग)	सवारी चालक अनुमतिपत्र निलम्बन भएको बेलामा सवारी चलाएमा	५० अङ्क	-
(कघ)	दर्ता नभएको सवारी चलाएमा	१५० अङ्क	१ अङ्क
(कङ)	अधिकार प्राप्त अधिकारीले मागेको आवश्यक लिखत पेश नगरेमा	५० अङ्क	
(कच)	ट्याक्सीले मिटरमा देखाएकोभन्दा बढी भाडा लिएमा वा मिटरमा जान नमानेमा	१०० अङ्क	२ अङ्क
(कछ)	एम्बुलेन्स, वारुण यन्त्र जस्ता आपतकालीन प्रकृतिका सवारीलाई साइड नदिने सवारी चालकलाई	१० अङ्क	१ अङ्क
(कज)	सवारी चलाउँदा मोबाईल, एअरफोन वा दुवै प्रयोग गर्नेलाई	१० अङ्क	१ अङ्क
(कझ)	सवारी साधनमा चालक, परिचालकले अश्लील व्यवहार प्रदर्शन गरेमा	२० अङ्क	

(कञ)	राति सवारी साधनले एउटा मात्र बत्ती बाली सवारी चलाएमा	१० अङ्क	१ अङ्क
(कट)	सवारीले नियतबश अन्य सवारीको अगाडि वा पछाडिबाट बाधा पुऱ्याएमा	२० अङ्क	१ अङ्क
(कठ)	महिलाउपर अभद्र व्यवहार तथा गाली बेइज्जत गरी अपमान गरेमा	१ अङ्क	१ अङ्क
(कड)	सवारी धनीको नाम र ठेगाना तथा चालकको ठेगाना परिवर्तन भएको सात दिनभित्र अभिलेखमा नसच्याएमा	२० अङ्क	
(कढ)	हर्न निषेधित ठाउँमा हर्न बजाएमा	१० अङ्क	
(कण)	सवारी नियम उल्लङ्घन गरेका सवारी साधनलाई सो स्थानबाट हटाउन परेमा सोका लागि लाग्ने खर्च	लागत अनुसार	
(कत)	सवारी नियम उल्लङ्घन वा सवारी साधन नियन्त्रणमा लिई प्रहरीले पार्किङमा राख्नु परेमा	(पार्किङ शुल्क सवारी धनीले तिर्नु पर्ने लागत अनुसार)	

(२) उपदफा (१) बमोजिमको प्रति जरिबाना अङ्क बापतको रकम प्रदेश सरकारले समय समयमा तोके बमोजिम हुनेछ ।

स्पष्टीकरणः

(क) “जरिबाना अङ्क” भन्नाले प्रदेश सरकारले तोकेको प्रति जरिबाना अङ्क बराबरको रकम भन्ने सम्झनु पर्छ (हाललाई एक जरिबाना अङ्क बापत रु. ५० कायम गरिएको छ) ।

(ख) "डिमेरिट अङ्क" भन्नाले सवारी चालकलाई हुने थप सजायको अङ्क सम्झनु पर्छ, जुन अङ्क निश्चित सीमामा पुगेपछि चालकको अनुमति पत्र निलम्वन वा खारेज गर्ने आधार बन्नेछ।

(३) उपदफा (१) बमोजिम यातायात निरीक्षक वा प्रहरीले गरेको जरिबानाको रकम तत्काल बुझाउन नसक्नेलाई तीन दिन भित्र त्यस्तो रकम सम्बन्धित प्रहरी कार्यालय वा अधिकार प्राप्त अधिकारी समक्ष बुझाउन पूर्जी दिनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले उपदफा (१) मा उल्लिखित कसुर गर्दाको बखत निजलाई सजाय गर्न तत्काल घटनास्थलमा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृत नभएमा पनि घटनास्थलमा रहेको कुनै पनि प्रहरी जवानले त्यस्तो कसुर गर्नेलाई निजले गरेको कसुर खुलाई सो बापत निजलाई हुने जरिबानाको रकम तीन दिनभित्र सम्बन्धित प्रहरी कार्यालयमा बुझाउन पूर्जी दिनेछ।

(५) उपदफा (३) वा (४) बमोजिमको पूर्जी दिँदा त्यस्तो पूर्जीको नक्कल प्रतिमा सो पूर्जी बुझ्नेको सही समेत गराउनु पर्नेछ।

(६) उपदफा (३) वा (४) मा लेखिएको समयसम्म पनि अधिकार प्राप्त अधिकारी वा सम्बन्धित प्रहरी कार्यालय समक्ष त्यस्तो जरिबानाको रकम नबुझाएमा अधिकार प्राप्त अधिकारीले एक हजार रूपैयाँसम्म जरिबाना गरी त्यस्तो व्यक्ति चालक भए चालक अनुमतिपत्र, सवारी धनी वा व्यवस्थापक भए सवारीको मार्ग इजाजतपत्र वा निजहरूले यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र बढीमा एक महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम निलम्बन गरिएको अवधिसम्म पनि जरिबाना नबुझाएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र, मार्ग इजाजतपत्र वा यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र खारेज गर्न सक्नेछ।

परिच्छेद - १२

प्रदेश सार्वजनिक यातायात सञ्चालन

२००. **प्रदेश सार्वजनिक यातायातः** (१) सार्वजनिक यातायातको क्षेत्रलाई मूलतः सरकारको दायित्वका रुपमा लिँदै प्रदेश सरकारले नागरिकलाई सरल, सुलभ र सुविधायुक्त सार्वजनिक यातायात सेवा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवाको लागि प्रदेशले आवश्यकता अनुसार प्रदेशभित्र सुरक्षित, गुणस्तरीय एवं आधुनिक र ठूला सार्वजनिक सवारी साधन सञ्चालन गर्ने व्यवस्था गर्नेछ।

(३) मन्त्रालयले उपदफा (१) बमोजिमको सेवाको सञ्चालन सरकारी, साझेदारी, सार्वजनिक, सहकारी र निजी एवं संयुक्त लगानीमा गर्ने व्यवस्था मिलाउनेछ।

(४) उपदफा (३) बमोजिम सञ्चालन गरिने सार्वजनिक यातायातमा वातावरणमैत्री तथा विद्युतीय सवारीलाई प्राथमिकता दिनु पर्नेछ।

(५) प्रदेशस्तरमा सरकारी बस कम्पनी दर्ता गरी सोही कम्पनी मार्फत प्रदेश सरकारले सार्वजनिक यातायात सञ्चालनमा ल्याउन सक्नेछ।

(६) उपदफा (१) बमोजिमको सवारीलाई प्रदेश सरकारले तोके बमोजिम छुट एवं सहुलियत प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(७) सार्वजनिक यातायात सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद - १३

विविध

२०१. **हानि नोक्सानी पुऱ्याउन नहुनेः** कसैले सवारीमा रहेका चालक, परिचालक, सुरक्षाकर्मी, सवारीका अन्य कर्मचारी वा यात्रीलाई पिट्ने, सवारी रोक्ने, सवारी तोडफोड गर्ने वा अन्य कुनै किसिमले त्यस्तो सवारी वा सवारीमा रहेका मानिस वा मालसामानलाई कुनै हानि नोक्सानी पुऱ्याउने काम गर्न, गराउन हुँदैन।

२०२. **सवारी धनी वा व्यवस्थापकले तिर्नु पर्नेः** कुनै चालकले लापर्बाही गरी वा बदनियतपूर्वक यो ऐन वा यस ऐन अन्तर्गतको नियम वा आदेशको उल्लङ्घन गरेकोमा बाहेक अन्य अवस्थामा यस ऐन बमोजिम त्यस्तो चालकले तिर्नु पर्ने जरिबाना, घा खर्च, किरिया खर्च वा क्षतिपूर्तिको रकम सम्बन्धित सवारी धनी वा व्यवस्थापकले तिरिदिनु पर्नेछ।

२०३. **क्षतिपूर्ति दिनु पर्नेः** दुई सवारी साधन जुध्दा हुन गएको क्षति बापत ट्राफिक नियम उल्लङ्घन गर्ने पक्षले अर्को पक्षलाई दफा १९७ बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ।

२०४. **सजाय नहुनेः** दफा १९५ र १९६ मा लेखिएको अवस्थामा बाहेक अन्य अवस्थामा चालकको काबू बाहिरको परिस्थितिबाट दुर्घटना भई कुनै हानि नोक्सानी पुग्न गएको रहेछ भने त्यस्तो सवारी चलाउने चालकलाई कुनै सजाय हुने छैन।

२०५. **प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात सेवा सञ्चालन गर्ने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वच्छ प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात व्यवसायको विकास गर्नको लागि सार्वजनिक सवारीलाई चक्रप्रणाली वा यस्तै अन्य नियन्त्रणात्मक प्रणाली अन्तर्गत यातायात सेवा सञ्चालन गर्ने गरी इजाजतपत्र प्रदान गरिने छैन।

२०६. **कम्पनीमा दर्ता गर्नु पर्नेः** (१) सार्वजनिक यातायातका सवारी यस ऐन र प्रचलित कानून बमोजिम कम्पनीमा दर्ता गरेर मात्र सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) सम्बन्धी मापदण्ड लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०७. **सुक्खा बन्दरगाह सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले कुनै स्थानमा सुक्खा बन्दरगाह निर्माण र सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सुक्खा बन्दरगाह निर्माण तथा सञ्चालनमा सरकारी, सार्वजनिक सहकारी एवं संयुक्त लगानीमा गर्ने व्यवस्था मिलाइनेछ।

(३) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०८. **निर्देशन दिन सक्नेः** प्रदेश सरकार वा मन्त्रालयले यातायात व्यवस्थापन समिति, अधिकार प्राप्त अधिकारी एवं यातायात व्यवसायीहरूलाई यातायात

व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक निर्देशन दिन सक्नेछ। यसरी दिइएको निर्देशनको पालना गर्नु निजहरूको कर्तव्य हुनेछ।

२०९. **अधिकार प्रत्यायोजनः** यस ऐन बमोजिम मन्त्रालयले वा अधिकार प्राप्त अधिकारीले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकतानुसार कुनै वा सबै अधिकार कुनै समिति, अधिकारी, यातायात निरीक्षक वा प्रहरीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२१०. **पुनरावेदनः** (१) यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारी, प्रहरी वा यातायात निरीक्षकले गरेको निर्णय वा सजायको आदेश उपर मन्त्रालय समक्ष पुनरावेदन लाग्नेछ।

(२) यस ऐन बमोजिम मन्त्रालयले गरेको निर्णय वा आदेश उपर सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन लाग्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १९४ को उपदफा (१) बमोजिम अधिकार प्राप्त अधिकारीले गरेको निर्णय तथा आदेशउपर सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन लाग्नेछ।

२११. **उजुर गर्ने हदम्याद र पुनरावेदन म्यादः** (१) दफा १९५ अन्तर्गतको कसुरको हकमा मुलुकी अपराध संहिता, २०७४ को ज्यान सम्बन्धी कसुरको परिच्छेदमा उल्लिखित म्यादभित्र, दफा १९७ अन्तर्गतको कसुरको हकमा मुलुकी अपराध संहिता, २०७४ को कुटपिट तथा अङ्गभङ्ग सम्बन्धी कसुरको परिच्छेदमा उल्लिखित म्यादभित्र र यस ऐन अन्तर्गतका अन्य कसुरको हकमा कसुर भएको मितिले तीस दिनभित्र उजुर गर्नु पर्नेछ।

(२) दफा १९५ र १९६ अन्तर्गतका कसुरका सम्बन्धमा बाहेक यस ऐन अन्तर्गतका अन्य कसुरका सम्बन्धमा निर्णय वा आदेशको सूचना पाएको मितिले पैँतिस दिनभित्र पुनरावेदन दिनु पर्नेछ।

२१२. **सहयोग पुऱ्याउनु पर्नेः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको कुनै आदेश कार्यान्वयन गर्ने सन्दर्भमा अधिकार प्राप्त अधिकारीले वा यातायात निरीक्षकले कुनै किसिमको सहयोग मागेमा निजहरूलाई त्यस्तो सहयोग पुऱ्याउने कर्तव्य प्रहरी लगायत सम्बन्धित सबैको हुनेछ।

२१३. **अन्य सवारी साधनको चालकले यस ऐनको पालना गर्नु पर्नेः** यस ऐन बमोजिम

दर्ता गर्नु नपर्ने वा चालक अनुमतिपत्र लिन नपर्ने खालका सवारीको रुपमा प्रयोग हुने साइकल, रिक्सा, ठेला, जस्ता साधनहरू चलाउँदा दफा १३६ र यो ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशद्वारा निर्धारित ट्राफिक सङ्केतको पालना गर्नु पर्छ ।

२१४. **असल नियतले गरेको कामको बचाउः** अधिकार प्राप्त अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको समिति, अधिकारी, यातायात निरीक्षक, प्रहरी कर्मचारी वा सम्बन्धित कुनै कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तव्य पालना गर्दा असल नियतले गरेको काम कारबाहीमा निज व्यक्तिगत रूपमा जबाफदेही हुने छैन ।

२१५. **विशेष अधिकारः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सवारीको सम्बन्धमा यस ऐनको कुनै व्यवस्था तोकिएको अवधिसम्म लागु नहुने गरी प्रदेश सरकारले छुट दिन सक्नेछ ।

२१६. **सरकारवादी हुनेः** (१) दफा १४९, १९५, १९६ र २०१ अन्तर्गतको मुद्दा सरकारवादी हुनेछ र सो मुद्दा मुलुकी अपराध संहिता, २०७४ को अनुसूची-१ मा परेको मानिनेछ ।

(२) दफा १४२ र दफा १९४ को उपदफा (१) अन्तर्गत सजाय हुने मुद्दामा प्रदेश सरकार वादी हुनेछ र त्यस्तो मुद्दा तोकिएको अधिकारीले अनुसन्धान र तहकिकात गरी दायर गर्नेछ ।

२१७. **दुर्घटनाको अभिलेख राख्नु पर्नेः** प्रहरीले जुनसुकै दुर्घटनाको तुरुन्त स्वीकृत ढाँचामा फर्म भरी इन्टरनेट प्रविधि प्रयोग गरी सम्बधित प्रहरी र यातायात कार्यालयमा पठाउनु पर्छ र यसको सहजीकरणका लागि मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

२१८. **परिचयपत्रको व्यवस्था गर्नु पर्नेः** सार्वजनिक यातायातलाई व्यवस्थित गर्न सम्बन्धित यातायात व्यवसायीले आफ्ना कर्मचारी तथा मजदुरहरूको लागि परिचयपत्र उपलब्ध गराई निजहरूलाई मन्त्रालयले तोके बमोजिमको पोसाकको व्यवस्था गर्नु पर्छ ।

२१९. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी

आदेश जारी गरी त्यस्तो बाधा अड्काउ हटाउन सक्नेछ।

२२०. **अनुसूचीमा हेरफेर गर्न सक्ने:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

२२१. **नियम बनाउने अधिकार :** यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

अनुसूची -१
(दफा ३, ४, ५, ६ ७, ८, ९ सँग सम्बन्धित)

<u>सवारीको वर्गीकरण</u>

(क) ठूला सवारीः- बस (२६ सिट क्षमताभन्दा माथि) डवल बस,डेकर बस, ट्रली बस, इलेक्ट्रिक बस, ट्रक, ट्याङ्कर, टीफर, लरी, ट्रान्जिट मिक्सर, निर्माण उपकरण आदि।

(ख) मझौला सवारीः- मिनी बस (१५ देखि २५ सिट क्षमताको), मिनिट्रक, मिनी ट्याक्टर, मिनी टिफर आदि।

(ग) सानो सवारीः- माइक्रो, कार, ट्याक्सी, जीप, भ्यान, पिकप, टेम्पो, ट्रेलर
स्पष्टीकरणः "ट्रेलर" भन्नाले यान्त्रिक शक्तिबाट चल्ने सवारीबाट तानेर लगिने गरी बनाइएको सवारी सम्झनु पर्छ।

(घ) दुई पाङ्ग्रे सवारीः मोटरसाइकल, मोपेड, स्कुटर, व्याट्रीबाट सञ्चालन हुने दुई पाङ्ग्रे सवारी
स्पष्टीकरणः

(१) "मोटरसाइकल" भन्नाले दुई पाङ्ग्रे प्रोपेल इन्जिन फिट भएको सवारी सम्झनु पर्छ।

(२) "मोपेड भन्नाले" दुई पाङ्ग्रे आन्तरिक कम्बसन इन्जिन फिट भएको, पचास सीसीभन्दा कम पावर भएको सवारी सम्झनु पर्छ।

(३) व्याट्रीवाट सञ्चालन हुने दुई पाङ्ग्रे सवारी भन्नाले ३५१ वाट भन्दा माथिको क्षमता र ३० कि.मि. प्रति घण्टा भन्दा बढि गति भएको सवारी सम्झनु पर्छ र यो भन्दा कम क्षमता र गति भएकोलाई विद्युतीय साईकल भन्ने सम्झनु पर्छ।

(ङ) निर्माण उपकरण सम्बन्धी सवारीः स्काभेटर, व्याकहो, ड्रोजर, बुलडोजर, लोडर, भाइब्रेटोरी, कम्प्याक्ट्र, न्युम्याटिक टायर कम्प्याक्टर, रोलर, हारभेस्टर, स्क्रापर, माइनिङ ट्रक, डम्फर, ग्रेडर, अस्फाल्ट पेभर, मोबाइल क्रसर, अस्फाल्ट डिष्ट्रिव्युटर, कंक्रिट ब्याचप्लान्ट, ट्रक क्रेन, फोर्कलिफ्ट, स्ट्रिट स्वीपर आदि।

(च) स्पेशल सवारीः बारूण यन्त्र, एम्बुलेन्स, आर्मर्ड सवारी (बुलेटप्रुफ) आदि।

(छ) अफरोड सवारीः फोरहुइल ड्राइभ (जीप, पिकअप आदि)

स्पष्टीकरणः

(१) "रोड ट्र्याक्टर" भन्नाले यान्त्रिक शक्तिबाट चल्ने ट्रेलर एवं विग्रिएको सवारी तान्न बनाइएको साधन सम्झनु पर्छ।

(२) "कृषि ट्र्याक्टर" भन्नाले यान्त्रिक शक्तिबाट चल्ने विभिन्न कृषि सम्बन्धी काम गर्ने एवं कृषि सामग्री ओसार्ने सवारी सम्झनु पर्छ।

(३) "पावर ट्रेलर" भन्नाले कृषिको लागि बनाइएको दुई पाङ्ग्रे सवारी, ट्रेलर जोड्दा सामान पनि ढुवानी गर्ने, बढीमा २४ कि.मि. प्रति घण्टा गुड्न सक्ने सवारी सम्झनु पर्छ।

अनुसूची-२

(परिच्छेद-२ सँग सम्बन्धित)

सवारीको इम्बोस्ड नम्बर प्लेट

(क) व्यवसायिक सवारीसँग सम्बन्धित कालो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

(ख) पर्यटक सवारीः- हरियो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

(ग) गैर व्यवसायिक सवारी दर्तासँग सम्बन्धित रातो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

(घ) सरकारी सवारीः- सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनु पर्नेछ।

(ङ) सरकारी स्वामित्व भएको संगठित संस्था वा संस्थानको सवारीः- पहेंलो प्लेटमा निलो अक्षर र अङ्कमा हुनु पर्नेछ।

(च) कूटनीतिक सवारीः- निलो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

अनुसूची-३

(दफा-२१ सँग सम्बन्धित)

सवारी दर्ता प्रमाणपत्रको ढाँचा

प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

यातायात व्यवस्था कार्यालय

सवारी दर्ता नं. :-

सवारीको किसिम :-

दर्ता मिति :-

सवारी धनीको नाम, थर :-

वतन :-

सवारी धनीको हस्ताक्षर :-

अधिकृतको सही :-...............

दर्ता गर्ने अधिकारीको

सवारी धनीको फोटो

हस्ताक्षर :-

मिति :-

नामसारी भएको मिति.......

सवारी धनीको फोटो

सवारी धनीको नाम, थर, वतन :-............

....

नामसारी गर्ने अधिकारीको

हस्ताक्षरः-

प्रमाणपत्रको नवीकरण

नवीकरण गरेको मिति	नवीकरण म्याद पुग्ने मिति	नवीकरण गर्ने अधिकारीको सही

सवारीको विस्तृत विवरणः-

१. कम्पनीको नामः-
२. सवारीको मोडेल (साल):-
३. सिलिण्डर सङ्ख्याः-
४. हर्ष पावर/सी.सी.:-
५. चेसिस नम्बरः-
६. इन्जिन नम्बरः-
७. सवारीको रङ्गः-
८. सिट क्षमता (चालक सहित):-
९. वजनः-
१०. पेट्रोल/डिजेलः-
११. रेडियो, क्यासेट प्लेयर, टेलिफोन आदि छ छैनः-
१२. कुन कम्पनी वा मानिसबाट खरिद गरेको हो सो कम्पनी वा मानिसको नामः-
१३. प्रयोगः-
१४. चलाउने क्षेत्रः-
१५. भन्सार प्रमाणः-

सवारी जाँचेको

सवारी जाँचेको मिति	नवीकरणको म्याद पुग्ने मिति	जाच्ने अधिकारीको सही	कैफियत

अनुसूची-४

(दफा २६ सँग सम्बन्धित)

प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

यातायात व्यवस्था कार्यालय

पत्र सङ्ख्या :-

मिति :-..................

चलानी नं. :-.......... शाखा............

प्राप्त पत्र सङ्ख्या र मिति :-

विषय :- अस्थायी नम्बर ।

श्री.....................

उपर्युक्त सम्बन्धमा व्यक्ति/फर्म/कम्पनीले यस कार्यालयमा मिति .... मा दिएको मन्त्रालयले र सो साथ संलग्न प्रमाणहरूको आधारमा निम्न बमोजिम विवरण भएको सवारी तोकिएको अवधिसम्मको निमित्त अस्थायी नम्बर दिइएको छ ।

१. सवारी धनीको नाम, थर, वतन :-
२. दिइएको अस्थायी नम्बर :-
३. अस्थायी नम्बरको अवधि :-
४. भन्सारको प्रमाण :-
५. सवारी निर्माता :-
६. सवारीको किसिम :-
७. सिलिण्डर सङ्ख्या :-
८. हर्स पावर/सी.सी. :-
९. चेसिस नम्बर :-
१०. इन्जिन नम्बर :-
११. सवारीको रङ्ग :-
१२. सिट क्षमता (चालक सहित) :-
१३. वजन :-
१४. पेट्रोल/डिजेल :-
१५. सवारीको पूरानो प्लेट नम्बर :-

अनुसूची-५

(दफा ५४ सँग सम्बन्धित)

प्रदेश सरकार

Provincial Government

सवारी चालक अनुमतिपत्र

Driving Licence

नम्बर :-

Number:-

नाम :-

Name :–

जारी मिति :-	म्याद समाप्त मिति :-
Date of Issue :–	Date of Expiry :–
ना.प्र. नं. :-	रक्त समूह :-
Citizenship Number	Blood Group

बुवा/आमा/पति/पत्नीको नाम :-

Father/Mother/Husband/Wife :–

ठेगाना :-

Address :–

तपाईलाई निम्न बमोजिमको सवारीहरूको चालक अनुमतिपत्र दिइएको छः

The Holder of this Licence is authorized to drive the following vehicles .

क. A	मोटर साइकल, स्कुटर, मोपेड Motor Cycle, Scooter, Moped	च. F	मिनी बस, मिनी ट्रक Mini Bus, Mini Truck
ख B	कार, जीप, डेलिभरी भ्यान Car, Jeep, Delivery Van	छ G	ट्रक, बस, लहरी Truck, Bus, Lorry
ग C	टेम्पो, अटोरिक्सा Tempo, Auto Rikshaw	ज H	रोडरोलर, डोजर Road Roller, Dozer
घ D	पावर टिलर Powertillar	झ I	क्रेन, दम्कल, लोडर Crane, Fire Brigade, Loader
ङ E	ट्याक्टर Tractor	ञ J	अन्य Other

जारी गर्ने अधिकारी	सवारी चालकको दस्तखत
Issued by:	Licence Holder Signature

कारबाही Offences

अनुसूची-६

(दफा ७२ सँग सम्बन्धित)

प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

यातायात व्यवस्था कार्यालय

सवारी परिचालक अनुमतिपत्र

अ. पत्र. नं.

जारी मिति	म्याद समाप्त मिति

(१) नाम :-

ना.प्र.प. नं. :-

बुवा/आमा/पति/पत्नीको नाम :-

ठेगाना :-

तपाईलाई निम्न बमोजिमको सवारीहरूको

परिचालक अनुमतिपत्र दिइएको छ :-

(क) बस

(ख) मिनीबस

(ग) ट्रक

पासपोर्ट नं. :-

रक्त समूह :-

सवारी परिचालकको सहीः-

(२) ठेगानाः-

(३) कारोबारको मुख्य स्थानः-

(४) सञ्चालन गर्ने सेवाको किसिमः-

(५) धनी/साझेदार/सञ्चालक (मुख्य व्यक्ति) को नाम, थर र दर्जाः-

(६) ठेगानाः-

....

(मुख्य व्यक्तिको सही) (निर्देशकको सही)

नामसारी

ठेगानाः-

सवारी धनी वा व्यवस्थापकको दस्तखत :-

सवारीको किसिम :-

क्षमता :- .... सवारी नम्बर :-..................

चेसिस नम्बर :-

२०७५ को मन्त्रालयले र मिति को दर्ताको प्रमाणपत्र अनुसार श्री .... को नामबाट .... बस्ने श्री .... को नाउँमा नामसारी गरिएको छ।

अधिकारीको दस्तखत :-

मिति :-

इजाजतपत्र पाएको क्षेत्र (मार्ग)	वहाल अवधि	इजाजतपत्र दिने वा नवीकरण गर्ने अधिकारीको दस्तखत र मिति

अनुसूची-७
(दफा ८६ सँग सम्बन्धित)

<u>मार्ग इजाजतको ढाँचा</u>

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था कार्यालय

इजाजत दिने अधिकारीको
नाम :-
दर्जा :-
दस्तखत :-
मिति :-
चेसिसको लम्बाई :-
इन्जिन नम्बर :-
मोडेल :-
सवारी निर्माण गर्ने कम्पनी वा संस्थानको नाम र ठेगाना :-
बडी तयार गर्ने कारखानाको नाम ठेगाना :-
इजाजत पत्र नं. :-
सवारीको किसिम :-
सवारी धनी वा व्यवस्थापकको नाम :-

.... देखि .... सम्मको मार्ग इजाजत पत्र दिइएको छ।

अनुसूची-८

(दफा १०७ सँग सम्बन्धित)

यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको ढाँचा

प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

यातायात व्यवस्था कार्यालय

फोटो

दर्ता :-

दर्ता मिति :-

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा १०७ अनुसार देहायको सेवा सञ्चालन गर्न यो अनुमतिपत्र दिइएको छ।

(१) व्यक्ति/फर्म/कम्पनीको नामः-

(२) सेवाको किसिम :-

(३) सवारीको किसिम :-

(४) सवारी साधनको सङ्ख्याः-

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८

प्रमाणीकरण र प्रकाशन मिति

२०७९।०१।०५

संवत् २०७९ सालको ऐन नं.०२

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: प्रदेश सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन तथा व्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च, आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखा परीक्षण तथा अन्य आर्थिक गतिविधिलाई व्यवस्थित गरी प्रदेश वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउन, समष्टिगत आर्थिक स्थायित्व कायम गर्न र प्रदेशको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद- १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अन्तिम लेखा परीक्षण" भन्नाले महालेखापरीक्षकको कार्यालयबाट संविधानको धारा २४१ बमोजिम हुने लेखा परीक्षण सम्झनु पर्छ।

(ख) "अनुदान सङ्केत" भन्नाले प्रदेश मन्त्रालय वा सो सरहको क्षेत्राधिकार भएका सचिवालय तथा आयोगको कार्य प्रकृति र संगठन समेत छुट्टिने गरी दिइएको सङ्केत सम्झनु पर्छ।

(ग) "असुल उपर गर्नुपर्ने रकम" भन्नाले लेखा परीक्षण हुँदा प्रचलित कानून बमोजिम भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा बढी हुनेगरी भुक्तानी दिएको वा घटी रकम असुल गरेको कारणबाट असुल उपर गर्नुपर्ने भनी ठहऱ्याएको बेरुजु रकम सम्झनु पर्छ र सो शब्दले हिनामिना वा मस्यौट गरेको रकम तथा प्रदेश सरकारलाई तिर्नु बुझाउनु पर्ने अन्य कुनै रकमलाई समेत जनाउँछ।

(घ) "आन्तरिक लेखा परीक्षण" भन्नाले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा एकाई कार्यालयबाट सम्बन्धित कार्यालयको उद्देश्य अनुरूपका कार्यसम्पादनसँग सम्बन्धित कानून, व्यवस्थापकीय अभ्यास, लेखा तथा अन्य कारोबार र सोसँग सम्बन्धित कागजात एवं प्रक्रियाको जाँच, परीक्षण, विश्लेषणका साथै आन्तरिक नियन्त्रण प्रणालीको समग्र मूल्याङ्कन गरी प्रतिवेदन गर्ने कार्य सम्झनु पर्छ।

(ङ) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्षको साउन महिनाको एक गतेदेखि अर्को वर्षको असार महिनाको मसान्तसम्मको बाह्र महिनाको अवधि सम्झनु पर्छ।

(च) "एक तह माथिको अधिकारी" भन्नाले कार्यालय प्रमुखको हकमा सम्बन्धित विभागीय प्रमुख, विभागीय प्रमुखको हकमा सम्बन्धित मन्त्रालयका सचिव, सचिवको हकमा सम्बन्धित मन्त्री, अन्य निकायको सचिव वा प्रशासकीय प्रमुखको हकमा सम्बन्धित निकायको प्रमुख सम्झनु पर्छ।

(छ) "कार्यालय" भन्नाले प्रदेश मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रदेश लोकसेवा आयोग, मुख्य

न्यायाधिवक्ताको कार्यालय, नीति तथा योजना आयोग, प्रदेश प्रहरी र प्रदेश अन्तर्गतका सबै सरकारी कार्यालय वा निकाय सम्झनु पर्छ ।

(ज) “कार्यालय प्रमुख” भन्नाले कार्यालयको प्रशासकीय प्रमुख भई कामकाज गर्ने तोकिएको पदाधिकारी सम्झनु पर्छ ।

(झ) “कारोबार” भन्नाले सरकारी चल, अचल, नगदी तथा जिन्सी धनमाल जिम्मा लिई प्रचलित कानून बमोजिम निर्धारित काममा गरिने खर्च वा दाखिला सम्बन्धी सम्पूर्ण काम सम्झनु पर्छ र सो शब्दले वित्तीय हस्तान्तरण, राजस्व सङ्कलन र दाखिला गर्ने, अनुदान तथा ऋण प्राप्ति गर्ने, खर्च गर्ने तथा धरौटी, कार्य सञ्चालन कोष लगायत अन्य कोष समेतसँग सम्बन्धित सम्पूर्ण आर्थिक कारोबार सम्झनु पर्छ ।

(ञ) “कोष तथा लेखा नियन्त्रक कार्यालय” भन्नाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २ को खण्ड (ञ) बमोजिमको कार्यालय सम्झनु पर्छ ।

(ट) “जिम्मेवार व्यक्ति” भन्नाले लेखा उत्तरदायी अधिकृतबाट प्राप्त अख्तियारी बमोजिम वा यस ऐन बमोजिम निर्धारित कार्य सञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, आन्तरिक वा अन्तिम लेखा परीक्षण गराई बेरुजु फछ्र्यौट गर्ने वा गराउने, सरकारी नगदी, जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने वा गराउने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले सरकारी कामको लागि सरकारी नगदी वा जिन्सी लिई वा नलिई सो काम फछ्र्यौट गर्ने जिम्मेवारी भएको गैर सरकारी

व्यक्तिलाई समेत जनाउँछ।

(ठ) "तालुक कार्यालय" भन्नाले सम्बन्धित कार्यालय भन्दा माथिल्लो तहको कार्यालय सम्झनु पर्छ।

(ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ढ) "नीति तथा योजना आयोग" भन्नाले गण्डकी प्रदेशको नीति तथा योजना आयोग सम्झनु पर्छ।

(ण) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको सम्बन्धित मन्त्रालय सम्झनु पर्छ।

(त) "प्रदेश सञ्चित कोष" भन्नाले संविधानको धारा २०४ बमोजिमको प्रदेश सञ्चित कोष सम्झनु पर्छ।

(थ) "प्रदेश लेखा नियन्त्रक कार्यालय" भन्नाले प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने, प्रदेशको आर्थिक प्रशासन सञ्चालन गर्न निर्देशन दिने, प्रदेश लेखा तयार गर्ने वा गराउने, प्रदेश मातहतका कार्यालयको आन्तरिक लेखा परीक्षण गर्ने वा गराउने तथा प्रदेशको एकीकृत वित्तीय विवरण तयार गरी अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षक समक्ष पेश गर्न तोकिएको कार्यालय सम्झनु पर्छ।

(द) "बेरुजु" भन्नाले प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासीब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखा परीक्षण गर्दा औंल्याएको वा ठहऱ्याएको कारोबार सम्झनु पर्छ।

(ध) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक सम्झनु पर्छ र सो शब्दले नेपाल राष्ट्र बैंकको अधिकार प्रयोग गर्ने गरी नेपाल राष्ट्र बैंकले सरकारी कारोबार गर्न तोकिदिएको

वाणिज्य बैंकलाई समेत जनाउँछ।

(न) "मन्त्री" भन्नाले मन्त्रालयको विभागीय मन्त्री सम्झनु पर्छ र सो शब्दले विभागीय मन्त्रीको रूपमा कामकाज गर्ने राज्यमन्त्रीलाई समेत जनाउँछ।

(प) "महालेखा नियन्त्रक कार्यालय" भन्नाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २ को खण्ड (न) बमोजिमको कार्यालय सम्झनु पर्छ।

(फ) "लेखा" भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने प्रारम्भिक प्रविष्टिको गोश्वारा भौचर तथा सो आधारमा तयार गरिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित वा सम्पुष्टि गर्ने प्रमाण कागजात र सोको आधारमा तयार गरिने वित्तीय विवरण तथा प्रतिवेदन सम्झनु पर्छ र सो शब्दले विद्युतीय माध्यमबाट राखिएको अभिलेख वा कारोबारलाई प्रमाणित गर्ने विद्युतीय अभिलेखलाई समेत जनाउँछ।

(ब) "लेखा उत्तरदायी अधिकृत" भन्नाले आफ्नो र मातहत कार्यालयको आर्थिक प्रशासन सञ्चालन गर्ने, वार्षिक बजेट तयार गर्ने र बजेट निकासा प्राप्त गरी खर्च गर्ने अधिकार सुम्पने, लेखा राख्ने वा राख्न लगाउने, वित्तीय विवरण तयार गर्ने वा गराउने, विनियोजन, राजस्व, धरौटी र जिन्सी समेतको आन्तरिक र अन्तिम लेखा परीक्षण गराउने, बेरुजु नियमित गर्ने वा गराउने, असुल उपर गर्ने वा गराउने, मिनाहा गर्ने वा गराउने र बजेट तथा कार्यक्रमले निर्धारण गरेका लक्ष्य अनुरूपको प्रतिफल प्राप्त गर्ने वा गराउने जिम्मेवारी रहेको प्रशासकीय प्रमुखको रूपमा कार्यरत सचिव सम्झनु पर्छ।

(भ) "विनियोजन" भन्नाले प्रदेश विनियोजन ऐन, उधारो खर्च ऐन वा पेश्की खर्च ऐनद्वारा निर्दिष्ट सेवा र कार्यहरूको लागि विभिन्न शीर्षकमा विभिन्न कार्यालयलाई खर्च गर्न विनियोजन भएको रकम सम्झनु पर्छ र सो शब्दले पूरक विनियोजन ऐन र पूरक उधारो खर्च ऐन बमोजिम विनियोजन भएको रकमलाई समेत जनाउँछ।

(म) "वित्तीय उत्तरदायित्व" भन्नाले वित्त सम्बन्धी प्रतिफलमा सुधार गर्न, वित्तीय अनुशासन, पारदर्शिता तथा जवाफदेहिता कायम गर्न वहन गर्नुपर्ने जिम्मेवारी, जवाफदेहिता तथा सोबाट प्राप्त हुने प्रतिफलप्रतिको उत्तरदायित्व तथा परिपालन सम्झनु पर्छ।

(य) "वित्तीय विवरण" भन्नाले नेपाल सरकारले स्वीकृत गरेको लेखामान बमोजिम कुनै निश्चित अवधिमा भएको कारोबारको समष्टिगत स्थिति दर्शाउने उद्देश्यले शीर्षकसमेत खुल्ने गरी तोकिएको लेखामान बमोजिम तयार गरिएको विवरण सम्झनु पर्छ र सो शब्दले कारोबारको स्थिति दर्शाउने गरी शीर्षकको आधारमा बनाइएको बजेट अनुमान, निकासा, खर्च, आम्दानी, दाखिला र बाँकी रकम समेत खुलाइएको प्राप्ति र भुक्तानी विवरण तथा तोकिएका अन्य विवरण र सोसँग सम्बन्धित लेखा टिप्पणी तथा खुलासालाई समेत जनाउँछ।

(र) "सचिव" भन्नाले प्रदेश मन्त्रालयको सचिव सम्झनु पर्छ र सो शब्दले सचिवालय तथा आयोगका सचिवलाई समेत जनाउँछ।

(ल) "सम्परीक्षण" भन्नाले आन्तरिक वा अन्तिम लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुको सम्बन्धमा

पेश हुन आएका स्पष्टीकरण वा प्रतिक्रिया साथ सङ्लग्न प्रमाण तथा कागजातको आधारमा गरिने फछ्यौंट सम्बन्धी कार्यलाई सम्झनु पर्छ र सो शब्दले प्रदेश सभाको सार्वजनिक लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने फछ्र्यौटलाई समेत जनाउँछ।

(व) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(श) "संघीय सञ्चित कोष" भन्नाले संविधानको धारा ११६ बमोजिमको संघीय सञ्चित कोष सम्झनु पर्छ।

(ष) "सार्वजनिक जवाफदेहीको पद" भन्नाले पारिश्रमिक ठेकिएको वा नठेकिएको भए तापनि कुनै रूपमा नियुक्त हुने वा निर्वाचित हुने वा मनोनयन हुने कानूनी मान्यताप्राप्त सार्वजनिक काम, कर्तव्य र अधिकार भएको पद सम्झनु पर्छ।

(स) "स्थानीय सञ्चित कोष" भन्नाले संविधानको धारा २२९ बमोजिमको स्थानीय सञ्चित कोष सम्झनु पर्छ।

परिच्छेद-२

प्रदेश सञ्चित कोषको सञ्चालन र एकीकृत वित्तीय विवरण

३. **प्रदेश सञ्चित कोषको सञ्चालन :** (१) संविधान, यो ऐन र अन्य प्रचलित कानूनको अधीनमा रही प्रदेश सञ्चित कोषको सञ्चालन प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्नेछ।

(२) प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रूपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

(३) प्रदेश सञ्चित कोष तथा अन्य सरकारी कोषको सञ्चालनको लागि प्रदेश लेखा नियन्त्रक कार्यालयले कुनै कार्यालय वा

बैंकलाई जिम्मेवारी तोक्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको जिम्मेवारी पालन गर्नु वा गराउनु सम्बन्धित कार्यालय वा बैंकको कर्तव्य हुनेछ।

(५) प्रदेश सञ्चित कोष तथा अन्य सरकारी कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **स्थानीय तहको वित्तीय तथा एकीकृत वित्तीय विवरणः** (१) स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा एकाइ कार्यालयमा पठाउनु पर्नेछ।

(२) प्रदेश लेखा नियन्त्रक कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयलाई नेपाल सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम तथा प्रदेश सरकारको आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण र उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा प्रदेशभित्रका स्थानीय तहको आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण तयार गरी अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(३) प्रदेश सञ्चित कोष तथा अन्य सरकारी कोषको एकीकृत वार्षिक वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

(४) उपदफा (१) र (२) बमोजिमको विवरण पठाउँदा महालेखापरीक्षकले तोकेको ढाँचामा पठाउनु पर्नेछ।

(५) अर्थ मन्त्रालयले उपदफा (२) बमोजिम प्राप्त एकीकृत वित्तीय विवरण प्रत्येक वर्षको पौष मसान्तभित्र सार्वजनिक गर्नु पर्नेछ।

(६) एकीकृत वित्तीय विवरण तयार गर्ने तथा सार्वजनिक गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-३

राजस्व र व्ययको अनुमान

५. **मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने**: (१) नीति तथा योजना आयोगले आवधिक योजनाको आधारमा प्रत्येक आर्थिक वर्षमा तीन वर्ष अवधिको मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्नु पर्नेछ ।

(२) प्रत्येक प्रदेश मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी नीति तथा योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम नीति तथा योजना आयोगले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाकाको साथै प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति एकाइ लागत, आयोजना वा कार्यक्रम सञ्चालनमा लाग्ने अनुमानित समय तथा सोबाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्नेछ।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि "प्रस्तावित आयोजना वा कार्यक्रम" भन्नाले सम्भाव्यता अध्ययन तथा विस्तृत अध्ययन प्रतिवेदन तयार भई सकेको वा सम्भाव्यता अध्ययन गरेर कार्यान्वयन गर्न सकिने आयोजना बैङ्कमा प्रविष्ट भएका आयोजना वा कार्यक्रमको विवरण र त्यस्तो आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि तयार गरिएको लागत अनुमानको पुष्ट्याई सहितको क्रियाकलाप सम्झनु पर्छ।

(४) मध्यमकालीन खर्च संरचना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **स्रोत अनुमान र खर्चको सीमा निर्धारण गर्नु पर्ने**: (१) नीति तथा योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वानुमान चालु आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि नीति तथा योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा एक प्रदेश स्रोत अनुमान समिति रहनेछ।

(३) उपदफा (२) बमोजिमको समितिले आवधिक योजनामा प्रक्षेपित लगानी तथा वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक वर्षको लागि प्रदेशको स्रोत अनुमान गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम स्रोत अनुमान गर्दा गत आर्थिक वर्षको वार्षिक र चालु आर्थिक वर्षको छ महिनाको समष्टिगत आर्थिक परिसूचक, आगामी आर्थिक वर्षहरूमा उपलब्ध हुन सक्ने राजस्व, विकास सहायता र आन्तरिक ऋण लगायतका प्रदेश सञ्चित कोषमा जम्मा हुन सक्ने रकमका आधारमा वस्तुनिष्ठ भई स्रोतको अनुमान गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम स्रोतको अनुमान भएपछि चालु वर्षको मध्यमकालीन खर्च संरचना समेतलाई दृष्टिगत गरी खर्चको सीमा निर्धारण गरिनेछ।

(६) उपदफा (५) बमोजिम खर्चको सीमा निर्धारण गर्दा दफा ११ बमोजिम सिर्जित दायित्व तथा जनाइएको प्रतिबद्धता बमोजिम भुक्तानी हुन बाँकी रकम समेत समावेश गरी समष्टिगत आर्थिक स्थायित्वमा प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ।

(७) स्रोत अनुमान समितिले उपदफा (३) बमोजिम तयार गरेको स्रोतको अनुमान र उपदफा (५) बमोजिम निर्धारण गरिएको खर्चको सीमा सम्बन्धी प्रतिवेदन अर्थ मन्त्री समक्ष पेश गर्नु पर्नेछ।

(८) उपदफा (२) बमोजिमको स्रोत अनुमान समितिको संरचना, अन्य काम, कर्तव्य र अधिकार तथा खर्चको सीमा निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **बजेट सीमा र मार्गदर्शन पठाउने**: (१) नीति तथा योजना आयोगले दफा ६ बमोजिमको स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाको लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका समेत उल्लेख गरी बजेट तर्जुमा

सम्बन्धी मार्गदर्शन तथा ढाँचा चालु आर्थिक वर्षको फागुन पन्ध्र गतेभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको बजेट तर्जुमाको ढाँचा निर्धारण गर्दा सम्बन्धित निकायले आर्जन गर्न सक्ने राजस्व रकम, आयोजना वा कार्यक्रमसँग सम्बन्धित वैदेशिक अनुदान तथा ऋण रकम र प्रस्तावित बजेटको पुष्ट्याईको लागि सम्बन्धित खर्च शीर्षकको लागि तोकिएको खर्चको मापदण्डका आधारमा आवश्यक सम्पूर्ण विवरण उल्लेख गर्नु पर्नेछ।

८. **बजेट प्रस्ताव र छलफलः** (१) लेखा उत्तरदायी अधिकृतले दफा ७ बमोजिम प्राप्त बजेट सीमा र मार्गदर्शनको अधीनमा रही निर्धारित ढाँचामा आफू र आफ्नो मातहतका कार्यालय वा निकायको आगामी वर्षको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार गरी बजेट सीमा र मार्गदर्शनमा तोकिएको समयभित्र प्रदेश नीति तथा योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको बजेट प्रस्ताव गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) प्रदेश सरकारको कार्यविभाजन नियमावली बमोजिम सम्बन्धित मन्त्रालयलाई तोकिएका कार्यक्षेत्रभित्रका विषयको सन्तुलन, सरकारको मौजुदा नीति, कार्यक्रम र आवधिक योजनाले निर्दिष्ट गरेका उद्देश्य, नीति र कार्यक्रमको आधारमा बजेट प्रस्ताव तयार गर्ने,

(ख) प्रदेश सभाका लागि निर्धारित निर्वाचन क्षेत्र तथा स्थानीय तहको विकासको आवश्यकता र सन्तुलन कायम हुने गरी आयोजना तथा कार्यक्रम छनौट गर्ने,

(ग) दफा ५ बमोजिम तयार गरिएको मध्यमकालीन खर्च संरचनालाई ध्यानमा राखी सो बमोजिम कार्यान्वयन गरिने आयोजना वा कार्यक्रम र सो अन्तर्गतका क्रियाकलापहरू, सोको लागि निर्धारित खर्चको

मापदण्डका आधारमा लाग्ने अनुमानित लागत तथा त्यस्तो लागत व्यहोर्ने स्रोत निर्धारण गर्ने,

(घ) आगामी आर्थिक वर्षको बजेट अनुमान र त्यसपछिका दुई आर्थिक वर्षको लागि सिर्जना भएको दायित्व सहितको खर्च र स्रोतको प्रक्षेपण गर्ने,

(ङ) बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सिर्जित दायित्व मध्ये आगामी वर्षमा भुक्तानी गर्नु पर्ने रकम तथा विगत वर्षमा भुक्तानी हुन बाँकी रकमको प्रस्ताव गर्ने,

(च) आवधिक योजनाको क्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न सहयोग पुग्ने कार्यक्रमको लाभ लागत विश्लेषण गरी बजेट प्रस्ताव तयार गर्ने,

(छ) आयोजना बैङ्कमा प्रविष्टि भएका आयोजनाको लागि रकमको प्रस्ताव गर्ने,

(ज) गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको ६ महिनासम्मको वित्तीय तथा भौतिक प्रगति विवरण समावेश गर्ने ।

(३) नीति तथा योजना आयोगले उपदफा (१) बमोजिम प्राप्त प्रस्तावित बजेट तथा कार्यक्रमको क्षेत्रगत लक्ष्य तथा उपलब्धि, सम्भाव्यता अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन, विस्तृत अध्ययन, नर्म्स, ड्रईङ्ग तथा डिजाइन सहितको आयोजना स्वीकृति सम्बन्धी कागजात, जग्गा प्राप्ति, आयोजना कार्यान्वयनको समय तालिका, खरिद गुरूयोजना तथा वार्षिक खरिद योजना तथा आयोजनाको अपेक्षित प्रतिफलको विषयमा लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकारीको उपस्थितिमा छलफल गरी सोको प्रतिवेदन अर्थ मन्त्री समक्ष पेश गर्नु पर्नेछ ।

(४) अर्थ मन्त्रालयले लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकारीको उपस्थितिमा उपदफा (३) बमोजिमको प्रतिवेदनका अतिरिक्त नगद प्रवाह योजना, राजस्व अनुमानको आधार, राजस्व प्राप्त

हुने समय, राजस्व प्रवाहमा पुग्ने योगदान, स्रोतगत, खर्च शीर्षकगत तथा क्रियाकलापगत विषयमा छलफल गर्नु पर्नेछ।

(५) प्रदेश मन्त्रालय वा निकाय अन्तर्गतको कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी कार्यको समन्वय गर्न तथा खर्चको मापदण्ड निर्धारण गर्न लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकृतको अध्यक्षतामा एक बजेट समिति रहनेछ।

(६) उपदफा (५) बमोजिमको बजेट समितिको संरचना, काम, कर्तव्य र कार्यविधि तोकिए बमोजिम हुनेछ।

(७) बजेट तर्जुमा सम्बन्धी अन्य प्रक्रिया र समय सीमा तोकिए बमोजिम हुनेछ।

९. **बजेट विनियोजनः** (१) अर्थ मन्त्रालयले दफा ८ बमोजिम भएको बजेट छलफल तथा प्रस्तावित बजेट तथा कार्यक्रमको मूल्याङ्कन र विश्लेषणको आधारमा आगामी आर्थिक वर्षको लागि बजेट प्रस्ताव गर्नेछ। यसरी बजेट प्रस्ताव गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा त्यस्तो खर्च सिर्जना गर्ने स्पष्ट आधार र कारण सहितको प्रस्तावित रकमको पुष्ट्याई गर्ने आवश्यक नीति, कानून, सन्धि, सम्झौतामा उल्लिखित विवरण, खर्चको मापदण्ड तथा सामाजिक कार्यक्रमको लागि सङ्गठनको उद्देश्य अनुरूप प्रदेशको प्राथमिकता, लक्ष्य तथा प्रतिफल प्राप्त हुने विवरण सहित पुष्ट्याई पेश गर्नु पर्ने,

(ख) नयाँ योजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा पुँजीगत प्रकृतिको भए स्वीकृत सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा आगामी वर्ष खर्च हुन सक्ने रकमको प्राविधिक र आर्थिक पुष्ट्याई सहितको प्रस्ताव गर्नु पर्ने,

(ग) सम्भाव्यता अध्ययन भई स्वीकृत भई सकेका तथा

क्रमागत रूपमा कार्यान्वयनमा रहेका आयोजनाको हकमा क्रमागत आयोजना स्वीकृतिको प्रमाण, खरिद गुरूयोजना तथा वार्षिक खरिद योजना वा सम्झौता अनुरूप आगामी वर्षको कार्ययोजना र प्रतिफल प्राप्तिको लागि आवश्यक पर्ने रकम प्रस्ताव गर्नु पर्ने,

(घ) आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्नु पर्ने,

(ङ) बजेट प्रस्ताव गर्दा तोकिएको खर्चको मापदण्ड अनुसार गर्नु पर्ने ।

(२) उपदफा (१) बमोजिम बजेट प्रस्ताव गर्दा दफा ११ बमोजिम सिर्जित दायित्व तथा प्रतिबद्धता अनुसार व्ययभार पर्ने तलब, भत्ता र प्रशासनिक खर्च लगायतको खर्चका लागि पर्याप्त रकम छुट्याएर मात्र नयाँ आयोजना तथा कार्यक्रमका लागि रकम प्रस्ताव गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमता समेतको आधारमा गर्नु पर्नेछ ।

१०. **बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकताः** (१) प्रत्येक आर्थिक वर्षको लागि यस ऐन बमोजिम विनियोजन विधेयक पेश गर्नुभन्दा कम्तीमा पन्ध्र दिन अगावै अर्थ मन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको विवरण प्रदेश सभामा प्रस्तुत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको विवरण प्रदेश सभामा पेश भएपछि प्रदेश सभाले सो उपर सैद्धान्तिक छलफल गरी त्यसमा कुनै विषय समावेश गर्नुपर्ने वा हटाउन पर्ने वा सो सम्बन्धी कुनै सुझाव वा निर्देशन दिन आवश्यक देखेमा सात दिनभित्र त्यस्तो सुझाव तथा निर्देशन अर्थ मन्त्रालयमा पठाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिमा कुनै सुझाव वा निर्देशन

प्राप्त नभएमा बजेट तथा कार्यक्रमलाई अन्तिम रूप दिन बाधा पर्ने छैन ।

(४) अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षका लागि आय व्ययको अनुमान तयार गर्नु अघि प्रदेश सभामा पेश गर्ने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको सम्बन्धमा सम्बन्धित विज्ञ वा सरोकारवालासँग आवश्यक परामर्श गर्न सक्नेछ ।

११. **सम्भावित दायित्व तथा प्रतिबद्धता व्यवस्थापन**: (१) अर्थ मन्त्रालयले प्रचलित कानून बमोजिम सिर्जित आर्थिक दायित्व तथा विभिन्न सन्धि, सम्झौता वा अदालतको निर्णय तथा आदेशबाट बेहोर्नु पर्ने सम्भावित आर्थिक दायित्व वा राजस्वमा छुट दिन प्रतिबद्धता जनाइएको भए सोको आधारमा सिर्जना भएको दायित्व बापतको रकमको स्पष्ट व्यहोरा देखिने गरी अभिलेख राख्नु पर्नेछ ।

(२) अर्थ मन्त्रालयको पूर्व सहमति बेगर कुनै पनि कार्यालयले बहुवर्षीय दायित्व सिर्जना हुने गरी खर्चको प्रतिबद्धता जनाउन हुँदैन ।

(३) प्रदेश सरकारले व्यहोर्नु पर्ने सम्भावित आर्थिक दायित्व र प्रतिबद्धता व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. **राजस्व र व्ययको अनुमान तयार गर्ने**: अर्थ मन्त्रालयले राजस्व र व्ययको अनुमानमा देहायको विवरण समेत समावेश गर्नु पर्नेछः-

(क) अघिल्लो आर्थिक वर्षमा गरिएको राजस्वको अनुमान अनुसार राजस्व सङ्कलन भए नभएको तथा प्रत्येक मन्त्रालयलाई छुट्याइएको रकमबाट भएको खर्च र खर्च अनुसारको लक्ष्य हासिल भए वा नभएको विवरण,

(ख) दफा ५ बमोजिमको मध्यमकालीन खर्च संरचना,

(ग) प्रदेश सरकारको स्रोत, नेपाल सरकारबाट प्राप्त हुने अनुदान, वैदेशिक सहायता तथा आन्तरिक ऋणबाट प्रत्येक खर्च शीर्षकको लागि व्यहोर्ने कार्यक्रमको विवरण,

(घ) आगामी तीन आर्थिक वर्षको राजस्व र व्ययको प्रक्षेपण,

(ङ) ऋण, लगानी तथा दायित्व सम्बन्धी विवरण,

(च) आर्थिक सन्तुलन कायम गर्न अपनाउने रणनीति उल्लेख भएको वित्त नीति,

(छ) कर वा गैर करमा छुट दिइएको विवरण,

(ज) अघिल्लो आर्थिक वर्षको वैदेशिक सहायता प्राप्तको विवरण।

१३. **राजस्व र व्ययको अनुमान पेश गर्नु पर्ने:** (१) दफा १२ बमोजिम तयार गरिएको प्रदेश सरकारको आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान तथा विधेयक अर्थ मन्त्रीले प्रत्येक वर्षको असार महिनाको एक गतेभित्र प्रदेश सभाको बैठकमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको राजस्व र व्ययको अनुमान पेश गर्नु अगावै अर्थ मन्त्रीले चालु आर्थिक वर्षको प्रदेशको आर्थिक सर्वेक्षण प्रदेश सभामा पेश गर्न सक्नेछ।

१४. **घाटा बजेट पेश गर्न सक्ने:** (१) दफा १३ बमोजिम पेश हुने राजस्व र व्ययको अनुमान आवश्यकता अनुसार घाटा बजेटको रूपमा पनि पेश गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम घाटा बजेट पेश गर्दा बजेट घाटा पूर्ति गर्ने स्रोत परिचालनको स्पष्ट आधार समेत खुलाउनु पर्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रशासनिक खर्च बेहोर्न घाटा बजेट पेश गर्न सकिने छैन।

१५. **प्रदेशको समष्टिगत आर्थिक परिलक्ष्यको प्रक्षेपण:** प्रदेशको समष्टिगत आर्थिक परिलक्ष्यको प्रक्षेपण राजस्वको परिचालन, आन्तरिक तथा वैदेशिक ऋणको उपयोग, प्रदेश सरकारले लिने ओभरड्राफ्ट सम्बन्धी नीतिको आधारमा तोकिए बमोजिम गरिनेछ।

१६. **आयोजनाको वर्गीकरण र आयोजना बैङ्क:** (१) प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण नीति तथा योजना आयोगको सिफारिसमा प्रदेश सरकारले गर्नेछ।

(२) नीति तथा योजना आयोगमा प्रदेशस्तरको एक आयोजना बैङ्क रहनेछ।

(३) उपदफा (२) बमोजिमको आयोजना बैङ्कमा नीति तथा योजना आयोगले तोकेको स्वीकृत मापदण्डको आधारमा सम्बन्धित प्रदेश मन्त्रालयले आयोजना प्रविष्टि गराउनु पर्नेछ।

(४) आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-४

बजेट निकासा, खर्च र नियन्त्रण

१७. **बजेट निकासाः** (१) विनियोजन ऐन वा पेश्की खर्च ऐन प्रारम्भ भएपछि कार्यालयले स्वीकृत बजेट विवरण र वार्षिक कार्यक्रमको आधारमा विनियोजन ऐनको अनुसूचीमा उल्लिखित रकम यस ऐन बमोजिम खर्च गर्न सक्नेछ।

(२) विनियोजन ऐनको अनुसूचीमा उल्लिखित विनियोजित रकम एकभन्दा बढी कार्यालयले खर्च गर्नुपर्ने अवस्थामा सम्बन्धित मन्त्रालय वा निकायले विनियोजन ऐन वा पेश्की खर्च ऐन जारी भएको सात दिनभित्र सम्बन्धित विभाग वा कार्यालयलाई हासिल गर्नु पर्ने प्रतिफल तथा उपलब्धि सहितको स्रोतगत बाँडफाँट गरी खर्च गर्ने अख्तियारी दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अख्तियारी दिएको जानकारी अर्थ मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा एकाइ कार्यालयलाई पठाउनु पर्नेछ।

(४) एक मन्त्रालय वा निकाय अन्तर्गत विनियोजित रकम अर्को मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम अख्तियारी दिने सचिव लेखा उत्तरदायी अधिकारीको रूपमा जवाफदेही हुने र खर्च गर्ने अख्तियारी प्राप्त

गर्ने सचिवले जिम्मेवार व्यक्ति एवं लेखा उत्तरदायी अधिकृत दुबैको कर्तव्य तथा जिम्मेवारी पालना गराउनु पर्नेछ।

(६) सम्बन्धित कार्यालयको नाममा विनियोजित वा बाँडफाँट भएको रकम सो कार्यालयको भुक्तानी आदेशका आधारमा प्रदेश सञ्चित कोषबाट प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको प्रक्रिया अनुसार एकल खाता कोष प्रणाली वा तोकिएको अन्य प्रणालीबाट भुक्तानी निकासा हुनेछ।

(७) सम्बन्धित कार्यालयको नाममा विनियोजन वा बाँडफाँट भएको रकम प्रचलित कानून बमोजिम निकासा प्राप्त गरी खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, लेखा परीक्षण गराउने र बेरुजु फछ्र्यौट गर्ने गराउने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(८) सरकारी रकम निकासा र भुक्तानी दिने तथा कोष सञ्चालन गर्ने गराउने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

१८. **स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनः** (१) आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरूप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(२) विनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधीनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुनेछ।

(३) उपदफा (२) बमोजिमका पदाधिकारीले अर्थ मन्त्रालय वा तालुक कार्यालयबाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी बजेट कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्ययोजनामा तोकिए बमोजिम वार्षिक खरिद योजना, मासिक नगद प्रवाह विवरण, उपलब्धि मापन सूचक र कार्यान्वयनको समय तालिका समेत समावेश गर्नु पर्नेछ।

(५) बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभागीय प्रमुख वा जिम्मेवार व्यक्तिले सचिवसँग र कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले

विभागीय प्रमुखसँग आवश्यक प्रतिफल सूचक सहितको कार्यसम्पादन करार गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको कार्यसम्पादनमा उत्कृष्ट नतिजा हासिल गर्ने पदाधिकारी वा जिम्मेवार व्यक्तिलाई कार्यसम्पादन करारमा उल्लिखित शर्तका अधीनमा रही कार्यसम्पादन करार गर्ने पदाधिकारीले पुरस्कृत गर्न सक्नेछ।

(७) यस दफा बमोजिम गरिने कार्यसम्पादन करार तथा पुरस्कृत गर्ने मापदण्ड सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **रकमान्तर तथा स्रोतान्तरः** (१) विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्नेछ।

(२) आफ्नो मन्त्रालय वा निकायको अनुदान सङ्केत अन्तर्गतको कुनै बजेट उपशीर्षकमा चालु खर्चतर्फ रकम नपुग भएमा सो अनुदान सङ्केत अन्तर्गत रकम बचत भएको अन्य चालु बजेट उपशीर्षकबाट विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही खर्च बेहोर्ने स्रोत परिवर्तन नहुने गरी चालु बजेटबाट चालु तर्फका खर्च शीर्षकमा सम्बन्धित सचिवले तोकिए बमोजिम रकमान्तर गर्न सक्नेछ।

तर त्यसरी रकमान्तर गर्दा तलब, पारिश्रमिक, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार महसुल र घरभाडा जस्ता अनिवार्य दायित्व तथा पुँजीगत खर्चको लागि विनियोजित रकम चालु खर्चमा रकमान्तर गर्न पाइने छैन।

(३) पुँजीगत र वित्तीय व्यवस्था तथा ऋण भुक्तानीको रकमान्तर अर्थ मन्त्रालयले गर्नेछ।

(४) वित्तीय व्यवस्था तथा ऋण भुक्तानीको रकमान्तर अर्थ मन्त्रालयले गर्नेछ।

(५) विनियोजन ऐन अन्तर्गत कुनै एक प्रकारको खर्च बेहोर्ने

स्रोतमा रहेको रकम अर्को स्रोतमा स्रोतान्तर गर्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार अर्थ मन्त्रालयलाई हुनेछ।

(६) बजेटको रकमान्तर तथा स्रोतान्तर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **बजेट रोक्का वा नियन्त्रण गर्न र समर्पण गराउन सक्ने**: (१) दफा १७ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशको आर्थिक स्थिति र प्रदेश सञ्चित कोषमा जम्मा रहेको रकमलाई समेत विचार गरी अर्थ मन्त्रालयले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अन्य विनियोजित रकममा आवश्यकता अनुसार पूर्ण वा आंशिक रूपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ।

(२) विनियोजन ऐनमा विभिन्न निकाय तथा अन्तर्गतको कार्यालयमा विभाजन गर्नुपर्ने गरी विनियोजन भएको रकम लेखा उत्तरदायी अधिकृतले आर्थिक वर्षको पहिलो चौमासिकसम्म विभाजन नगरेमा अर्थ मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्नेछ।

(३) विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र पन्ध्र गतेभित्र अर्थ मन्त्रालयमा समर्पण गर्नु पर्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम समर्पण नभएको तर खर्चको फाँटवारीबाट विभाजन नभएको वा आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा अर्थ मन्त्रालयले त्यस्तो रकम रोक्का राखी समर्पणका लागि लेखी पठाउनेछ।

(५) उपदफा (४) बमोजिम अर्थ मन्त्रालयबाट समर्पणको लागि लेखी आएमा लेखा उत्तरदायी अधिकृतले सात दिनभित्र त्यस्तो रकम समर्पण गरी अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) यस दफा बमोजिम समर्पण भई आएको रकम अर्थ मन्त्रालयले दफा १९ बमोजिम अन्य स्वीकृत योजना तथा कार्यक्रममा रकमान्तर गर्न सक्नेछ।

(७) बजेट रोक्का वा नियन्त्रण र समर्पण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **वित्तीय हस्तान्तरणः** प्रदेश सञ्चित कोषबाट स्थानीय तहलाई गरिने राजस्व बाँडफाँट र अनुदान रकमको हस्तान्तरण प्रचलित कानून बमोजिम अर्थ मन्त्रालयबाट हुनेछ।

२२. **बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनः** (१) सम्बन्धित मन्त्री र सचिवले आफ्नो मातहतका आयोजना वा कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन क्रमशः त्रैमासिक र मासिक रूपमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्दा कार्यक्रम, कार्ययोजना, खरिद योजना, नगद प्रवाह योजना समेतको आधारमा भौतिक र वित्तीय प्रगति भए वा नभएको सम्बन्धमा त्यस्तो नतिजा प्राप्त हुनुको कारण र आधार समेतको समीक्षा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्दा कार्यक्रमगत, शीर्षकगत र स्रोतगत खर्च, शोधभर्ना प्राप्ति र राजस्व सङ्कलनको अवस्था समेत समीक्षा गरी सोको प्रतिवेदन त्रैमासिक रूपमा अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदन समेतका आधारमा बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्थ मन्त्रालयले अर्धवार्षिक र वार्षिक रूपमा देहायको विवरण सहित एकीकृत मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछः-

(क) राजस्व सङ्कलन तथा परिचालन र खर्चको यथार्थ विवरण,

(ख) प्रदेश सरकारको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति,

(ग) प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमको कार्यान्वयनको अवस्था,

(घ) अन्य आवश्यक विवरण।

(५) उपदफा (४) बमोजिमको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

हरेक वर्षको माघ मसान्तभित्र र वार्षिक मूल्याङ्कन प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र सार्वजनिक गरिसक्नु पर्नेछ।

(६) सम्बन्धित मन्त्रालयले उपदफा (३) बमोजिम तयार गरेको आफ्नो मन्त्रालय र मातहत कार्यालयको बजेट तथा कार्यक्रम मूल्याङ्कन प्रतिवेदन अर्थ मन्त्रालयले अर्धवार्षिक तथा वार्षिक समीक्षा सार्वजनिक गर्ने मितिभन्दा कम्तीमा पन्ध्र दिन अगावै तयार गरी अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

(७) यस दफा बमोजिम अर्धवार्षिक तथा वार्षिक बजेट तथा कार्यक्रम मूल्याङ्कन प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. **खर्च गर्ने कार्यविधि र मापदण्डः** (१) अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध स्रोत समेतको आधारमा खर्चको आदेश दिनु पर्नेछ।

(२) सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्नेछ।

(३) कुनै कार्यको भुक्तानी गर्नुपर्दा विनियोजित बजेटको सीमाभित्र रही रीतपूर्वकको कागजात प्राप्त भएको मितिले पन्ध्र दिनभित्र भुक्तानी आदेश दिने अधिकारीले भुक्तानी दिनु पर्नेछ।

(४) अर्थ मन्त्रालयले सार्वजनिक खर्चमा एकरूपता ल्याउन र मितव्ययिता कायम गर्न गराउन खर्चको मापदण्ड तोक्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको मापदण्डको पालना गर्नु सबै सरकारी निकायका पदाधिकारीको कर्तव्य हुनेछ।

(६) खर्च गर्ने, पेश्की दिने र फछ्र्यौट गर्ने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

परिच्छेद- ५

कारोबारको लेखा

२४. **लेखाको सिद्धान्त, आधार र लेखाको ढाँचा**: (१) विनियोजन, राजस्व, धरौटी तथा अन्य सरकारी कारोबारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त बमोजिम तोकिएको आधारमा राखिनेछ।

(२) कारोबारको लेखाङ्कनका अन्य आधार तोकिए बमोजिम हुनेछ।

(३) लेखाङ्कन गर्ने तथा प्रतिवेदन गर्ने प्रक्रिया लेखाका मान्य सिद्धान्त, यस क्षेत्रमा विकसित भएका नवीनतम अवधारणा र तोकिएको सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।

२५. **कारोबारको लेखा**: (१) विनियोजन, राजस्व, धरौटी र अन्य कोषका अतिरिक्त जुनसुकै स्रोतबाट भएका सबै कारोबारको लेखा राख्नु सम्बन्धित कार्यालयको कर्तव्य हुनेछ।

(२) कुनै कारोबार बजेटमा समावेश नभएको भए सम्बन्धित कार्यालयले सोको तोकिएको ढाँचामा छुट्टै अभिलेख तयार गरी राख्नु पर्नेछ।

(३) लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयबाट विनियोजन, राजस्व, धरौटी र अन्य कोष समेतको वित्तीय विवरण प्राप्त गरी एकीकृत वित्तीय विवरण र केन्द्रीय हिसाव तयार गरी तोकिएको समयभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

(४) आफ्नो मन्त्रालय वा निकाय अन्तर्गतको सबै प्रकारका चल, अचल सम्पत्ति र दायित्वको अभिलेख राखी सोको विवरण तोकिएको समयभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्नेछ।

(६) सरकारी कारोबार, सम्पत्ति र दायित्वको लेखाङ्कन तथा प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **राजस्व दाखिला र राजस्वको लेखा:** (१) प्रचलित कानून बमोजिम प्रदेश सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम सरकारी कारोबार गर्ने स्वीकृति प्राप्त बैङ्कमा जम्मा हुन आएको राजस्व सोही दिन प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(३) काबु बाहिरको परिस्थिति परी उपदफा (१) वा (२) बमोजिम राजस्व दाखिला हुन नसकेमा सोको भोलिपल्ट बैङ्क वा प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि "काबु बाहिरको परिस्थिति" भन्नाले भूकम्प, बाढी, पहिरो जस्ता विपद्, महामारी, कुनै हिंसात्मक गतिविधि, हुलदङ्गा, बन्द हड्ताल, कर्फ्यु वा त्यस्तै अन्य विशेष परिस्थिति सम्झनु पर्छ।

(४) उपदफा (३) मा उल्लिखित अवस्थामा बाहेक सरकारी कारोबार गर्न स्वीकृति प्राप्त कुनै बैङ्कले प्रदेश सञ्चित कोषमा राजस्व दाखिला गर्दा तीन दिनभन्दा बढी अवधि ढिलो गरेमा त्यस्तो बैङ्कलाई प्रदेश लेखा नियन्त्रक कार्यालयले जम्मा गर्न बाँकी रकमको दश प्रतिशतका दरले हुन आउने रकम जरिबाना गरी सो जरिबाना समेत राजस्व दाखिला गर्न लगाई त्यस्तो बैङ्कको इजाजत पत्र रद्द गर्नेसम्मको कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(५) राजस्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने, लेखा परीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुनेछ।

(६) राजस्वको लेखा राख्ने जिम्मेवार निकाय र राजस्व कारोबार

गर्ने बैङ्क बिचको हिसाब मिलान सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. **नगद, जिन्सी दाखिला र लेखाः** (१) जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नु पर्नेछ।

(२) आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिबाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिबाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्नेछ।

तर बैङ्क र कार्यालय बिचको दूरी समेतलाई विचार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकि दिएकोमा सोही म्याद बमोजिम गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको म्यादभित्र जिम्मेवार व्यक्तिले नगदी तथा जिन्सी दाखिला गरेको स्रेस्ता खडा गर्न नसकेमा त्यसको मनासिब कारण खुलाई एक तह माथिको अधिकारी समक्ष म्याद थपको लागि अनुरोध गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम म्याद थपको लागि अनुरोध भै आएमा एक तह माथिको अधिकारीले मनासिब कारण देखेमा एकै पटक वा दुई पटक गरी बढीमा तीस दिनसम्मको म्याद थप गरिदिन सक्नेछ।

२८. **लेखा तथा वित्तीय विवरण पेश गर्नेः** (१) प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिएको अवधिभित्र प्रत्येक आर्थिक वर्षको प्रदेश सञ्चित कोषका अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजस्व, धरौटी तथा अन्य कोष सहितका प्रदेश लेखाको एकीकृत वित्तीय विवरण महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(२) लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आयव्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(३) जिम्मेवार व्यक्तिले आफ्नो कार्यालयको कारोबारको लेखा र सम्बन्धित कागजात लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको कार्यालय वा महालेखापरीक्षक समक्ष तोकिएको अवधिभित्र तोकिए बमोजिम पेश गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम लेखा विवरण पेश गर्न नसकेको मनासिब कारण देखाइ म्याद थपको लागि अनुरोध गरेमा एक तह माथिको अधिकारीले बढीमा तीस दिनसम्मको म्याद थपिदिन सक्नेछ।

तर यसरी म्याद थप गर्दा महालेखापरीक्षकको कार्यालयमा केन्द्रीय लेखा पेश गर्ने समय अवधि प्रभावित नहुने गरी थप गर्नु पर्नेछ।

(५) तोकिएको अवधिभित्र महालेखापरीक्षकको कार्यालयमा लेखा तथा वित्तीय विवरण पेश गराउन नसकी मनासिब माफिकको कारण देखाइ लेखा उत्तरदायी अधिकृत वा जिम्मेवार व्यक्तिले म्याद थपको लागि अनुरोध गरेमा महालेखापरीक्षक वा निजले तोकेको अधिकारीले बढीमा तीस दिनसम्मको म्याद थपिदिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम म्याद थप माग नगरेमा वा थपिएको म्यादभित्र पनि लेखा र वित्तीय विवरण पेश नगरेमा महालेखापरीक्षकले जिम्मेवार व्यक्ति भए लेखा उत्तरदायी अधिकृतलाई र लेखा उत्तरदायी अधिकृत भए एक तहमाथिको अधिकारीलाई त्यस्तो लेखा र वित्तीय विवरण पेश गर्न निर्देशन दिन सक्नेछ।

(७) उपदफा (६) बमोजिम निर्देशन दिंदा पनि लेखा तथा वित्तीय विवरण पेश नगर्ने पदाधिकारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न महालेखापरीक्षकले सम्बन्धित मन्त्रालयमा लेखी पठाउन सक्नेछ।

(८) राजस्व, नगदी, जिन्सी तथा धरौटी पेश गर्ने तथा त्यसको लेखा अभिलेख अद्यावधिक रूपमा राख्ने सम्बन्धी अन्य कार्यविधि तोकिए

बमोजिम हुनेछ।

२९. **हानी नोक्सानी असुल उपर गरिनेः** यस ऐन बमोजिम राख्नु पर्ने कारोबारको लेखा ठिकसँग नराखेको कारणबाट प्रदेश सरकारलाई कुनै किसिमको हानी नोक्सानी तथा क्षति हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी तथा क्षति जिम्मेवार व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

परिच्छेद-६

आन्तरिक नियन्त्रण तथा लेखा परीक्षण

३०. **आन्तरिक नियन्त्रण प्रणालीः** (१) प्रदेशका सबै सरकारी कार्यालयले आफ्नो र मातहत कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्नेछ।

(२) लेखा उत्तरदायी अधिकृतले आफैं वा आफू मातहतको वरिष्ठ अधिकृत मार्फत कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भए वा नभएको सम्बन्धमा नियमित रूपमा निरीक्षण तथा सुपरिवेक्षण गर्नु वा गराउनु पर्नेछ।

(३) आन्तरिक नियन्त्रण प्रणालीको ढाँचा र कार्यविधि तोकिए बमोजिम हुनेछ।

३१. **लेखा परीक्षण तथा आन्तरिक नियन्त्रण समितिः** (१) आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक तथा अन्तिम लेखा परीक्षण प्रतिवेदनको कार्यान्वयनका लागि प्रत्येक मन्त्रालय वा केन्द्रीय निकायमा देहाय बमोजिमको लेखा परीक्षण तथा आन्तरिक नियन्त्रण समिति रहनेछः-

(क) सम्बन्धित मन्त्रालय वा निकायको लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको वरिष्ठतम् अधिकृत - संयोजक

(ख) सम्बन्धित निकायको योजना महाशाखा प्रमुख - सदस्य

(ग) सम्बन्धित निकायको प्रशासन महाशाखा प्रमुख - सदस्य

(घ) संयोजकले तोकेको सम्बन्धित निकायमा कार्यरत वषय क्षेत्रको ज्ञान तथा अनुभव भएको सम्बन्धित पदाधिकारी - सदस्य

(ङ) सम्बन्धित निकायको अनुगमन महाशाखा वा शाखा -सदस्य

(च) सम्बन्धित निकायको आर्थिक प्रशासन प्रमुख - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यालय वा निकाय र मातहतका कार्यालयबाट सम्पादन गरिने कार्यहरू दक्षतापूर्ण एवं मितव्ययी रूपमा सम्पादन गरी नतिजा उन्मुख गराउने, वित्तीय जोखिम न्यूनीकरण गर्ने, वित्तीय विवरणलाई विश्वसनीय बनाउने तथा लेखा परीक्षणबाट कायम भएका बेरूजु फछ्र्यौट गरी गराई आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ एवं प्रभावकारी बनाउन आवश्यक काम गर्नेछ।

(३) लेखा परीक्षण तथा आन्तरिक नियन्त्रण समितिको अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

३२. **आन्तरिक लेखा परीक्षणः** (१) प्रदेश सरकारका प्रत्येक कार्यालयको कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको प्रदेश लेखा एकाइ कार्यालयबाट हुनेछ।

(२) आफ्नो कार्यालयको आन्तरिक लेखा परीक्षण गराउने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(३) आन्तरिक लेखा परीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आन्तरिक लेखा परीक्षकले सम्बन्धित निकायको उद्देश्य अनुरूपका कार्यसम्पादनसँग सम्बन्धित

कारोबारको गणितीय शुद्धता र कानूनको परिपालना एवं नेपाल सरकारले स्वीकृत गरेको लेखा निर्देशिका अनुसार लेखा, प्रमाण कागजातहरूका साथै अङ्कको पूर्ण परीक्षण गर्ने,

(ख) सम्बन्धित कार्यालय वा निकायको कार्यसम्पादनका क्रममा परिचालन भएको स्रोतको नतिजामूलक उपयोग एवं प्रभावकारिता सम्बन्धमा जोखिम विश्लेषणमा आधारित भई लेखाजोखा गरी सुझाव गर्ने र अवलम्बन गरिएका आन्तरिक नियन्त्रण प्रणाली लगायतका नीतिगत एवं प्रक्रियागत पक्षहरूको व्यवस्थापकीय अभ्यासका सम्बन्धमा लेखाजोखा गरी सुझाव प्रस्तुत गर्ने,

(ग) खण्ड (क) बमोजिम परीक्षण गर्दा सार्वजनिक वित्तीय जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्दै सम्बन्धित निकायको आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तताको सम्बन्धमा जाँचबुझ गरी सोको सुदृढीकरण तथा आर्थिक अनुशासनको परिपालन सम्बन्धमा सुझाव दिने,

(घ) आन्तरिक लेखा परीक्षण प्रयोजनका लागि सम्बन्धित निकायको आर्थिक कारोबार र सोसँग सम्बन्धित कागजात, अभिलेख तथा निर्णयहरू निरीक्षण, परीक्षण तथा जाँच गर्ने ।

(४) आन्तरिक लेखा परीक्षकले प्रत्येक तीन महिनामा आन्तरिक लेखा परीक्षण गरी लेखा परीक्षणको क्रममा औंल्याइएका व्यहोरा खुलाई सुझाव सहितको प्रतिवेदन आन्तरिक लेखा परीक्षण समाप्त भएको एक महिनाभित्र सम्बन्धित कार्यालय वा निकाय प्रमुख तथा अख्तियारी प्रदान गर्ने तालुक कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(५) आन्तरिक लेखा परीक्षकले आफूलाई खटाउने र आन्तरिक

लेखा परीक्षण गर्ने निकायप्रति जिम्मेवार रही आफ्नो काम, कर्तव्य र अधिकार प्रयोगको सिलसिलामा सदाचारिता, वस्तुनिष्ठता, गोपनीयता, सक्षमता सहित तोकिए बमोजिमका अन्य आचरण पालना गर्नु पर्नेछ।

(६) आन्तरिक लेखा परीक्षकले लेखा परीक्षणको सिलसिलामा जानकारीमा आएको कुनै सूचना वा तथ्य लेखा परीक्षण प्रतिवेदनमा समावेश गर्ने बाहेक अन्य कुनै पनि रूपमा कसैलाई उपलब्ध गराउनु हुदैन।

(७) आन्तरिक लेखा परीक्षकले आफ्नो कार्यसम्पादनका क्रममा यस ऐन बमोजिमको अधिकार प्रयोग गरी आन्तरिक लेखा परीक्षण गरेको आधारमा मात्र निज उपर कुनै कानूनी कारबाही चलाइने छैन।

तर आन्तरिक लेखा परीक्षकले अनुचित कार्य गरेमा वा वदनियतपूर्वक कार्यसम्पादन गरेको प्रमाणित भएमा प्रचलित कानून बमोजिम कारबाही वा अभियोजन गर्न बाधा पुगेको मानिने छैन।

(८) लेखा उत्तरदायी अधिकृतले आन्तरिक लेखा परीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखा परीक्षण हुनु अगावै फछ्यौंट तथा सम्परीक्षण गराई अन्तिम लेखा परीक्षक समक्ष प्रस्तुत गर्नु पर्नेछ।

(९) अन्तिम लेखा परीक्षण हुँदाका बखत प्रस्तुत हुन आएका आन्तरिक लेखा परीक्षणका सुझावहरूको सम्बन्धमा कारण सहित हटाइएकोमा बाहेक अन्य सुझावहरूलाई लेखा परीक्षकले अन्तिम लेखा परीक्षण प्रतिवेदनमा आफ्नो सुझावको रूपमा प्रस्तुत गर्न सक्नेछ।

(१०) प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखा परीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन लेखा समूहका कर्मचारीलाई आन्तरिक लेखा परीक्षणका लागि न्यूनतम अवधि तोकी खटाउने व्यवस्था गर्नु पर्नेछ।

तर एउटै कर्मचारीलाई लेखापालन गर्न र आन्तरिक लेखा परीक्षणको कार्यमा खटाउन पाइने छैन।

(११) प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखा परीक्षणको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक वर्षको कार्तिक महिनाभित्र अर्थ मन्त्री समक्ष पेश गर्नु पर्नेछ।

(१२) उपदफा (१) बमोजिमको आन्तरिक लेखा परीक्षण प्रतिवेदनबाट औंल्याइएको विषयको आधारमा आवश्यक सुधार गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(१३) सम्बन्धित निकायले आन्तरिक लेखा परीक्षणको प्रतिवेदनमा उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारबाही गर्न लेखा परीक्षण समिति गठन गर्नु पर्नेछ।

(१४) सम्बन्धित निकायले आन्तरिक लेखा परीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारबाहीको प्रतिवेदन सम्बन्धित मन्त्री समक्ष पेश गर्नु पर्नेछ।

(१५) आन्तरिक लेखा परीक्षण सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

३३. **अन्तिम लेखा परीक्षणः** (१) प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण गराउनु पर्नेछ।

(२) महालेखापरीक्षकले अन्तिम लेखा परीक्षण गर्दा आन्तरिक लेखा परीक्षण प्रतिवेदनलाई समेत आधार लिनु पर्नेछ।

३४. **कारोबारको लेखा तथा विवरण दाखिला गर्नु पर्नेः** (१) कार्यालयको सरकारी नगदी, जिन्सी, आयव्ययको लेखाको आकस्मिक निरीक्षण गर्दा वा आन्तरिक वा अन्तिम लेखा परीक्षणको सिलसिलामा लेखा परीक्षकबाट सोधिएको प्रश्नको जवाफ वा माग गरिएको लेखा तथा विवरण तोकिएको म्यादभित्र दाखिला गर्नु सम्बन्धित पदाधिकारी वा जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण तोकिएको म्यादभित्र पेश गर्न नसकिने मनासिब कारण सहित सम्बन्धित पदाधिकारी वा जिम्मेवार व्यक्तिले थप समय माग गरेमा लेखा परीक्षकले आफूले सोधेको प्रश्नको जवाफ वा माग गरिएको लेखा तथा विवरण पेश गर्न निजलाई मनासिब समय दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिएको म्यादभित्र सोधिएको प्रश्नको जवाफ वा माग गरिएको लेखा तथा विवरण पेश गर्न नसकेमा

सो कारणबाट देखिएको बेरुजु वा कैफियतप्रति सम्बन्धित पदाधिकारी जिम्मेवार हुनेछ।

३५. **लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाहीः** (१) महालेखापरीक्षकबाट लेखा परीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याईएका बेरूजुका सम्बन्धमा सो बेरूजुको सूचना प्राप्त भएको पैंतिस दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट गरी सम्परीक्षणको लागि महालेखापरीक्षक समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र प्रारम्भिक प्रतिवेदनमा उल्लिखित व्यहोरा फछ्र्यौट तथा सम्परीक्षण गराउन नसक्ने मनासिब माफिकको कारण भएमा जिम्मेवार व्यक्तिले कारण समेत उल्लेख गरी म्याद थपको लागि महालेखापरीक्षक समक्ष अनुरोध गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम म्याद थपको लागि अनुरोध भई आएमा महालेखापरीक्षकले एक महिनासम्मको म्याद थप गरिदिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम थप गरिदिएको म्यादभित्र पनि प्रारम्भिक प्रतिवेदनमा उल्लिखित व्यहोरा फछ्र्यौट वा सम्परीक्षण नगराएमा महालेखापरीक्षकले लेखा उत्तरदायी अधिकृतलाई जानकारी गराउनेछ।

(५) उपदफा (४) बमोजिम महालेखापरीक्षकबाट जानकारी प्राप्त भएपछि सो बमोजिमको कार्य सम्पादन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(६) उपदफा (५) बमोजिम लेखा उत्तरदायी अधिकृतले आफ्नो जिम्मेवारी तोकिएको समयमा पूरा नगरेमा महालेखापरीक्षकले सो व्यहोराको जानकारी सम्बन्धित मन्त्रीलाई गराई त्यसरी फछ्र्यौट वा सम्परीक्षण हुन नसकेको रकमको विवरण आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्नेछ।

३६. **बेरुजुको लगत राख्नेः** (१) जिम्मेवार व्यक्तिले दफा ३५ बमोजिम लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याईएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तिर्नु बुझाउनुपर्ने भनी ठहऱ्याइएको बेरूजुको लगत कार्यालयस्तरमा राख्नु पर्नेछ।

(२) प्रदेश स्तरका निकायले आफ्नो र मातहतका सबै

कार्यालयको बेरूजुको एकीकृत लगत राख्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको लगत राख्दा आन्तरिक र अन्तिम लेखा परीक्षण प्रतिवेदनको लगत अलग अलग रूपमा राख्नु पर्नेछ।

(४) लेखा उत्तरदायी अधिकृतले दफा ३६ को उपदफा (७) बमोजिम फछ्र्यौट तथा सम्परीक्षण भएको आन्तरिक लेखा परीक्षणको बेरूजु तथा दफा ३७ बमोजिम फछ्र्यौट तथा दफा घ८ बमोजिम फछ्र्यौट तथा फरफारख भएको अन्तिम लेखा परीक्षणको बेरूजुको लगतमा अद्यावधिक गरी पछिल्ला अवधिको लेखा परीक्षण हुँदा सो समेत परीक्षण गर्नु गराउनु पर्नेछ।

(५) बेरूजुको लगत राख्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

३७. **बेरूजु फछ्र्यौट गर्ने गराउने**: (१) लेखा परीक्षणबाट औंल्याईएको बेरूजुका सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरूजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुनेछ। त्यस्तो जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी बेरूजु फछ्र्यौट नहुँदै सरूवा वा बढुवा वा अन्य कारणले कार्यालयमा नरहेमा त्यस्तो स्रेस्ता तथा अभिलेख पेश गर्ने तथा बेरूजु फछ्र्यौट गर्ने वा गराउने जिम्मेवारी हालको जिम्मेवार व्यक्तिको हुनेछ।

(२) उपदफा (१) बमोजिम बेरूजु फछ्र्यौट हुन नसकेमा सम्बन्धित लेखा उत्तरदायी अधिकृतले जाँचबुझ गराई सो बेरूजु कायम हुने गरी आर्थिक कारोबार गर्ने पदाधिकारी र कारोबारमा संलग्न व्यक्तिबाट असुल गर्नु पर्ने देखिएमा असुल उपर गर्न वा गराउन लगाई बेरूजु फछ्र्यौट गर्नु गराउनु पर्नेछ। जानाजान वा लापरबाही साथ कारोबार गरी हानी नोक्सानी भएको देखिएमा त्यस्तो बेरूजु रकम सम्बन्धित जिम्मेवार व्यक्तिबाट असुल गर्नु पर्नेछ।

(३) आन्तरिक वा अन्तिम लेखा परीक्षण हुँदा सरकारी नगदी वा जिन्सी मालसामानको लगत राख्न छुटाएको देखिएमा वा प्रदेश सरकारलाई हानी नोक्सानी भएको भन्ने सूचना प्राप्त भएमा सम्बन्धित कार्यालय प्रमुख

वा विभागीय प्रमुखले तत्कालै त्यस्तो हानी नोक्सानी भएको रकम सम्बन्धित जिम्मेवार व्यक्तिबाट असुल गरी कसुरको मात्रा अनुसार निजलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्नु पर्नेछ।

(४) कारोबारमा संलग्न पदाधिकारीलाई निज सरूवा, बढुवा वा अन्य तरिकाले सेवाबाट अलग हुँदा आन्तरिक लेखा परीक्षण गराएर मात्र रमाना दिनु पर्नेछ। आन्तरिक लेखा परीक्षणबाट कुनै कैफियत देखिएमा जिम्मेवार व्यक्तिबाट कार्यालय प्रमुखले सोको जवाफ वा प्रतिक्रिया लिएर फरफारख गराउनु पर्नेछ।

(५) यस दफा बमोजिम बेरूजु फछ्र्यौट गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गरी प्रचलित कानून बमोजिम फछ्र्यौट गर्न लगाउने दायित्व सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।

३८. **बेरुजु फछ्र्यौट तथा फरफारखः** (१) लेखा परीक्षण प्रतिवेदनमा औल्याइएको बेरूजु असुल गरी फछ्र्यौट तथा नियमित गर्ने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि असुल गर्नुपर्ने तथा तिर्नु बुझाउनु पर्ने भनी औंल्याइएको बेरूजुको हकमा लेखा उत्तरदायी अधिकृतले कारोबारमा संलग्न पदाधिकारीसँग आवश्यक विवरण वा स्पष्टीकरण लिई त्यस्तो बेरूजु असुल गराई समयमै फछ्र्यौट गर्नु गराउनु पर्नेछ।

(३) असुल गर्नु पर्ने तथा तिर्नु बुझाउनु पर्ने भनी औंल्याइएको बेरूजु बाहेक अन्य बेरूजुको हकमा प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुगेको तर सरकारी नगदी र जिन्सीको हानी नोक्सानी नभएको पुष्ट्याईं गर्ने कारण सहितको प्रमाण प्राप्त भएमा तोकिए बमोजिमको कार्यविधि अपनाई सम्बन्धित लेखा उत्तरदायी अधिकृतले त्यस्तो बेरूजु नियमित गरी फछ्र्यौट गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम फछ्र्यौट भएको बेरूजुको लगत कट्टा गर्न सात दिनभित्र महालेखापरीक्षकको कार्यालयमा पठाउनु पर्नेछ र महालेखापरीक्षकको कार्यालयले सोको लगत कट्टा गरी सात दिनभित्र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई जानकारी दिनु पर्नेछ।

(५) बेरूजु फछ्र्यौट तथा फरफारख सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

३९. **वार्षिक प्रतिवेदनमा छलफलः** (१) महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याईएका बेरूजुको सम्बन्धमा प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल हुँदा समितिको बैठकमा उपस्थित हुने, छलफलमा भाग लिने, सो सम्बन्धमा आफ्नो राय प्रतिक्रिया वा लिखित धारणा पेश गर्ने तथा बेरूजु फछ्र्यौट सम्बन्धी काम कारबाही गर्ने वा गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल भई प्रदेश सभामा पेश गरेको सुझाव प्रदेश सभाबाट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी महालेखापरीक्षक तथा सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(३) प्रदेश सभाबाट स्वीकृत सार्वजनिक लेखा समितिको प्रतिवेदन बमोजिम बेरूजुको लगतबाट हटाउनु पर्ने विषय महालेखापरीक्षकले तीस दिनभित्र हटाई सोको जानकारी सार्वजनिक लेखा समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्नेछ।

(४) यस दफा बमोजिमको कार्यको अनुगमन प्रदेश सभाको सार्वजनिक लेखा समितिले गर्नेछ।

४०. **बेरूजु फछ्र्यौट समितिः** (१) सामान्य प्रक्रियाबाट फछ्र्यौट हुन नसकेका बेरूजु फछ्र्यौट गर्न प्रदेश सरकारले सार्वजनिक लेखा समिति र महालेखापरीक्षकको राय लिई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी देहाय बमोजिमको एक बेरूजु फछ्र्यौट समिति गठन गर्न सक्नेछः-

(क) प्रदेश सभा, सार्वजनिक लेखा समितिले तोकेका समितिको सदस्य - अध्यक्ष

(ख) महालेखापरीक्षकले तोकेको नायव महालेखापरीक्षक वा निर्देशक - सदस्य

(ग) अर्थ मन्त्रालयको सचिव वा निजले तोकेको नवौं वा दशौं तह वा सो सरहको अधिकृत - सदस्य

(घ) प्रदेश लेखा नियन्त्रक - सदस्य

(ङ) प्रदेश लेखा नियन्त्रकले तोकेको प्रदेश लेखा नियन्त्रक कार्यालयको सातौं वा आठौं तह वा सो सरहको अधिकृत - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम गठित बेरूजु फछ्र्यौट समितिको कार्यक्षेत्र प्रदेश सरकारले तोकिदिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम गठित बेरूजु फछ्र्यौट समितिले बेरूजु फछ्र्यौट गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

४१. **बेरूजु फछ्र्यौट समितिको काम, कर्तव्य र अधिकारः** दफा ४० बमोजिम गठित बेरूजु फछ्र्यौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लेखा परीक्षणबाट देखिएका मस्यौट, हिनामिना र असुल उपर गर्नुपर्ने ठहरिएको बेरूजु बाहेक नियमित प्रक्रियाबाट फछ्र्यौट तथा सम्परीक्षण हुन नसकेका कुनै मन्त्रालय, सचिवालय, आयोग, विभाग वा कार्यालय अन्तर्गतका बेरूजु सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगबाट सरकारी नगदी र जिन्सीको हानी नोक्सानी नभएको पुष्ट्याईं सहित फछ्र्यौटको निमित्त सिफारिस भई आएमा औचित्यको आधारमा त्यस्तो बेरूजु नियमित वा मिनाहा गरी बेरूजुको लगत कट्टा गर्ने,

(ख) खण्ड (क) बमोजिम फछ्र्यौटको निमित्त समितिमा सिफारिस भई आएका बेरूजु फछ्र्यौट गर्न नमिल्ने भएमा सम्बन्धित मन्त्रालय, सचिवालय वा

आयोगलाई बेरूजु रकम नियमित वा असुल उपर गर्न लेखी पठाउने ।

परिच्छेद-७

बरबुझारथ, लिलाम बिक्री तथा मिनाहा

४२. **बरबुझारथः** (१) कर्मचारी सरूवा, बढुवा हुँदा वा अवकास प्राप्त गर्दा वा लामो अवधि काज वा विदामा रहदा आफ्नो जिम्मामा रहेको नगदी, जिन्सी वा सरकारी कागजात म्याद तोकिएकोमा तोकिएको म्यादभित्र र म्याद नतोकिएकोमा एक्काइस दिनभित्र तोकिए बमोजिम बरबुझारथ गरी तोकिएको ढाँचामा बरबुझारथको प्रमाणपत्र लिनु पर्नेछ ।

(२) कुनै मनासिब कारणले उपदफा (१) बमोजिमको म्यादभित्र बरबुझारथ गर्न नसकिएमा म्यादभित्र बरबुझारथ गर्न नसकिएको कारण खोली सम्बन्धित तालुक कार्यालयमा निवेदन दिई निकासा भई आए बमोजिम गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम तख हुन नसकेकोमा सम्बन्धित लेखा उत्तरदायी अधिकृतले समय निर्धारण गरी त्यसरी निर्धारण गरिएको समयभित्र आवश्यक जाँचबुझ गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिएको समयभित्र पनि बरबुझारथ नगर्ने व्यक्ति बहालवाला कर्मचारी भए सम्बन्धित कार्यालय प्रमुखले प्रचलित कानून बमोजिम निजको तलब भत्ता रोक्का राखी र बहाल टुटेको व्यक्ति भए निजको निवृत्तिभरण वा उपदान रोक्का राखी एवं निवृत्तिभरण, उपदान नपाउने वा उपदान लिइसकेको व्यक्ति भए प्रहरीद्वारा पक्राउ गर्न लगाई बरबुझारथ गर्न लगाउनु पर्नेछ ।

(५) समयमा बरबुझारथ नगरेको कारणबाट सरकारी नगदी, जिन्सी वा धनमालमा कुनै नोक्सानी भएमा नोक्सानी भएको रकम र सोही बराबरको बिगो रकम प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

(६) बरबुझारथ गर्ने सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

४३. **लिलाम बिक्री:** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने, प्राविधिकबाट निरीक्षण गर्दा कुनै जिन्सी मालसामान मर्मत गरी पुनः प्रयोग गर्न सकिने भए तापनि सामानको पाटपुर्जा नपाइने र मर्मत गर्दा उक्त सामानको बजार मुल्यको पच्चिस प्रतिशत भन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने भनी प्रतिवेदनमा उल्लेख भएको मालसामान कार्यालय प्रमुखले जाँचबुझ गर्दा लिलाम बिक्री गर्नुपर्ने भनी ठहऱ्याएमा तोकिए बमोजिमको कार्यविधि अपनाई लिलाम गर्न सकिनेछ।

४४. **मिनाहाः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन अन्तर्गत उठ्न नसकेको सरकारी बाँकी रकम प्राकृतिक प्रकोप, दुर्घटना वा आफ्नो काबू बाहिरको परिस्थितिले गर्दा तथा सुख्खाजर्ती भई वा खिइएर, सडेर गई वा अन्य कारणबाट सरकारी हानी नोक्सानी हुन गएको वा कानून बमोजिम लिलाम बढाबढ हुँदा पनि नउठेको वा उठ्ने स्थिति नदेखिएको मालसामान र प्रविधि पुरानो भई प्रयोगमा ल्याउन नसकिने, सुरक्षाको कारणले प्रयोग गर्न उपयुक्त नहुने सामान तथा सफ्टवेयर प्राविधिक प्रतिवेदनको आधारमा तोकिए बमोजिम मिनाहा दिन सकिनेछ।

परिच्छेद-८

सरकारी बाँकी असुल उपर

४५. **नियमित प्रक्रियाबाट फछ्र्यौट नभएको बेरूजु सरकारी बाँकीको रूपमा रहनेः** (१) लेखा परीक्षणबाट मस्यौट तथा हिनामिना भएको भनी ठहर भएको रकम दफा ३७ र ३८ बमोजिम फछ्र्यौट तथा फरफारख हुन नसकेमा त्यस्तो बेरूजु रकम सरकारी बाँकी मानी सम्बन्धित जिम्मेवार व्यक्तिबाट असुल उपर गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने देखिएको रकम तीन वर्षसम्म प्रयास गर्दा पनि नियमित, असुल, फछ्र्यौट तथा फरफारख हुन नसकेमा सरकारी बाँकीको रूपमा लगत कायम गरी सोको सूचना जिम्मेवार व्यक्तिलाई समेत दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सरकारी बाँकीको रूपमा लगत कायम गरिएको असुल उपर गर्नु पर्ने रकमको विवरण सम्बन्धित लेखा उत्तरदायी अधिकृतले असुल उपरको लागि तोकिए बमोजिम कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको रकम असुल उपरका लागि कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयलाई आवश्यक सहयोग गर्नु सम्बन्धित लेखा उत्तरदायी अधिकृतको कर्तव्य हुनेछ।

४६. **बेरूजु रकम जायजेथाबाट असुल उपर हुने:** दफा ४५ को उपदफा (३) बमोजिम असुल उपरका लागि प्राप्त भएको बेरूजु रकम कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयले सम्बन्धित व्यक्तिको जायजेथाबाट सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

परिच्छेद-९

वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता

४७. **वित्तीय उत्तरदायित्व:** (१) यस ऐन बमोजिमको योजना छनौट गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, बजेट प्रस्ताव गर्ने, सरकारी सम्पत्तिको संरक्षण, व्यवस्थापन गर्ने गराउने, बजेट समर्पण गर्ने गराउने र योजना तथा कार्यक्रमको अनुगमन गरी वित्तीय उत्तरदायित्व कायम गर्ने गराउने कर्तव्य मन्त्रालय र मातहतका निकायको हकमा सम्बन्धित मन्त्रालयका मन्त्री तथा सचिवालय, आयोग र अन्य निकायको हकमा त्यस्तो सचिवालय, आयोग र अन्य निकायका प्रमुखको हुनेछ।

(२) यस ऐन बमोजिमको लेखा राख्ने, खर्च गर्ने तथा बेरूजु फछ्र्यौट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(३) उपदफा (१) बमोजिमका मन्त्रीबाट वित्तीय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा मुख्यमन्त्रीबाट र उपदफा (२) बमोजिमको पदाधिकारीबाट वित्तीय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा मन्त्रालय र मातहतका निकायको हकमा मन्त्रीबाट तथा सचिवालय, आयोग र

अन्य निकायको हकमा सम्बन्धित सचिवालय, आयोग र अन्य निकायका प्रमुखबाट निगरानी हुनेछ।

(४) यस दफा बमोजिम वित्तीय उत्तरदायित्व बहन गर्ने गराउने सम्बन्धमा सम्बन्धित पदाधिकारीको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी र प्रक्रिया तोकिए बमोजिम हुनेछ।

४८. **लेखा तयार गर्ने जिम्मेवारीः** (१) जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम राख्नु पर्ने प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुऱ्याई लेखा तयार गरी अद्यावधिक राख्नु पर्नेछ।

(२) लेखा उत्तरदायी अधिकृतले आफ्नो कार्यालय वा मातहतको कार्यालयको नियमित जाँचबुझ वा निरीक्षण गर्दा वा लेखा परीक्षण गर्दा प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको वा अन्य कुनै कैफियत देखिएमा त्यस्तो कारोबार वा कैफियतको सम्बन्धमा सम्बन्धित जिम्मेवार व्यक्ति जवाफदेही हुनेछ।

४९. **आर्थिक प्रशासन सञ्चालन गर्ने जिम्मेवारीः** (१) आर्थिक प्रशासन सञ्चालन गर्दा मातहत कार्यालयले प्रचलित कानूनको पालना गरे, नगरेको सम्बन्धमा आवश्यकता अनुसार रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्ने र मातहत कार्यालयको हिसाव केन्द्रीय हिसावमा समावेश गराई जाँचबुझ गर्ने गराउने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(२) आफ्नो कार्यालयको लागि विनियोजित बजेट लक्षित उद्देश्य अनुरूप खर्च हुन नसकेमा सोको जिम्मेवारी मन्त्रालय र मातहतका निकायको हकमा सम्बन्धित मन्त्रालयको मन्त्री तथा सचिवालय, आयोग र अन्य निकायको हकमा त्यस्तो सचिवालय, आयोग र अन्य निकायका प्रमुख तथा सम्बन्धित लेखा उत्तरदायी अधिकृतले लिनु पर्नेछ।

(३) कुनै मनासिब कारणले आर्थिक कारोबार सम्बन्धी काम अनियमित हुन गएमा जिम्मेवार व्यक्तिले तोकिएको अवधिभित्र अधिकार प्राप्त अधिकारी समक्ष कारण खुलाई नियमित गराउनको लागि पेश गरेमा अधिकार प्राप्त अधिकारीले तोकिएको म्यादभित्र सो सम्बन्धमा आवश्यक निर्णय गरिदिनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम लेखा राखे नराखेको, लेखा दाखिला गरे नगरेको र लेखा परीक्षण गराए नगराएको सम्बन्धमा समय समयमा अनुगमन गरी गराई आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी सचिवालय, आयोग र अन्य निकायको हकमा सम्बन्धित सचिवालय, आयोग र अन्य निकायका प्रमुख, मन्त्रालय र मातहतका निकायको हकमा सम्बन्धित मन्त्री, विभागको हकमा सम्बन्धित मन्त्रालयको सचिव र अन्य कार्यालयको हकमा सम्बन्धित तालुक कार्यालय प्रमुखको हुनेछ।

५०. **जवाफदेही हुन पर्ने**: (१) सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले दिएको आदेश वा निर्देशनमा भएको कारोबार वा निज आफैंले गरेका कारोबारका सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम सम्बन्धित व्यक्ति जिम्मेवार हुनेछ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली एवं प्रचलित कानून बमोजिम कारोबारसँग सम्बन्धित कागजात तयार गर्ने, जाँच गर्ने, पेश गर्ने र सिफारिस गर्ने कर्मचारी तथा पदाधिकारीले आफूले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी बहन गर्नु पर्नेछ र त्यस्तो कामको सम्बन्धमा निज आफै जवाफदेही हुनेछ।

५१. **सरकारी नगदी, जिन्सी दुरूपयोग वा मस्यौट भएमा कारबाही गरिने**: (१) कार्यालयको सरकारी नगदी तथा जिन्सी भण्डार गर्दा, आन्तरिक लेखा परीक्षण गर्दा वा अन्तिम लेखा परीक्षण गर्दा वा कुनै तवरले निरीक्षण वा जाँचबुझ हुँदा मस्यौट वा दुरूपयोग भएको देखिन आएमा सम्बन्धित कार्यालय प्रमुख वा तालुक कार्यालय वा तोकिएको अधिकारीले प्रचलित कानून बमोजिम त्यस्तो मस्यौट वा दुरूपयोग गर्ने व्यक्ति उपर आवश्यक कारबाही गर्नु पर्नेछ।

(२) अन्तिम लेखा परीक्षण गर्दा सरकारी तहबिल तथा जिन्सी भण्डारको कुनै रकम वा जिन्सी मस्यौट भएको देखिएमा महालेखापरीक्षकको कार्यालयले आफ्नो राय साथ प्रचलित कानून बमोजिम त्यस्तो मस्यौट गर्ने व्यक्ति उपर कारबाही चलाउन सम्बन्धित कार्यालय प्रमुख वा विभागीय

प्रमुख समक्ष लेखी पठाउनेछ।

(३) उपदफा (१) बमोजिम निरीक्षण वा जाँचबुझ गर्दा वा उपदफा (२) बमोजिम कारबाहीको लागि लेखी आएको अवस्थामा सम्बन्धित अधिकारीले कारबाही नगरेमा त्यस्तो अधिकारीलाई विभागीय प्रमुखले र विभागीय प्रमुखले कारबाही नगरेको भए लेखा उत्तरदायी अधिकृतको हकमा मन्त्रीले तथा सचिवालय, आयोग र अन्य निकायका प्रशासनिक प्रमुखको हकमा सम्बन्धित सचिवालय, आयोग र अन्य निकायका प्रमुखले पाँच सय रूपैयाँसम्म जरिबाना गरी प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न सक्नेछ।

(४) महालेखापरीक्षकलाई कुनै कार्यालयको लेखा सम्बन्धी काम यथासमयमा भएको छैन भन्ने लागेमा निजले सो सम्बन्धी कागजात झिकाई जाँच गर्न लगाउन सक्नेछ र त्यसरी जाँच गर्दा केही त्रुटि वा कैफियत देखिन आएमा आवश्यक कारबाहीको लागि सम्बन्धित तालुक कार्यालय समक्ष पठाउनेछ। त्यसरी लेखी आएकोमा सम्बन्धित तालुक कार्यालयले पनि तुरून्तै आवश्यक कारबाही गर्नु पर्नेछ।

५२. **सरकारी धनमाल वा सम्पत्तिको संरक्षण तथा तोकिएको काममा प्रयोग गर्नुपर्नेः** (१) कार्यालयमा प्राप्त हुन आएको सम्पूर्ण नगदी र जिन्सीको संरक्षणको प्रबन्ध मिलाउनु जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ।

(२) कार्यालयमा प्राप्त हुन आएको नगदी वा जिन्सी तोकिएको काममा बाहेक अन्य काममा प्रयोग वा खर्च गर्नु हुँदैन। कुनै कर्मचारीले अधिकार प्राप्त अधिकारीको स्वीकृति बिना सरकारी सम्पत्ति प्रयोग गरेको देखिएमा जिम्मेवार व्यक्तिले त्यस्तो जिन्सी फिर्ता लिई वा खर्च गरेको रकम असुल उपर गरी विभागीय कारबाहीको लागि विभागीय प्रमुख समक्ष लेखी पठाउनु पर्नेछ।

(३) कसैले सरकारी जिन्सी व्यक्तिगत प्रयोगमा ल्याएको वा प्रयोग गर्न दिएको कारणबाट त्यस्तो सरकारी जिन्सी वा सम्पत्तिमा हुन गएको सबै प्रकारको क्षति र नोक्सानी प्रयोग गर्न दिने र प्रयोग गर्ने दुबैबाट दामासाहीले असुल उपर गरिनेछ।

परिच्छेद-१०
विविध

५३. **सार्वजनिक गर्नुपर्नेः** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा अन्य प्रचलित कानून बमोजिम सम्बन्धित कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदन त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

५४. **सजायः** (१) देहायको काम गर्ने कर्मचारीलाई देहाय बमोजिमको अधिकारीले देहाय बमोजिम सजाय गर्नेछः-

(क) दफा २३ को उपदफा (३) बमोजिम भुक्तानी नदिने जिम्मेवार व्यक्तिलाई एक तह माथिको अधिकारीले पचास हजार रूपैयाँसम्म जरिबाना,

(ख) दफा २७ को उपदफा (४) बमोजिम थपिएको म्यादभित्र पनि स्रेस्ता खडा नगर्ने, दफा २८ को उपदफा (४) बमोजिम थप गरिएको म्यादभित्र पनि लेखा पेश नगर्ने, दफा ३४ बमोजिमको लेखा तथा विवरण पेश नगर्ने तथा दफा ४२ को उपदफा (३) बमोजिम जाँचबुझ गर्दा लापरबाही गरी तथा बरबुझारथ गर्न बाँकी राख्ने जिम्मेवार व्यक्तिलाई एक तह माथिको अधिकारीले पाँच सय रूपैयाँ जरिबाना,

(ग) दफा ३७ को उपदफा (३) बमोजिम सूचना प्राप्त भएपछि कारबाही नगर्ने अधिकारीलाई सचिवालय, आयोग र अन्य निकायका हकमा सम्बन्धित सचिवालय, आयोग र अन्य निकायका प्रमुख, मन्त्रालयको हकमा सम्बन्धित मन्त्रालयको मन्त्री, विभाग वा विभाग सरहको अस्तित्व र क्षेत्राधिकार भएको कार्यालयको हकमा सम्बन्धित मन्त्रालयको सचिव र अन्य कार्यालयको हकमा सम्बन्धित तालुक

कार्यालयको प्रमुखले प्रत्येक पटक एक हजार रूपैयाँ जरिबाना,

(घ) दफा ४८ को उपदफा (२) बमोजिम जाँचबुझ वा निरीक्षण गर्दा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको देखिन आएमा वा अन्य कुनै कैफियत देखिन आएमा त्यस्तो जाँच गर्ने वा गराउने तालुक कार्यालय वा विभागीय प्रमुखले सम्बन्धित जिम्मेवार व्यक्तिलाई प्रत्येक पटक पाँच सय रूपैयाँ जरिबाना,

(ङ) दफा ४९ को उपदफा (३) विपरीत हुने गरी लेखा सम्बन्धी काममा अनियमितता गर्ने तथा निर्णय दिनुपर्ने अधिकारीले तोकिएको म्यादभित्र निर्णय नदिएमा सम्बन्धित जिम्मेवार व्यक्तिलाई अधिकार प्राप्त अधिकारीले दुई हजार रूपैयाँ जरिबाना,

(च) यस ऐन बमोजिम सजाय तथा जरिबाना गर्नु पर्नेमा कुनै अधिकारीले सजाय तथा जरिबाना नगरेमा त्यस्तो अधिकारीलाई एक तह माथिको अधिकृतले तीन हजार रूपैयाँसम्म जरिबाना,

(छ) यस उपदफामा अन्य उल्लेख गरिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको उल्लङ्घन गर्नेलाई एक तह माथिको अधिकारीले पाँच हजार रूपैयाँसम्म जरिबाना ।

(२) उपदफा (१) बमोजिम जरिबाना हुने कर्मचारीलाई निजले प्रचलित कानून बमोजिम पालना गर्नु पर्ने आचरण उल्लङ्घन गरेको मानी प्रचलित कानून बमोजिमको विभागीय कारबाही समेत हुनेछ ।

(३) यस ऐनमा निर्धारित प्रक्रियाभन्दा विपरीत आयोजना तथा कार्यक्रम स्वीकृत गर्ने, बजेट प्रस्ताव गर्ने तथा तोकिएको समयमा बजेट समर्पण नगर्ने सम्बन्धित कर्मचारीलाई विभागीय कारबाही गरिनेछ ।

(४) दफा १८ को उपदफा (५) बमोजिमको कार्यसम्पादन प्रतिफल प्राप्त गर्न नसक्ने वा कार्यक्रम र पुँजीगत खर्चको हकमा मनासिब कारण बेगर विनियोजित रकमको तोकिएको प्रतिशतभन्दा कम भौतिक प्रगति तथा खर्च गर्ने कर्मचारीलाई विभागीय कारबाही गरिनेछ।

(५) विनियोजन ऐन वा पेश्की खर्च ऐनबाट विनियोजित रकमभन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने वा ठेक्का लगाउने वा खरिद प्रक्रिया प्रारम्भ गर्ने कर्मचारीलाई आयोजना वा कार्यक्रम स्वीकृत गरेको वा ठेक्का लगाएको वा खरिद प्रक्रिया प्रारम्भ गरेको रकम बराबरको रकम जरिबाना लेखा उत्तरदायी अधिकृतले गर्नेछ र लेखा उत्तरदायी अधिकृतले त्यस्तो काम कारबाही गरेमा सचिवालय, आयोग र अन्य निकायका हकमा सम्बन्धित सचिवालय, आयोग र अन्य निकायका प्रमुख, मन्त्रालयको हकमा सम्बन्धित मन्त्रालयको मन्त्रीले त्यस्तो जरिबाना गर्नेछ।

(६) यस ऐन बमोजिम गरिएको सजायको विवरण सम्बन्धित निकायमा अभिलेख गरी त्यसको विवरण पन्ध्र दिनभित्र सार्वजनिक गर्नु पर्नेछ।

तर अर्थ मन्त्रालयको स्वीकृति लिई गरेको काम कारबाहीको हकमा यो व्यवस्था लागु हुने छैन।

५५. **जरिबाना मिनाहा वा कम गर्न सकिने**: यस ऐनमा उल्लिखित व्यवस्था अनुसार कुनै सजायको आदेश भएकोमा त्यस्तो सजाय गर्न नपर्ने भनी मनासिब माफिकको कारण खोली त्यस्तो सजायको आदेश दिएको मितिले पन्ध्र दिनभित्र सजाय दिने अधिकारी समक्ष लिखित निवेदन दिएकोमा सजायको आदेश दिने अधिकारीलाई त्यस्तो कारण मनासिब लागेमा पहिले गरेको जरिबाना मिनाहा वा कम गर्न सक्नेछ।

५६. **पुनरावेदन**: (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै जरिबाना वा बेरूजु व्यहोर्नु पर्ने गरी भएको निर्णय चित्त नबुझेमा चित्त नबुझ्ने व्यक्ति वा कर्मचारीले त्यस्तो निर्णय पाएको पन्ध्र दिनभित्र त्यस्तो निर्णय गर्ने अधिकारीभन्दा एक तह माथिको अधिकारी समक्ष पुनरावेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको पुनरावेदनको सम्बन्धमा पुनरावेदन सुन्ने अधिकारीले पुनरावेदन परेको मितिले पैँतिस दिनभित्र निर्णय दिनु पर्नेछ र निजले दिएको निर्णय अन्तिम हुनेछ।

५७. **आर्थिक प्रशासनको सञ्चालन**: यस ऐन बमोजिम प्रदेशको आर्थिक प्रशासन सञ्चालन गर्न लेखासँग सम्बन्धित जनशक्तिको परिचालन र व्यवस्थापन गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको हुनेछ।

५८. **सूचना प्रविधिको प्रयोग गर्ने**: (१) यस ऐन बमोजिम सम्पादन गर्नुपर्ने बजेट तथा लेखा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न क्रमशः सूचना प्रविधिको प्रयोग गरिनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि महालेखा नियन्त्रक कार्यालय वा महालेखा नियन्त्रक कार्यालयको स्वीकृत लिई प्रदेश लेखा नियन्त्रक कार्यालयले आवश्यक सूचना प्रविधिमा आधारित प्रणाली विकास गरी लागु गर्नेछन्।

(३) यस दफा बमोजिम विकास गरिएका प्रणालीबाट प्राप्त हुने सूचना प्रमाणीकरणका लागि विद्युतीय हस्ताक्षरको प्रयोग गर्न सकिनेछ।

(४) यस ऐन बमोजिम हुने कारोबार तथा व्यवस्थापनसँग अन्तर सम्बन्धित अन्य प्रणालीको विकास र अन्तर आबद्धता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५९. **अधिकार प्रत्यायोजन**: यस ऐन बमोजिम कुनै निकाय वा अधिकारीलाई प्राप्त अधिकार मध्ये मिनाहा दिने र योजना स्वीकृत गर्ने बाहेकका तोकिए बमोजिमका अन्य अधिकार अन्य कुनै निकाय वा अधिकारीले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सकिनेछ।

६०. **नियम, कार्यविधि वा निर्देशिका बनाउने अधिकार**: (१) यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनेको नियमको अधीनमा रही अर्थ मन्त्रालयले प्राविधिक मार्गदर्शन, कार्यविधि, निर्देशिका तथा दिग्दर्शन बनाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम अर्थ मन्त्रालयले बनाएको प्राविधिक मार्गदर्शन, कार्यविधि, निर्देशिका तथा दिग्दर्शन प्रदेश सरकारबाट स्वीकृत भएपछि लागु हुनेछ ।

६१. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने:** यस ऐन बमोजिम कसुर ठहरिने काम अन्य प्रचलित कानून अन्तर्गत पनि कसुर ठहरिने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

६२. **खारेजी र बचाउ:** (१) प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ खारेज गरिएको छ ।

(२) प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अन्तर्गत भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

गण्डकी प्रदेश सिँचाइ ऐन, २०७८

प्रमाणीकरण र प्रकाशन मिति

२०७९।०१।०५

संवत् २०७९ सालको ऐन नं.०३

गण्डकी प्रदेशको सिँचाइ सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः गण्डकी प्रदेशमा जलस्रोतको दिगो उपयोगबाट सिँचाइ योग्य जमिनमा वर्षैभरि भरपर्दो, पहुँचयोग्य र जनसहभागितामूलक सिँचाइ सुविधाको विकास र विस्तार गर्दै कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न एवम् सिँचाइ प्रणालीको निर्माण, मर्मत-सम्भार, सञ्चालन र व्यवस्थापन गर्न तथा जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद- १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश सिँचाइ ऐन २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र" भन्नाले दफा ठ र ड बमोजिम दिइएको अनुमतिपत्र सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले निश्चित अवधिभित्र निर्माण सम्पन्न भई सञ्चालन र व्यवस्थापन गर्न तय गरिएका कुनै सिँचाइ आयोजना वा योजना सम्झनु पर्छ र सो शब्दले सिँचाइ सम्बन्धी कार्यक्रम समेतलाई जनाउँछ।

(ग) "उपभोक्ता" भन्नाले सिँचाइ आयोजनाबाट प्रत्यक्ष रूपमा कृषिजन्य लाभ प्राप्त गर्ने जग्गाधनी, मोही वा त्यस्तो जग्गाधनी र मोहीको परिवारको कुनै सदस्य वा

सम्बन्धित कृषक वा कृषकको परिवारको कुनै सदस्य सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका सिँचाइ क्षेत्र हेर्ने सम्बन्धित कार्यालय सम्झनु पर्छ र सो शब्दले सिँचाइ, भूमिगत सिँचाइ, जलस्रोत, तटबन्ध, नदी व्यवस्थापन, जलउत्पन्न प्रकोप व्यवस्थापन वा सोही प्रकृतिको काम गर्न स्थापित विषयगत कार्यालयलाई जनाउँछ।

(ङ) "कृषक कुलो" वा "कृषक व्यवस्थित सिँचाइ प्रणाली (फामर्स म्यानेज्ड इरिगेसन सिस्टम)" भन्नाले परम्परादेखि कृषकबाटै सञ्चालन र व्यवस्थापन हुँदै आएका वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहबाट भएका नयाँ निर्माण, पुनर्निर्माण वा सुदृढीकरण भएर पुनः उपभोक्तालाई सञ्चालन र व्यवस्थापनका लागि हस्तान्तरण गरिएका सिँचाई कुलो वा प्रणालीलाई सम्झनु पर्छ।

(च) "जल उपभोक्ता संस्था" भन्नाले दफा २४ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनु पर्छ र सो शब्दले जल उपाभोक्ता समिति समेतलाई जनाउछ।

(छ) "जल उत्पन्न प्रकोप" भन्नाले बाढी, पहिरो, डुबान, कटान वा हिमताल विष्फोटको कारण उत्पन्न वा सिर्जना हुने संकट सम्झनु पर्छ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) "परम्परागत सिँचाइ प्रणाली" भन्नाले किसानबाट निर्मित एवम् सञ्चालित प्रणालीका साथै नदी, खोला तथा पानीका स्रोतमा बाँध बनाई सिँचाइ गर्ने तथा

ट्यूबवेलको माध्यमद्धारा भूमिगत पानी प्रयोग गरी हुने सिँचाइ प्रणाली सम्झनु पर्छ।

(ञ) "पदाधिकारी" भन्नाले जल उपभोक्ता संस्थाका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवलाई बुझाउँछ।

(ट) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(ठ) "बहुउद्देश्यीय उपयोग" भन्नाले सिँचाइको साथ-साथै जलविद्युत, पर्यटन, खानेपानी, मत्स्यपालन, जलविहार लगायतका कुनै एक वा सो भन्दा बढी कार्यमा पानीको उपयोग सम्झनु पर्छ।

(ड) "बहुउद्देश्यीय सिँचाइ आयोजना" भन्नाले सिँचाइ सेवा पुऱ्याउनको साथै जलविद्युत, पर्यटन, खानेपानी, मत्स्यपालन, जलविहार तथा भूक्षय, बाढी, पहिरो, नदी कटान वा डुबान जस्ता जल उत्पन्न प्रकोपको व्यवस्थापन सम्बन्धी कुनै एक वा सो भन्दा बढी कार्य समावेश रहेको सिँचाइ आयोजना सम्झनु पर्छ।

(ढ) "भूमिगत सिँचाइ" भन्नाले डीप ट्यूबवेल, स्यालो ट्यूबवेल, इनार वा अन्य प्रविधिबाट जमिनमुनिको पानी तानी गरिने सिँचाइ सम्झनु पर्छ।

(ण) "मन्त्रालय" भन्नाले सिँचाइ सम्बन्धी क्षेत्र हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

(त) "लिफ्ट सिँचाइ" भन्नाले विद्युत, सौर्य, वायु वा अन्य शक्तिको प्रयोग गरी यान्त्रिक प्रक्रियाबाट सिँचाइ गर्नु पर्ने क्षेत्र भन्दा तलको सतहमा रहेको पानी सिंचित गर्नु पर्ने क्षेत्रमा पुऱ्याइ गरिने सिँचाइ प्रविधिलाई सम्झनु पर्छ।

(थ) "विशेष सिंचित क्षेत्र" भन्नाले दफा २२ बमोजिम प्रदेश सरकारले घोषणा गरेको विशेष सिंचित क्षेत्र सम्झनु पर्छ।

(द) “स्थानीय तह” भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(ध) “सिँचाइ” भन्नाले प्राकृतिक रूपमा उपलब्ध पानीलाई बोटविरूवा तथा बाली विकासको लागि कृत्रिम तरिकाबाट पानी उपलब्ध गराउने प्रक्रिया सम्झनु पर्छ ।

(न) “सिँचाइ अधिकृत” भन्नाले सम्बन्धित सिँचाइ कार्यालयको प्रमुखको रुपमा प्रदेश सरकार वा मन्त्रालयले खटाएको अधिकृत सम्झनु पर्छ ।

(प) “सिँचाइ प्रणाली” भन्नाले सिँचाइ सम्बन्धी संरचना, त्यस्तो संरचना रहेको जग्गा, त्यसमा रहेको सिँचाइ कार्यालय, रुख, बिरुवा तथा सिंचित क्षेत्र समेतको समग्र रुप सम्झनु पर्छ र सो शब्दले सिँचाइ प्रयोजनका लागि प्रयोग भएका यान्त्रिक उपकरण तथा त्यसको सञ्चालन गर्ने पद्धति समेतलाई जनाउँछ ।

(फ) “सिँचाइ संरचना” भन्नाले सिँचाइ उपलब्ध गराउनको लागि मुहान देखि सिंचित क्षेत्र सम्म निर्माण गरिएको बाँध, नहर, कुलो, पाईप, जलाशय, पोखरी, इनार, एक्वेडक्ट, बेसिन, सुपार प्यासेज, च्याम्बर, डिभिजन बक्स, स्केप, आउटलेट, स्पिङकल सिँचाइ सेट, थोपा सिँचाइ सेट लगायतका भौतिक संरचना र यसले चर्चेको जमिन, त्यसैसँग सम्बन्धित सडक, बाटो वा त्यस्तै अन्य भौतिक संरचना सम्झनु पर्छ र सो शब्दले विद्युतीकरण सम्बन्धी संरचना तथा उपकरण, बहुउद्देश्यीय सिँचाइ आयोजनाका लागि निर्मित अन्य संरचना र सिंचित क्षेत्रबाट पानी निकासका संरचना (ड्रेनेज) लाई समेत जनाउँछ ।

(ब) “सिँचाइ सेवा शुल्क” भन्नाले सिँचाइ सेवा उपयोग

गरे बापत उपभोक्ताले भुक्तानी गर्नु पर्ने शुल्क वा दस्तुर सम्झनु पर्छ र सो शब्दले त्यस्तो शुल्क तोकिएको समयमा भुक्तानी नगरे बापत लाग्ने विलम्ब शुल्क र सिँचाइ सदस्यता शुल्कलाई समेत जनाउँछ।

(भ) "सिंचित क्षेत्र" भन्नाले कुनै खास सिँचाइ प्रणालीबाट सिँचाइ सेवा पुग्ने वा पुगेको क्षेत्र सम्झनु पर्छ।

(म) "जल उत्पन्न प्रकोप प्रभावित उपाभोक्ता समूह" भन्नाले बाढी पहिरो, नदी कटान तथा जल उत्पन्न प्रकोपबाट प्रभावित उक्त क्षेत्रमा बसोबास गर्ने समूह, समुदायलाई सम्झनु पर्दछ र सो शब्दले प्रकोप प्रभावित उपाभोक्ता समूह समेतलाई जनाउछ।

परिच्छेद-२

सिँचाइ आयोजनाको क्षेत्राधिकार सम्बन्धी व्यवस्था

३. **सिँचाइ आयोजनाको क्षेत्राधिकार**: (१) प्रदेश सरकारबाट कार्यान्वयन गरिने आयोजना तथा प्रचलित कानून बमोजिम प्रदेश सरकारलाई हस्तान्तरण गरेका सिँचाइ प्रणालीहरुको सञ्चालन, व्यवस्थापन, सुदृढीकरण, स्तरउन्नति, विस्तार, मर्मत-सम्भार र पुनर्सूथापना गर्ने क्षेत्राधिकार प्रदेश सरकारको हुनेछ।

(२) स्थानीय तहले आफैले सञ्चालन गर्न नसक्ने भनी प्रदेश सरकार समक्ष अनुरोध भई आएका सिँचाइ आयोजनाहरु समेत प्रदेश सरकारले सञ्चालन गर्न सक्नेछ।

४. **सिँचाइ गुरुयोजना निर्माण गर्न सक्ने**: प्रदेश सरकारले सिँचाइ योग्य क्षेत्रको पहिचान, सम्भाव्यता अध्ययन, स्रोत परिचालन, विकास तथा सिँचाइ प्रणालीको सञ्चालन, व्यवस्थापनका लागि गुरुयोजना तयार गर्न सक्नेछ।

५. **न्यूनतम जलस्तर कायम गर्नुपर्ने**: यस ऐन बमोजिम निर्माण हुने सिँचाई आयोजनामा प्रचलित कानून बमोजिम तोकिएको न्यूनतम जलस्तर कायम गर्नु पर्नेछ।

६.	**समन्वय गर्न सक्ने**: प्रदेशका प्राथमिकता प्राप्त धेरै लागत लाग्ने प्रकृतिका ठूला योजनाहरु कार्यान्वयन तथा सञ्चालन गर्न मन्त्रालयले संघीय सरकारसँग समन्वय गर्नेछ।

परिच्छेद-३

अनुमतिपत्र सम्बन्धी व्यवस्था

७.	**अनुमतिपत्र लिनु पर्ने**: (१) कुनै सिँचाइ योजनाको आंशिक वा पूर्ण रुपमा विकास र निर्माण गर्न चाहने निजी क्षेत्रले मन्त्रालयबाट अनुमतिपत्र लिनु पर्नेछ।

(२) अनुमतिपत्र लिनको लागि निवेदन दिने निकाय, निवेदनको ढाँचा, निवेदन साथ संलग्न गर्नु पर्ने विवरण, अनुमतिपत्र बापत लाग्ने दस्तुर, अनुमतिपत्रको अवधि तथा नवीकरण सम्बन्धी व्यवस्था र शर्तहरु तोकिए बमोजिम हुनेछ।

(३) अनुमति पत्रको अवधी पाँच वर्षको हुनेछ र त्यसपछि आवश्यकता एवम् औचित्यताको आधारमा कार्यालयको सिफारिसमा नवीकरण गर्न सकिनेछ।

(४) सरकारी निकायबाट सिँचाइ योजनाको विकास र निर्माण गर्न यस दफा बमोजिम अनुमतिपत्र आवश्यक पर्ने छैन।

८.	**अन्य प्रयोजनका लागि पानीको प्रयोग गर्न सकिने**: विद्यमान सिँचाइ प्रणालीले उपयोग गरिरहेको पानी सिंचित क्षेत्रको सिँचाइ सेवामा प्रतिकूल असर नपर्ने गरी सम्बन्धित जल उपभोक्ता संस्था र स्थानीय तहको सिफारिसमा कार्यालयले अन्य प्रयोजनका लागि अनुमति दिन सक्नेछ।

परिच्छेद-४

सिँचाइ योजनाको माग, प्राथमिकता तथा विकास

९.	सिँचाइ योजनाको माग र छनौटः (१) सिँचाइ योजनाको माग गर्ने उपभोक्ताले मन्त्रालयले तोकेको योजना माग फाराम भरी सम्बन्धित सिँचाइ कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(२) सिँचाइ योजनाको आवश्यकता अनुसार पहिचान सर्वेक्षण, सम्भाव्यता अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन वा विस्तृत परियोजना प्रतिवेदनको आधारमा सिँचाइ योजनाको छनोट गर्नु पर्नेछ।

(३) प्रदेश सरकारबाट सिँचाई योजनाको कार्यान्वयन गर्दा सम्भव भएसम्म देहाय बमोजिमको आधारमा कार्यान्वयन गर्न प्राथमिकता दिनु पर्नेछः-

(क) नयाँ सिंचित क्षेत्र बिस्तार,

(ख) सिँचाई प्रणालीको मर्मत सम्भार तथा पुनःस्थापना,

(ग) बाह्रै महिना सिँचाई हुने प्रविधियुक्त सिँचाई योजना,

(घ) बाली सघनता सम्बन्धी योजना,

तर सिँचाइको लागि प्रयोग हुने पानीको स्रोत संरक्षण गर्न योगदान पुऱ्याएको समुदायलाई सिँचाइ सुविधा विस्तार गर्नु पर्ने भएमा यस दफाले बाधा पुऱ्याएको मानिनेछैन।

१०. **प्रतिकूल असर पर्ने गरी सिँचाइ योजना कार्यान्वयन गर्न नहुने**ः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिए तापनि चालु रहेको सिँचाइ प्रणालीलाई प्रतिकूल असर पर्ने गरी सोही जलस्रोतको माथिल्लो तट तटीय (अपस्ट्रिम) मा नयाँ आयोजनाको निर्माण गर्न पाइने छैन।

तर कार्यालयले प्राविधिक अध्ययन पश्चात् तल्लो तटीय (डाउनस्ट्रिम) को प्रणालीलाई असर नपर्ने देखिएमा “व्यापक सार्वजनिक उपयोग”का लागि त्यस्तो स्रोतको माथिल्लो तटमा नयाँ आयोजना छनोट र विकास गर्न यो दफाले प्रतिकूल असर पुऱ्याएको मानिने छैन ।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि “व्यापक सार्वजनिक उपयोग“ भन्नाले देहायको अवस्थामा भएको जलस्रोतको उपयोग सम्झनु पर्छः-

(क) विद्यमान उपयोगबाट लाभान्वित भएका जनसंख्यालाई प्रतिकूल असर नपर्ने गरी थप जनसंख्यालाई लाभ हुने सिँचाइ आयोजना भएमा,

(ख) सामाजिक न्यायको दृष्टिकोणले नयाँ आयोजना

छनौट गरी कार्यान्वयन गर्नु पर्ने र त्यसरी आयोजना कार्यान्वयन गर्दा विद्यमान सिँचाइ प्रणाली उपर सारभूत रूपमा प्रतिकूल असर नपर्ने भएमा।

११. **सिँचाइ प्रणालीलाई एकीकरण गर्न सकिने**: (१) सिँचाइ कार्यालयले सिँचाइ प्रणालीको दिगोपन, सिँचाइ सुविधाको सुनिश्चतता, आर्थिक किफायतीपन, सामाजिक न्याय, वातावरणीय सन्तुलन, सञ्चालन, व्यवस्थापन तथा मर्मत-सम्भार जस्ता विविध पक्षबाट लाभ हुने देखिएमा एउटै वा फरक-फरक पानीको स्रोतको तल-माथि, दाँया-बायाँ वा सोही जलाधार क्षेत्र भित्र रहेका सिँचाइ प्रणालीहरुलाई एकीकृत रुपमा वा एकल सिँचाइ प्रणालीको रुपमा विकास तथा सञ्चालन गर्न सक्नेछ।

(२) मन्त्रालयले उपयुक्त स्थान पहिचान गरी जलाधार क्षेत्र (नदी बेसिन) मा आधारित एकीकृत सिँचाइ योजनाको कार्यान्वयन गर्न सक्नेछ।

तर भईरहेको सिँचाई प्रणालीको मर्मत सम्भारमा यो दफाले बाधा पुऱ्याएको मानिनेछैन।

१२. **क्षेत्र निर्धारण गर्न सक्ने**: नयाँ निर्माण गरिने सिँचाइ योजनाको क्षेत्र निर्धारण, सो क्षेत्रमा पानीको उपलब्धता तोकिए बमोजिम सुनिश्चितता गर्न सक्नेछ।

१३. **संघीय सरकारसँग अनुरोध गर्न सक्ने**: प्राकृतिक विपत्तिमा परेका, अन्तर प्रदेशीय उपभोगका योजना तोकिए बमोजिम भन्दा बढी लागतका ठुला तथा बृहत योजनाको हकमा संघीय सरकारसँग अनुरोध गर्न सक्नेछ।

१४. **निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गर्न सक्ने**: (१) कुनै खास सिँचाइ प्रणाली वा सिँचाइ योजनाको साथ-साथै जलस्रोतको अन्य उपयोग गर्दा व्यवसायिक दृष्टिकोणले सम्भाव्य देखिएमा मन्त्रालयले आयोजनाको पहिचान, छनौट, निर्माण, कार्यान्वयन, मर्मत-सम्भार, सुधार, सञ्चालन वा व्यवस्थापन तथा नविनतम प्रविधिको प्रयोग वा अध्ययन अनुसन्धान कार्यमा निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गर्न सक्नेछ।

(२) उपदफा (१) सँग सम्बन्धित अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-५

सिँचाइ प्रणालीको सञ्चालन, व्यवस्थापन तथा संरक्षण

१५. **कृषक व्यवस्थित सिँचाइ प्रणालीको मर्मत-सम्भार (एफएमआइएस):** (१) कृषक कुलोको सञ्चालन र सिँचाइ प्रणालीको सरसफाइ, सामान्य चुहावट रोकथाम, यन्त्र उपकरणको सर्भिसिङ्ग जस्ता नियमित रुपमा गर्नु पर्ने मर्मत-सम्भारको दायित्व जल उपभोक्ता संस्थाको हुनेछ।

(२) जल उपभोक्ता संस्थाको स्रोत, साधन र क्षमताले नसकिने किसिमका मर्मत सम्भार, नवीकरण, समय अनुकुल सुधार, विस्तार र स्तरोन्नति तथा प्राकृतिक वा जल उत्पन्न प्रकोपको कारणले पानी सञ्चालन हुन नसकेमा सिँचाइ प्रणालीको पुनर्स्थापना गर्ने कार्य प्रदेश सरकारले गर्नेछ।

(३) उपदफा (२) बमोजिम कार्य लागि आवश्यकता अनुसारका निकायसँग समन्वय र सहकार्य गर्न सक्नेछ।

१६. **संयुक्त व्यवस्थापनमा सञ्चालित सिँचाइ प्रणाली (जेएमआइएस) अन्तर्गतका सिँचाइ प्रणालीको सञ्चालन र मर्मत-सम्भार:** (१) कृषकको जनसहभागिता समेत परिचालन गरी कृषकको अपनत्व जगाउन, पानीको न्यायोचित वितरण गर्न, संरचनाहरुको नियमित मर्मत-सम्भार गरी वर्षैभरी पानी सञ्चालन कार्य भरपर्दो बनाउन, कृषि उत्पादन र उत्पादकत्व बढाई कृषकको आयस्तर वृद्धि गर्न संयुक्त व्यवस्थापनका सिँचाइ प्रणाली सञ्चालन गर्न सकिनेछ । यस उपदफा अनुसारको कार्यका लागि आवश्यकता अनुसारका निकायसँग समन्वय र सहकार्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सिँचाइ प्रणालीको हेडवर्क्स र मूल नहरको सञ्चालन तथा व्यवस्थापन प्रदेश सरकारले र शाखा, प्रशाखा नहर प्रणालीको सञ्चालन तथा व्यवस्थापन जल उपभोक्ता संस्थाले गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि जल उपभोक्ता संस्थाको स्रोत, साधन र क्षमताले नभ्याउने किसिमका शाखा, प्रशाखा नहर प्रणालीको मर्मत सम्भार, समय अनुकुल सुधार, विस्तार र स्तरोन्नति जस्ता कार्य प्रदेश सरकारले गर्न सक्नेछ।

(४) यो ऐन प्रारम्भ हुनु पूर्व प्रदेश सरकार र उपभोक्ता संस्थाको

संयुक्त व्यवस्थापनमा सञ्चालित सिँचाइ प्रणाली यसै ऐन बमोजिम संयुक्त व्यवस्थापनमा सञ्चालित सिँचाइ प्रणाली मानिनेछ।

(५) संयुक्त व्यवस्थापनमा सञ्चालित सिँचाइ प्रणालीको कार्यान्वयन प्रक्रिया तोकिए बमोजिम हुनेछ।

१७. **सिँचाइ प्रणाली हस्तान्तरण गर्न सकिने**: (१) यो ऐन प्रारम्भ हुँदाका बखत प्रदेश सरकारबाट सञ्चालन हुने भनी नेपाल सरकारबाट तोकिएको वा प्रदेश सरकारबाट निर्माण भएको वा प्रदेश सरकारको क्षेत्राधिकारमा परेको कुनै सिँचाइ प्रणालीको सञ्चालन, व्यवस्थापन तथा मर्मत-सम्भारको कार्य प्रदेश सरकारले स्थानीय तह वा जल उपभोक्ता संस्था, सिँचाइ सम्बन्धी सहकारी वा संयुक्त रुपमा हस्तान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको सिँचाइ प्रणालीको सञ्चालन, व्यवस्थापन तथा मर्मत-सम्भार कार्य हस्तान्तरण गर्दाका बखत तोकिएको शर्त बमोजिम हुनेछ।

(३) जल उपभोक्ता संस्थालाई हस्तान्तरण गरिएको सिँचाइ प्रणालीको चल अचल सम्पत्ति बेचबिखन गर्न वा अन्य कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन।

(४) सिँचाइ प्रणालीको हस्तान्तरण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **भूमिगत सिँचाइ गर्न सकिने**: सतह सिँचाइको लागि पानी पर्याप्त नहुने देखिएका सिँचाइ प्रणालीमा भूमिगत पानी र सतह पानीको संयोजनात्मक प्रयोगबाट सिँचाइ गर्न सकिनेछ।

१९. **सिँचाइ प्रणालीको सञ्चालन, व्यवस्थापन तथा संरक्षण**: (१) सिँचाइ प्रणालीको सञ्चालन, व्यवस्थापन र मर्मत-सम्भारको जिम्मेवारी सम्बन्धित जल उपभोक्ता संस्था, स्थानीय तह, निजी क्षेत्रलाई एकल रुपमा वा स्थानीय तह र निजी क्षेत्र वा स्थानीय तह, निजी क्षेत्र र जल उपभोक्ता संस्थाको संयुक्त रुपमा हुने गरी प्रदेश सरकारले जिम्मा दिन सक्नेछ।

(२) सिँचाइ प्रणालीको सञ्चालन, व्यवस्थापन र मर्मत-सम्भारको जिम्मेवारी भएको निकाय वा संस्थाले त्यस्तो प्रणालीको सम्पूर्ण संरचना,

त्यसको शाखा, प्रशाखा तथा आउटलेट, संरचनासँग सम्बन्धित भौतिक विवरण वा सम्पत्तिको अद्यावधिक विवरण तयार गरी त्यसको अभिलेख राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको सिँचाइ प्रणालीको सम्पत्तिको संरक्षण गर्ने दायित्व उपदफा (१) बमोजिम त्यस्तो सिँचाइ प्रणालीको सञ्चालन, व्यवस्थापन वा मर्मत-सम्भारको जिम्मेवारी भएको निकाय वा संस्थाको हुनेछ।

(४) सिँचाइ प्रणाली सञ्चालन गर्दा पानीको समुचित (अप्टिमम) उपयोग हुनेगरि गर्नु पर्नेछ।

२०. **<u>सिँचाइ प्रणालीसँग सम्बन्धित भौतिक संरचना सम्बन्धी व्यवस्थाः</u>** (१) सिँचाइ प्रणालीको संरचना र सोसँग सम्बन्धित जमिन वा अन्य भौतिक संरचना सिँचाइ वा जलस्रोतको बहुउद्देश्यीय उपयोगको प्रयोजन बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन।

(२) कुनै सिँचाइ आयोजना अन्तर्गत निजी जग्गामा निर्माण भएका सिँचाइ संरचनाको स्वामित्व वा भोगचलन सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(३) परम्परागत रुपमा चलि आएका नहर, कुलो, पैनीहरुलाई कुनै पनि किसिमको अवरोध गर्न, अतिक्रमण गर्न र अस्तित्व मेट्न वा मेटाउन पाइने छैन।

(४) सिँचाइ प्रणालीलाई असर वा अतिक्रमण हुने गरी कुनै पनि निर्माण कार्य गर्न वा गराउन पाइने छैन।

(५) सिँचाई प्रणालीको नहर वा जग्गामा जोडेर घर बनाउदा, सिँचाइ नहर वा संरचनातर्फ पर्नेगरी घरको झ्याल, ढोका, बार्दली, टप, खुड्किला आदि राख्दा भवन निर्माण सम्बन्धी प्रचलित मापदण्ड बमोजिमको न्यूनतम सेटब्याक दुरी बराबर आफ्नो जग्गा छाड्नुपर्नेछ।

(६) सिँचाइ प्रणालीसँग सम्बन्धित संरचना र सोसँग सम्बन्धित जग्गा वा भौतिक संरचना प्रचलित कानून बमोजिम अनुमति प्राप्त भएको अवस्थामा बाहेक व्यक्तिगत वा सार्वजनिक प्रयोजनका लागि प्रयोग गरिने छैन।

२१. **स्वीकृति लिनुपर्नेः** कुनै व्यक्ति, समूह वा संस्थाले देहाय बमोजिमका कार्य गर्दा सम्बन्धित सिँचाई अधिकृतबाट स्वीकृति लिनु पर्नेछः-

(क) आयोजना क्षेत्रमा प्रवेश गर्न,

(ख) सिँचाइ प्रणाली वा संरचना माथि कुनै किसिमको सभा, समारोह गर्न,

(ग) आयोजना क्षेत्र भित्र चौपाया हिँडाउन, चराउन, छाडा छोड्न वा घाँसपात काट्न,

(घ) प्रवेश निषेध गरिएको सिँचाइ क्षेत्रभित्र सवारी चलाउन,

(ङ) पम्पिङ सेट वा त्यस्तो अन्य उपकरण प्रयोग गरी गैह्र कृषि प्रयोजनका लागि पानी तान्न,

(च) नयाँ शाखा नहर वा आउटलेट निकाल्न,

(छ) संरचना, गेट, आउटलेट, नहर तथा स्केप चलाउन, बिगार्न, भत्काउन वा स्वरूप परिवर्तन गर्न,

(ज) वातावरणीय अध्ययन गरी सिँचाइ प्रणालीको बाँध, मुहान वा जलस्रोत सम्बन्धी अन्य संरचनाको तल माथि दुवैतिर पाँच सय मिटरसम्म र नहर वा कुलोको समानान्तर हुने गरी पचास मिटरसम्म कुनै प्रकारको नदीजन्य पदार्थ उत्खनन गर्न ।

परिच्छेद-६

विशेष सिंचित क्षेत्र

२२. **विशेष सिंचित क्षेत्र घोषणा गर्न सकिनेः** (१) प्रचलित भू-उपयोग सम्बन्धी कानून बमोजिम निर्धारित कृषि क्षेत्रभित्र पर्ने तोकिएको मापदण्ड पुरा गर्ने वा पुरा हुन सक्ने कुनै सिंचित क्षेत्रलाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी विशेष सिंचित क्षेत्रको रूपमा घोषणा गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम घोषित सिंचित क्षेत्रमा सम्भव भएसम्म बाह्रै महिना सिँचाइ सुविधाको व्यवस्थापन गरिनेछ र यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको सिंचित क्षेत्रमा तोकिए बमोजिम सघन कृषि विकास कार्यक्रम वा अन्य त्यस्तै कार्यक्रम लागु गरी सञ्चालन गर्न सकिनेछ।

२३. **विशेष सिंचित क्षेत्रमा भौतिक संरचना निर्माणः** दफा २२ बमोजिमको विशेष सिंचित क्षेत्रमा कुनै प्रकारको बस्ती विकास, सामूहिक आवास, व्यापार, व्यवसाय, शैक्षिक वा औद्योगिक संरचना वा भौतिक पूर्वाधार संरचनाको निर्माण गर्न हुदैन।

तर तोकिएको मापदण्ड पुरा गरी प्रदेश सरकारको पूर्व स्वीकृति लिएर निर्माण गर्न यो दफाले कुनै बाधा पुऱ्याएको मानिने छैन।

परिच्छेद-७

जल उपभोक्ता संस्था सम्बन्धी व्यवस्था

२४. **जल उपभोक्ता समितिको गठन, दर्ता, नवीकरण र खारेजी सम्बन्धीः** (१) सामूहिक हितका लागि कुनै सिँचाइ योजना निर्माण तथा प्रणालीको विकास, मर्मत-सम्भार र संरक्षण गर्ने तथा त्यसबाट वितरण हुने पानी उपयोग गर्न चाहने त्यस्तो सिँचाइ प्रणालीसँग सम्बन्धित उपभोक्ताहरूले जल उपभोक्ता समिति गठन गर्न सक्नेछन् र त्यस्तो समितिको गठन, दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२) विस्तृत सर्वेक्षण तथा सम्भाव्यता अध्ययन वा कार्यान्वयनका लागि छनौट भएको योजनामा जल उपभोक्ता समिति गठन नभएको भए गठन गर्नु पर्नेछ।

(३) जल उपभोक्ता समितिको गठन संस्थाको विधान बमोजिम वा कम्तीमा दुई तिहाइ उपभोक्ताको उपस्थितिमा सम्भव भएसम्म स्थानीय जनप्रतिनिधिको रोहबरमा गर्नु पर्नेछ।

(४) जल उपभोक्ता समितिमा कम्तीमा एक तिहाइ महिला सहित सम्भव भएसम्म समावेशी प्रकृतिको हुनुपर्नेछ।

तर कुनै पनि सरकारी पदमा वहाल रहेको कर्मचारी वा शिक्षक, निर्वाचित जनप्रतिनिधि र सिँचाइ सेवा शुल्क नतिरेको व्यक्ति सो समितिका लागि योग्य मानिने छैन।

(५) जल उपभोक्ता समितिको पदावधि बढीमा चार वर्षको हुनेछ र एउटै व्यक्ति एकै पदमा लगातार दुई कार्यकाल भन्दा बढी पदाधिकारी बन्न पाउने छैन ।

(६) प्रदेश सरकारको सिँचाइको क्षेत्राधिकार भित्र पर्ने सिँचाइ योजनाको जल उपभोक्ता संस्थाको दर्ता जल उपभोक्ता संस्थाको साधारण सभाको सिफारिसमा एक सय रुपैयाँ शुल्क लिई सम्बन्धित सिँचाइ कार्यालयले गर्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिए तापनि जल उपभोक्ता संस्थाको दर्ता सम्बन्धित सिँचाइ कार्यालयमा गर्न सकिनेछ र जल उपभोक्ता संस्था दर्ता सम्बन्धी अभिलेखको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(८) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भएको जल उपभोक्ता संस्था वा जल उपभोक्ता समिति यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

(९) जल उपभोक्ता संस्थाले आफ्नो संस्थालाई सिँचाइ सहकारी संस्थाको रुपमा दर्ता गर्न चाहेमा त्यस्तो जल उपभोक्ता संस्थालाई आवश्यक प्रक्रिया पुरा गरी प्रचलित कानून बमोजिम सहकारी संस्थाको रुपमा गठन गर्न सम्बन्धित निकाय समक्ष दर्ता गर्न सक्नेछ ।

(१०) जल उपभोक्ता संथाले प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र गत वर्षको लेखा परीक्षण (अडिट) प्रतिवेदन सहित तोकिए बमोजिमको शुल्क बुझाई नवीकरण गर्नु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिम नवीकरण नभएका जल उपभोक्ता समितिलाई वार्षिक एक सय रुपैयाँ जरिबाना लिई नवीकरण गर्न सकिनेछ ।

(१२) जल उपभोक्ता संस्थाको दर्ता, नवीकरण र खारेजी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **जल उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकारः** (१) जल उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जग्गाको क्षेत्रफलको आधारमा सम्बन्धित उपभोक्ताबाट रकम सङ्कलन गरी मर्मत-सम्भार कोष स्थापना गर्ने,

(ख) उपभोक्ता मार्फत गरिने निर्माण कार्यको लागत अनुमान (मू.अ.कर बाहेक) तोकिए बमोजिमको रकम जनसहभागिता बापत जुटाउने,

(ग) नयाँ योजनाको निर्माण कार्य सकिएपछि सञ्चालन र व्यवस्थापनको जिम्मा लिने,

(घ) आयोजना वा प्रणालीबाट लाभान्वित हुने उपभोक्ता र जग्गाको तथ्याङ्क अध्यावधिक गरी जल उपभोक्ता संस्थाको सदस्यता दिने,

(ङ) जल उपभोक्ता संस्थाको जिम्मामा रहेको सिँचाइ प्रणालीको सम्पत्तिको अभिलेख अद्यावधिक गरी संरक्षण गर्ने,

(च) जल उपभोक्ता संस्थाको वार्षिक साधारण सभा सम्पन्न गर्ने,

(छ) साधारण सभाबाट सिँचाइ सेवा शुल्क तोक्ने र सम्पूर्ण लाभान्वित उपभोक्ताबाट सिँचाइ सेवा शुल्क सङ्कलन गरी सिँचाइ प्रणालीको सञ्चालन र व्यवस्थापन गर्ने,

(ज) उपभोक्ता संस्थाको संस्थागत विकास गर्ने, गराउने,

(झ) पानीको उपलब्धतालाई विचार गरी सिँचाइ क्षेत्र विस्तार गर्न आवश्यक थप संरचनाको निर्माण गर्ने र थप उपभोक्ताले सिँचाइ सेवा प्राप्त गरेमा ती उपभोक्तालाई जलउपभोक्ता संस्थामा आबद्ध गर्ने,

(ञ) सिँचाइ प्रणालीको सुधार, विस्तारका लागि थप जग्गा आवश्यक परेमा सोको व्यवस्थापन गर्ने,

(ट) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(२) उपदफा (१) को खण्ड (ञ) बमोजिमको जग्गाको व्यवस्थापन उपभोक्ता संस्थाले गर्नु पर्नेछ र त्यस्तो रकमलाई जनसहभागिता बापतको कार्यको रुपमा मूल्याङ्कन गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नयाँ सिँचाइ आयोजनाको निर्माणमा जमिन पर्ने तर सिँचाइ सुविधा नपाउने व्यक्तिलाई प्रचलित चलन चल्तीको दर बमोजिम हुन आउने जमिनको मूल्य बराबरको क्षतिपूर्ति रकम उपभोक्ता संस्था आफैले व्यहोर्नु पर्नेछ।

(४) यस ऐन बमोजिम उपभोक्ता संस्थाले आफूलाई प्राप्त केही काम, कर्तव्य र अधिकार खास काम र निश्चित समयावधिका लागि सेवा उपभोग गरिरहेका उपभोक्ताहरु मध्येबाट उपसमिति गठन गरी प्रत्यायोजन गर्न सक्नेछ।

परिच्छेद-८

सिँचाइ सेवा शुल्क सम्बन्धी व्यवस्था

२६. **सिँचाइ सेवा शुल्क बुझाउनु पर्ने:** (१) सिँचाइ सेवा सुविधा प्राप्त गरिरहेका सबै उपभोक्ताहरुले सिँचाइ सेवा शुल्क बुझाउनु पर्नेछ।

(२) सिँचाइ सेवाको उपलब्धताको स्तर र सिंचित क्षेत्रको क्षेत्रफलको आधारमा जल उपभोक्ता संस्थाले जल उपभोक्ता संस्थाको साधारण सभाबाट अनुमोदन गरी सिँचाइ सेवा शुल्कको दर तोक्नु पर्नेछ।

(३) सिँचाइ सेवा शुल्क रकम सम्बन्धित जल उपभोक्ता संस्थाको कोषमा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको सेवा शुल्क नबुझाउने उपभोक्तालाई जल उपभोक्ता संस्थाले सिँचाइ सुविधाबाट वञ्चित गराउन सक्नेछ।

(५) अघिल्लो आर्थिक वर्षको सिँचाइ सेवा शुल्क चालु वर्षको माघ मसान्तसम्ममा बुझाइ सक्नु पर्नेछ।

(६) सम्बन्धित सिँचाइ प्रणाली अन्तर्गत अघिल्लो वर्षको सिँचाइ सेवा शुल्कको कुनै बक्यौता रहेमा जल उपभोक्ता संस्थाले बक्यौता रहेको रकम सहितको बक्यौता सूची प्रत्येक आर्थिक वर्षको भाद्र मसान्त भित्रमा सम्बन्धित स्थानीय तह वा वडा कार्यालयमा पठाउनु पर्नेछ

(७) उपदफा (६) बमोजिमको बक्यौता रकम असुल उपर

भएपछि मात्र सम्बन्धित स्थानीय तहबाट निजले सो जग्गाको मालपोत शुल्क बुझाउने, चार किल्ला प्रमाणित गर्ने, जग्गाको कित्ताकाट गर्ने, रजिष्ट्रेशन पास गर्ने, अंशबन्डा गर्ने, धितो मूल्याङ्कन गर्ने जस्ता भूमि व्यवस्था सम्बन्धी सेवा सुविधा प्राप्त गर्न सक्नेछ।

(८) उपदफा (६) बमोजिमको व्यवस्था मिलाउनु प्रत्येक स्थानीय तह वा वडा कार्यालयको कर्तव्य हुनेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति उत्पन्न भई आंशिक वा पूर्ण रुपमा सिँचाइ सुविधा अवरुद्ध भएमा जल उपभोक्ता संस्थाले जल उपभोक्ता संस्थाको साधारण सभाबाट निर्णय गराई सो अवधिको लागि सिँचाइ सेवा शुल्कमा आंशिक वा पूर्ण रुपमा मिनाहा गर्न सक्नेछ।

परिच्छेद-९

जलउत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी व्यवस्था

२७. **जलस्रोतको संरक्षणः** (१) कार्यालयले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने जलस्रोतका मुहान, नदी, नाला, खोला, ताल, तलैया, कुवा जस्ता प्राकृतिक रुपमा रहेका जलस्रोतको संरक्षण गर्न सक्नेछ।

(२) नदी, खोला, ताल भित्र अनाधिकृत रुपमा उत्खनन् र प्राकृतिक रुपमा भत्काउन बिगार्न स्वीकृति प्राप्त भएको बाहेक अन्य क्रियाकलापमा रोक लगाउन सक्ने छ।

(३) जलस्रोत व्यवस्थापनको लागि स्थलगत आवश्यकता र प्राविधिक मूल्याङ्कनका आधारमा संरचना निर्माण गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको क्रियाकलाप गर्दा सम्बन्धित नदी, खोला वा जलाशयका दुवै किनाराको प्रकोप व्यवस्थापन सम्बन्धी विश्लेषण गरिएको प्रतिवेदन तयार भएको हुनु पर्नेछ ।

२८. **जलउत्पन्न प्रकोप व्यवस्थापन समितिः** (१) जलउत्पन्न प्रकोपबाट प्रभावित उपभोक्ता समूह वा समिति (ज.उ.प्र.उ.स.) गठन गरी प्रचलित कानून बमोजिम बचाउ तथा संरक्षणको कार्य गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम गठन हुने जल उत्पन्न प्रकोपबाट प्रभावित उपभोक्ता समूह वा समितिमा स्थानीय वासीहरुको प्रतिनिधित्व हुने गरी सम्भव भएसम्म महिला, दलित, उत्पिडित, पिछडिएका वर्ग र जनजातिको उचित प्रतिनिधित्व हुने गरी कम्तीमा पाँच जनाको समिति बनाउन सकिने छ।

(३) उपदफा (१) बमोजिम गठन हुने जल उत्पन्न प्रकोपबाट प्रभावित उपभोक्ता समूह वा समितिको दर्ता सम्बन्धमा स्थानीय तहको सिफारिसमा कार्यालयले गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम गठन हुने जल उत्पन्न प्रकोपबाट प्रभावित उपभोक्ता समूह वा समितिको समयावधि एक वर्षको हुनेछ।

(५) उपदफा (१) बमोजिम गठन हुने जल उत्पन्न प्रकोपबाट प्रभावित उपभोक्ता समूह वा समितिको काम, कर्तव्य, दर्ता, खारेजी तोकिए बमोजिम हुनेछ।

२९. **जल उत्पन्न प्रकोप व्यवस्थापन योजनाको छनौट र प्राथमिकताः** जल उत्पन्न प्रकोप व्यवस्थापन योजनाको लिखित माग, दर्ता भएका योजनाको क्षतिग्रस्तता, जोखिमयुक्त, स्रोतको निश्चितता, प्राविधिक रुपमा सम्भाव्य योजना देहायको प्राथमिकताका आधारमा छनौट गरिनेछः-

(क) दैवी प्रकोपबाट क्षतिग्रस्त क्षेत्रमा आपतकालीन बचाउ तथा संरक्षण,

(ख) जोखिमयुक्त क्षेत्रको तोकिए अनुसारको वर्गीकरण,

(ग) भू-उपयोग नीति अनुसार,

(घ) नदी किनारको जग्गा उकास र विकासमा लाभ र लागतको आधार,

(ङ) कार्यक्रममा परेका तथा स्रोत सुनिश्चित भएका योजना,

(च) जोखिमयुक्त जिल्ला सदरमुकाम, टार, बजार, वस्ती, कृषि क्षेत्र, सरकारी वा कुनै संस्था वा व्यक्तिगत सम्पत्ति संरक्षण।

परिच्छेद-१०

वातावरणीय संरक्षण तथा नियन्त्रण

३०. **वातावरणीय संरक्षण सम्बन्धी व्यवस्थाः** (१) सिँचाइ प्रणालीको विकास गर्दा प्रचलित वन तथा वातावरण सम्बन्धी कानूनको पूर्ण पालना गर्नु पर्नेछ ।

(२) सिँचाइ प्रणालीको विकास, संरचना निर्माण वा सिँचाइको लागि जलस्रोतको उपयोग गर्दा भूक्षय, बाढी, पहिरो नजाने, प्रदूषण नहुने तथा वातावरणीय अवस्था, पर्यटन, जलविहार, जलचर र नदीस्रोतको पारिस्थितिकीय प्रणाली उपर प्रतिकूल असर नपुग्ने गरी गर्नु पर्नेछ।

(३) सिँचाइ प्रणालीको सञ्चालन गर्दा उपभोक्ता वा सेवाग्राहीलाई आवश्यकता भन्दा बढी हुन जाने सिँचाइ प्रणालीको पानी नदी वा खोलामा छाडी दिनु पर्नेछ र यसरी सिँचाइको लागि पानी प्रयोग गर्दा त्यस्ता नदी वा खोलामा आवश्यक पर्ने न्यूनतम जलस्तर कायम गर्नु पर्नेछ।

३१. **पानीको गुणस्तरः** (१) सिँचाइ आयोजना सञ्चालन गर्दा सिँचाइ सेवामा उपयोग हुने पानीको गुणस्तर तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम गुणस्तर नभएको पानीलाई सम्बन्धित सिँचाइ अधिकृतले सिँचाइको प्रयोजनका लागि प्रयोग गर्नबाट रोक लगाउन सक्नेछ।

परिच्छेद-११

कसुर, जरिबाना तथा सजाय

३२. **कसुर मानिनेः** (१) देहाय बमोजिमको कुनै कार्य गरेमा यस ऐन अन्तर्गत कसुर गरेको मानिनेछः-

(क) दफा २१ विपरीतको कार्य गरेमा,

(ख) सिँचाइ प्रणालीलाई प्रतिकूल असर पर्ने गरी पानीको स्रोतमा अवरोध खडा गरेमा वा पानीको वहावलाई बाधा-अवरोध गरेमा,

(ग) सिँचाइ प्रणाली वा आयोजनामा जडान गरिएको

कुनै यन्त्र वा उपकरणको पार्टपूर्जाहरूलाई चलाएमा, सारेमा, बिगारेमा वा चोरेमा,

(घ) सिँचाइ संरचनामा अनाधिकृत रूपमा पानीको मात्रा, वहाव वा परिमाण अदलबदल गरेमा, घटाएमा वा बढाएमा,

(ङ) सिँचाइ प्रणालीको पानी चोरी गरेमा,

(च) सिँचाइ प्रणालीको पानी प्रदुषण गरेमा,

(छ) सिँचाइ प्रणालीको स्वामित्वमा रहेको जग्गामा अनाधिकृत रुपमा भौतिक संरचना निर्माण गरेमा,

(ज) सिँचाइ प्रयोजनको लागि राखिएको सङ्केत वा चिन्ह बिगारेमा वा हटाएमा,

(झ) यस ऐन विपरीत अन्य प्रयोजनको लागि पानीको प्रयोग गरेमा,

(ञ) यस ऐन बमोजिम सरकारी कर्मचारीलाई आफ्नो पदीय कर्तव्य पालना गर्न वाधा अड्चन पुऱ्याएमा,

(ट) खोलामा आवश्यक पर्ने न्यूनतम जलस्तर कायम नगरेमा,

(ठ) यस ऐन प्रतिकूल हुने गरी अन्य कुनै कार्य गरेमा।

(२) उपदफा (१) बमोजिमका कसुरका सम्बन्धमा सर्वसाधारणको जानकारीको लागि सम्बन्धित सिँचाइ कार्यालयले सिँचाइ प्रणाली वा आयोजना क्षेत्रको मुख्य स्थान, सम्बन्धित जल उपभोक्ता संस्थाको कार्यालय र सिँचाइ कार्यालयमा सूचना टाँस तथा प्रचारप्रसार गर्नु पर्नेछ।

३३. **जरिबाना तथा सजायः** (१) देहायको कसुर गर्नेलाई सिँचाइ अधिकृतले देहाय बमोजिम सजाय गर्नेछः-

(क) दफा २१ को खण्ड (छ) र (ज) तथा दफा ३८ को उपदफा (१) को खण्ड (ख), (ग), (घ), (छ) र (ज) बमोजिमको कसुर गर्नेलाई हानी नोक्सानी भएको

बिगो असूल गरी बिगो खुलेकोमा बिगो बमोजिम र बिगो नखुलेकोमा कसुर को मात्रा हेरी एक लाख रूपैयाँसम्म जरिबाना,

(ख) दफा ३२ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुर गर्नेलाई कसुरको मात्रा हेरी दश हजार रूपैयाँसम्म जरिबाना,

(ग) दफा २१ को खण्ड (क), (ग) र (ङ) तथा दफा ३२ को उपदफा (१) को खण्ड (च) र (ठ) बमोजिमको कसुर गर्नेलाई पहिलो पटक पाँच हजार रूपैयाँसम्मको जरिबाना र दोश्रो पटक देखि पटकै पिच्छे दोब्बर जरिबाना,

(घ) दफा २० को उपदफा (३) बमोजिमको कसुर गर्नेलाई हानी नोक्सानी भएको बिगो असूल गरी बिगो खुलेकोमा बिगो बमोजिम र बिगो नखुलेकोमा दश हजार रूपैयाँसम्मको जरिबाना,

(ङ) दफा ३२ को उपदफा (१) को (ट) बमोजिमको कसुरमा प्रचलित कानून बमोजिम हुनेछ,

(च) यो ऐन विपरीतका अन्य कसुर गर्नेलाई कसुरको मात्रा र गाम्भिर्यता हेरी पचास हजारसम्म जरिबाना।

(२) उपदफा (१) बमोजिमको जरिबानाका अतिरिक्त कसुरदारबाट कसैको हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानीको क्षतिपूर्ति समेत तिर्नु पर्नेछ।

(३) दफा ३२ को उपदफा (१) बमोजिमको कसुर गर्न उक्साउने, दुरुत्साहन गर्ने, मतियार हुने वा त्यस्तो कसुर को उद्योग गर्ने व्यक्तिलाई उपदफा (१) मा लेखिएको सजायको आधा सजाय हुनेछ।

(४) यस दफा बमोजिम सिँचाइ अधिकृतले गरेको जरिबाना नतिर्ने व्यक्तिवाट सरकारी बाँकी सरह असुल उपर गरिने छ।

परिच्छेद-१२

उजुरी, अनुसन्धान, कारबाही तथा पुनरावेदन

३४. **उजुरी दिन सक्नेः** (१) यस ऐन तथा यस अन्तर्गत बनेको नियमावली विपरीतको कार्य कुनै व्यक्ति, संस्था वा कोही कसैले गरेमा वा गर्न लागेको आशंका भएमा जो कोहीले सिँचाइ अधिकृत समक्ष उजुरी दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम उजुरी प्राप्त भएपछि सिँचाइ अधिकृतले अनुगमन, निरीक्षण गरी वा आवश्यकता हेरी मुद्दाको अनुसन्धान गर्न सक्नेछ।

३५. **मुद्दाको अनुसन्धानः** यस ऐन बमोजिम सिँचाइ अधिकृतले कुनै कारबाही गर्दा प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेश गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार हुनेछ।

३६. **पुनरावेदनः** दफा ३३ बमोजिम सिँचाइ अधिकृतले दिएको सजायको आदेशमा चित्त नबुझेमा त्यस्तो आदेश वा निर्णयको जानकारी पाएको मितिले पैँतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सकिनेछ।

३७. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः** यस ऐन बमोजिम कसुर हुने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसुर हुने रहेछ भने सो कानून बमोजिम मुद्दा चलाई सजाय गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

परिच्छेद-१३

अनुगमन र मूल्याक्तन

३८. **मन्त्रालयबाट योजना अनुगमन र मूल्याक्तनः** (१) मन्त्रालयले आफ्नो मातहतको कार्यालयले गरेको योजना छनौट, अध्ययन, सर्वेक्षण, विस्तृत डिजाईन, लागत अनुमान, खरिद प्रक्रिया, योजना निर्माण, गुणस्तर नियन्त्रण तथा परीक्षण लगायतका सम्बन्धमा अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन कार्य गर्नेछ।

(२) मन्त्रालयले वर्षभरी गर्ने अनुगमन कार्यको संक्षिप्त प्रतिवेदन

बनाई वार्षिक रुपमा समीक्षा तथा विश्लेषण गरी कार्यान्वयनको लागि सम्बन्धित मातहतका कार्यालयमा पठाउनु पर्नेछ।

३९. **नहर परीक्षण (टेस्टरन)**: (१) निर्माण कार्य सम्पन्न भएपछि सिँचाइ योजनाको नहर परीक्षण (टेस्टरन) कार्य सम्भव भए सम्म कार्यालय प्रमुख, प्राविधिक कर्मचारी, निर्माण व्यवसायी, जल उपभोक्ता संस्था र अन्य सरोकारवाला निकायको प्रतिनिधिको रोहबरमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नहर परिक्षण गर्दा कुनै कमी, कमजोरी वा त्रुटी वा थप सुधारका काम आवश्यक देखिएमा त्यस्तो किसिमको त्रुटि सच्याउने दायित्व खरिद सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

परिच्छेद-१४
विविध

४९. **वैदेशिक सहयोगको व्यवस्थापन**: वैदेशिक सहयोगका योजनामा मन्त्रालयले आयोजनाको पहिचान, छनौट, निर्माण, कार्यान्वयन, मर्मत-सम्भार, सुधार, सञ्चालन वा व्यवस्थापन तथा नवीनतम प्रविधिको प्रयोग वा अध्ययन अनुसन्धान कार्यमा नेपालसरकारसँग समन्वय गर्न सक्नेछ।

४१. **सिँचाइ सम्बन्धी तथ्याङ्क व्यवस्थित गर्नुपर्ने**: (१) आफ्नो मातहतमा सञ्चालन तथा सम्पन्न भएका सिँचाइ योजनाको तोकिएको ढाँचामा अद्यावधिक तथ्याङ्क राख्नु सम्बन्धित कार्यालय र मन्त्रालयको जिम्मेवारी हुनेछ।

(२) उपदफा (१) को अतिरिक्त कार्यालयले प्रदेश सरकार तथा मन्त्रालयबाट सञ्चालन तथा सम्पन्न भएका सिँचाइ योजनाको विवरण, स्तरउन्नति, थप कमाण्ड एरिया विस्तार, नदी तथा पहिरो व्यवस्थापन योजना सम्बन्धी विभिन्न विवरण समेटिएको वार्षिक प्रगति सार्वजनिक गर्नु पर्नेछ।

४२. **सिँचाइ समन्वय समिति**: (१) सिँचाइ र कृषिले समन्वयात्मक रुपमा सञ्चालन गर्नु पर्ने कृषिको व्यवसायिकरण, यान्त्रीकरण, खेतीयोग्य जग्गाको चक्लाबन्दी जस्ता आयोजना वा कार्यक्रमको पहिचान र कार्यान्वयनमा

सहजीकरण गर्न देहाय बमोजिमको प्रदेश सिँचाइ समन्वय समिति रहनेछः-

(क) मन्त्री , मन्त्रालय -संयोजक

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) प्रतिनिधि, प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, -सदस्य

(घ) सचिव वा निजले तोकेको प्रतिनिधि, प्रदेश सरकारको भूमि व्यवस्था तथा कृषि विषय हेर्ने मन्त्रालय -सदस्य

(ङ) सचिव वा निजले तोकेको सम्बन्धित महाशाखा प्रमुख, प्रदेश सरकार, अर्थ मन्त्रालय -सदस्य

(च) सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार विज्ञ वा सरोकारवाला आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(४) सिँचाई योजनाको कार्यान्वयनको क्रममा देखा पर्ने समस्या समाधान गर्न एवम् सिँचाइ र कृषिको बिचमा समन्वय र सहजीकरण गर्न देहाय बमोजिमको जिल्ला सिँचाइ समन्वय समिति रहनेछ,-

(क) कार्यालय प्रमुख, जलस्रोत तथा सिँचाइ विकास डिभिजन वा सब डिभिजन कार्यालय, -अध्यक्ष

(ख) प्रमुख वा निजले तोकेको प्रतिनिधि, जिल्ला स्थित कृषिसँग सम्बन्धित कार्यालयहरु, -सदस्य

(ग) प्रतिनिधि, जिल्ला स्थित खानेपानी कार्यालय, -सदस्य

(घ) प्रतिनिधि, जिल्ला भू तथा जलाधार कार्यालय, -सदस्य

(ङ) सम्बन्धित स्थानीय तहको प्रतिनिधि, -सदस्य

(च) सम्बन्धित जल उपाभोक्ता समिति वा संस्थाको अध्यक्ष, -सदस्य

(छ) सम्बन्धित सिँचाइ कार्यालयको इन्जिनियर वा सब इन्जिनियर -सदस्य सचिव

(५) जिल्ला सिँचाइ समन्वय समितिको काम, कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) सिँचाइ, साना सिँचाइ (स्थानीय तह र कृषि ज्ञान केन्द्रबाट सञ्चालित) र विशेष सिँचाइ कार्यक्रमको कार्यान्वयनमा देखा पर्ने समस्या समाधान गर्ने,

(ख) कृषि विकास, कृषिको व्यवसायिकरण, यान्त्रीकरण, खेतीयोग्य जग्गाको चक्लाबन्दी जस्ता आयोजना वा योजनाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने,

(ग) एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रम (आइसीडब्लुएमपी) मा समन्वय र सहजीकरण गर्ने,

(घ) पानीको श्रोत, उपभोक्ता संस्था गठन, योजना छनौट र सञ्चालनमा देखा पर्ने समस्या समाधान तथा सहजीकरण गर्ने,

(ङ) पानीको श्रोत र सिँचाई क्षेत्रका सम्बन्धमा अन्तर जिल्ला समन्वय गर्ने,

(च) सिँचाइ योजनाको कार्यान्वयनमा कुनै विवाद उत्पन्न भएमा सोको समाधान गर्न पहल गर्ने,

(छ) समितिको बैठकमा आवश्यकता अनुसार सरोकारवालालाई आमन्त्रण गर्न सक्ने ।

(६) उपदफा (१) र (४) बमोजिम समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(७) उपदफा (१) र (४) बमोजिम गठन भएका समितिका पदाधिकारीलाई अर्थ मन्त्रालयको स्वीकृत मापदण्ड बमोजिम बैठक भत्ता उपलब्ध गराउनु पर्नेछ ।

४३. **अरुको घर जग्गामा प्रवेश गर्न सक्ने**: (१) सिँचाइ आयोजना वा बहुउद्देश्यीय सिँचाइ आयोजनाको सर्वेक्षण, सिँचाइ प्रणालीको सञ्चालन, व्यवस्थापन, मर्मत-सम्भार वा पानीको उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा प्रदेश सरकारबाट खटाएको कर्मचारीले सम्बन्धित घर वा जग्गाधनीलाई पूर्व सूचना दिई वा सूचना टाँस गरी त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रवेश गरी कुनै कार्य गर्दा त्यस्तो घर वा जग्गाधनीको कुनै पनि सम्पत्तिमा कुनै हानी नोक्सानी हुन गएमा सम्बन्धित कार्यालयले त्यस्तो हानी नोक्सानीको उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

४४. **निर्देशन दिन सक्ने**: (१) सिँचाइको मर्मत-सम्भार, संरक्षण तथा सिँचाइ शुल्क निर्धारण सम्बन्धमा जल उपभोक्ता संस्थालाई कार्यालयले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित जल उपभोक्ता संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यालयको निर्देशन पालना नगर्ने उपभोक्ता संस्थालाई निलम्बन गर्ने र संस्था खारेज गर्ने समेतको अधिकार सिँचाइ अधिकृतलाई हुनेछ ।

४५. **पुरस्कृत गर्न सक्ने**: प्रत्येक वर्ष सिँचाइ प्रणाली सञ्चालन गर्ने कुनै एक वा एक भन्दा बढी उत्कृष्ट जल उपभोक्ता संस्थालाई जल व्यवस्थापन,

संस्थागत विकास र सिँचाइ सेवा शुल्क सङ्कलनका वाली सघनता, कृषि व्यवसायीकरण, उत्पादकत्व समेतको आधारमा छनौट गरी सम्बन्धित सिँचाइ कार्यालयको सिफारिसमा मन्त्रालयले सो संस्थालाई पुरस्कृत गर्न सक्नेछ।

४६. **नियम, निर्देशिका, कार्यविधि, मापदण्ड र विनियम बनाउने अधिकार:** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाई लागु गर्न सक्नेछ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही प्रदेश सरकारले निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको निर्देशिका, कार्यविधि र मापदण्डको अधीनमा रही सम्बन्धित जल उपभोक्ता संस्थाले आवश्यक विनियम बनाउन सक्नेछ।

गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७९।०४।२४

<u>संशोधन गर्ने ऐन</u>

केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०८१ २०८१।०६।२०

<u>संवत् २०७९ सालको ऐन नं. ०८</u>

<u>गण्डकी प्रदेशमा खानेपानी तथा सरसफाइ सम्बन्धी व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावनाः</u> गण्डकी प्रदेशभित्र खानेपानीलाई पहिलो प्राथमिकतामा राखि सहरी एवम् ग्रामीण बस्तीमा स्वच्छ, गुणस्तरीय, सर्वसुलभ र सुरक्षित रुपमा खानेपानी आपूर्ति गरी जन-स्वास्थ्यको रक्षा गर्न, सरसफाइको व्यवस्था गर्न एवम् ढल तथा फोहोर पानीको व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गर्न र सोको प्रभावकारी निगरानी, अनुगमन र नियमन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद- १

<u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र" भन्नाले दफा ५ बमोजिमको अनुमतिपत्र सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न वा आयोजना सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न अनुमति प्राप्त सङ्गठित संस्था सम्झनु पर्छ।

(ग) "आयोजना" भन्नाले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा

सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यको लागि सञ्चालित आयोजना सम्झनु पर्छ।

(घ) "उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाइ सेवा उपयोग गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ।

(ङ) "उपभोक्ता संस्था" भन्नाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्न कानून बमोजिम स्थापित सामुदायिक वा सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्न कानून बमोजिम गठित उपभोक्ता समिति समेतलाई जनाउँछ।

(च) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका खानेपानी तथा सरसफाइ क्षेत्र हेर्ने सम्बन्धित कार्यालय सम्झनु पर्छ।

(छ) "कार्यालय प्रमुख" भन्नाले सम्बन्धित खानेपानी कार्यालयको प्रमुखको रुपमा प्रदेश सरकार वा मन्त्रालयले खटाएको अधिकृत कर्मचारी सम्झनु पर्छ।

(ज) "खानेपानीको स्रोत" भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचना समेतलाई जनाउँछ।

(झ) "खानेपानी सेवा" भन्नाले खानेपानीको उत्पादन, सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ति गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दीरुपमा खानेपानी उपलब्ध गराउने कार्य समेतलाई जनाउँछ।

(ञ) “खानेपानीको सार्वजनिक उपयोग” भन्नाले सामूहिक वा सार्वजनिक रुपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्छ।

(ट) “गुणस्तरीय खानेपानी” भन्नाले मानव तथा पशु स्वास्थ्यको लागि हानिकारक तत्व नभएको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनु पर्छ।

(ठ) “घरेलु उपयोग” भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तुलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्यक्तिगत एवम् घरायसी प्रयोजनको लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्छ।

(ड) “ढल व्यवस्थापन” भन्नाले मानव मलमूत्र सहित वा रहित फोहोर पानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकाबाट सङ्कलन, स्थानान्तरण, प्रशोधन तथा विसर्जन वा पुनःप्रयोग गर्ने कार्य सम्झनु पर्छ।

(ढ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ण) “निरीक्षक” भन्नाले दफा ३१ बमोजिम निरीक्षकको रुपमा काम गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ।

(त) “प्रदेश सरकार” भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(थ) “फोहोर पानी” भन्नाले खानेपानीको घरेलु तथा संस्थागत उपयोग पश्चात् निष्काशन हुने मानव मलमूत्र सहित वा रहित फोहोर पानी सम्झनु पर्छ र

सो शब्दले फोहोर पानीसँग मिसिएर आउने वर्षातको पानी समेतलाई जनाउँछ।

(द) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको खानेपानी तथा सरसफाइ सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ध) "महाशाखा प्रमुख" भन्नाले मन्त्रालयको खानेपानी विषय हेर्ने महाशाखाको प्रमुख सम्झनुपर्छ।

(न) "समिति" भन्नाले दफा २३ बमोजिम गठित महसुल निर्धारण समिति सम्झनु पर्छ।

(प) "सरसफाइ सेवा" भन्नाले फोहोर पानी तथा ढल व्यवस्थापन, फोहोर पानी प्रशोधन, दिसाजन्य लेदो व्यवस्थापन तथा सार्वजनिक शौचालयको निर्माण एवम् सञ्चालन समेतको कार्य सम्झनु पर्छ।

(फ) "सङ्गठित संस्था" भन्नाले खानेपानी सेवा तथा सरसफाइ सेवा सञ्चालन गर्नको लागि प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएका उपभोक्ता संस्था, कम्पनी, सहकारी संस्था सम्झनु पर्छ।

(ब) "सेवा प्रणाली" भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जलभण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचनालाई सम्झनु पर्छ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचना समेतलाई जनाउँछ।

(भ) "सेवाप्रदायक" भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा, सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ।

(म) "सेवा क्षेत्र" भन्नाले अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी सेवा तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि अनुमतिपत्रमा उल्लेख गरी तोकिएको क्षेत्र सम्झनु पर्छ।

(य) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेशभित्र रहेका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

परिच्छेद-२

खानेपानी र फोहोर व्यवस्थापनको अधिकार तथा दायित्व

३. **प्रदेश सरकारको अधिकार तथा दायित्वः** (१) खानेपानी सेवा, फोहोर व्यवस्थापन, आयोजनाको निर्माण तथा सञ्चालन सम्बन्धमा प्रदेश सरकारको अधिकार तथा दायित्व देहाय बमोजिम हुनेछः-

(क) प्रदेश भित्रको खानेपानी उत्पादन, प्रशोधन र वितरण सम्बन्धी कार्य,

(ख) फोहोर पानी सङ्कलन, प्रशोधन तथा व्यवस्थापन सम्बन्धी कार्य,

(ग) सरसफाइ तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य,

(घ) प्रदेश भित्रका एक वा एक भन्दा बढी स्थानीय तहलाई प्रभाव पार्ने आयोजना।

(२) प्रदेश भित्र खानेपानी सेवा पुऱ्याउने दायित्व प्रदेश सरकारको हुनेछ र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **पानीको स्रोत तथा मुहानको संरक्षणः** पानीको स्रोत तथा मुहानको संरक्षण सम्बन्धमा प्रदेश सरकार तथा अनुमति प्राप्त संस्थाले देहाय बमोजिमको कार्य गर्नु पर्नेछ :-

(क) खानेपानी मुहान संरक्षण क्षेत्र तोक्न सक्ने,

(ख) पानीको स्रोतको संरक्षणको लागि बाढी, पहिरोको नियन्त्रण गर्ने एवम् अन्य जलजन्य प्रकोपको नियन्त्रण व्यवस्थापन गर्ने,

(ग) पानीको स्रोतलाई प्रदुषित हुन नदिन आवश्यक व्यवस्था गर्ने र पानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउने,

(घ) पानीको मूल वा मुहानलाई दिगो बनाई राख्न उपयुक्त उपाय अवलम्बन गर्ने तथा नियमित रूपमा मर्मत सम्भार गर्ने,

(ङ) पानीको संरक्षण, संवर्द्धन र समुचित उपयोग सम्बन्धमा उपभोक्ता वा सम्बद्ध पक्षहरुको लागि सचेतना वा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,

(च) पानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको मूल वा वहाव क्षेत्रको संरक्षण गर्न जैविक खेतीको लागि कृषकलाई प्रोत्साहित गर्ने,

(छ) खानेपानीको मूल वा वहाव क्षेत्रमा जलचर प्राणीको तथा मानव स्वास्थ्यको संरक्षणको लागि विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने,

(ज) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

परिच्छेद-३

अनुमतिपत्र सम्बन्धी व्यवस्था

५. **अनुमतिपत्र लिनु पर्ने**ः (१) यस ऐन बमोजिम अनुमतिपत्र नलिई खानेपानीको स्रोतको उपयोग गर्न पाइने छैन ।

(२) कसैले खानेपानी सेवा, सरसफाइ सेवा प्रदान गर्न वा आयोजना वा सेवा प्रणालीको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा गराउन चाहेमा यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेछ। अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमका काम गर्न अनुमतिपत्र लिनु पर्ने छैनः-

(क) प्रविधि, लगानी र उपभोक्ताको संख्याको आधारमा तोकिए बमोजिमको साना आयोजना तथा तोकिए

बमोजिमका उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न,

(ख) कसैलाई प्रतिकूल असर नपर्ने गरी आफ्नो घर-परिसरको फोहोर पानी भूमिगत अवसिञ्चन विधिबाट वा आफ्नो जग्गा जमिनमा विसर्जन गर्न,

(ग) आफ्नो निजी जग्गामा रहेको पानीको स्रोतबाट घरेलु उपयोगका लागि खानेपानी प्रयोग गर्न,

(घ) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहद्वारा कार्यान्वयन हुने आयोजना।

६. **अनुमतिपत्रका लागि निवेदन दिनु पर्ने**: (१) खानेपानी सेवा, सरसफाइ सेवा प्रदान गर्न, आयोजना वा सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न चाहने सङ्गठित संस्थाले मन्त्रालय समक्ष अनुमतिपत्रको लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन साथ सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका अन्य विवरण समेत संलग्न गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निवेदन साथ तोकिए बमोजिमको दस्तुर संलग्न गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा मन्त्रालयले सो बमोजिमका कागजात पेस गर्न वा स्पष्ट गर्न निवेदकलाई मनासिब माफिकको समय दिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम दिइएको समयभित्र निवेदकले थप कागजात पेस गरेमा वा थप स्पष्ट गरेमा सो मितिलाई नै निवेदन परेको मिति मानिनेछ।

७. **अनुमतिपत्र दिनु पर्ने**: (१) दफा ६ बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गरी गराइ त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र मन्त्रालयको सचिवले तोकिए बमोजिमको ढाँचामा आवश्यक शर्तहरु समेत उल्लेख गरी निवेदकलाई अनुमतिपत्र दिनु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुनु अगावै खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन गरिरहेका सङ्गठित संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र यस ऐन तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनु पर्नेछ।

(३) यो ऐन प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भई खानेपानी सेवा, सरसफाइ सेवा सञ्चालन गरिरहेका उपभोक्ता संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र यस ऐन तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी निवेदन दिएमा उपभोक्ता संस्थालाई अनुमतिपत्र दिनु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम अनुमतिपत्र नलिएको सङ्गठित संस्था वा उपभोक्ता संस्थाले खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न पाउने छैन।

८. **सर्वेक्षण अनुमतिपत्र सम्बन्धी व्यवस्था**: (१) खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणालीको सर्वेक्षण गर्न चाहने सङ्गठित संस्थाले तोकिएको अधिकारी समक्ष अनुमतिपत्रको लागि तोकिए बमोजिम निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सर्वेक्षणको लागि दिइने अनुमतिपत्रको अवधि बढीमा तीन वर्षको हुनेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र सर्वेक्षण गर्ने कार्य सम्पन्न गर्न नसकेमा त्यस्तो अनुमतिपत्र स्वतः खारेज हुनेछ।

(४) सर्वेक्षण अनुमतिपत्रको लागि दिइने निवेदनको ढाँचा, दस्तुर तथा प्रक्रिया लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **अनुमतिपत्रको अवधि**: (१) यस ऐन बमोजिम खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली सञ्चालनको लागि दिइने अनुमतिपत्रको अवधि एकपटकको लागि पाँच वर्षको हुनेछ र त्यसपछि कार्यालयको सिफारिस र सेवाप्रदायकको कार्यसम्पादन मुल्यांकनको आधारमा नवीकरण गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि

थोक, ट्याङ्कर वा बोतलबन्द रूपमा खानेपानी सेवा उपलब्ध गराउने सेवा प्रदायकको हकमा अनुमतिपत्रको अवधी दुई वर्षको हुनेछ र त्यसपछि कार्यालयको सिफारिस र सेवाप्रदायकको कार्यसम्पादन मुल्यांकनको आधारमा नवीकरण गर्न सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिइने अनुमतिपत्रको ढाँचा तथा दस्तुर तोकिए बमोजिम हुनेछ।

(४) कुनै अनुमति प्राप्त संस्थालाई उपदफा (१) मा तोकिएको अवधि भन्दा कम अवधिको अनुमतिपत्र दिइएको रहेछ भने त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रमा तोकिएको अवधि समाप्त हुनु भन्दा तीस दिन अगाडि अनुमतिपत्रको अवधि थप गर्न तोकिए बमोजिम निवेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम अनुमतिपत्रको अवधि थप गर्नको लागि निवेदन प्राप्त भएमा तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा उपदफा (१) को अधीनमा रही अनुमतिपत्रको अवधि थप गर्न सक्नेछ।

(६) उपदफा (१) बमोजिम अनुमतिपत्रको अवधि थप गर्नको लागि दिइने निवेदनको ढाँचा, दस्तुर तथा प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **अनुमतिपत्र प्रदान नगरिने**: (१) यस ऐन बमोजिम कुनै सेवा क्षेत्रमा खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापनको लागि कुनै सङ्गठित संस्थालाई अनुमतिपत्र दिइएकोमा त्यस्तो अनुमतिपत्रको अवधिभर सोही क्षेत्रमा सोही कामको लागि अन्य कुनै पनि सङ्गठित संस्थालाई अनुमतिपत्र प्रदान गरिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र प्राप्त संस्थाले त्यस क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा, नियमित रुपमा खानेपानी वितरण नगरेमा, माग आपूर्ति गर्न नसकेमा वा दफा ११ बमोजिम अनुमतिपत्र खारेज भएमा सोही क्षेत्रमा अन्य सङ्गठित संस्थालाई खानेपानी तथा सरसफाइ सेवा वा आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापनको लागि अनुमतिपत्र दिन सकिनेछ।

११. **अनुमतिपत्र खारेज**ः (१) अनुमतिपत्र प्राप्त संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा वा अनुमतिपत्रमा उल्लिखित अवधिभित्र खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना तथा सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापन नगरेमा तोकिएको अधिकारीले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न वा निर्माण कार्य सम्पन्न गरी सेवा सञ्चालन गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र त्यस्तो आदेशको पालना नगरेमा तोकिएको अधिकारीले त्यस्तो अनुमतिपत्र खारेज गर्न सक्नेछ र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि तोकिएको अधिकारीले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई आफ्नो सफाई पेस गर्ने मनासिब मौका दिनुपर्नेछ।

१२. **अलग अलग अनुमतिपत्र दिन सकिने**ः (१) खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणालीका पानीको उत्पादन, सङ्कलन, प्रसारण, प्रशोधन, वितरण, संरचनाको मर्मत सम्भार वा पानीको महसुल सङ्कलन जस्ता कार्यमा अलग अलग सङ्गठित संस्थालाई अलग अलग अनुमतिपत्र दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-४

खानेपानी सेवा सञ्चालन सम्बन्धी

१३. **सेवा उपलब्ध गराउनु पर्ने**ः (१) अनुमतिपत्र प्राप्त संस्था वा यस ऐन बमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता संस्थाले सेवा क्षेत्रभित्र बिना भेदभाव खानेपानी सेवा, सरसफाइ सेवा उपयोग गर्न पाउने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ।

(२) अनुमति प्राप्त संस्थाले औद्योगिक, व्यापारिक, व्यावसायिक वा संस्थागत उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउँदा पानीको परिमाणात्मक उपयोग तथा पानी उपयोग गरे पश्चात् निस्कने फोहोरपानीको

व्यवस्थापन सम्बन्धमा त्यस्ता औद्योगिक, व्यापारिक, व्यावसायिक संस्थासँग आपसी सम्झौता गरी सेवा प्रदान गर्न सक्नेछ।

तर अनुमतिपत्रमा तोकिएको सेवा क्षेत्रको घरेलु उपयोगलाई असर पर्ने गरी औद्योगिक, व्यापारिक, व्यावसायिक वा संस्थागत उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउन पाइने छैन।

१४. **गुणस्तरीय पानी आपूर्ति गर्नु पर्ने**: अनुमतिपत्र प्राप्त संस्था वा यस ऐन बमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता संस्थाले स्वच्छ तथा गुणस्तरीय खानेपानी आपूर्ति गर्नुपर्नेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "स्वच्छ तथा गुणस्तरीय खानेपानी" भन्नाले नेपाल सरकार र प्रदेश सरकारले तोकेको मापदण्ड बमोजिम स्वच्छ तथा गुणस्तरीय खानेपानी सम्झनुपर्छ।

१५. **धारा तथा मिटर जडान**: (१) यस ऐन बमोजिम खानेपानी सेवा प्राप्त गर्न चाहने उपभोक्ताले धारा तथा मिटर जडानको लागि सम्बन्धित सेवा क्षेत्रको अनुमतिपत्र प्राप्त संस्था समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा अनुमतिपत्र प्राप्त संस्थाले तोकिएको शुल्क लिई तोकिएको समयभित्र धारा तथा मिटर जडान गरिदिनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्राविधिक कारणले कुनै सेवाक्षेत्र भित्रका धाराहरुमा मिटर जडान गर्न उपयुक्त नहुने भएमा अन्य उपयुक्त वैकल्पिक व्यवस्था गरी खानेपानी सेवा उपलब्ध गराउनु पर्नेछ।

(४) धारा तथा मिटर जडान सम्बन्धी लाग्ने शुल्क र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. **सेवा बन्द गर्न सक्ने**: (१) काबुबाहिरको परिस्थिति उत्पन्न भई खानेपानी सेवाप्रणालीबाट उपलब्ध गराइरहेको खानेपानीको गुणस्तर कायम रहन नसक्ने भएमा वा सेवाको स्तरमा असर पर्ने भएमा वा सेवा बन्द गर्नु पर्ने भएमा त्यस्तो सेवा सुचारु हुन लाग्ने अनुमानित समय समेत उल्लेख गरी अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई उपयुक्त माध्यमबाट सो कुराको पूर्व सूचना दिई सेवा बन्द गर्न सक्नेछ।

(२) अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्र भित्र खानेपानी सेवा बन्द गरेमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाले वैकल्पिक व्यवस्था गरी उपभोक्तालाई स्वच्छ तथा गुणस्तरयुक्त खानेपानी उपलब्ध गराउनु पर्नेछ ।

(३) काबुबाहिरको परिस्थिति उत्पन्न भई ढल व्यवस्थापन प्रणालीबाट विसर्जन भइरहेको फोहोर पानीको व्यवस्थापन गर्न नसक्ने भएमा त्यस्तो सेवा सुचारु हुन लाग्ने अनुमानित समय समेत उल्लेख गरी अनुमतिपत्र प्राप्त संस्थाले सार्वजनिक सूचना प्रकाशन गरी यथा सम्भव छिटो त्यस्तो फोहोर पानीको उचित व्यवस्थापन गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्र भित्र अनुमतिपत्र प्राप्त संस्थाले आफूले उपलब्ध गराएको समय तालिका बमोजिम नियमितरुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको र उपदफा (३) बमोजिम ढल व्यवस्थापन प्रणालीबाट विसर्जन भइरहेको फोहोरपानीको व्यवस्थापन गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन ।

(५) निर्धारित समयमा महसुल नबुझाउने वा सेवाको दुरुपयोग गर्ने वा सेवा उपयोग गर्दा पालना गर्नुपर्ने शर्तको उल्लङ्घन गर्ने उपभोक्ताको सेवा अनुमतिपत्र प्राप्त संस्थाले पूर्व सूचना दिई बन्द गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम सेवा बन्द गरिएकोमा सम्बन्धित उपभोक्ताले महसुल बुझाई सेवा सुचारु गरिदिन निवेदन दिएमा अनुमतिपत्र प्राप्त संस्थाले तोकिएको दस्तुर लिई बन्द सेवा सुचारु गरिदिनु पर्नेछ र उपभोक्ताको कारणले कुनै हानी नोक्सानी भएको पाइएमा सम्बन्धित उपभोक्ताबाट त्यस्तो हानी नोक्सानी भएको रकम भराई लिन सक्नेछ ।

१७. **निजी, सार्वजनिक, सरकारी वा सामुदायिक जग्गामा पाइप विछ्याउन वा अन्य संरचना बनाउन सक्ने**ः (१) अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई सेवा उपलब्ध गराउने प्रयोजनको लागि प्रचलित कानून बमोजिमको प्रकृया पूरा गरी निजी, सार्वजनिक, सरकारी वा सामुदायिक जग्गामा खानेपानी तथा ढल व्यवस्थापनको पाइप बिछ्याउन वा अन्य संरचना बनाउन सक्नेछ । निजी बाहेक सार्वजनिक सरकारी वा सामुदायिक जग्गामा खानेपानी तथा

ढल व्यवस्थापनको पाइप बिछ्याउन वा अन्य संरचना बनाउन कुनै व्यक्ति वा समुहले कुनै किसिमको धरपकड एवम् रोकावट गर्न पाउने छैन ।

(२) अनुमतिपत्र प्राप्त संस्थाले कुनै व्यक्तिको निजी जग्गामा पाइप बिछ्याउँदा बालीनाली भएमा सोको क्षतिपूर्ति दिने गरी लिखित सम्झौता गर्ने तथा जमिन माथि स्थायी संरचना बनाउनु परेमा सम्बन्धित जग्गाधनीसँग उक्त जग्गा खरिद गर्न वा लिखित सम्झौता गरी लिजमा लिन सक्नेछ ।

तर कुनै व्यक्तिको निजी जग्गामा साबिक देखि बिछ्याइएको पाइप वा निर्माण भइसकेको संरचनाको मर्मत संभार, विस्तार वा पुनर्स् थापना गर्न र निजी जग्गाको भोगचलनमा बाधा नपर्ने गरी नयाँ पाइपलाइन विछ्याउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम निजी जग्गा खरिद वा सम्झौताबाट प्राप्त गर्न नसकेमा अनुमतिपत्र प्राप्त संस्थाले प्रचलित कानून बमोजिम जग्गा प्राप्त गर्न सक्नेछ ।

(४) अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण तथा सञ्चालनका लागि विछ्याएको पाइप वा निर्माण गरेको संरचनाका कारण कसैको निजी वा सार्वजनिक सम्पत्ति हानि नोक्सानी हुन गएमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाले सोको उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

१८. **घर जग्गामा प्रवेश गर्न सक्ने**ः (१) अनुमतिपत्र प्राप्त संस्था वा यस ऐन बमोजिमको कामको सिलसिलामा खटिएको कुनै कर्मचारीले कुनै व्यक्तिको घर जग्गामा प्रवेश गर्नुपर्ने भएमा सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिई त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

तर कुनै व्यक्तिले सेवाको दुरुपयोग वा सेवाको अनाधिकार उपयोग गरिरहेको छ भन्ने शङ्का गर्नुपर्ने पर्याप्त आधार र कारण भएमा सोको लागि सूर्योदय देखि सूर्यास्त नभएसम्मको समयमा पूर्व सूचना नदिई पनि त्यस्तो व्यक्तिको घरजग्गामा प्रवेश गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यमा संलग्न कर्मचारीले सम्बन्धित घरजग्गाधनीको कुनै पनि सम्पत्तिमा हानी नोक्सानी पुग्ने कार्य गर्न हुदैन ।

तर त्यस्तो कार्यमा संलग्न कर्मचारीले कुनै हानी नोक्सानी गरेको पाइएमा सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाले सम्बन्धित व्यक्तिलाई तोकिए बमोजिम क्षतिपूर्ति दिनुपर्नेछ।

१९. **संरचनाको सुरक्षा**ः (१) आयोजना वा सेवा प्रणालीसँग सम्बन्धित संरचनाको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त संस्थाको लिखित अनुरोधमा वा त्यस्तो प्रणालीको सुरक्षा गर्न आवश्यक भएमा प्रदेश सरकारले आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाको अनुरोधमा सुरक्षा व्यवस्था गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च सोही अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ।

परिच्छेद - ५

ढल व्यवस्थापन तथा सरसफाइ सेवा सञ्चालन सम्बन्धमा

२०. **ढल व्यवस्थापनको सेवा प्राप्त गर्ने**ः (१) यस ऐन बमोजिम ढल व्यवस्थापनको सेवा प्राप्त गर्न चाहने उपभोक्ताले सम्बन्धित सेवा क्षेत्रको अनुमतिपत्र प्राप्त संस्थामा तोकिए बमोजिम निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि अनुमतिपत्र प्राप्त संस्थाले ढल व्यवस्थापनको लागि तोकिएको शुल्क लिई तोकिएको समयावधि भित्र ढल व्यवस्थापनको व्यवस्था गरिदिनु पर्नेछ।

(३) ढल सेवा प्रदान गर्ने, ढल दस्तुर र सरसफाइ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **दिसाजन्य लेदो व्यवस्थापन गर्ने**ः (१) दिसाजन्य लेदो व्यवस्थापन तथा फोहोरपानी सङ्कलन गर्ने प्रणालीको निर्माण र प्रशोधन केन्द्रको स्थापना गर्न सक्नेछ।

(२) फोहोरपानी तथा दिसाजन्य लेदो व्यवस्थापनको लागि निजी क्षेत्रसँग साझेदारी गर्न सक्नेछ।

♦२२. **प्रदेशस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिः** (१) प्रदेशमा दिगो सरसफाइ सेवा प्रदान गर्न देहाय बमोजिमको प्रदेशस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछः-

---

♦ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०८१ द्वारा संशोधित।

(क) मन्त्री, मन्त्रालय - अध्यक्ष

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) प्रदेश सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव - सदस्य

(घ) प्रदेशस्तरको खानेपानी उपभोक्ता महासंघको अध्यक्ष - सदस्य

(ङ) अध्यक्ष, प्रदेश स्तरीय नेपाल नगरपालिका संघ - सदस्य

(च) अध्यक्ष, प्रदेश स्तरीय गाउँपालिका महासंघ - सदस्य

(छ) खानेपानी तथा सरसफाइ सम्बन्धी विज्ञहरुमध्ये मन्त्रालयबाट मनोनीत १ जना महिला सहित २ जना - सदस्य

(ज) सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार समितिले सरोकारवाला निकायका प्रतिनिधि वा सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम,कर्तव्य, अधिकार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक बर्षको कम्तीमा एक पटक बस्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले तोके बमोजिम हुनेछ।

परिच्छेद - ६

<u>महसुल तथा सेवा शुल्क सम्बन्धी</u>

२३. **<u>महसुल निर्धारण समिति</u>ः** (१) उपभोक्तालाई खानेपानी सेवा तथा सरसफाइ सेवा उपलब्ध गराए बापत त्यस्तो सेवा प्राप्त गर्ने उपभोक्तासँग अनुमतिप्राप्त संस्थाले लिने महसुल निर्धारण गर्न देहाय बमोजिमको एक खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण समिति रहनेछः-

(क)	सचिव, मन्त्रालय	- अध्यक्ष
(ख)	मन्त्रालयले मनोनीत गरेको सम्बन्धित विषयविज्ञ कम्तीमा एकजना महिला सहित दुई जना	- सदस्य
(ग)	सम्बन्धित योजनाको आधिकारिक प्रतिनिधि	- सदस्य
(घ)	सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय	-सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ र निज अर्को एक अवधिको लागि पुनः नियुक्ति हुनसक्नेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) अध्यक्ष तथा सदस्यले बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन्।

(६) समितिको काम, कर्तव्य, अधिकार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(७) उपदफा (१) बमोजिमको समितिले निर्धारण गरेको महसुल मन्त्रालयले प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(८) उपभोक्ता समितिद्वारा सञ्चालित योजनाको हकमा उपभोक्ता

समितिको साधारण सभाबाट अनुमोदन गरी खानेपानी महसुल निर्धारण गर्न सक्नेछ ।

२४. <u>**महसुल निर्धारण गर्ने आधार**</u>ः (१) समितिले खानेपानी सेवा तथा सरसफाइ सेवा बापतको महसुल निर्धारण गर्दा ह्रासकट्टी, उपयुक्त लाभ, सेवा सञ्चालनको लागत, उपभोक्ता मूल्य सूचीको परिवर्तन र खानेपानी तथा सरसफाइ सेवाको सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहले अवलम्बन गरेको नीति समेतका आधारमा गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आधारमा महसुल निर्धारण गर्दा समितिले उपभोक्ताको बृहत्तर हितलाई ध्यानमा राखी पानीको गुणस्तर, उपभोक्ताको क्रयशक्ति तथा सेवाको स्तर समेतलाई विचार गर्नु पर्नेछ ।

(३) महसुल निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. <u>**महसुल, दस्तुर वा सेवा शुल्क लिन पाउने अधिकार**</u>ः (१) अनुमतिपत्र प्राप्त संस्थालाई उपभोक्ताले खानेपानी सेवा तथा सरसफाइ सेवा उपयोग गरे बापत समितिले निर्धारण गरे बमोजिमको महसुल तथा सेवा शुल्क लिने अधिकार हुनेछ ।

(२) खानेपानी सेवा तथा सरसफाइ सेवा उपयोग गरे बापतको महसुल तथा सेवा शुल्क सम्बन्धित उपभोक्ताले अनुमतिपत्र प्राप्त संस्थालाई बुझाउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि अनुमतिपत्र प्राप्त संस्थाले विपन्न घरपरिवारको लागि धारा जडान, शौचालय निर्माण, ढल जडान बापतको शुल्क तथा महसुल लगायत तोकिए बमोजिमको सेवामा तोकिए बमोजिम सहुलियत दिन सक्नेछ ।

<u>**स्पष्टीकरण**</u>ः यस दफाको प्रयोजनको लागि "विपन्न घरपरिवार" भन्नाले प्रचलित कानूनमा उल्लेख भए बमोजिम जीवनयापन गर्ने कुनै आधार, आयश्रोत वा सम्पत्ति नभएको र जीवनयापनको लागि तोकिएको भन्दा न्यून आय भएको घरपरिवार सम्झनु पर्छ ।

२६. <u>**असूल उपर गर्ने**</u>ः यस ऐन बमोजिम खानेपानी सेवा तथा सरसफाइ सेवा उपयोग गरे बापतको महसुल, सेवाशुल्क, अतिरिक्त शुल्क तथा जरिबानाको

रकम नबुझाउने उपभोक्ताबाट अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ।

२७. **मिनाहा दिन सक्ने**: प्रदेश सरकारले सेवा सञ्चालन गर्ने संस्थाको मागका आधारमा सम्बन्धित जिल्लास्थित कार्यालयको सिफारिसमा राजपत्रमा सूचना प्रकाशन गरी विषम परिस्थितिका कारणले कुनै खास क्षेत्रका उपभोक्ताले खानेपानीको महसुल तिर्न असमर्थ भएमा वा पिछडिएको समुदायको लागि जडान भएको सामूहिक खानेपानीको धारामा लाग्ने महसुल घटाउन वा मिनाहा दिन सक्नेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "विषम परिस्थिति" भन्नाले कुनै प्रकोपको समयमा खानेपानी सेवा सञ्चालन गरेको अवस्थालाई जनाउँछ।

परिच्छेद - ७

गुणस्तर तथा मापदण्ड सम्बन्धी

२८. **गुणस्तर र मापदण्ड सम्बन्धमा**: खानेपानीको गुणस्तर र मापदण्ड तथा सरसफाइ सेवाका सम्बन्धमा प्रदेश सरकारले तोकेको गुणस्तर तथा मापदण्डको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

तर प्रदेश सरकारले गुणस्तर र मापदण्ड नतोकेसम्म नेपाल सरकारले तोकेको गुणस्तर र मापदण्ड पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

२९. **फोहोरपानी प्रशोधन सम्बन्धमा**: कुनै उद्योग, होटल तथा अस्पतालले उत्सर्जन गरेको फोहोरपानी ढल व्यवस्थापन प्रणालीमा मिसाउनु पर्ने भएमा प्रशोधन गरी प्रचलित कानून बमोजिम तोकिएको मापदण्डको सीमा भित्र रही मिसाउनु पर्नेछ।

३०. **प्रयोगशालाको स्थापना तथा सञ्चालन**: (१) प्रदेश सरकारले खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्नेछ। सो व्यवस्था नभएसम्म नेपाल सरकारबाट सम्बन्धित विषयमा इजाजत प्राप्त प्रयोगशालाहरुमा समेत परीक्षण कार्य गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रयोगशालाको स्थापना तथा

सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद - ८

सेवाको अनुगमन तथा निगरानी सम्बन्धी

३१. **निरीक्षक तोक्न सक्ने**: खानेपानी तथा सरसफाइ सम्बन्धमा निर्धारित गुणस्तर तथा मापदण्डको कार्यान्वयन, अनुगमन र निगरानीका लागि सम्बन्धित जिल्लाको कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारी निरीक्षक हुनेछ।

३२. **अनुगमन, नियमन तथा निगरानी**: (१) निरीक्षकले अनुमतिपत्र प्राप्त संस्थाले आपूर्ति गरेको खानेपानीको गुणस्तर तथा उपलब्ध गराएको सरसफाइ सेवाको स्तर नियमितरुपमा अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमनको क्रममा निरीक्षकले अनुमतिपत्र प्राप्त संस्थाले आपूर्ति गरिरहेको खानेपानी वा विसर्जन गरिएको फोहोर पानीको नमूना सङ्कलन तथा परीक्षण गर्न वा अन्य आवश्यक विवरण लिन वा माग गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमनका क्रममा निरीक्षकले खानेपानी तथा सरसफाइ सेवाको स्तरमा सुधार गर्न आवश्यक देखेमा वा खानेपानी तथा फोहोरपानीको नमूना परीक्षण गर्दा गुणस्तर तथा मापदण्ड बमोजिम भएको नपाइएमा सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई गुणस्तर तथा मापदण्ड कायम गर्न निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दिईएको निर्देशन पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ।

(५) खानेपानी तथा सरसफाइ सेवाको स्तर, गुणस्तर तथा मापदण्डको अनुगमन नियमन तथा निगरानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद - ९

कसुर र जरिबाना सम्बन्धी व्यवस्था

३३. **कसुर**: (१) कसैले देहायको कुनै काम गरे वा गराएमा यस ऐन अन्तर्गतको कसुर गरेको मानिनेछः-

(क) अनुमतिपत्र नलिई खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणालीको निर्माण वा सञ्चालन गरेमा,

(ख) खानेपानी सेवा तथा सरसफाइ सेवाको अनाधिकार प्रयोग गरेमा वा त्यसको दुरुपयोग गरेमा,

(ग) अनुमतिपत्र प्राप्त संस्थाले जडान गरेको निजी धारामा उपभोक्ताले अनुमतिप्राप्त संस्थाको स्वीकृति बिना कुनै अवाञ्छित फाइदा लिने उद्देश्यले कुनै कार्य गरेमा,

(घ) खानेपानीको पाइपबाट कुनै यन्त्र जडान गरी अनाधिकार पानी प्रयोग गर्ने कार्य गरेमा,

(ङ) जलाधार क्षेत्र भित्र खानेपानी प्रदूषित गर्ने वा पानीको परिमाण वा वहावमा असर पर्ने कुनै कार्य गरेमा,

(च) खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणालीको कुनै संरचना वा जडित पाइप वा सामान वा जडित मिटर वा प्रशोधन प्रणाली वा अन्य उपकरण बिगार्ने वा नष्ट गर्ने वा चोरी गरेमा,

(छ) निर्धारित मापदण्ड विपरीत कसैले मानव मलमूत्र सहित वा रहितको फोहोरपानी ढल व्यवस्थापन प्रणालीमा विसर्जन गरेमा वा मानव मलमूत्रलाई सिधै नदी, जलाशय वा जमिनमा विसर्जन गरेमा,

(ज) अनुमतिपत्र प्राप्त संस्थाले फोहोर पानी विसर्जन गर्दा निर्धारित मापदण्ड तथा स्तर पूरा नगरी नदी, जलाशय वा जमिनमा विसर्जन गरेमा,

(झ) निर्धारित गुणस्तर तथा मापदण्ड बमोजिम सेवा स्तर र गुणस्तर कायम नगरेमा वा तोकिएको गुणस्तर बमोजिमको खानेपानी आपूर्ति नगरेमा,

(ञ) अनुमति प्राप्त संस्थाले प्रदेश सरकारले निर्धारण गरेको महसुल लागू नगरेमा वा निर्धारण गरे भन्दा बढी महसुल लिएमा,

(ट) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नुपर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा ।

(२) कसैले उपदफा (१) बमोजिमको कसुर गरेमा देहाय बमोजिम जरिबाना हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसुर गरेमा एकलाख रुपैयासम्म जरिबाना गरी त्यस्तो काम तुरुन्त बन्द गराउने,

(ख) खण्ड (ख), (ग) वा (घ) बमोजिमको कसुर गरेमा पचास हजार रुपैयाँसम्म जरिबाना,

(ग) खण्ड (ङ) देखि (ट) सम्मको कसुर गरेमा पाँचलाख रुपैयाँसम्म जरिबाना।

परिच्छेद-१०

उजुरी, अनुसन्धान, निर्णय तथा पुनरावेदन सम्बन्धी व्यवस्था

३४. **उजुरी, अनुसन्धान तथा निर्णयः** (१) यस ऐन तथा यस अन्तर्गत बनेको नियमावली विपरीतको कार्य कुनै व्यक्ति, संस्था वा कोही कसैले गरेमा वा गर्न लागेको सूचना पाएमा जो कोहीले कार्यालय प्रमुख समक्ष उजुरी दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिमको उजुरी उपर कारबाही गर्दा कार्यालय प्रमुखलाई प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेश गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार हुनेछ।

(३) उपदफा (१) बमोजिम परेको उजुरीको सम्बन्धमा कार्यालय प्रमुखले नब्बे दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ।

३५. **पुनरावेदनः** दफा ३४ को उपदफा (३) बमोजिमको निर्णयमा चित्त नबुझेमा निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ।

३६. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः** यस ऐन बमोजिम कसुर हुने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसुर हुने रहेछ भने सो कानून बमोजिम मुद्दा चलाई सजाय गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

परिच्छेद - ११

विविध

३७. **प्रदेश सरकारले कार्यक्रम सञ्चालन गर्न सक्ने**: (१) प्रदेश सरकार तथा स्थानीय तह वा सो अन्तर्गतका निकायले ग्रामीण तथा शहरी बस्तीलाई स्वच्छ, सफा र सुन्दर बनाई राख्न स्वास्थ्य तथा सरसफाइ सम्बन्धी कार्यक्रम तथा अभियान सञ्चालन गर्न वा गराउन सक्नेछन् ।

(२) प्रदेश सरकार आफैँले वा अनुमति प्राप्त संस्थासँग संयुक्त रुपमा खानेपानी सेवा तथा सरसफाइ सेवाको निर्माण तथा सञ्चालन गर्न गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम निर्माण तथा सञ्चालन भएका खानेपानी सेवा तथा सरसफाइ सेवा सुकुम्बासी तथा विपन्न परिवारको लागि निःशुल्क वा न्यूनतम सेवा शुल्क लिई उपलब्ध गराउन सकिनेछ ।

+**३७क. समन्वय तथा साझेदारी गर्न सक्ने**: प्रदेश सरकारले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकार र स्थानीय तहसँग आवश्यक समन्वय तथा साझेदारी गर्न सक्नेछ ।

३८. **आर्थिक अनुदान तथा पुरस्कार दिन सक्ने**: (१) प्रदेश सरकारले विपन्न बस्ती तथा पिछडिएको क्षेत्रमा खानेपानी सेवा सञ्चालनका निम्ति आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) खानेपानीको लागि सतह तथा जमिनमुनिको पानीको स्रोत पर्याप्त नभएको क्षेत्रमा आकाशे पानी सङ्कलन गर्ने तथा अन्य उपयुक्त प्रविधि वा प्रणाली निर्माणका लागि तोकिए बमोजिम आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) उत्कृष्ट सेवा प्रदान गरिराखेको सेवा प्रदायकलाई मन्त्रालयले पुरस्कृत गर्न सक्ने छ ।

३९. **उपभोक्ता समितिको गठन तथा सञ्चालन सम्बन्धमा**: (१) यस ऐन बमोजिम खानेपानी सेवा तथा सरसफाइ सेवा सञ्चालन गर्न चाहने उपभोक्ता संस्था प्रचलित कानून बमोजिम दर्ता भएको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको उपभोक्ता संस्थाको दर्ता तथा

+केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०८१ द्वारा थपिएको ।

सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४०. **खानेपानीको लागि भूमिगत पानीको उपयोग सम्बन्धमा**: (१) खानेपानीको लागि भूमिगत पानीको उपयोग सम्बन्धमा नेपाल सरकारले निर्धारण गरेको मापदण्डको अधीनमा रही प्रदेश सरकारले आफ्नो क्षेत्रका लागि आवश्यक मापदण्ड तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

४१. **नदी तथा तालतलैयाको जल गुणस्तर संरक्षण**: (१) मानव सृजित वा मानवीय क्रियाकलापको कारण सांस्कृतिक, धार्मिक, पर्यटकीय महत्वका मानव बस्तीसँग जोडिएका नदी, तालतलैया, पोखरी, जलाशय तथा कुण्डको वातावरणीय स्वास्थ्य र जल गुणस्तरमा परिरहेको वा पर्ने प्रभाव न्यूनीकरण गरी स्वच्छता र सुन्दरता कायम राख्ने दायित्व तथा जिम्मेवारी प्रदेश सरकार वा सो अन्तर्गतका निकायको हुनेछ।

(२) उपदफा (१) बमोजिम सांस्कृतिक, धार्मिक, पर्यटकीय महत्वका बस्तीसँग जोडिएका नदी, तालतलैया, पोखरी, जलाशय तथा कुण्डको वातावरणीय स्वास्थ्य र जल गुणस्तरमा परिरहेको वा पार्ने प्रभाव न्यूनीकरण गरी स्वच्छता र सुन्दरता कायम राख्न आवश्यक संरक्षणात्मक उपायहरु कार्यान्वयन गर्ने गराउने र सोको अनुगमन, नियमन तथा व्यवस्थापन गर्ने दायित्व प्रदेश सरकार वा सो अन्तर्गतका निकायको हुनेछ।

४२. **आदेश वा निर्देशन दिन सक्ने**: प्रदेश सरकार वा तोकिएको निकायले अनुमति प्राप्त संस्था वा सेवा प्रणालीलाई खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण, सञ्चालन र व्यवस्थापन सम्बन्धमा आवश्यक आदेश वा निर्देशन जारी गर्न सक्नेछ र त्यस्तो आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

♦४३. **नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने अधिकार**: (१) यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा

♦ केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०८१ द्वारा संशोधित।

प्रतिकूल असर नपर्ने गरी देहायका विषयमा नियमहरु बनाई कार्यान्वयन गर्न सक्नेछः-

(क) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको सञ्चालन तथा व्यवस्थापन,

(ख) प्रदेशभित्रका स्थानीय तहको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तयारी सम्बन्धी,

(ग) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको अनुमतिपत्र तथा सर्वेक्षण अनुमतिपत्र दस्तुर, नवीकरण शुल्क सम्बन्धी,

(घ) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको निर्धारण, धारा तथा मिटर जडान सम्बन्धी, ढल सेवाको शुल्क सम्बन्धी,

(ङ) पानीको थोक खरिद तथा बिक्री सम्बन्धी,

(च) खानेपानीको गुणस्तर तथा मापदण्ड,

(छ) प्रयोगशालाको स्थापना तथा सञ्चालन सम्बन्धी,

(ज) निजी क्षेत्रसँग साझेदारी गरी खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी,

(झ) खानेपानी, सरसफाइ तथा स्वच्छता उपभोक्ता समिति, सहकारी तथा सेवा प्रदायक संस्था गठन तथा सञ्चालन सम्बन्धी,

(ञ) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको निगरानी, अनुगमन तथा नियमन सम्बन्धी,

(ट) स्वच्छ तथा गुणस्तरीय खानेपानी वितरण सम्बन्धी,

(ठ) ऐन कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विषयहरू।

(३) उपदफा (१) बमोजिम बनेको नियमको अधीनमा रही प्रदेश सरकारले कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ।

गण्डकी प्रदेश सामयिक कर असुल ऐन, २०८१

प्रमाणीकरण र प्रकाशन मिति

२०८१।१२।१७

सम्वत् २०८१ सालको ऐन नं. ५

सामयिक कर असुल गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः सामयिक कर असुल गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले, गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम गण्डकी प्रदेश सामयिक कर असुल ऐन, २०८१ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अघिल्लो दिन" भन्नाले सालबसाली आर्थिक ऐनको म्याद समाप्त हुने मिति भन्दा एक दिन अगाडि वा आर्थिक अध्यादेश निष्क्रिय वा खारेज भएको मिति भन्दा एक दिन अगाडि मध्ये जुन पछि आउँछ सोही दिनलाई सम्झनु पर्छ।

(ख) "राजस्व" भन्नाले सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेश बमोजिम लगाइने घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर तथा जरिवाना सम्झनु पर्छ र सो शब्दले गण्डकी प्रदेशको क्षेत्राधिकार भित्र रहेका कर लाग्ने अन्य विषय समेतलाई जनाउँछ।

(ग) "विशेष परिस्थिति" भन्नाले राजस्व सङ्कलन गर्ने सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशको अवधि समाप्त भई अर्को नयाँ सालबसाली आर्थिक ऐन प्रमाणीकरण भई प्रदेश राजपत्रमा प्रकाशन भई

नसकेको वा आर्थिक अध्यादेश जारी हुन नसकेको समयावधिलाई सम्झनु पर्छ।

(घ) "सूचित आदेश" भन्नाले यस ऐन बमोजिम गण्डकी प्रदेश राजपत्रमा प्रकाशित भएको आदेशलाई सम्झनु पर्छ।

३. <u>**विशेष परिस्थितिमा राजस्व सङ्कलन**:</u> (१) गण्डकी प्रदेशमा विशेष परिस्थितिको सिर्जना भएमा विशेष परिस्थिति सिर्जना हुनु भन्दा अघिल्लो दिन जुन दर कायम रहेको थियो सोही बमोजिम राजस्व सङ्कलन गर्ने कार्यलाई निरन्तरता दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राजस्व सङ्कलन गर्न गण्डकी प्रदेश सरकारले कुनै आदेश जारी गर्न वा प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्नुपर्ने छैन।

(३) विशेष परिस्थितिमा राजस्व सङ्कलन गरिएको दर भन्दा त्यसपछि जारी हुने सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशमा बढी दर कायम भएमा त्यस्तो ऐन वा अध्यादेश लागु भएको मितिदेखि मात्र बढी दरमा राजस्व सङ्कलन गर्नु पर्नेछ।

(४) गण्डकी प्रदेश सरकारको सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशमा तोकिएको दर बमोजिम नै स्थानीय तहले सङ्कलन गर्ने राजस्वको हकमा समेत उपदफा (१) बमोजिम गर्नु पर्नेछ।

४. <u>**सूचित आदेश जारी गर्न सक्ने**:</u> (१) गण्डकी प्रदेश सरकारले आफ्नो क्षेत्राधिकार अन्तर्गत पर्ने घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, पर्यटन शुल्क, प्राकृतिक स्रोत शुल्क, सेवा शुल्क तथा जरिवानाका सम्बन्धमा तत्काल कर लगाउन वा बढाउन, करमा एकरुपता र सामञ्जस्यता कायम गर्न आवश्यक ठानेमा जनहितको लागि सूचित आदेशद्वारा त्यस्तो कर लगाउन वा बढाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचित आदेश सो सूचित आदेशमा तोकिएको मितिदेखि कानून सरह हुनेछ।

५. <u>**सूचित आदेशको असर र अवधि**:</u> यस ऐनमा जुनसुकै कुरा लेखिएको भए

तापनि देहायको अवस्थामा दफा ४ बमोजिमको सूचित आदेश कानून बमोजिम लागु हुने छैन ।

(क) संशोधन भई वा नभई सूचित आदेशको बेहोरा कानून बनी लागु भएमा,

(ख) कानून सरह लागु हुने छैन भनी गण्डकी प्रदेश सरकारबाट निर्णय भई प्रदेश राजपत्रमा सूचना प्रकाशन भएमा,

(ग) खण्ड (क) र (ख) बमोजिम नभएमा सूचित आदेश गण्डकी प्रदेश राजपत्रमा प्रकाशित भएको छ महिना व्यतित भएमा ।

६. **बाधा अड्काउ फुकाउः** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा गण्डकी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

गण्डकी प्रदेश सडक ऐन, २०८१

प्रमाणीकरण र प्रकाशन मिति

२०८२।०१।१५

संशोधन गर्ने ऐन

गण्डकी प्रदेश सडक (पहिलो संशोधन) ऐन, २०८२ २०८२।१२।२२

सम्वत् २०८२ सालको ऐन नं. ३

गण्डकी प्रदेशमा सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मत-सम्भार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: गण्डकी प्रदेशको सडक निर्माण, विस्तार, स्तरोन्नति तथा मर्मत-सम्भार गर्दै सर्वसाधारण नागरिकलाई सुलभ, सुरक्षित, आरामदायी र मितव्ययी आवागमनको प्रत्याभूति गराउन, सडकको वर्गीकरण गर्न, नागरिकको हित र आर्थिक गतिविधिको अभिवृद्धि एवम् दिगो वातावरणीय व्यवस्थापन सहित समग्र सडक सम्पत्तिको सुरक्षा र संरक्षण गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश सडक ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका शहरी विकास तथा भवन कार्यालय र पूर्वाधार विकास सम्बन्धी विषय हेर्ने कार्यालय सम्झनु पर्छ।

(ख) "कार्यालय प्रमुख" भन्नाले सम्बन्धित शहरी विकास तथा भवन कार्यालय र पूर्वाधार विकास सम्बन्धी विषय हेर्ने कार्यालयको प्रमुखको रुपमा प्रदेश सरकार वा मन्त्रालयले खटाएको अधिकृत सम्झनु पर्छ।

(ग) "जग्गा" भन्नाले घर, वाग, बगैचा, रुख, बिरुवा,

कारखाना, ताल, पोखरी इत्यादि भएको समेत सबै किसिमको जग्गा सम्झनु पर्छ र सो शव्दले स्थायी रुपले जोडिएका निर्मित संरचना र वस्तु समेतलाई जनाउनेछ।

<u>**स्पष्टीकरण**</u>: "निर्मित संरचना" भन्नाले घर बाहेकको घर वा अन्य संरचनाले चर्चेको ठाउँ समेतको संरचना सम्झनु पर्छ।

(घ) "तराई क्षेत्र" भन्नाले यस प्रदेश भित्रका चुरे पहाडभन्दा दक्षिणको समथर भू-भागलाई सम्झनुपर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(च) "दस्तुर" भन्नाले दफा १३ को उपदफा (२) बमोजिम लगाइएको दस्तुर सम्झनु पर्छ।

✂(छ) .....

✂(ज) ....

(झ) "प्रदेश सडक" भन्नाले प्रदेश सरकारको क्षेत्राधिकार भित्र पर्ने सार्वजनिक सडक सम्झनु पर्छ र सो शब्दले त्यस्तो सडकमा पर्ने सबै किसिमका पुल, कज्वे, कल्भर्ट, सुरुङमार्ग, चार्जिङ्ग स्टेशन, साइकलमार्ग, फुटपाथ, मेडिएन तथा रोड फर्निचर्स र फुटपाथ समेतलाई जनाउँछ।

(ञ) "प्रदेश लोकमार्ग" भन्नाले राष्ट्रिय लोक मार्ग बाहेकका दुई वा दुई भन्दा बढी जिल्ला भएर जाने प्रदेशका प्रमुख सडक, छिमेकी प्रदेश जोड्ने प्रदेशका मुख्य सडक, राष्ट्रिय लोकमार्गबाट शुरु भई अर्को राष्ट्रिय लोकमार्ग जोड्ने सडक, कुनै केन्द्रीय सडक संजालमा नपर्ने दुई

✂पहिलो संशोधनद्वारा झिकिएको

जिल्लाका केन्द्र जोड्ने सडक, संघबाट हस्तान्तरीत सहायक लोकमार्गहरु र प्रदेश सरकारले निर्णय गरेका प्रदेश गौरवका सडकहरु सम्झनु पर्छ।

(ट) "प्रादेशिक सडक" भन्नाले प्रदेशभित्रका स्थानीय तहको केन्द्र जोड्ने सडक, एकै जिल्ला भित्र रहेका राष्ट्रिय लोकमार्ग वा प्रदेश लोकमार्ग देखि कृषि, पर्यटन, उद्योग व्यापार, खानी, जलाशय तथा प्रदेशका महत्वपूर्ण आयोजना स्थल जोड्ने सडक, अन्तराष्ट्रिय सिमाना तथा राष्ट्रिय लोकमार्ग जोड्ने सीमा सडकहरु सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास र शहरी विकास तथा भवन कार्यालय सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ड) "शुल्क" भन्नाले दफा २३ बमोजिम लगाइएको शुल्क सम्झनुपर्छ।"

(ढ) "सडकको सीमा" भन्नाले प्रदेश सडक र त्यस्तो सडकको केन्द्र रेखा देखि दायाँ वायाँ जग्गाको दफा ३ बमोजिम तोकिएको जग्गाको क्षेत्र सम्झनु पर्छ।

(ण) "सार्वजनिक सडक" भन्नाले निर्धारित सडक क्षेत्राधिकार भित्र तोकिएको प्राविधिक मापदण्ड पुरा गरी निर्माण गरिएको, सार्वजनिक रुपमा ढुवानी तथा यातायातका साधनहरु सञ्चालन गर्न सकिने मार्ग सम्झनु पर्छ र सो शब्दले त्यस्तो सडकमा पर्ने सबै किसिमका पुल, कजवे, कल्भर्ट, सुरुङमार्ग, चार्जिङ्ग स्टेशन, साइकलमार्ग, फुटपाथ, मेडीएन तथा रोड फर्निचर्स समेतलाई जनाउँछ।

(त) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका र जिल्ला सभालाई सम्झनु पर्छ।

परिच्छेद -२

प्रदेश सडकको वर्गीकरण, सडकको सीमा र जग्गा प्राप्ति

३. **प्रदेश सडकको वर्गीकरणः** (१) प्रदेश सडकको वर्गीकरण देहाय बमोजिम हुनेछः-

(क) प्रदेश लोकमार्ग,

(ख) प्रादेशिक सडक ।

(२) उपदफा (१) बमोजिमको सडकको सीमा देहाय बमोजिम हुनेछः-

तराई क्षेत्रमा

सडकको वर्ग		कुल सडक सीमा (राइट अफ वे) (सडकको केन्द्रबाट दुवै तर्फ)
(क)	प्रदेश लोकमार्ग	१२.५ मिटर
(ख)	प्रादेशिक सडक	१० मिटर

पहाडी क्षेत्रमा

सडकको वर्ग		कुल सडक सीमा (राइट अफ वे) (सडकको केन्द्रबाट दुवै तर्फ)
(क)	प्रदेश लोकमार्ग	१० मिटर
(ख)	प्रादेशिक सडक	७ मिटर

हिमाली क्षेत्रमा

सडकको वर्ग		कुल सडक सीमा (राइट अफ वे) (सडकको केन्द्रबाट दुवै तर्फ)
(क)	प्रदेश लोकमार्ग	७.५० मिटर
(ख)	प्रादेशिक सडक	५ मिटर

"**स्पष्टीकरणः** "हिमाली क्षेत्रका सडक" भन्नाले मनाङ र मुस्ताङ जिल्लाका सडक र लमजुङ, गोरखा, बागलुङ, म्याग्दी र कास्की जिल्लाका हिमाली क्षेत्रका सडक भनी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेका सडक समेतलाई सम्झनु पर्छ ।"

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एकै किसिमको सडकको सम्पूर्ण लम्बाईमा पनि भौगोलिक स्थिति (टोपोग्राफी) र बस्तीको कारण त्यस्तो सडक सीमा घटि बढी गर्न वा पुलको वरपर नदीको तटबन्ध सुरक्षाको लागि चार किल्ला समेत खोली प्रदेश सरकारले आवश्यक सीमा तोक्न सक्नेछ ।

४. **प्रदेश सडकको सीमाः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश सडकलाई दफा ३ बमोजिम वर्गीकरण गरी त्यस्तो सडकको केन्द्र रेखा देखि दायाँ बायाँ दुवै तिर तोकिएको दूरी कायम गरी सडक सीमा निर्धारण गर्न सक्नेछ ।

५. **जग्गा प्राप्त गर्न सकिनेः** (१) प्रदेश सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्न वा सडक सीमाको निमित्त कुनै जग्गा प्राप्त गर्नु परेमा प्रदेश सरकारले जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून बमोजिम जग्गा प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसार जग्गा प्राप्त गर्दा प्रचलित कानून बमोजिम जग्गा एकीकरण मार्फत विना मुआब्जा प्राप्त गर्न जग्गा एकीकरणलाई प्राथमिकता दिइनेछ ।

(३) उपदफा (१) बमोजिम जग्गा प्राप्त गर्दा सडक पूर्वाधार निर्माणमा बढ्ने लागत न्यून गर्न विकास भएको सडकबाट प्राप्त हुने लाभ (भ्यालु क्याप्चरिङ्ग), अधिग्रहण हुने जग्गा वा सम्पत्तिको प्रतिशत, पूर्ण रुपमा विस्थापन हुने परिस्थिति तथा अधिग्रहण पश्चात जग्गाधनीलाई पर्ने प्रभाव समेतको विश्लेषण गरी गर्न सकिनेछ ।

६. **वार्ताद्वारा जग्गा प्राप्त गर्न सकिनेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय वा मातहत कार्यालयले सार्वजनिक कामको लागि कुनै जग्गा सम्बन्धित जग्गावालासित वार्ताद्वारा प्राप्त गर्न सक्नेछ ।

७. **आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन सकिनेः** (१) प्रदेश सडकको निर्माण, मर्मत वा सम्भारको सम्बन्धमा कुनै आसपासको

जग्गाबाट माटो, ढुङ्गा वा बालुवा जस्ता निर्माण सामाग्री लिन आवश्यक परेमा सम्बन्धित स्थानीय तहको सिफारिसमा कार्यालयको निर्णयानुसार वातावरणीय प्रभाव न्यून गरी आवश्यक परिमाणमा माटो, ढुङ्गा वा बालुवा जस्ता निर्माण सामाग्री लिन सकिनेछ। त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिँदा त्यसमा रहेको कुनै बाली, रुख, विरुवा वा अन्य कुनै संरचना तथा वस्तुको नोक्सानी भएमा वा खाडल पर्न गएमा त्यस्तो खाडल सम्याउन लाग्ने रकम सम्बन्धित निर्माण व्यवसायीले क्षतिपूर्ति दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिमको समिति गठन गर्न सकिनेछः-

(क) सम्बन्धित स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष -संयोजक

(ख) सम्बन्धित जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(ग) सम्बन्धित कार्यालयको ईन्जिनियर - सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै घरको निकट आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिनु परेमा सम्बन्धित घरधनीको पूर्व स्वीकृति प्राप्त नगरी त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिनु हुँदैन।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सडक निर्माणको क्रममा सडक सीमाभित्र (राईट अफ वे) बाट निस्किएका माटो, ढुङ्गा वा बालुवा सोही आयोजनामा प्रयोग गर्न सकिनेछ।

(६) सम्बन्धित आयोजनालाई आवश्यक पर्ने माटो, ढुङ्गा वा बालुवा बाहेकको परिमाणको त्यस्तो सामाग्री बेचविखन गर्न वा अन्यत्र लैजानु परेमा तोकिए बमोजिमको कार्यविधि अपनाई मन्त्रालयबाट

स्वीकृती लिनु पर्नेछ ।

(७) उपदफा (५) र (६) अनुसार आयोजनामा प्रयोग वा बेचबिखन भई बाँकी रहेको कुनै पनि माटो, ढुङ्गा, बालुवा जस्ता प्राकृतिक स्रोत सार्वजनिक सम्पत्ति हुनेछ । यसरी बाँकी रहेका प्राकृतिक स्रोतको व्यवस्थापन वातावरणीय प्रभाव न्यूनीकरण हुने गरी सम्बन्धित आयोजनाले गर्नुपर्नेछ ।

परिच्छेद -३

सडक सुरक्षा

८. **स्थायी संरचना बनाउन निषेध गर्न सकिने:** (१) दफा ३ बमोजिम सडक सीमा तोकिएकोमा सडक सीमाको र सडक सीमा नतोकिएकोमा सार्वजनिक सडकको किनाराबाट ३/३ मिटरमा नबढ्ने गरी तोकेको क्षेत्रभित्र पर्खाल बाहेक अन्य कुनै किसिमको स्थायी संरचना (स्ट्रक्चर) वा भवन कसैले निर्माण गर्न पाईने छैन।

(२) उपदफा (१) बमोजिम निषेध गरिएको क्षेत्रभित्र कसैले कुनै किसिमको स्थायी संरचना निर्माण गरेमा त्यस्तो संरचना ✂...... कार्यालयले भत्काउन सम्बन्धित व्यक्तिलाई आदेश दिन सक्नेछ र त्यसरी आदेश दिँदा पनि नभत्काएमा ✂......... कार्यालयले आफै भत्काई, भत्काउन लगाई सोको खर्चसमेत सम्बन्धित व्यक्ति वा निकायबाट असुलउपर गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको संरचना भत्काएको वा नभत्काएको सम्बन्धमा अनुगमन सुपरीवेक्षण गर्न मन्त्रालयले तोकिए बमोजिमको अनुमगन सुपरीवेक्षण समिति गठन गर्न सक्नेछ ।

९. **सडकको दायाँ, बायाँ र मेडीएनमा (बिचमा) रुख विरुवा लगाउने र त्यसको रेखदेख:** (१) प्रदेश सडकको दायाँ बायाँ र मेडीएनमा सम्बन्धित आयोजना, स्थानीय तह, निजी क्षेत्र तथा समुदायले हरियाली प्रवर्धन गर्नका लागि उपयुक्त रुख विरुवा लगाउन सक्नेछ ।

(२) कार्यालय र सम्बन्धित स्थानीय तहले आफै वा निजी क्षेत्र,

✂ पहिलो संशोधनद्वारा झिकिएको

संघ संस्था तथा स्थानीय समुदायसँग सहकार्य गरी उपदफा (१) बमोजिम लगाएका रुख बिरुवाहरुको रेखदेख, संरक्षण र व्यवस्थापन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम लगाइएको रुख विरुवाको काँटछाँट गर्ने वा त्यस्तो रुख बिरुवाले आवागमनमा बाधा पुऱ्याएमा त्यसलाई हटाउने जिम्मेवारी कार्यालय र सम्बन्धित स्थानीय तहको हुनेछ।

(४) उपदफा (३) बमोजिमको कार्य गर्दा कार्यालय र सम्बन्धित स्थानीय तहले वन कार्यालय, उपभोक्ता समिति वा सरोकारवाला निकायसँग आवश्यक समन्वय गर्नु पर्नेछ।

(५) प्रदेश सडक आयोजना निर्माण गर्दा वनजङ्गल संरक्षित क्षेत्र वा सो सँग सम्बन्धित अन्य क्षेत्रमा आवश्यकता अनुसार जैविक मार्गको निर्माण संरक्षण तथा वन्यजन्तुमैत्री बनाउनु पर्नेछ।

(६) यस दफा बमोजिम रुख विरुवा लगाउने र हरियाली प्रवर्धन गर्ने कार्य प्रदेश सडक आयोजनाको अभिन्न अङ्ग हुनेछ।

१०. **भारवहन क्षमताको हद निर्धारण गर्नेः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी कुनै प्रदेश सडकले वहन गर्न सक्ने भारवहन क्षमताको आधारमा त्यस्तो प्रदेश सडकमा त्यसरी तोकिएको भारवहन क्षमताभन्दा बढी वजनको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ।

(२) प्रदेश सडकहरुमा कति भार क्षमताको सवारी साधन गुड्न मिल्ने हो त्यस्तो सङ्केत विभिन्न स्थानहरुमा राख्नु पर्नेछ।

(३) निर्धारण भएको भारवहन क्षमताभन्दा बढी भएको सवारी साधन उक्त सडकमा चलाउन पाईने छैन।

(४) उपदफा (३) बमोजिमको क्षमता भन्दा बढी भएको सवारी साधन चलाएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(५) सवारी साधनको भार मापन गर्न प्रदेश सरकारले आफै वा सम्बन्धित स्थानीय तह तथा निजी क्षेत्रसँग सहकार्य गरी आवश्यकता अनुसार तौल पुल राख्न सक्नेछ।

११. **आवागमनमा बाधा पुऱ्याउने माल वस्तु हटाउने अधिकारः** (१) कसैले प्रदेश सडकमा कुनै माल वस्तु राख्न पाइने छैन तर कुनै माल, वस्तु,

मेसिन उपकरण छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त उचित अवधि तोकी सरोकारवाला व्यक्तिको नाउँमा ✂……… कार्यालयले आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तु, मेशिन उपकरणलाई कार्यालयले सडकको छेउ लगाई राख्न वा आफ्नो कब्जामा राख्ने गरी अन्यत्र लैजान सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सडकमा छाडिएको, राखिएको वा फालिएको कुनै माल वस्तु, मेशिन उपकरणले त्यस्तो सडकको सम्पूर्ण आवागमनलाई अवरोध पुऱ्याएमा त्यस्तो माल वस्तु, मेशिन उपकरणलाई तुरुन्त सडकबाट हटाउने अधिकार कार्यालयलाई हुनेछ।

(४) उपदफा (१) मा उल्लिखित माल वस्तु बाहेक सार्वजनिक सडकको दायाँ बायाँ रहेको कुनै घर, पर्खालमा सडकपट्टि निस्कने गरी राखिएको, जडिएको वा बनाइएको कुनै चीज वस्तु, गेट, रुखको हाँगा, लहरा वा तारले त्यस्तो सडकमा हुने आवागमनमा अवरोध हुन गएको ठहराएमा त्यस्तो अवरोधलाई हटाउन वा अवरोध नहुने गरी मिलाई राख्न सरोकारवाला व्यक्तिको नाउँमा तोकिएबमोजिमको म्याद भित्र कार्यालयले आदेश जारी गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको आदेश गर्दा ✂……… कार्यालयले सम्बन्धित चीज वस्तु वा गेटलाई राख्ने, बनाउने, जोड्ने ढाँचा र रुख वा लहरालाई काँट छाँट गरी कायम गर्नुपर्ने उचाई समेत तोक्न सक्नेछ।

(६) उपदफा (४) बमोजिम जारी भएको आदेशमा तोकिएको म्यादभित्र त्यस्तो आदेशमा लेखिएको काम पुरा गर्न नसक्ने भई म्याद थप गर्नु परेमा सम्बन्धित व्यक्तिले कारण समेत खोली कार्यालयमा निवेदन दिन

✂ पहिलो संशोधनद्वारा झिकिएको

सक्नेछ र त्यसरी निवेदन परेमा कार्यालयले एक पटकलाई पन्ध्र दिनको म्याद थप गर्न सक्नेछ।

(७) उपदफा (४) बमोजिम तोकिएको म्याद वा उपदफा (६) बमोजिम म्याद थप गरिएकोमा त्यस्तो म्यादभित्र पनि आदेशमा लेखिएको काम कारबाही नगरेमा कार्यालयले आफ्नो कर्मचारी वा सुरक्षा निकायको सहयोग लिई त्यस्तो आदेशमा उल्लिखित काम कारवाही गरी प्रचलित कानून बमोजिम यस दफा बमोजिम कब्जा गरिएका माल वस्तु, मेसिन उपकरण लिलाम बिक्री गर्न सक्नेछ।

१२. **स्वीकृति नलिई प्रदेश सडक वा सडक सीमामा कुनै किसिमको काम गर्न नहुनेः** (१) कार्यालयको स्वीकृति प्राप्त नगरी कसैले प्रदेश सडकसँग जोडिने गरी प्रवेश मार्ग, सार्वजनिक सडक वा निजी सडक बनाउन हुँदैन।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनका लागि "निजी सडक" भन्नाले कुनै व्यक्तिको निजी स्वामित्वमा रहेको जग्गासम्म पुग्नका लागि निजले बनाएको सडक सम्झनु पर्छ।

(२) सडक सीमाभित्र खाडल वा कूलो खन्न वा भत्काउन, किला, लट्ठा, तगारो आदि गाड्न वा हाल्न वा घर टहरो वा छाप्रो बनाउन वा सडक सीमाभित्रको जग्गा आवादी गर्न वा विद्युतीय पोल, टेलिफोनका टावर (पोल), दूरसञ्चारका केवल आदि टाङ्न वा बनिसकेका पक्की सडकहरुको संरचना बिग्रने गरी खानेपानीको पाइप, विद्युत् र टेलिफोनका तार पुर्न स्वागतद्वार, प्रवेशद्वार बनाउन वा यस्तै अन्य कुनै कार्य गर्न हुँदैन।

(३) कसैले कार्यालयको स्वीकृती प्राप्त नगरी उपदफा (१) वा (२) मा उल्लिखित कुनै कार्य गरेमा कार्यालयले त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐनको अन्य दफा बमोजिम कुनै कारबाही गर्नुपर्ने भए सो समेत गरी स्वीकृती नलिई बनाएको प्रवेश मार्ग बन्द गर्न, खनेको खाडल र कुलो पुर्न, गाडेको र उभ्याएको किला, लट्ठा, तगारो आदि उखेल्न तथा हटाउन, बनाएका घर टहरो र छाप्रो भत्काउन वा आवादी गरेको जग्गा बँझ्याउन वा विद्युतीय पोल, टेलिफोनका टावर (पोल), दूरसञ्चारका केवल आदि हटाउन वा बनिसकेका पक्की सडकहरुको संरचना बिग्रने गरी खानेपानीको

पाइप, विद्युत् र टेलिफोनका तार हटाउन पन्ध्र दिनको म्याद तोकी त्यस्तो व्यक्ति वा संस्थाको नाउँमा आदेशात्मक सूचना जारी गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम जारी भएको आदेशको पालना नगरेमा कार्यालयले त्यस्तो व्यक्ति वा संस्थाले बनाएको प्रवेश मार्ग बन्द गर्न, खनेको खाडल, कुलो पुर्न, गाडेको, उभ्याएको किला, लठ्ठा, तगारो आदि उखेल्न वा हटाउन, बनाएको घर, टहरा, छाप्रो भत्काउन वा आवादी गरेको जग्गा बँझ्याउन वा विद्युतीय पोल, टेलिफोनका टावर (पोल), दूरसञ्चारका टाँगिएका केवल वा बनिसकेका पक्की सडकहरुको संरचना बिग्रने गरी राखिएका खानेपानीका पाइप, विद्युत् र टेलिफोनका तार हटाउन सक्नेछ र सो बापत लागेको खर्च रकम सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट असुल उपर गरी लिन सक्नेछ।

(५) कार्यालयले समय समयमा उपदफा (१) बमोजिमका क्रियाकलाप भए नभएको सम्बन्धमा अनुगमन गरी उपदफा (४) बमोजिमको काम गर्ने गराउनेछ।

(६) कुनै सरकारी वा अर्ध सरकारी निकायले कुनै सार्वजनिक कामको लागि प्रदेश सडक वा सडक सीमा भित्र खन्नु पर्दा कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ र त्यसरी सडक वा सडक सीमा भित्र खन्ने सम्बन्धमा ✂......... कार्यालयले तोकेको शर्त समेत पालना गर्नु पर्नेछ।

(७) निजी व्यवसाय प्रयोजनका लागि प्रदेश सडक वा सडक सीमा भित्र खन्नु पर्दा वा सडक निर्माण गर्नुपर्दा कार्यालयको अनिवार्य स्वीकृति लिनुपर्नेछ सो सम्बन्धमा मन्त्रालयले आवश्यक कार्यविधि बनाई जारी गर्न सक्नेछ।

(८) प्रदेश सडक वा सडक सिमाभित्र घरपालुवा पशुपंक्षी वा जनावर छाडा छाड्नु हुँदैन।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो पशुपंक्षी वा जनावरको आक्रमणबाट सवारी धनी घाईते भएमा वा मृत्यू भएमा, सवारी साधनमा क्षति पुगेमा वा यात्रु घाईते वा मृत्यू भएमा प्रचलित

✂ पहिलो संशोधनद्वारा झिकिएको

कानून बमोजिम सजाय गरी सवारी धनीलाई पुगेको क्षति सम्बन्धित पशुपंक्षी वा जनावरको मालिकले वहन गर्नु पर्नेछ ।

(१०) सार्वजनिक सडकको अंगको रुपमा रहेको सडक सतह, पुल, कजवे, कल्भर्ट, साइकलमार्ग, फुटपाथ, मेडीएन र रोड फर्निचर्स लगायतका औजारहरु सहितका संरचनालाई कसैले भत्काउने, फुटाउने वा अन्य यस्तै कार्य गरि क्षति पुऱ्याउन वा फुटपाथमा सवारी साधन चलाउन हुँदैन।

१३. **धरौटी दाखिला गराउने वा दस्तुर लिने अधिकार**ः (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै कामको निमित्त प्रदेश सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृतिको लागि माग गरेमा कार्यालयले आवश्यक जाँचबुझ गरी त्यसरी खनिने वा भत्काउने प्रदेश सडक वा सडक सीमालाई मर्मत गरी पूर्ववत स्वरुपमा कायम गर्न लाग्ने खर्चको अनुमान गरी सम्बन्धित पक्षबाट लाग्ने दस्तुर वा धरौटी दाखिला गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम धरौटी रकम जम्मा गरेको प्रमाण पेस भएपछि कार्यालयले सडक वा सडक सीमा खन्न स्वीकृति दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सार्वजनिक सडक वा सडक सीमा खन्ने स्वीकृति दिंदा त्यसरी सडक वा सडक सीमा खन्दा अपनाउनु पर्ने तरिका वा जुन कामको लागि खनिएको हो सो को प्रयोजन समाप्त नभएसम्म पालना गर्नुपर्ने शर्तहरु र सडक मर्मत सम्भार गर्ने समयावधि कार्यालयले तोक्न सक्नेछ । त्यस्तो शर्तहरुको पालना गरी सडक मर्मत सम्भार गर्ने समयावधि भित्र सडक मर्मत सम्भारको कार्य सम्पन्न गर्नेछु भनी स्वीकृती माग गर्ने व्यक्ति, संस्था वा निकायलाई कबुलियत गराउनु पर्नेछ ।

१४. **खर्च भराउन सक्ने**ः (१) दफा ११ को उपदफा (३) बमोजिम सडकमा छाडेको वा राखेको माल पन्छाउँदा वा सोही दफाको उपदफा (७) बमोजिम कुनै कारवाही गर्दा ✂......... कार्यालयले गरेको खर्चको रकम

सरोकारवाला व्यक्तिबाट भराई लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम भराई लिनु पर्ने रकम बुझाउन ✂……… कार्यालयले सरोकारवाला व्यक्तिको नाउँमा पन्ध्र दिनको म्याद तोकी म्याद जारी गर्नेछ र सो म्यादभित्र उक्त रकम नबुझाएमा सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

(३) सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउने गरी छाडेको वा राखेको कुनै माल वस्तुलाई कार्यालयले आफ्नो नियन्त्रणमा लिएको भए त्यस्तो माल पन्छाउँदा वा अन्यत्र लैजाँदा सो कार्यालयले व्यहोर्नु परेको खर्च असुल उपर नहुन्जेल त्यस्तो माललाई रोक्का गरी राख्न सक्नेछ र तीन महिनासम्म पनि त्यस्तो खर्च असुल उपर हुन नआएमा वा त्यस्तो माल वस्तुको मालिक पत्ता नलागेमा ✂……… कार्यालयले जफत गरी लिलाम गर्न सक्नेछ।

१५. **सडक सुरक्षाका उपायहरु अवलम्बन गर्नुपर्ने**: (१) यस ऐनको दफा ३ अनुसारका सडक निर्माण गर्दा यातायात सञ्चालनलाई सुरक्षित बनाउन सडक सुरक्षाका उपायहरु अवलम्बन गर्नुपर्नेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि सडक सुरक्षाका उपाय भन्नाले भीर, पहरा, साँघुरो सडक, घुम्ती र बस्तीहरुमा सडक किनारामा सुरक्षा स्तम्भहरु बनाउन, पुल, घुम्ती, दुर्घटना ग्रस्त क्षेत्र जस्ता स्थानहरुमा स्पष्ट देखिने र बुझिने सङ्केत चिन्हहरु राख्न साँघुरा मोडहरुमा कन्भेक्स ऐना र सडक बत्ती राख्न तथा आवश्यक स्थानहरुमा डिभाइडर, सडक पेटी, अपाङ्गतामैत्री संरचना र साइकल मार्ग लगायतका सडक सुरक्षा संरचना आदि बनाउने कार्य सम्झनु पर्छ।

(२) प्रदेश लोकमार्ग तथा प्रादेशिक सडक सुरक्षित र व्यवस्थित गर्ने हेतुले प्रदेश सरकार र स्थानीय तहले ठाउँ ठाउँमा आवश्यकतानुसार सवारी गतिमापन यन्त्र, भिडियो निगरानी यन्त्र लगायतका उपयुक्त प्रविधि जडान गर्न सक्नेछन्।

१६. **सडक र सडक सिमाभित्र फोहरमैला गर्न नहुने**: (१) कुनै पनि व्यक्ति,

---

✂ पहिलो संशोधनद्वारा झिकिएको

संस्था वा निकायले प्रदेश सडक सीमा भित्र कुनै किसिमको फोहरमैला गर्नु हुँदैन ।

परिच्छेद-४

कसूर र सजाय सम्बन्धी व्यवस्था

१७. **कसूरः** (१) कसैले देहायको कुनै काम गरे वा गराएमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः-

(क) यस ऐन बमोजिमको ✂........ कार्यालय प्रमुखले कुनै कारबाही गर्दा प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेस गर्न लगाउने कार्य गर्दा वा अन्य कुनै सूचना टाँस गर्दा बाधा विरोध वा हुलहुज्जत गरेमा,

(ख) दफा ९ बमोजिम लगाएको रुख उखेलेमा वा काटेमा,

(ग) दफा १२ को उपदफा (९) विपरित कुनै काम गरेमा,

(घ) दफा १२ को उपदफा (१०) विपरितको काम गरेमा,

(ङ) दफा १६ बमोजिम फोहोरमैला गर्ने व्यक्ति संस्था वा निकाय भएमा,

(च) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा ।

(२) कसैले उपदफा (१) बमोजिमको कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दशहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(ख) खण्ड (घ) बमोजिमको कसूर गरेमा कसूरको प्रकृति र गाम्भिर्यता हेरी पचासहजार रुपैयाँसम्म जरिवाना र भत्केको सडक यथास्थितिमा ल्याउँदा लाग्ने खर्च बापतको रकम मध्ये जुन बढी हुन्छ सो बराबरको रकम

✂ पहिलो संशोधनद्वारा झिकिएको

जरिवाना गर्न सक्नेछ।

(ग) खण्ड (ख), (ङ) र (च) बमोजिमको कसूर गरेमा पचास हजार रुपैयाँसम्म जरिवाना,

(घ) उपदफा (२) को खण्ड (ग) बमोजिमको कसूर गरेमा पचास हजार रुपैयाँ सम्मको मनासिब क्षतिपूर्ति पशुपन्छी धनी मार्फत भराई दिनुपर्छ सो क्षतिपूर्ति बाहेकको कसूर गरेको भएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

परिच्छेद-५

मुद्दाको अनुसन्धान तथा पुनरावेदन सम्बन्धी व्यवस्था

१८. **मुद्दाको अनुसन्धान**ः यस ऐन बमोजिम ✂........ कार्यालय प्रमुखले कुनै कारवाही गर्दा प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेस गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गरी निर्णय गर्न सक्नेछ।

१९. **सफाईको मौका दिनुपर्ने**ः यस ऐन बमोजिम कारवाही र जरिवाना गर्नु अघि सफाईको मनासिब मौका दिनु पर्नेछ।

२०. **मुद्दा हेर्ने अधिकारी**: (१) दफा १७ को उपदफा (१) बमोजिम कसूरको मुद्दा हेर्ने अधिकार ✂......... कार्यालय प्रमुखलाई हुनेछ।

२१. **पुनरावेदनः** यस ऐनको दफा २० बमोजिम अख्तियार प्राप्त अधिकारीले दिएको सजायको आदेशमा चित्त नबुझेमा त्यस्तो आदेश वा निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सकिनेछ।

२२. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने**: यस ऐन बमोजिम कसूर हुने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसूर हुने रहेछ भने सो कानून बमोजिम मुद्दा चलाई सजाय गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

✂ पहिलो संशोधनद्वारा झिकिएको

परिच्छेद-६
विविध

२३. **शुल्क लगाउन र उठाउन सक्ने**: (१) प्रदेश सरकारले निर्माण गरेका वा हस्तान्तरण भई प्राप्त भएका सडकको उपभोग गर्ने सवारी साधनमा तोकिने मर्मत सम्भार सेवा शुल्कको दर र शुल्क सङ्कलन गर्ने कार्यविधि प्रदेश सरकारको आर्थिक ऐनले तोके बमोजिम हुनेछ।

तर, माथि जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन जारी भए पश्चात ऐन जारी भएको आर्थिक वर्षका लागि प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो मर्मत सम्भार सेवा शुल्कको दर र शुल्क सङ्कलन गर्ने प्रक्रिया तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम लगाएको शुल्क मन्त्रालय आफैंले सङ्कलन वा तोकिएको प्रक्रिया अपनाई कुनै संस्था वा निकाय मार्फत सङ्कलन गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम सङ्कलन भएको मर्मत सम्भार सेवा शुल्क प्रदेश संचित कोषमा जम्मा हुनेछ।

२४. **प्रदेश सडक निर्माण, स्तरोन्नति, विस्तार तथा मर्मत सम्भार गर्न छनौट गर्ने आधार**: (१) कुनै सडकलाई प्रदेश सडकको रुपमा छनौट गर्न तोकिए बमोजिमको मापदण्ड वा आधार पुरा गरेको हुनु पर्नेछ।

(२) यस दफा बमोजिम प्रदेश सडकको निर्माण विस्तार स्तरोन्नति तथा मर्मत सम्भार गर्ने आयोजनाको छनौट गर्दा प्रदेश सरकारको प्रादेशिक सडक सञ्जाल गुरुयोजना वा आयोजना बैंकमा समावेश भएको योजनालाई आधार लिन सक्नेछ।

✚२४क. **ऐनको प्रावधान लागु गर्नुपर्ने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को सडकको सीमा र दफा ८ को मापदण्ड स्थायी संरचना वा भवनको हकमा यस ऐन जारी हुनुपूर्व बनिसकेका भवन बाहेक नयाँ बन्ने स्थायी संरचनाहरुका लागि लागु गर्न सक्नेछ।

२५. **निजी क्षेत्रलाई लगानीको अनुमति दिन सकिने**: (१) प्रदेश सरकारले कुनै

✚ पहिलो संशोधनद्वारा थपिएको।

प्रदेश सडकलाई निजी क्षेत्रको लगानीमा निर्माण, सञ्चालन, व्यवस्थापन र हस्तान्तरण गर्ने गरी अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रलाई लगानीको अनुमति दिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **सहयोग गर्नुपर्नेः** यस ऐनको कार्यान्वयन गर्दा मन्त्रालय, ✂......... कार्यालयले सहयोग माग गरेमा सम्बन्धित निकायले आवश्यक सहयोग गर्नु पर्नेछ।

२७. **निर्माण सुरु गर्नु अघि समन्वय गर्नुपर्नेः** प्रदेश सडकहरुको निर्माण गर्दा स्थानीय तह, खानेपानी, ढल निकास, विद्युत्, दूरसञ्चार, वन, राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र जस्ता निकायहरुसँग आवश्यक समन्वय गर्नु पर्नेछ।

२८. **सडकले ओगटेको जग्गाको लगत कट्टा गरी दर्ता गर्न सक्नेः** प्रदेशको सडक, हस्तान्तरित सडक वा प्रदेश सरकारले तोकेको सडकको मापदण्ड लागु भएको वा हुने सडक क्षेत्रको जग्गाधनीले स्वैच्छिक रुपमा जग्गाको लगत कट्टा गर्न कार्यालयमा निवेदन दिएमा प्रचलित कानून बमोजिम कार्यालयले सडक क्षेत्रको जग्गाको लगत कट्टा गरी सडकका नाउँमा दर्ता कायम गर्न सक्नेछ।

२९. **प्रदेश सडकको मर्मत सम्भार सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सडकको मर्मत सम्भारका लागि प्रत्येक आर्थिक वर्षमा सडक पूर्वाधारमा विनियोजित बजेटको कम्तीमा तीन प्रतिशत रकम विनियोजन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको रकम प्रदेश सडकको नियमित, आवधिक अत्यावश्यक मर्मत सम्भार कार्यका लागि मात्र खर्च गर्नु पर्नेछ। प्रदेश सडकको मर्मत सम्भार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३०. **अधिकार प्रत्यायोजनः** (१) यस ऐन बमोजिम मन्त्रालय ✂........वा कार्यालयलाई प्राप्त अधिकारमध्ये कुनै वा सबै अधिकार मन्त्रालय वा ✂......... कार्यालयले कुनै अधिकारी वा कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ।

✂ पहिलो संशोधनद्वारा झिकिएको

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दण्ड जरिवाना गर्ने सम्बन्धी अधिकार प्रत्यायोजन हुने छैन।

३१. **बचाउ**ः यो ऐन जारी हुनु अघि प्रचलित कानून बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

३२. **नियम, निर्देशिका तथा कार्यविधि बनाउने अधिकार**ः (१) यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही मन्त्रालयले आवश्यक मापदण्ड बनाउन सक्नेछ।

गण्डकी प्रदेश विद्युत् विकास ऐन, २०८२

प्रमाणीकरण र प्रकाशन मिति

२०८२।०७।२१

सम्वत् २०८२ सालको ऐन नं. ११

गण्डकी प्रदेशमा विद्युत् विकास सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः प्रदेशमा उपलब्ध जलस्रोत, नवीकरणीय ऊर्जा लगायतका प्राकृतिक स्रोतहरूको उपयोग गरी प्रदेशबासीलाई वातावरणमैत्री, स्वच्छ, भरपर्दो, गुणस्तरीय एवम् सुरक्षित विद्युत् सेवा उपलब्ध गराउन तथा लागानी आकर्षण गरी प्रदेशको आर्थिक सम्वृद्धिको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद -१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश विद्युत् विकास ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र" भन्नाले यस ऐन बमोजिम दिइने अनुमतिपत्रलाई सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरेको कानून बमोजिम स्थापित संगठित संस्थालाई सम्झनु पर्छ।

(ग) "अर्ध जलाशययुक्त विद्युत् उत्पादन आयोजना" भन्नाले दैनिक न्यूनतम तीन घण्टाको समयावधिसम्म बाँधमा पानी जम्मा गर्न सक्ने र पिक समयमा सोही बमोजिम बढी विद्युत् उत्पादन गर्न सक्ने गरी संरचना बनाएको पिकिंङ्ग रन अफ दि रिभर जलविद्युत् आयोजना सम्झनु पर्छ।

(घ) "आयोजना" भन्नाले निर्माण, उत्पादन, प्रसारण, वितरण

र सञ्चालन वा यस मध्येका कुनै एक वा एक भन्दा बढी कार्य गरीने विद्युत् आयोजनालाई सम्झनु पर्छ ।

(ङ) “आयोजना विकास” भन्नाले विद्युत् उत्पादन सम्बन्धी आयोजनाको निर्माण चरणदेखि अनुमतिपत्रमा तोकिएको अवधिसम्मको सञ्चालन र व्यवस्थापनसम्मको कार्यलाई सम्झनु पर्छ ।

(च) “उत्पादन” भन्नाले विद्युत् उत्पादन गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्यको लागि आवश्यक संरचनाको निर्माण, सञ्चालन तथा मर्मत सम्भारको कार्य तथा उत्पादित विद्युत् लाई नजिकको राष्ट्रिय प्रसारण लाइन सम्म जोड्नका लागि आवश्यक पर्ने विद्युत् प्रसारण लाइन लगायतका संरचना निर्माण गर्ने कार्य समेत जनाउँछ ।

(छ) “काबु बाहिरको अवस्था” भन्नाले महामारी, बाढी पहिरो, भूकम्प, आगजनी जस्ता प्राकृतिक तथा बिपद्‌जन्य घटना वा परिस्थितिलाई सम्झनु पर्छ ।

(ज) “कार्यालय” भन्नाले ऊर्जा/विद्युत् हेर्ने मन्त्रालय अन्तर्गतको निकाय सम्झनु पर्छ ।

(झ) “ग्राहक” भन्नाले विद्युत् सेवाको उपयोग वा उपभोग गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

(ञ) “ग्राहक सेवा” भन्नाले विद्युत् वितरण वा ग्राहक सेवाको अनुमतिपत्र प्राप्त संस्थाबाट विद्युत् लाइन र मिटर समेत जडान गरी विद्युत् सेवा लिने संस्था, निकाय वा व्यक्तिको घर, भवन वा परिसरमा विद्युत् सेवा आपूर्ति गर्ने कार्य सम्झनु पर्छ ।

(ट) “ग्रिड” भन्नाले प्रसारण लाईन, सव-स्टेशन तथा उत्पादन केन्द्रहरु एक आपसमा अन्तर सम्बन्धित भएको मध्यम वा उच्च भोल्टेजयुक्त विद्युत् सञ्जाल सम्झनु पर्छ ।

(ठ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन

अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ड) "नवीकरणीय ऊर्जा" भन्नाले जलविद्युत्, सौर्य ऊर्जा, वायु ऊर्जा, जस्ता नासिएर नसकिने प्राकृतिक स्रोतबाट उत्पादित ऊर्जा सम्झनु पर्छ ।

(ढ) "नेट मिटरिङ्ग" भन्नाले प्रचलित कानून बमोजिमका अनुमतिपत्र प्राप्त संस्था/व्यक्तिका बिचमा विद्युत् आदान प्रदान गर्दा भएको विद्युतको परिमाणको फरक र सो को लागि आवश्यक पर्ने संयन्त्रलाई समेत सम्झनु पर्छ ।

(ण) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ ।

(त) "प्रदेश स्तरको विद्युत् आयोजना" भन्नाले प्रदेश सरकारले अनुमतिपत्र प्रदान गरेको र प्रदेशको कार्यक्षेत्र भित्र पर्ने विद्युत् आयोजना सम्झनु पर्छ ।

(थ) "प्रसारण" भन्नाले वितरण प्रणाली बाहेक कुनै एक विद्युत् उत्पादन केन्द्रबाट अर्को विद्युत् उत्पादन केन्द्र वा सव-स्टेशनसम्म वा कुनै एक सव-स्टेशनबाट अर्को सव-स्टेशनसम्म विद्युत् शक्ति प्रवाह गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(द) "प्रस्ताव पत्र" भन्नाले विभिन्न शर्तहरुको अधिनमा रही आयोजना सञ्चालनका लागि पेस गरिने आशय पत्र सम्झनु पर्छ ।

(ध) "प्रस्ताव मूल्याङ्कन समिति" भन्नाले विद्युत् आयोजनाको प्रस्ताव उपर प्राविधिक, आर्थिक लगायत विभिन्न पक्षको मूल्याङ्कन गरी प्रस्ताव छनौटको लागि राय/सिफारिस गर्न गठित समिति सम्झनु पर्छ ।

(न) "प्रवर्धक" भन्नाले यस ऐन बमोजिम प्रस्ताव स्वीकृत भई विद्युतको सर्वेक्षण, विकास तथा उत्पादन, प्रसारण,

वितरण, विद्युत् व्यापार, ग्राहक सेवा सम्बन्धमा अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ।

(प) "प्राविधिक समिति" भन्नाले कार्यालय प्रमुखले विद्युत् आयोजनाको सर्वेक्षण, अध्ययन, डिजाइन, विकास आदिसँग सम्बन्धित प्रतिवेदन तथा अन्य कागजातको अध्ययन गरी राय/सिफारिस गर्न गठित विषयगत विज्ञहरू रहने समिति सम्झनु पर्छ।

(फ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको ऊर्जा/विद्युत् सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ब) "महसुल" भन्नाले यस ऐन वा ऐन बमोजिम बनेको नियम बमोजिम विद्युत् प्रयोग गरे बापत ग्राहकबाट लिइने, दिइने वा समायोजन गरिने रकम सम्झनु पर्छ।

(भ) "राष्ट्रिय प्रसारण ग्रिड" भन्नाले प्रचलित कानून बमोजिम परिभाषित गरिएको राष्ट्रिय प्रसारण ग्रिड सम्झनु पर्छ।

(म) "विद्युत् उत्पादन आयोजना" भन्नाले पानी, नवीकरणीय ऊर्जा वा अन्य कुनै श्रोतबाट उत्पादन हुने विद्युत् उत्पादन तथा उत्पादित विद्युतलाई नजिकको सव-स्टेशन वा राष्ट्रिय प्रसारण लाइनसम्म पुऱ्याउने कार्यका लागि निर्माण हुने प्रसारण लाइन समेत सम्झनु पर्छ।

(य) "विद्युत" भन्नाले पानी, नवीकरणीय ऊर्जा वा अन्य कुनै स्रोतबाट उत्पादन हुने विद्युत् शक्ति सम्झनु पर्छ।

(र) "विद्युत् मार्गको अधिकार क्षेत्र (राइट अफ वे)" भन्नाले विद्युत् प्रसारण तथा वितरणको लागि जमिन मुनि वा जमिन माथिबाट आवश्यक विद्युतीय तार तान्न र त्यस्तो तार यथावत कायम राख्न भोल्टेज अनुसार आवश्यक पर्ने भनी प्रचलित कानून अनुसार तोकिएको न्यूनतम दूरी सहितको क्षेत्र सम्झनु पर्छ र सो शब्दले त्यस्तो विद्युतीय तारको निर्माण, मर्मत सम्भार, हेरफेर, परिवर्तन

वा सुरक्षाको लागि त्यस्तो जमिनमा प्रवेश गर्न पाउने अधिकारलाई समेत जनाउँछ।

(ल) "विद्युत् व्यापार" भन्नाले अनुमतिपत्र प्राप्त संस्था आफैले विद्युत् उत्पादन गरी वा खरिद गरी विद्युत् विक्री गर्ने कार्य सम्झनुपर्छ र सो शब्दले विद्युतको आन्तरिक, अन्तर प्रदेश र अन्तरदेशीय प्रसारणमा गरीने व्यापार समेतलाई जनाउँछ। "वितरण" भन्नाले प्रसारण लाईन वा सबस्टेशनबाट ग्राहकलाई विद्युत् सेवा उपलब्ध गराउने कार्य सम्झनु पर्छ।

(व) "वितरण" भन्नाले प्रसारण लाईन वा सव-स्टेशनबाट ग्राहकलाई विद्युत् सेवा उपलब्ध गराउने कार्य सम्झनु पर्छ।

(श) "संरचना" भन्नाले विद्युत् उत्पादन, प्रसारण वा वितरणको लागि निर्माण भएका बाँध, जलाशय, जलमार्ग, प्रवेश मार्ग, सुरुङ्ग, विद्युत् गृह वा केन्द्र, सव-स्टेशन, प्रसारण लाइन र वितरण लाइन जस्ता विद्युतसँग सम्बन्धित वा आवश्यक अन्य संरचना सम्झनु पर्छ र सो शब्दले त्यस्ता संरचनाले चर्चेको जग्गा र त्यसमा जडित मेशिनरी उपकरणलाई समेत जनाउँछ।

(ष) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेशभित्र रहेका स्थानीय तह सम्झनु पर्छ।

(स) "स्वउत्पादन" भन्नाले कुनै व्यक्ति, संस्था, उद्योग, फर्म वा कम्पनीले आफ्नो परिसरभित्र आफ्नै प्रयोजनका लागि निर्माण गरेको जलविद्युत् बाहेकका आयोजनाबाट विद्युत् उत्पादन गर्ने कार्य सम्झनु पर्छ।

परिच्छेद-२

विद्युत् आयोजना सम्बन्धी व्यवस्था

३. **प्रदेश सरकारको विद्युत् आयोजनाः** (१) प्रचलित कानून बमोजिम प्रदेश सरकारको कार्य क्षेत्रमा पर्ने विद्युत् आयोजना, सङ्घीय सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण गरिएका विद्युत् आयोजना, प्रदेश सरकारबाट स्वयम् आफैंले निर्माण गर्ने वा प्रदेश सरकारले अनुमति दिई अनुमतिपत्रमा तोकिएको अवधि समाप्त भएपछि प्रदेश सरकारलाई हस्तान्तरण हुने विद्युत् आयोजना प्रदेश सरकारको विद्युत् आयोजना हुनेछ।

(२) दुई वा दुई भन्दा बढी स्थानीय तहको सिमानामा बाँध वा जलाशय वा सुरुङमार्ग वा विद्युत् गृह परी स्थानीय तहको कार्यक्षेत्र भित्र पर्ने विद्युत् आयोजना प्रदेश सरकारको कार्यक्षेत्रमा पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको अनुरोधमा प्रदेश सरकारले स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने जतिसुकै जडित क्षमताको विद्युत् आयोजनाको विकास र सञ्चालन गर्न सक्नेछ।

(४) दफा ३ बमोजिमका प्रदेशका विद्युत् आयोजनाहरुको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यहरु तोकिए बमोजिम हुनेछ।

(५) स्थानीय तहको अधिकार भित्र पर्ने विद्युत् आयोजनाको विकास तथा सञ्चालन गर्ने कानूनी व्यवस्था यस ऐनको अधिनमा रही सम्बन्धित स्थानीय तहले जारी गर्न सक्नेछ।

४. **विद्युत् विकास गुरुयोजनाः** (१) सङ्घीय सरकारले जलस्रोत तथा विद्युत् विकास सम्बन्धी गुरुयोजना लागु गरेमा उक्त गुरुयोजनालाई समेत आधार मानी प्रदेश सरकारले प्रदेशको आवश्यकता, औचित्य, सम्भावना र आर्थिक सम्भाव्यताका आधारमा विद्युत् विकास सम्बन्धी गुरुयोजना बनाई लागु गर्न सक्नेछ र त्यस्तो गुरुयोजना आवश्यकता अनुसार अद्यावधिक गर्नु पर्नेछ।

(२) स्थानीय तहको कार्यक्षेत्र भित्र पर्ने विद्युत् आयोजनाको विकास गर्दा उपदफा (१) बमोजिमको गुरुयोजनाको आधारमा गर्नु पर्नेछ।

परिच्छेद-३

प्रतिस्पर्धा तथा प्रस्ताव छनौट सम्बन्धी व्यवस्था

५. **विद्युत् आयोजनाको सूची:** (१) प्रदेश सरकारको क्षेत्राधिकार भित्रका विद्युत् आयोजनाको सम्भाव्यता अध्ययन प्रदेश सरकार आफैंले गर्न वा निजी क्षेत्रबाट गर्न, गराउन वा सङ्घीय सरकारलाई पूर्व सम्भाव्यता अध्ययन वा सम्भाव्यता अध्ययन वा विस्तृत आयोजना प्रतिवेदन तयार पार्नको लागि अनुरोध गर्न सक्नेछ। यस्तो अध्ययन कार्यमा खानेपानी र सिंचाईमा हुनसक्ने दीर्घकालिन असर, जलवायु परिवर्तनबाट हुनसक्ने सम्भावित असर र प्रभावको अध्ययन गरी त्यसको न्यूनीकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम समावेश गर्नु पर्नेछ।

(२) दफा ४ को उपदफा (१) बमोजिमको गुरुयोजनामा समावेश भएका र उपदफा (१) बमोजिम पूर्व सम्भाव्यता अध्ययन वा सम्भाव्यता अध्ययन वा विस्तृत आयोजना प्रतिवेदन अनुसार लाभ-लागतको आधारमा प्राथमिकताक्रम तोकी कार्यालयले विद्युत् आयोजनाको सूची तयार गर्नु पर्नेछ। यस्तो सूची तयार गर्दा विद्युत् उत्पादनको स्रोत, आयोजना क्षेत्र र अनुमतिपत्र प्राप्त अन्य आयोजनासँग दोहोरो नपर्ने वा प्राविधिक रूपमा असर नपर्ने गरी गर्नु पर्नेछ।

(३) सर्वेक्षण-अध्ययन अनुमतिपत्रको अवधि भित्र यस ऐन बमोजिम विद्युत् उत्पादन अनुमतिपत्रको लागि निवेदन दिएका तर त्यस्तो निवेदनसाथ पेस गर्नुपर्ने आयोजनाको अध्ययन प्रतिवेदन, वातवरणीय अध्ययन प्रतिवेदन, आयोजना सञ्चालन विधि, वित्तीय व्यवस्थापन सम्बन्धी कागजात लगायतका आवश्यक विवरण तोकिएको समय भित्र पेस गर्न नसकी दफा १७ बमोजिम सर्वेक्षण अनुमतिपत्र खारेज भएका तथा उत्पादन, प्रसारण, वितरण, व्यापार वा ग्राहक सेवाको अनुमतिपत्र प्राप्त गरेका तर अनुमतिपत्रमा तोकिएका शर्तहरू पालना गर्न नसकेर अनुमतिपत्र रद्द भएका आयोजनाहरू समेत उपदफा (२) बमोजिमको सूचीमा समावेश गर्न सकिनेछ।

(४) उपदफा (२) बमोजिम कार्यालयले तयार पारेको विद्युत्

आयोजनाको सूची मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले स्वीकृत गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको सूची हरेक आर्थिक वर्षमा प्रदेश सरकारले एकपटक अद्यावधिक गर्न सक्नेछ।

(६) विद्युत् आयोजनाको सूची तयार पार्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **प्रतिस्पर्धा गर्नुपर्नेः** (१) यो ऐन प्रारम्भ भएपछि दफा ५ बमोजिम प्रदेश सरकारले तयार पारेको विद्युत् आयोजनाको सूची बमोजिम विद्युत् उत्पादन आयोजनाको विस्तृत सर्वेक्षण-अध्ययन, विकास, उत्पादन तथा सञ्चालन गर्दा लगानीकर्ता बिचको प्रतिस्पर्धाको आधारमा गर्नु पर्नेछ।

(२) प्रदेश सरकार वा प्रदेश सरकारको निकायले आफैले निर्माण गर्ने भनि प्रदेश सरकारले तोकेको विद्युत् आयोजना, प्रदेश सरकारले एकल वा प्रदेश सरकारको कम्तीमा एकाउन्न प्रतिशत शेयर लगानी रहने गरी संघ वा स्थानीय तह वा निजी क्षेत्रबाट संयुक्त लगानीमा विकास तथा सञ्चालन गर्ने भनी प्रदेश सरकारले निर्णय गरेको विद्युत् आयोजना र स्वउत्पादनको विद्युत् आयोजनालाई प्रतिस्पर्धामा लग्नुपर्ने छैन।

(३) जलविद्युत् बाहेकका सौर्य, वायु लगायत अन्य स्रोतबाट विद्युत् उत्पादन आयोजना सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) विद्युतको प्रसारण, वितरण, व्यापार र ग्राहक सेवाको विकास तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **प्रस्ताव आह्वानः** (१) दफा ६ बमोजिम प्रतिस्पर्धाको माध्यमबाट विद्युत् उत्पादन आयोजनाको विकास तथा सञ्चालन गर्न देहाय बमोजिमका विवरणहरु उल्लेख गरी कार्यालयले राष्ट्रियस्तरका (क) वर्गको दैनिक समाचारपत्रमा कम्तीमा नब्बे दिनको सूचना दिई प्रस्ताव आह्वान गर्नु पर्नेछ र यस्तो सूचना आफ्नो वेबसाइटमा समेत सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्नेछ। सम्बन्धित सरोकारवालाले लिखित रुपमा मनासिब आधार खोली म्याद सकिन एक्काइस दिन अगावै निवेदन दिएमा कार्यालयले बढीमा नब्बे दिनसम्मको प्रस्ताव आह्वानको म्याद थप गर्न सक्नेछ।

(क) विद्युत् आयोजनाको प्रस्तावित स्थान (जिल्ला, गाउँपालिका/ नगरपालिका, वडा, टोल),

(ख) विद्युत् आयोजनाको प्रस्तावित कार्यक्षेत्र (बाँध/पावर हाउस स्थान र अक्षांश/देशान्तर),

(ग) विद्युत् आयोजनाको प्रस्तावित क्षमता (मेगावाट),

(घ) विद्युत् आयोजनाको प्रस्तावित किसिम (जलाशय/अर्ध जलाशय वा रन अफ द रिभर),

(ङ) प्रस्तावित विद्युत् गृहबाट नजिकको सव-स्टेशन वा प्रसारण लाइनसम्मको दुरी,

(च) अनुमतिपत्र प्राप्त संस्थाले प्रसारण लाइन समेत बनाउनु पर्ने/नपर्ने सम्बन्धी विवरण,

(छ) विद्युत् आयोजनाको प्रारम्भिक अनुमानित लागत,

(ज) विद्युत् आयोजनाको अध्ययन सम्पन्न भएको चरण (पहिचान, पूर्व सम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन, विस्तृत आयोजना अध्ययन प्रतिवेदन),

(झ) तोकिए बमोजिमको अन्य विवरण ।

(२) उपदफा (१) बमोजिमको सूचना जारी भएपछि सम्बन्धित प्रस्तावदाताले तोकिए बमोजिम दस्तुर र धरौटी सहित दर्ता/नवीकरण सम्बन्धी कागजात, करचुक्ता प्रमाणपत्र, वित्तीय विवरण तथा कम्पनीको विवरण सहित आयोजनाको तोकिए बमोजिमको ढाँचामा प्रस्ताव पेस गर्नुपर्ने अन्तिम मिति भन्दा कम्तीमा सात दिन अगावै प्रस्तावपत्र खरिद गर्नु पर्नेछ ।

(३) यस ऐनमा अन्यन्त्र जुनसुकै व्यवस्था लेखिएको भए तापनि समान प्रकारको आयोजनाको लागि व्यावसायिक रूपमा विद्युत् उत्पादन कार्य सुरु नहुँदासम्म एउटा संस्थालाई दुई वटा भन्दा बढी आयोजनाको अनुमतिपत्र प्रदान गरिने छैन।

(४) यस ऐनको दफा ८ बमोजिम आयोजना प्राविधिक-आर्थिक रुपले सम्भाव्य नभई अनुमतिपत्र खारेज भएको अवस्थामा समान प्रकारको

अर्को आयोजनामा प्रस्ताव पेस गर्न उपदफा (३) बमोजिम बाधा पर्ने छैन।

(५) प्रस्तावपत्रमा सम्बन्धित आयोजनाको पछिल्लो अध्ययन प्रतिवेदन सम्बन्धी विवरण समावेश गर्नु पर्नेछ। सम्बन्धित आयोजनाको थप अध्ययन कार्य भइसकेको भएमा प्रस्तावदाताले प्रस्ताव खरिद गर्दा आवश्यक परेमा कार्यालयमा रहेको पछिल्लो अध्ययन प्रतिवेदन तोकिए बमोजिम दस्तुर तिरी खरिद गर्न सक्नेछ।

(६) उपदफा (१) बमोजिम माग गरिएको प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा राखी सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रकारको प्रस्ताव हो स्पष्ट रूपले उल्लेख गरी दुवै प्रस्तावलाई अर्को छुट्टै खामबन्दी गरी प्रस्ताव आह्वान गरिएको विषय उल्लेख गरी तोकिए बमोजिमको धरौटी रकम जम्मा गरेको प्रमाण प्राविधिक प्रस्तावको खाममा समावेश गरी पेस गर्नु पर्नेछ। यस्तो धरौटी रकम प्रस्ताव मूल्याङ्कन कार्य सम्पन्न भएपछि प्रस्ताव मूल्याङ्कनबाट छनौट हुन नसकेका प्रस्तावदाताहरूको हकमा फिर्ता गर्नु पर्नेछ।

(७) उपदफा (१) बमोजिमको सार्वजनिक सूचना बमोजिम विद्युत् उत्पादन आयोजनाको विकास, उत्पादन तथा सञ्चालन गर्न इच्छुक प्रस्तावदाताले त्यस्तो सूचनामा उल्लिखित म्यादभित्र आफ्नो प्रस्ताव पेस गर्नु पर्नेछ।

(८) उपदफा (२) बमोजिमको प्रस्तावपत्रमा दफा ८ बमोजिमको मूल्याङ्कनका आधार सहित देहाय बमोजिमका कुराहरु उल्लेख गर्नुपर्नेछ,-

(क) प्रस्ताव पेस गर्ने कार्यालय वा निकाय,

(ख) प्रस्ताव पेस गर्ने अवधि,

(ग) प्रस्ताव तयार गर्न प्रस्तावदातालाई दिइएको निर्देशन,

(घ) प्रस्तावकको कार्य अनुभव,

(ङ) प्राविधिक र आर्थिक प्रस्ताव अन्य विषय,

(च) आवश्यकता अनुसार विद्युत् खरिद सम्झौता र आयोजना विकास सम्झौताको नमुना,

(छ) प्रस्ताव मूल्याङ्कन गर्दा तुलना गर्ने आधार र अंक भार,

(ज) प्रस्ताव छनौट विधि,

(झ) तोकिए बमोजिम अन्य कुरा ।

(९) उपदफा (८) बमोजिम तयार भएको प्रस्तावपत्र स्वीकृति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) धरौटी सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ,-

(क) उपदफा (२) बमोजिम राखिएको धरौटी रकम अनुमतिपत्र प्राप्त गर्ने प्रस्तावदाताको हकमा आयोजना विकासको चरणको अनुमतिपत्र प्राप्त गरेपछि राजस्व खातामा जम्मा गर्नुपर्ने छ र अनुमतिपत्र प्राप्त गर्न नसकेका प्रस्तावदाताको हकमा पहिलो चरणको अनुमतिपत्र दिने काम सम्पन्न भएपछि उक्त धरौटी रकम फिर्ता दिनु पर्नेछ ।

(ख) अनुमति प्राप्त गरेको प्रस्तावदाताले अनुमति बमोजिम समयमा काम सम्पन्न गर्न नसकेमा धरौटी खातामा रहेको रकम कार्यालयले जफत गरी राजस्व खातामा जम्मा गर्नु पर्नेछ ।

(ग) प्रस्तावदाताले फिर्ता पाउने धरौटी रकम फिर्ता योग्य भएको मितिले दुई वर्ष भित्रमा फिर्ता नलगेमा राजस्व खातामा जम्मा गरिनेछ ।

(११) प्रदेश सरकारले दफा ७ बमोजिम प्रस्ताव आह्वान, दफा ८ बमोजिमको प्रस्ताव मूल्याङ्कन र दफा ११ बमोजिमको अनुमति पत्र सम्बन्धी मध्ये कुनै वा सम्पूर्ण व्यवस्था विद्युतीय प्रणाली वा माध्यमबाट सञ्चालन गराउन सक्नेछ ।

८. **प्रस्ताव मूल्याङ्कनका आधारः** (१) दफा ७ बमोजिम विद्युत् आयोजनाको विकास तथा सञ्चालनका लागि प्रस्तावक छनौट गर्दा देहाय बमोजिमको प्राविधिक तथा आर्थिक आधार लिइनेछः-

(क) प्राविधिक आधारः

(१) वित्तीय क्षमता,

(२) प्राविधिक तथा व्यावसायिक क्षमता।

(ख) आर्थिक आधारः देहायका कुनै एक वा एक भन्दा बढी आधारमा हुनेछ,-

(१) प्रदेश सरकारलाई वार्षिक किस्ताबन्दी रुपमा बुझाउन कबोल गरेको रकम,

(२) प्रदेश सरकारलाई दिइने निःशुल्क विद्युत् ऊर्जा,

(३) प्रदेश सरकारलाई अग्रिम रुपमा एकमुष्ठ रुपमा बुझाउन कबोल गरेको रकम,

(४) तोकिए बमोजिमका अन्य आधारहरु।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम प्रदेश सरकारलाई दिनुपर्ने न्यूनतम आर्थिक प्रतिफल सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) प्राविधिक तथा आर्थिक आधार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **प्रस्ताव मूल्याङ्कन तथा प्राविधिक समिति सम्बन्धी व्यवस्थाः** (१) दफा ७ बमोजिम प्राप्त प्रस्ताव उपर मूल्याङ्कन गर्न कार्यालयमा देहाय बमोजिमको एक प्रस्ताव मूल्याङ्कन तथा प्राविधिक समिति रहनेछः-

(क) कार्यालय प्रमुख वा निजले तोकेको वरिष्ठ प्राविधिक कर्मचारी -अध्यक्ष

(ख) कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ग) विषयसँग सम्बन्धित विशेषज्ञहरु कम्तीमा तीन जना (इन्जिनियर, भुगर्भविद्, अर्थशास्त्री, चार्टड एकाउन्टेन्ट, वित्तीय विश्लेषक आदि) -सदस्य

(घ) कानून अधिकृत -सदस्य

(ङ) कार्यालयको अनुमतिपत्र हेर्ने महाशाखा वा शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले कार्यालय प्रमुखको स्वीकृति लिई सरकारी वा गैरसरकारी क्षेत्रका विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिले प्रस्ताव दाखिला गर्ने अन्तिम म्यादभित्र कार्यालयमा दर्ता भएका प्रस्तावकहरूबाट प्राप्त प्रस्तावहरू सोहि दिन बाहिरी खाम खोली प्राविधिक र आर्थिक प्रस्तावका सिलबन्दी खाम छुट्ट्याउनु पर्नेछ।

(४) एक मात्र प्रस्ताव दर्ता भएमा सो प्रस्तावलाई सुरक्षित राखी तीस दिनको म्याद दिई पुनः सूचना आह्वान गर्नुपर्नेछ। उपदफा (३) बमोजिम परेको एक मात्र प्रस्ताव प्रस्तावदाताले फिर्ता लिन चाहेमा पुनः प्रस्ताव आह्वानको म्याद सकिन पन्ध्र दिन अगावै प्रस्ताव फिर्ता लिई पुनः प्रस्ताव पेस गर्न बाधा पर्ने छैन।

(५) उपदफा (४) बमोजिम पुनः प्रस्ताव आह्वान गर्दा समेत एक मात्र प्रस्ताव कायम हुन आएमा प्रस्तावलाई मूल्याङ्कन प्रक्रिया अगाडि बढाउन बाधा पर्ने छैन।

(६) उपदफा (३) बमोजिम छुट्ट्याइएका खामहरू मध्ये प्रस्तावदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा प्राविधिक प्रस्ताव खोल्नु पर्नेछ र आर्थिक प्रस्तावको खाम नखोली सुरक्षित साथ छुट्टै राख्नु पर्नेछ।

तर प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र प्राविधिक प्रस्ताव खोल्न बाधा पर्ने छैन।

(७) उपदफा (१) बमोजिमको प्रस्ताव मूल्याङ्कन समितिबाट तोकिए बमोजिमको आधारमा प्राविधिक प्रस्तावको मूल्याङ्कन गरी राय/सिफारिस सहित मूल्याङ्कन प्रतिवेदन कार्यालय प्रमुख समक्ष पेस गर्नु पर्नेछ।

(८) प्राविधिक प्रस्ताव स्वीकृत गर्नु अघि कार्यालय प्रमुखले

मूल्याङ्कनबाट योग्य देखिएका प्राविधिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना सम्पूर्ण प्रस्तावदातालाई दिनु पर्नेछ।

(९) उपदफा (८) बमोजिमको सूचना दिएको पन्ध्र दिन भित्र कुनै प्रस्तावदाताले आफूले पेस गरेको प्राविधिक प्रस्ताव स्वीकृत नभएको सम्बन्धमा चित्त नबुझेमा मन्त्रालयको सचिव समक्ष पुनरावलोकनका लागि निवेदन पेस गर्न सक्नेछन्।

(१०) उपदफा (९) बमोजिम पुनरावलोकनका लागि पेस भएको निवेदनका सम्बन्धमा मन्त्रालयको सचिवले पन्ध्र दिनभित्रमा आवश्यक छानबिन पश्चात उपयुक्त निर्णय गरी सम्बन्धित प्रस्तावदातालाई लिखित जानकारी दिनु पर्नेछ र यस सम्बन्धमा मन्त्रालयका सचिवको निर्णय नै अन्तिम हुनेछ।

(११) उपदफा (९) बमोजिम कुनै निवेदन नपरेमा वा उपदफा (१०) बमोजिमको प्रक्रिया सम्पन्न भए पश्चात कार्यालय प्रमुखले प्राविधिक प्रस्ताव स्वीकृत गरी आर्थिक प्रस्ताव खोल्न सात दिन अगावै छनौट भएका प्रस्तावदातालाई सूचना दिई प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा आर्थिक प्रस्ताव खोल्नुपर्नेछ।

तर प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र प्रस्ताव खोल्न बाधा पर्ने छैन।

(१२) उपदफा (११) बमोजिम खोलिएको आर्थिक प्रस्ताव उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिबाट तोकिए बमोजिमको आधारमा मूल्याङ्कन गराई प्रदेश सरकारलाई उच्चतम आर्थिक लाभ दिने प्रस्ताव छनौट गरी राय/सिफारिस साथ कार्यालय प्रमुख समक्ष पेस गर्नु पर्नेछ।

(१३) उपदफा (१२) बमोजिम छनौट भएको आर्थिक प्रस्ताव स्वीकृत गर्नु अघि कार्यालय प्रमुखले आशयको सूचना प्रस्तावदातालाई दिनु पर्नेछ।

(१४) उपदफा (१३) बमोजिमको सूचना दिएको सात दिनभित्र कुनै प्रस्तावदाताले आफूले पेस गरेको आर्थिक प्रस्ताव स्वीकृत नभएको

सम्बन्धमा चित्त नबुझेमा मन्त्रालयको सचिव समक्ष पुनरावलोकनका लागि निवेदन पेस गर्न सक्नेछन्।

(१५) उपदफा (१४) बमोजिम पुनरावलोकनका लागि पेस भएको निवेदनका सम्बन्धमा मन्त्रालयको सचिवले पन्ध्र दिन भित्रमा आवश्यक छानबिन पश्चात उपयुक्त निर्णय गरी सम्बन्धित प्रस्तावदातालाई लिखित जानकारी दिनुपर्नेछ र यस सम्बन्धमा मन्त्रालयका सचिवको निर्णय नै अन्तिम हुनेछ।

(१६) प्राविधिक र आर्थिक प्रस्ताव मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **प्रस्ताव छनौटः** (१) दफा ९ को उपदफा (१२) बमोजिमको सिफारिसको आधारमा कार्यालय प्रमुखले विद्युत् आयोजनाको प्रस्ताव छनौट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट भएको प्रस्तावदातालाई निजले पालना गर्नुपर्ने शर्तहरु तोकी कार्यालय प्रमुखले सात दिन भित्रमा दफा ११ बमोजिम अनुमतिपत्र दिनुपर्नेछ।

परिच्छेद-४
अनुमतिपत्र सम्बन्धी व्यवस्था

११. **अनुमतिपत्र लिनु पर्नेः** (१) विद्युत् आयोजनाको उत्पादन, प्रसारण, वितरण, ग्राहक सेवा र विद्युत् व्यापार कार्यको लागि यस ऐन बमोजिम अनुमति लिनु पर्नेछ।

(२) यस ऐन प्रारम्भ हुनुभन्दा अगावै सङ्घीय सरकारबाट विद्युत् आयोजनाको सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण, ग्राहक सेवा र विद्युत् व्यापार कार्यको लागि अनुमतिपत्र प्राप्त गरेका आयोजनाको हकमा पुनः नवीकरण सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम विद्युत् उत्पादन सम्बन्धी आयोजनाको अनुमतिपत्र सम्बन्धी व्यवस्था देहाय बमोजिमका तीन चरणमा हुनेछः-

(क) सर्वेक्षण-अध्ययन (Feasibility Study) चरण,

(ख) आयोजना तयारी तथा वित्तीय व्यवस्थापन (Project Preparatory and Financing) चरण,

(ग) आयोजना विकास तथा उत्पादन (Project Development and Generation) चरण ।

(४) दफा १० को उपदफा (१) बमोजिम छनौट भएको प्रस्तावदातासँग कार्यालय प्रमुखले सात दिनभित्रमा तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर लिई सर्वेक्षण-अध्ययन चरणको अनुमतिपत्र दिई सम्झौता गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम सर्वेक्षण अनुमतिपत्र दिदा प्रवर्द्धकसँग कार्यालयले सर्वेक्षण अध्ययन प्रतिवेदन तयारीका लागि सम्झौता गर्नु पर्नेछ। प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरण सम्बन्धी अध्ययन गरी प्रतिवेदन तयार गरी कानून बमोजिम स्वीकृत गर्नु पर्नेछ। उक्त प्रतिवेदन आयोजनाको प्रकृति अनुसार तोकिएको समय भित्रमा तयार गरी कार्यालयमा पेस गर्नु पर्नेछ।

(६) यस अघि विस्तृत सर्वेक्षण-अध्ययन/सम्भाव्यता-अध्ययन प्रतिवेदन तयार भैसकेको विद्युत् आयोजनाको हकमा उपदफा (४) बमोजिमको प्रकिया आवश्यक पर्ने छैन ।

तर प्रवर्द्धकले चाहेमा यसअघि तयार भैसकेको विस्तृत सम्भाव्यता-अध्ययन प्रतिवेदन कार्यालयबाट प्राप्त गरी आवश्यकता अनुसार थप अध्ययन, चेकजाँच र क्षमता अद्यावधिक गर्नुपर्ने भएमा स्वीकृतिका लागि कार्यालयमा पेस गर्नु पर्नेछ।

(७) प्रवर्द्धकले तयार गरेको सम्भाव्यता अध्ययनका क्रममा पावर अप्टिमाइजेसन गर्दा आयोजनाको पूर्व निर्धारित क्षमता घटबढ हुन जाने देखिएमा सोको प्रष्ट आधार समेत खुलाई कार्यालयमा प्रतिवेदन पेस गर्नुपर्नेछ । यस्तो प्रतिवेदनलाई प्राविधिक समितिले अध्ययन गरी राय/परामर्श सहित आयोजनाको क्षमता सम्बन्धमा निर्णयको लागि कार्यालय प्रमुख समक्ष पेस गर्नु पर्नेछ । यसरी आयोजनाको क्षमता अद्यावधिक गर्दा उक्त आयोजना प्रचलित कानून बमोजिम प्रदेश सरकारको

कार्यक्षेत्रमा नपर्ने देखिएमा सङ्घीय सरकार वा सम्बन्धित स्थानीय तहलाई सहमतिको लागि लेखी पठाउनु पर्नेछ।

(८) उपदफा (५) र (७) अनुसार प्राप्त सम्भाव्यता अध्ययन प्रतिवेदनलाई प्राविधिक समितिबाट चेकजाँच गरी थप अध्ययन गर्नु नपर्ने भएमा राय/सिफारिस सहित कार्यालय प्रमुख समक्ष पेस गर्नुपर्नेछ। पेस भएका प्रतिवेदनहरु मूल्याङ्कन गर्दा अन्य कुनै विवरण थप स्पष्ट पार्नुपर्ने भएमा वा थप विवरण वा कागजात पेस गर्नु पर्ने देखिएमा सम्बन्धित प्रवर्द्धकलाई तीन महिना भित्र आवश्यक कागजात पेस गर्न लगाउन सकिनेछ।

(९) उपदफा (८) बमोजिम राय/सिफारिस सहित प्राप्त सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भएपश्चात कार्यालय प्रमुखले स्वीकृत गरी प्रवर्द्धकलाई बाह्र महिना भित्रमा सम्पन्न गर्नेगरी तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर लिई आयोजना तयारी तथा वित्तीय व्यवस्थापन चरणको अनुमतिपत्र दिई प्रवर्द्धकसँग सम्झौता गर्नु पर्नेछ।

(१०) उपदफा (९) बमोजिमको अवधिमा प्रवर्द्धकले प्रचलित कानून बमोजिम लिनुपर्ने अन्तरनिकाय सहमति/स्वीकृति, जग्गा प्राप्ति, ग्रिड कनेक्सन सम्झौता, विद्युत् खरिद विक्री सम्झौता र वित्तीय व्यवस्थापन लगायतका आयोजना तयारी सम्बन्धी कार्यहरु सम्पन्न गरी यस सम्बन्धी अध्ययन प्रतिवेदन, सम्झौता, सहमति, स्वीकृति लगायतका कागजात आदि कार्यालयमा पेस गर्नु पर्नेछ। पेस भएका प्रतिवेदन, कागजात आदि मूल्याङ्कन गर्दा अन्य कुनै विवरण थप स्पष्ट पार्नुपर्ने भएमा वा थप विवरण वा कागजात पेस गर्नु पर्ने देखिएमा सम्बन्धित प्रवर्द्धकलाई थप तीन महिना भित्र आवश्यक कागजात पेस गर्न लगाउन सक्नेछ।

(११) उपदफा (५) वा (९) बमोजिमको अध्ययन/तयारीबाट उक्त आयोजना प्राविधिक, आर्थिक, सामाजिक वा वातावरणीय तथा अन्य कुनै पक्षबाट सम्भाव्य नदेखिएमा वा कार्यान्वयन योग्य नदेखिएको प्रतिवेदन प्रवर्द्धकका तर्फबाट कार्यालयमा पेस भएमा र प्राविधिक समितिको राय/सिफारिसको आधारमा कार्यालयले राय/सिफारिस सहित

मन्त्रालयमा निर्णयको लागि पेस गर्नु पर्नेछ।

(१२) उपदफा (११) बमोजिमको प्रतिवेदन मन्त्रालयमा प्राप्त भएपछि आवश्यकता अनुसार मन्त्रालयले अध्ययन गरी उपयुक्त देखेमा उक्त आयोजनाको अध्ययन/तयारी सम्बन्धी कार्य स्थगित गरी यस चरणसम्मको अनुमतिपत्र खारेज गर्नु पर्नेछ।

(१३) उपदफा (१२) बमोजिम अनुमतिपत्र खारेज भएको आयोजनाका हकमा सो अवधि सम्मको अध्ययन सम्बन्धी प्रतिवेदन कार्यालयमा हस्तान्तरण गर्नु पर्नेछ। यसरी सम्पूर्ण प्रतिवेदनहरू कार्यालयमा पेस भएपछि यस कार्य वापत राखेको धरौटी रकम फिर्ता गर्नु पर्नेछ।

तर सो अवधिको खर्च प्रदेश सरकारले व्यहोर्ने छैन।

(१४) उपदफा (९) बमोजिमका आयोजना तयारी तथा वित्तीय व्यवस्थापन सम्बन्धी कार्यहरु सम्पन्न भएपश्चात कार्यालयले तोकिए बमोजिमको दस्तुर लिई सात दिन भित्रमा तोकिए बमोजिमको ढाँचामा प्रवर्द्धकलाई निजले पालना गर्नुपर्ने शर्तहरु तोकी उत्पादन चरणको अनुमतिपत्र दिनु पर्नेछ।

(१५) उपदफा (१४) बमोजिम प्रवर्द्धकले आवश्यकता अनुसार बीमा गर्नु पर्नेछ।

(१६) दफा १७ को उपदफा (१) बमोजिम अनुमति पत्र खारेज भएमा प्रवर्द्धकलाई कार्यालयको सिफारिसमा मन्त्रालयले दुई वर्ष कालो सूचीमा राख्न सक्नेछ।

(१७) उपदफा १६ बमोजिम कालो सूचीमा परेको प्रस्तावदाता व्यक्ति, संस्था, कम्पनी कालो सूचीमा रहेको अवधिभर यसै ऐन बमोजिम हुने विद्युत् उत्पादन सम्बन्धमा अनुमतिपत्रको लागि थप आयोजनाको इजाजत पत्र लिन योग्य मानिने छैन।

तर यस अघि अर्को कुनै आयोजनाको कुनै चरणको अनुमति पत्र लिइसकेको भएमा यस उपदफामा भएको व्यवस्थाले त्यसको निरन्तरतामा कुनै प्रतिकुल असर पार्न सक्ने छैन।

(१८) विद्युत् प्रसारण, वितरण, व्यापार र ग्राहक सेवाको लागि

अनुमतिपत्र सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. **अनुमतिपत्रको म्याद थप सम्बन्धी व्यवस्थाः** (१) दफा ११ को उपदफा (५), (९) र (१४) बमोजिमको अवधिमा काबु बाहिरको परिस्थिति आइपरेमा त्यसको मूल्याङ्कन गरी कुनै क्षेत्र विशेषमा वा प्रदेशभर समान रूपमा लागु हुने गरी प्रदेश सरकारले मन्त्रालयको सिफारिसमा एकमुष्ठ म्याद थप गर्न सक्नेछ ।

(२) दफा ११ को उपदफा (५), (९) र (१४) बमोजिमको अवधिमा कुनै आयोजना विशेषमा सर्वेक्षण अध्ययनको क्रममा नदेखिएका प्रवर्द्धकको काबु बाहिरको विशेष प्राविधिक समस्या उत्पन्न भई प्रवर्द्धकले म्याद सकिनु भन्दा २१ दिन अगावै प्रमाण सहित म्याद थपको लागि माग गरेमा कार्यालयले स्थलगत अध्ययन, समस्याको पहिचान सहित त्यसले असर पारेको/पार्नसक्ने समयावधिको मूल्याङ्कन गरी प्रतिवेदन सहित म्याद थपका लागि मन्त्रालय समक्ष सिफारिस गरेमा मन्त्रालयले उचित ठहऱ्याएको अवधिसम्म म्याद थप गर्न सक्नेछ ।

(३) दफा ११ को उपदफा (५), (९) र (१४) बमोजिमको अवधिमा प्रवर्द्धकको आफ्नै ढिलासुस्तीको कारण समयमा अनुमतिपत्रमा तोकिएको शर्त बमोजिमको काम सम्पन्न हुन नसकेमा कार्यालयको सिफारिसमा मन्त्रालयले उक्त चरणको अनुमतिपत्र लिँदा तोकेको दस्तुरको पच्चिस प्रतिशत हर्जना लिई एकपटक वा पटक पटक गरी सुरु अवधिको पचास प्रतिशतसम्म म्याद थप गर्न सक्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम थप गरिएको समयमा समेत कार्य सम्पन्न हुन नसकेमा दफा ११ को उपदफा (५) र (९) बमोजिम दिइएको अनुमतिपत्र खारेज हुनेछ भने दफा ११ को उपदफा (१४) बमोजिमको आयोजना विकास तथा उत्पादन चरणको अनुमतिपत्र लिई निर्माणाधीन अवस्थामा रहेको आयोजनालाई प्रवर्द्धकले वित्तीय पुनःसंरचनाको लागि आवश्यक समय माग गरी कार्यालयमा निवेदन पेस गरेमा प्राविधिक समितिको सिफारिसमा कार्यालयले सोको लागि बढीमा एक वर्षसम्मको थप समय दिन सक्नेछ ।

१३. **अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्थाः** (१) विद्युत् आयोजनाको सर्वेक्षण-अध्ययन अवधि समाप्त भए पश्चात अनुमतिपत्र प्राप्त प्रवर्द्धकले सम्पूर्ण सर्वेक्षण-अध्ययन प्रतिवेदन वा विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन वा विस्तृत आयोजना प्रतिवेदन दुई प्रति (सफ्ट कपी सहित) कार्यालयमा बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त अध्ययन-सर्वेक्षण प्रतिवेदन प्रदेश सरकारको स्वामित्वमा रहनेछ।

(३) सर्वेक्षण-अध्ययन अनुमतिपत्र प्राप्त प्रवर्द्धकले विद्युत् आयोजनाको उत्पादन, प्रसारण, वितरण जस्ता विद्युत् आयोजना कार्यान्वयन गर्नका लागि यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गर्न नसकेको अवस्थामा प्रदेश सरकारले विद्युत् आयोजना कार्यान्वयनमा उक्त प्रतिवेदन उपयोग गर्न सक्नेछ।

१४. **अनुमतिपत्रको अवधिः** (१) उत्पादन, प्रसारण, वितरण, व्यापार र ग्राहक सेवाका लागि सर्वेक्षण-अध्ययन चरण देखि आयोजना विकास तथा उत्पादन चरणसम्म दिइने अनुमतिपत्रको कुल अवधि देहाय बमोजिम हुनेछः-

(क) जलाशययुक्त विद्युत् उत्पादन आयोजनाको हकमा पचास वर्ष, अर्धजलाशययुक्त (पिकिङ्ग रन अफ द रिभर) आयोजनाको हकमा पैँतालिस वर्ष र अन्य प्रकृतिका जलविद्युत् आयोजनाको हकमा चालिस वर्ष,

(ख) जलस्रोत बाहेक अन्य स्रोतबाट विद्युत् उत्पादन गर्न तीस वर्ष,

(ग) विद्युत् प्रसारण, वितरण र व्यापार गर्न तीस वर्ष,

(घ) ग्राहक सेवाको हकमा दश वर्ष।

(२) उपदफा (२) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १२ को उपदफा (१) बमोजिमको अवस्थामा सोही अवधिभर तथा तोकिए बमोजिमको काबु बाहिरको परिस्थिति सृजना

भई विद्युत् आयोजनाको विकासमा बाधा अवरोध उत्पन्न भएमा त्यस्तो आयोजनाको लाभ, लागत, बीमा, क्षति र जोखिम समेतको मूल्याङ्कन गरी विद्युत् उत्पादन अनुमतिपत्रको अवधि मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले बढीमा तीन वर्षसम्म थप गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्युत् उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण ग्रिडमा वा नजिकको विद्युत् सव-स्टेशनसम्म पुऱ्याउन आवश्यक प्रसारण अनुमतिपत्र समेत प्राप्त गर्ने भएमा त्यस्तो प्रसारण अनुमतिपत्रको अवधिलाई विद्युत् उत्पादन अनुमतिपत्रको अवधिसम्म कायम गरिनेछ।

१५. **अनुमतिपत्रको नवीकरणः** यस ऐन बमोजिम विद्युत् प्रसारण, वितरण, व्यापार तथा ग्राहक सेवाको अनुमतिपत्र तोकिए बमोजिम नवीकरण हुन सक्नेछ।

१६. **आदेश दिन सक्नेः** (१) अनुमतिपत्र प्राप्त प्रवर्द्धकले तोकिए बमोजिम वार्षिक प्रगति विवरण प्रत्येक वर्षको असोज महिना भित्रमा कार्यालयमा पेस गर्नु पर्नेछ।

(२) कार्यालयले आवश्यकता अनुसार विषय विज्ञ सहित स्थलगत निरीक्षण गरी कार्य प्रगति, गुणस्तर, वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख गरे बमोजिमको कार्य योजनाको कार्यान्वयन, सञ्चालन, व्यवस्थापन आदि पक्षका बारेमा अनुगमन गरी मूल्याङ्कन गर्न सक्नेछ र मूल्याङ्कन सम्बन्धी आधार तोकिएबमोजिम हुनेछ।

(३) अनुमतिपत्रमा उल्लिखित अवधिभित्र अनुमतिपत्रमा उल्लिखित शर्त अनुरुपको काम नगरेमा वा यस ऐन विपरीत हुने कुनै काम गरेको पाईएमा अनुमतिपत्र प्रदान गर्ने कार्यालयले त्यस्तो काममा आव लदजपश्यक सुधार गर्न अवधि तोकी सम्बन्धित अनुमतिपत्र प्राप्त प्रवर्द्धकलाई लिखित आदेश दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दिएको आदेशको पालना गर्नु त्यस्तो अनुमतिपत्र प्राप्त प्रवर्द्धकको जिम्मेवारी हुनेछ।

१७. **अनुमतिपत्र खारेज गर्न सक्ने**: (१) अनुमतिपत्र प्रदान गर्ने कार्यालयले देहायको अवस्थामा अनुमतिपत्र प्राप्त प्रवर्द्धकको अनुमतिपत्र खारेज गर्न सक्नेछः-

(क) यो ऐन वा प्रचलित कानून बमोजिम सम्पन्न गर्नुपर्ने कार्य अनुमतिपत्रमा तोकेको समयमा सम्पन्न नगरेमा,

(ख) दफा १६ बमोजिम दिइएको आदेशमा तोकिएको अवधिभित्र काममा आवश्यक सुधार नगरे वा त्यस्तो आदेशको पटक पटक उल्लङ्घन गरेमा,

(ग) अनुमतिपत्रमा उल्लिखित शर्तको पटक पटक उल्लङ्घन गरेमा।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र खारेज गर्नु अघि अनुमतिपत्र प्रदान गर्ने कार्यालयले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई एक महिनाको अवधि तोकी आफ्नो सफाई पेस गर्न अवसर दिनु पर्नेछ। आवश्यक परेमा यस्तो सूचना सार्वजनिक पत्र पत्रिकामा समेत प्रकाशित गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले दिएको जवाफ समेतलाई विचार गरी अनुमतिपत्र खारेज गर्नुपर्ने स्पष्ट वस्तुनिष्ठ आधार देखिएमा अनुमतिपत्र प्रदान गर्ने कार्यालयले त्यस्तो अनुमतिपत्र खारेज गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र खारेज भएमा त्यसरी खारेज गर्नुपर्ने कारण र आधार खुलाई सो को लिखित जानकारी सम्बन्धित पक्षलाई दिनु पर्नेछ।

१८. **प्रदेश सरकारमा स्वामित्व हस्तान्तरण गर्नुपर्ने**: (१) अनुमतिपत्रको अवधि समाप्त भएपछि अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिको प्रकार बमोजिम स्थापना गरेको विद्युत् उत्पादन केन्द्र, प्रसारण, वितरण, सम्बन्धित जग्गा, भवन, उपकरण संरचना, भूस्वामित्व लगायतका सबै संरचना चालु अवस्थामा प्रदेश सरकारलाई निःशुल्क हस्तान्तरण गर्नु पर्नेछ।

(२) अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) बमोजिम विद्युत्

आयोजना तथा संरचना हस्तान्तरण गर्नुभन्दा एक वर्ष अगावै हस्तान्तरण योजना बनाई अनुमतिपत्र दिने कार्यालयलाई वा प्रदेश सरकारले तोकेको कार्यालयलाई वा प्रदेश सरकारले प्रतिस्पर्धामा छनौट गरेको निजी संस्थालाई तोकिए बमोजिम विद्युत् आयोजना र संरचनाको सञ्चालन तथा मर्मत सम्भार कार्यमा संलग्न गराई आवश्यक सिप र प्रविधि समेत हस्तान्तरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदेश सरकारले प्रतिस्पर्धाको माध्यमबाट निजी संस्था छनौट गर्नुपर्ने भएमा अनुमतिपत्र सकिनु एक वर्ष अगावै निजी संस्था छनौट गरी सञ्चालन व्यवस्थापन कार्यमा संलग्न गराउनु पर्नेछ। निजी संस्था छनौट सम्बन्धी विधि र योग्यताको आधार तोकिए बमोजिम हुनेछ।

१९. **स्वउत्पादनः** (१) कुनै कानून बमोजिम स्थापित संगठित संस्था वा व्यक्तिले आफ्नो परिसर भित्र आफ्नै आन्तरिक खपत गर्ने प्रयोजनका लागि विद्युतको स्वउत्पादन गर्दा एक मेगावाटसम्मको लागि अनुमतिपत्र लिनुपर्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक मेगावाट भन्दा बढी उत्पादन गर्ने भएमा यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(३) उपदफा (१) मा उल्लेख भएको विद्युत् वा सो भन्दा बढी विद्युत् उत्पादन गरी आन्तरिक उपभोगबाट बचत हुने भएमा त्यस्तो कानून बमोजिम स्थापित संगठित संस्था वा व्यक्तिले प्रदेश सरकारबाट वितरण वा व्यापार अनुमतिपत्र प्राप्त संस्थालाई बिक्री गर्न सक्नेछ।

(४) उपदफा (३) मा उल्लेख भए अनुसार कुनै कानून बमोजिम स्थापित संगठित संस्था वा व्यक्तिले प्रदेश सरकारबाट वितरण वा व्यापार अनुमतिपत्र प्राप्त संस्थालाई बिक्री गर्न चाहेमा यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको स्वउत्पादन अनुमतिपत्रको अवधि त्यस्तो स्वउत्पादन गर्ने कानून बमोजिम स्थापित संगठित संस्था सञ्चालन रहेसम्मको लागि कायम हुनेछ।

परिच्छेद-५

विद्युत् वितरण तथा ग्राहक सेवा सम्बन्धी व्यवस्था

२०. **विद्युत् वितरणः** (१) यस ऐन बमोजिम विद्युत् वितरण अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रमा उल्लिखित क्षेत्रमा विना भेदभाव सबै ग्राहकलाई विद्युत् वितरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विद्युत् वितरण अनुमतिपत्र प्राप्त संस्थाको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) विद्युत् उत्पादन वा विद्युत् व्यापार अनुमतिपत्र प्राप्त संस्था वा स्वउत्पादकसँग विद्युत् खरिद गरी वितरण गर्ने,

(ख) विद्युत् वितरण प्रणालीको निर्माण, सञ्चालन, मर्मत सम्भार, सुदृढिकरण तथा व्यवस्थापन गर्ने,

(ग) ग्राहकको माग बमोजिम सुरक्षित, भरपर्दो र गुणस्तरीय विद्युत् सेवा उपलब्ध गराउने,

(घ) सुरक्षित विद्युत् आपूर्तिको लागि आवश्यक र उपयुक्त उपाय अवलम्बन गर्ने,

(ङ) विद्युतको माग व्यवस्थापन गर्ने,

(च) विद्युतको माग, खपत, आपूर्ति, ग्राहकको विवरण ऊर्जा दक्षता सम्बन्धी काम कारवाहीको विवरण तथा तथ्याङ्क वार्षिक रुपमा कार्यालयमा पेस गर्ने ।

(३) विद्युत् वितरण गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. **ग्राहक सेवाः** (१) ग्राहक सेवा अनुमतिपत्र प्राप्त संस्थाले उत्पादन वा व्यापार अनुमतिपत्र प्राप्त संस्थासँग विद्युत् खरिद गरी वितरण अनुमतिपत्र प्राप्त प्रवर्द्धकको वितरण प्रणालीको प्रयोगबाट आफ्ना ग्राहकलाई विद्युत् सेवा उपलब्ध गराउन सक्नेछ ।

(२) ग्राहक सेवा अनुमतिपत्र प्राप्त संस्थाले ग्राहकको माग बमोजिम कुनै कारणवश थप विद्युत् सेवा पुऱ्याउन नसक्ने भएमा त्यसको

जानकारी निवेदन प्राप्त भएको पन्ध्र दिन भित्र सम्बन्धित ग्राहकलाई दिनु पर्नेछ।

(३) ग्राहक सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **विद्युत् सेवा बन्द वा कटौती गर्न नहुने**: (१) अनुमतिपत्र प्राप्त संस्थाले ग्राहकलाई वितरण वा आपूर्ति गरिरहेको विद्युत् सेवा पूर्व सूचना नदिई बन्द वा कटौती गर्नु हुदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सम्भव भएसम्म पूर्व सूचना दिई विद्युत् सेवा बन्द वा कटौती गर्न सक्नेछः-

(क) विद्युत् सम्बन्धी उपकरण तथा लाईनको आकस्मिक जाँचबुझ, मर्मत वा अन्य कुनै महत्वपूर्ण काम गर्नु परेमा,

(ख) बाढी, पहिरो, आगलागी, भुइँचालो जस्ता विपद् वा अन्य यस्तै काबु बाहिरको कुनै असाधारण परिस्थिति आइपरेमा,

(ग) कुनै ग्राहकले कानून बमोजिम तिर्नु पर्ने वा बुझाउनु पर्ने विद्युत् महसुल र अन्य दस्तुर नबुझाएमा,

(घ) कुनै ग्राहकले अनाधिकृत तवरले विद्युत् उपभोग गरेमा वा शर्त विपरीत विद्युत् सेवा उपभोग गरेमा।

२३. **विद्युत् महसुल र अन्य दस्तुर लिन सक्ने**: (१) विद्युत् महसुल र अन्य दस्तुर सम्बन्धी व्यवस्था प्रचलित कानून वा अनुमतिपत्रमा तोकिए बमोजिम हुनेछ।

२४. **विद्युतको गुणस्तर कायम राख्नु पर्ने**: (१) अनुमतिपत्र प्राप्त संस्थाले विद्युतको उत्पादन, प्रसारण, वितरण र मर्मत सम्भार गर्दा प्रचलित कानून वा तोकिए बमोजिमको गुणस्तर कायम राख्नु पर्नेछ।

(२) अनुमतिपत्र प्राप्त संस्थाले विद्युतको उत्पादन, प्रसारण, वितरण र मर्मत सम्भार गर्दा तोकिए बमोजिमको सुरक्षात्मक उपाय

अवलम्बन गरी भरपर्दो र सुरक्षित विद्युत् आपूर्ति गर्नु पर्नेछ।

२५. **विद्युत् संरचनाको सुरक्षाः** (१) विद्युत् आयोजना र सो संग सम्बन्धित संरचनाको सुरक्षा गर्ने प्राथमिक जिम्मेवारी र दायित्व अनुमतिपत्र प्राप्त संस्थाको हुनेछ।

(२) अनुमतिपत्र प्राप्त संस्थाबाट विद्युत् आयोजना र सो सम्बन्धी संरचनाको विशेष सुरक्षाको लागि लिखित रुपमा अनुरोध भई आएमा नेपाल सरकारसँग समेत समन्वय गरी प्रदेश सरकारले विशेष सुरक्षाको व्यवस्था गर्नु पर्नेछ र त्यसरी विशेष सुरक्षा व्यवस्था गर्दा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ।

(३) विद्युत् आयोजना र सो सँग सम्बन्धित संरचनाहरूको सुरक्षा र संरक्षण गर्ने दायित्व सरोकारवाला आम नागरिकको समेत हुनेछ।

२६. **प्रादेशिक प्रसारण लाईन वा ग्रिड तोक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै प्रसारण लाईन वा ग्रिडलाई प्रादेशिक प्रसारण लाईन वा ग्रिड भनी तोक्न सक्नेछ।

२७. **उत्पादित विद्युतको खरिदः** (१) प्रदेश सरकारले कसैले यस ऐन बमोजिम उत्पादन गरेको विद्युत् एकमुष्ठ बिक्री गर्न चाहेमा प्रादेशिक ग्रिडमा समावेश हुने गरी खरिद गर्न वा गर्न लगाउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय स्तरमा सञ्चालित साना तथा लघु जलविद्युत् आयोजनालाई विद्युत् खरिद बिक्री सम्झौता वा नेट मिटरिङको आधारमा प्रादेशिक ग्रिड वा राष्ट्रिय प्रसारण ग्रिडमा जडान गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको विद्युत् खरिद बिक्री सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२८. **विद्युत् खरिद बिक्री सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानून अनुसार व्यापार अनुमतिपत्र प्राप्त संस्थाले विद्युतको व्यापार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र प्राप्त संस्थाले देहाय बमोजिमको काम गर्न सक्नेछः-

(क) विद्युत् उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले उत्पादन

गरेको विद्युत् पूर्ण वा आंशिक रुपमा खरिद गर्ने,

(ख) व्यापार अनुमतिपत्र प्राप्त संस्थाहरुबिच आपसमा विद्युत् खरिद बिक्री गर्ने,

(ग) आफुले खरिद गरेको विद्युत् थोक वा खुद्रा रुपमा बिक्री गर्ने ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय स्तरमा सञ्चालित साना तथा लघु जलविद्युत् आयोजनालाई विद्युत् खरिद बिक्री सम्झौता वा नेट मिटरिङको आधारमा प्रादेशिक ग्रिड वा राष्ट्रिय प्रसारण ग्रिडमा जडान गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिमको विद्युत् खरिद बिक्री सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. **रोयल्टी बुझाउनु पर्नेः** विद्युत् उत्पादन तथा प्रसारण अनुमतिपत्र प्राप्त संस्थाले बुझाउनुपर्ने रोयल्टी सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

परिच्छेद-६

निजी घरजग्गा प्रयोग, प्राप्ति र वातावरण संरक्षण सम्बन्धी व्यवस्था

३०. **घर जग्गा प्रयोग र प्राप्तिः** (१) अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रमा उल्लिखित कार्य गर्ने प्रयोजनको लागि कसैको घर, जग्गा प्रयोग वा प्राप्त गर्न प्रदेश सरकारको सहयोग र समन्वय आवश्यक भएमा सोही व्यहोरा उल्लेख गरी कार्यालय समक्ष लिखित अनुरोध गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको लिखित अनुरोध प्राप्त भएमा कार्यालयले सरोकारवाला निकाय वा व्यक्तिसँग आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ । यसरी घर जग्गा प्रयोग गर्ने सम्बन्धमा सम्बन्धित व्यक्ति वा संस्थाको समेत दायित्व हुनेछ ।

(३) निजी घरजग्गा प्रयोग र प्राप्ति सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

३१. **घर जग्गामा प्रवेश गर्न सक्नेः** (१) प्रदेश सरकारले वा तोकिए बमोजिम

अनुमतिपत्र प्राप्त संस्थाले विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण वा सञ्चालन गर्ने सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिई सहमति लिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कसैको घर जग्गामा प्रवेश गर्न सम्बन्धित व्यक्तिले सहमति नदिएमा निजलाई पूर्व सूचना दिई एक जना स्थानीय जनप्रतिनिधि सहित कम्तीमा दुई जना स्थानीय व्यक्तिको रोहवरमा त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै घर जग्गामा विद्युतको अनाधिकृत प्रयोग वा चोरी भइरहेको सूचना वा जानकारी प्राप्त हुन आएमा सो कुराको जाँचबुझ गर्न नजिकको सुरक्षा निकाय वा सरकारी निकायका प्रतिनिधि वा स्थानीय तहको प्रतिनिधिलाई मौखिक जानकारी गराई ती संस्थाले खटाएको कर्मचारी त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम घर जग्गामा प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा अनुमतिपत्र प्राप्त संस्थाले क्षतिको मूल्याङ्कन गरी क्षतिपूर्ति दिनु पर्नेछ। यसरी तोकिएको क्षतिपूर्तिमा चित्त नबुझेमा कार्यालय समक्ष लिखित निवेदन दिनु पर्नेछ। यस सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी क्षतिपूर्तिको अन्तिम रकम तोक्न सक्नेछ। यस्तो क्षतिपूर्ति सम्बन्धमा कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ।

३२. **वातावरण संरक्षण गर्नुपर्ने**: (१) विद्युत् आयोजनाको विकास तथा निर्माण कार्यमा संलग्न अनुमतिपत्र प्राप्त संस्था, निजको निर्माण व्यवसायी तथा परामर्शदाताले वातावरण संरक्षण गर्न वातावरण सम्बन्धी प्रचलित कानूनको पालना गर्नु पर्नेछ।

(२) जलस्रोतबाट विद्युत् उत्पादन गर्न अनुमतिपत्र प्राप्त संस्थाले विद्युत् आयोजनाको विकास तथा निर्माण गर्दा नदी प्रणालीको जल पर्यावरणमा पर्न सक्ने प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्ने उपायहरु अवलम्बन गरी सोको लागि प्रचलित कानून र वातावरणीय अध्ययन

प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाणको पानी योजनाको बाँधस्थलदेखि नदीको तल्लो भागमा प्रवाह हुने व्यवस्था समेत गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नदीमा छाड्नुपर्ने पानीको न्यूनतम परिमाण कायम भए नभएको सम्बन्धमा कार्यालयले नियमित अनुगमन गरी अनुमतिपत्र प्राप्त संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

परिच्छेद-७

कसुर, सजाय सम्बन्धी व्यवस्था

३३. **कसुर**: कसैले देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछः-

(क) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी विद्युत् आयोजनाको विकास तथा सञ्चालन सम्बन्धी कुनै कार्य गरेमा,

(ख) दफा १६ बमोजिमको आदेश वा निर्देशन पालना नगरेमा,

(ग) विद्युत् आयोजना वा संरचना प्रतिकूल असर पार्ने वा हानि नोक्सानी गर्ने मनसायले कुनै काम गरेमा वा त्यस्तो आयोजना वा संरचना भत्काएमा वा बिगारेमा वा त्यस्तो कुनै कार्य गर्न उद्योग गरेमा वा त्यस्तो कुनै कार्य गर्न कसैलाई दुरुत्साहन वा षड्यन्त्र गरेमा वा त्यस्तो कार्यको मतियार भएमा,

(घ) खण्ड (क), (ख) र (ग) मा लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै कार्य गरेमा वा अनुमतिपत्र वा आयोजना सम्झौतामा उल्लिखित व्यवस्था वा शर्त वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्तको उल्लङ्घन गरेमा वा सो विपरीत कुनै काम गरेमा।

३४. **सजायः** (१) कसैले दफा ३३ को देहायका खण्ड बमोजिमको कसुर गरेमा कसुरको मात्रा हेरी देहाय बमोजिमको सजाय हुनेछ,-

(क) खण्ड (क) बमोजिमको कसुर गर्नेलाई भए गरेको

काम रद्द गरी दश लाख रुपैयाँ देखि बीस लाख रुपैयाँसम्म जरिबाना।

(ख) खण्ड (ख) बमोजिमको कसुर गर्नेलाई एक लाख देखि पाँच लाख रुपैयाँसम्म जरिबाना।

(ग) खण्ड (ग) बमोजिमको कसुर गर्नेबाट वास्तविक रूपमा हुन गएको हानि नोक्सानी बापतको बिगो असुल गरी बिगो बमोजिमको जरिबाना वा प्रचलित कानून बमोजिम सजाय वा दुवै सजाय।

(२) दफा ३३ को खण्ड (घ) बमोजिमको कसुर गर्नेलाई सजाय गर्ने अधिकारीले पाँच लाख रुपैंयाँसम्म जरिबाना गरी त्यसबाट कसैलाई हानि नोक्सानी हुन गएको रहेछ भने सो वापतको क्षतिपूर्ति भराउने र कूनै निर्माण कार्य रोक्न वा सुधार गर्न आदेश दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको सजाय गर्ने अधिकार प्रदेश सरकारको अनुमति प्रदान गर्ने कार्यालयको प्रमुखलाई हुनेछ।

(४) यस दफा बमोजिम सजाय गर्नु अघि कसुरदारलाई आफ्नो सफाई पेस गर्न मनासिब मौका दिनु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको अधिकारीबाट भए गरेको सजाय उपर चित्त नबुझेमा मन्त्रालयको सचिव समक्ष पुनरावलोकनका लागि लिखित निवेदन पेस गर्न सक्नेछ। यसरी पुनरावलोकनका लागि परेको निवेदन उपर मन्त्रालयको सचिवले तीस दिनभित्र निर्णय गर्नु पर्नेछ।

३५. **पुनरावेदन गर्न सक्ने**: दफा ३३ को उपदफा (५) बमोजिम भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

३६. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने:** यस ऐन बमोजिम कसुर हुने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसुर रहेछ भने सो कानून बमोजिम मुद्दा चलाई सजाय गर्न यस ऐन बमोजिम बाधा पुऱ्याएको मानिने छैन।

परिच्छेद-८

सुविधा तथा सहुलियत

३७. **स्थानीय बासिन्दालाई प्रथामिकता दिनुपर्नेः** (१) अनुमतिपत्र प्राप्त प्रवर्द्धकले विद्युत् आयोजनाको विकास तथा सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष प्रभावित स्थानीय बासिन्दालाई निजहरुको सिप र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता दिनु पर्नेछ।

(२) विद्युत् आयोजनबाट प्रत्यक्ष रुपमा प्रभावित स्थानीय बासिन्दाले त्यस्तो आयोजना विकासको लागि शेयर लगानी गर्न चाहेमा स्वपुँजीको शेयर लगानीको आधारमा न्यूनतम र अधिकतम शेयर सम्बन्धी व्यवस्था प्रचलित कानून वा तोकिए बमोजिम हुनेछ।

३८. **विद्युत् संरचनाको प्रयोगः** (१) अनुमतिपत्र प्राप्त संस्थाले विद्युत् प्रसारण वा वितरणको लागि निर्माण गरेका विद्युत् टावर, पोल तथा भूमिगत प्रणालीमा अन्य प्रयोजनको लागि आपसी सम्झौताको आधारमा प्रयोग गर्न सक्नेछन्।

(२) विद्युतको पोल, टावर, प्रसारण तथा वितरण लाइन र सो सँग सम्बन्धित संरचना उपर अनुमतिपत्रको अवधिभर अनुमतिपत्र प्राप्त संस्थाको स्वामित्व र अधिकार हुनेछ।

(३) अनुमतिपत्र प्राप्त संस्थाको स्वामित्वमा रहेका विद्युतको टावर तथा पोलमा सो संस्थाको लिखित स्वीकृति विना कुनै पनि प्रकारले प्रयोग गर्न वा विज्ञापनका सामग्री राख्न पाइने छैन।

परिच्छेद-९

विविध

३९. **उर्जादक्ष उपकरणको प्रयोगः** अनुमतिपत्र प्राप्त संस्थाले विद्युत् आयोजनाको कार्य गर्दा उर्जादक्ष उपकरण, प्रविधि तथा प्रणालीको प्रयोग गर्नु पर्नेछ।

४०. **नवीकरणीय ऊर्जा सम्बन्धी कार्यः** स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही आवश्यकताका आधारमा नवीकरणीय ऊर्जाको सर्वेक्षण-

अध्ययन, निर्माण, उत्पादन तथा सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्न सक्नेछ।

४१. **आयोजनाको शेयर हस्तान्तरणः** यस ऐन बमोजिमको आयोजनामा गरिने लगानीको शेयर हस्तान्तरण सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

४२. **एकीकृत रूपमा कार्य गर्नुपर्नेः** यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम विकास आयोजना सञ्चालन गर्ने निकायले एकआपसमा समन्वय गरी एकीकृत रूपमा सडक, बिजुली, खानेपानी, सञ्चार लगायतका संरचना निर्माण गर्न सक्नेछ।

४३. **अधिकार प्रत्यायोजनः** यस ऐन बमोजिम कार्यालयको प्रमुखले आफुलाई प्राप्त अधिकार मध्ये दफा १२, दफा ३४ बमोजिम र मन्त्रालयको सचिवले नै गर्नुपर्ने भनी तोकिएको अधिकार बाहेक अन्य अधिकार आवश्यकता अनुसार मातहतका वरिष्ठ अधिकृत वा कर्मचारीलाई प्रत्यायोजन गर्न सकिनेछ।

४४. **प्रचलित कानून बमोजिम हुने**ः यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

४५. **नियम बनाउने अधिकार**ः (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, कार्यविधि, निर्देशिका बनाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम बनेको नियमको अधीनमा रही मन्त्रालयले आवश्यक मापदण्ड बनाउन सक्नेछ।